१०४

जगद्‌गुरु श्री आद्य शङ्कराचार्य

GCP
2045

१०४

वेदान्त

श्री वाल्मिकी महा विद्यालयलाई
सेवाधर्म समिति बाट
उपहार

[illegible]
०४।८।२२

ॐ

जगद्गुरु श्री आद्यशङ्कराचार्य

लेखक :
प्रा० गोपालनिधि तिवारी
शाङ्करवेदान्ताचार्य
एम. ए. (इंगलिश)

ॐ

प्रकाशक:–
श्री सेवाधर्म समिति
सल्यानस्थान कीर्तिपुर,
काठमाडौं

नवौं सामाजिक सेवा दिवस आश्विन, २०४५
प्रथम संस्करण १०००

सर्वाधिकार: श्री सेवाधर्म समितिमा सुरक्षित

१८०२४

मुद्रक :
साझा प्रकाशनको छापाखाना,
ल. पु. पुल्चोक





जन्मदेखि मरणसम्म, सूर्योदयदेखि सूर्यास्तसम्म, इहलोकदेखि परलोकसम्म जीवनका प्रत्येक क्षणका हाम्रा सम्पूर्ण क्रिया-कलापलाई सनातन हिन्दू धर्मले निर्देशित गरेको हुन्छ ।

श्री ५ महाराजाधिराज सरकार

हिन्दू [illegible] धर्मप्रति आदर्श [illegible] जाति [illegible] आपने सनातन हिन्दू [illegible] संस्कृति परम्परा व मर्यादा के [illegible] [illegible] [illegible]।

[illegible]

हामी विश्वका सबै धर्मप्रति आदर भाव राख्दछौं तर हाम्रो लागि हाम्रो आफ्नै सनातन हिन्दूधर्म हाम्रा आफ्नै वैदिक संस्कृति परम्परा र मर्यादा नै सर्वोपरि छन् भन्ने कुरामा हामी अटल छौं ।

श्री ५ बडामहारानी सरकार



जगद्गुरु श्री आद्यशङ्कराचार्य

श्री शङ्करस्तुतिः

श्रुतिस्मृतिपुराणानामालयं करुणालयम् ।
नमामि भगवत्पादं शङ्करं लोकशङ्करम् ॥

उद्धृत्य वेदपयसः कमलामिवाब्धेः,
आलिङ्गिताखिलजगत्प्रभवैकमूर्तिम् ।
विद्यामशेषजगतां सुखदामदाद् यः,
तं शङ्करं विमलभाष्यकृतं नमामि ॥

अज्ञोऽप्यश्रुतशास्त्राण्याशु किल व्याकरोति यत्कृपया ।
निखिलकलाधिपमनिशं तमहं प्रणमामि शङ्कराचार्यम् ॥

विदिताखिलशास्त्रसुधाजलधे
महितोपनिषत्कथितार्थनिधे ।
हृदये कलये विमलं चरणं
भव शङ्कर देशिक मे शरणम् ॥

प्रकाशकीय वक्तव्य

सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष श्री ५ वडामहारानी सरकारको कृपापूर्ण आधार एवं छहारी पाइरहेको यस सेवा धर्म-समितिले दिन-प्रतिदिन ह्रास हुँदै गैरहेको वैदिक सनातन धर्मलाई यथासम्भव संरक्षण तथा संवर्धन गर्ने उद्देश्य राखी आध्यात्मिक तथा सामाजिक क्षेत्रमा केही कामहरू गर्दै आइरहेको छ। प्रत्येक महिनाको तेस्रो शनिवार प्रतिष्ठित विद्वान्हरूवाट प्रवचन (सत्सङ्ग) अविच्छिन्न रुपमा चल्नुका साथै चतुर्मास पुराण पनि सञ्चालन भएको छ। २०३८ सालमा आध्यात्मिक हाजिरी जवाफ प्रतियोगिता पनि यसले सञ्चालन गरेको थियो। सामाजिक सेवातर्फ मोटरबाटो निर्माण, खानेपानी टयाङ्की निर्माण र रक्तदान जस्ता कार्यहरू सम्पादित भएको कुरा सर्वविदितै छ।

सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को नवौं सामाजिक सेवा दिवसको उपलक्ष्यमा श्री सेवा धर्म समितिले "जगद्गुरु श्री आद्य शङ्कराचार्य" नामक पुस्तक प्रकाशन गर्न पाउँदा यो समिति परिवार अत्यन्त प्रसन्न भएको छ। अनेकतामा एकताको बोध, दुःखको आत्यन्तिक निवृत्ति र आनन्दरूप स्वस्वरूप प्राप्ति वा कैवल्यमोक्ष नै वैदिक सनातन धर्मका प्रमुख सिद्धान्त हुन् भन्नुमा अत्युक्ति नहोला। यसै सिद्धान्तलाई व्यापक सन्दर्भमा प्रतिपादन गरी पाखण्ड धर्महरूलाई खण्डनद्वारा निर्मूल पार्ने जगद्गुरु आद्य शङ्कराचार्यको जीवन-चरित र प्रमुख सिद्धान्तहरूलाई प्रकाशमा ल्याउन खोज्नु धृष्टता त अवश्यै होला तापनि

नेपाली भाषामा वैदिक सनातन धर्मका मुकुटमणि श्री शङ्करको चिनारीमा कुनै प्रामाणिक ग्रन्थ नभएको हुँदा सो खाँचो पूर्तिका लागि वेदान्त-शास्त्रका आधिकारिक विद्वान् वेदान्ताचार्य प्रा गोपालनिधि तिवारी-ज्यूलाई ग्रन्थ लेखिदिनुहुन अनुरोध गर्दा त्यसलाई स्वीकार गर्नुभई ग्रन्थ लेखी सहयोग पुऱ्याउनुभएकोमा उहाँप्रति हार्दिक धन्यवाद अर्पण गर्दछु । ग्रन्थको पाण्डुलिपि पढिदिनुभई भूमिका समेत लेखिदिनुहुने वेदान्ताचार्य श्री लक्ष्मीप्रसाद दाहालज्यू पनि अत्यन्त धन्यवादका पात्र हुनुहुन्छ ।

यो पुस्तक प्रकाशनार्थ आर्थिक तथा प्राविधिक सहयोग जुटाइ-दिनुहुने निम्नलिखित सज्जन महानुभावहरूप्रति कृतज्ञता व्यक्त गर्दै उहाँहरूको अन्तस्करणमा सदा सुख-शान्ति रहोस् भनी अन्तर्यामी परमात्मासँग प्रार्थना गर्दछु :

१)	प्रेस सूचना विभागका का. मु. महानिर्देशक श्री लक्ष्मीप्रसाद दाहालज्यूबाट प्राविधिक सहयोग	
२)	श्रीमान् माधवप्रसाद पौडेलज्यूबाट	रू. २००१।–
३)	श्रीमान् श्रीभक्त श्रेष्ठज्यूबाट	रू. १५००।–
४)	श्रीमान् रामप्रसाद भण्डारीज्यूबाट	रू. १०००।–
५)	सुश्री सुधा बस्नेतज्यूबाट	रू. १०००।–
६)	श्रीमती राज्यलक्ष्मी राणाज्यूबाट	रू. ५००।–
७)	श्रीमान् सुशील शंसेर ज. ब. रा. ज्यूबाट	रू. ५००।–
८)	श्रीमान् गौरीप्रसाद राजभण्डारीज्यूबाट	रू. ५००।–
९)	श्रीमान् लक्ष्मीप्रसाद श्रेष्ठज्यूबाट	रू. २००।–
१०)	श्रीमती मीना थापाज्यूबाट	रू. १०१।–
११)	श्रीमान् विजया राणाज्यूबाट	रू. १०१।–
१२)	श्रीमान् ललितबहादुर अधिकारीज्यूबाट	रू. १००।–
१३)	श्रीमती रेणु कार्कीज्यूबाट	रू. ५२।–
१४)	श्री संजिता श्रेष्ठज्यूबाट	रू. ५१।–

१५) श्रीमान् माधव खनालज्यूबाट	रू.	५११–
१६) श्रीमान् नारायणभक्त श्रेष्ठज्यूबाट	रू.	५११–
१७) श्रीमान् राममणि पौडेलज्यूबाट	रू.	५०१–
१८) श्रीमती सरिता गुरुङज्यूबाट	रू.	४०१–
१९) श्रीमान् शंकरमणि पौडेलज्यूबाट	रू.	३५१–
२०) श्रीमती माया कार्कीज्यूबाट	रू.	२५१–
२१) श्रीमान विमल खनालज्यूबाट	रू.	२११–
२२) श्रीमती उर्मिला श्रेष्ठज्यूबाट	रू.	२११–
२३) श्रीमान् भरत बस्नेतज्यूबाट	रू.	२०१–
२४) श्रीमान् शान्तबहादुर बस्नेतज्यूबाट	रू.	२०१–
२५) श्रीमती आमाज्यूबाट	रू.	२०१–
२६) श्रीमती निर्मला तमोटज्यूबाट	रू.	२०१–
२७) श्रीमती प्रभालक्ष्मी आचार्यज्यूबाट	रू.	२०१–
२८) श्रीमान् गौतम कार्कीज्यूबाट	रू.	१५१–
२९) श्रीमान् विमल राज पौड्यालज्यूबाट	रू.	१५१–
३०) श्रीमान् जयराम खँडकाज्यूबाट	रू.	१०१–

नरहरि चालिसे
अध्यक्ष
सेवाधर्म समिति सल्यानस्थान
कीर्तिपुर, काठमाडौं, नेपाल

२०४५ आश्विन ६
नवौं सामाजिक सेवा दिवस

"जगद्गुरु श्री आद्यशङ्कराचार्य" पुस्तकको

शुद्धिपत्र

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
ख	१	वैनिक	वैदिक
ठ	१	दार्शनिक शिरोमणी	दार्शनिकशिरोमणि
ढ	२०	शङ्करदाग्विजयानुसार	शङ्करदिग्विजयानुसार
१९	१६	दौड्द	दौडदै
२२	१९	श्री सं.पृ. ५९	श्री शं.पृ.५९
२४	१३	'अहं ब्रह्मास्मी'	अहं ब्रह्मास्मि
२५	२३	शक्ति	शक्ति
२७	२४	भगवान	भगवन
२९	१०	पूर्य	सूर्य
२९	२४	दृष्य	दृश्य
३०	१२	हनु	हुनु
३२	१९	वादीहरू	वादीहरूका
३३	१२	शारीरिक	शारीरक
३३	१९	शारीरिक	शारीरक
३५	१६	वचनातीन	वचनातीत
३५	२७	सूर्यसमान छ !	सूर्यसमान छ,
३७	७	टिका	टीका
३७	८	टुप्टिका	टुप्टीका
४३	१	मध्यस्था	मध्यस्थ
४३	६	शास्थार्थको	शास्त्रार्थको
४५	५	धुरन्धुर	धुरन्धर

४८	१	तत्त्वमसी	तत्त्वमसि
४८	१३	कुआमा	कुवामा
५६	१६	तम्रो	तिम्रो
६८	७	संझाउने	संझाउनु
७०	१६	जहदाजहल्लक्षण (भागत्यागलक्षण)	जहदजहल्लक्षणा (भागत्यागलक्षणा)
७२	४	भेदवदलाई	भेदवादलाई
७२	११	उज्जयनी	उज्जयिनी
७६	२५	माण्डूक्योपनिषत्कारका	माण्डूक्योपनिषत्कारिका
७६	२६	अन्यन्त	अत्यन्त
८०	५	सुराभिषम्	सुरामिषम्
८१	११	शारद	शारदः
८२	२	वनउानु	वनाउनु
८२	११	जिदम्वरम्मा	चिदम्वरम्मा
८३	४	वलदेवा	बलदेव
८४	१८	उग्रतारालाई	उग्रतालाई
८६	१४	शारीरिक	शारीरक
९१	२	वशिष्टच	वैशिष्टच
९३	५	(यक्ति)	(युक्ति)
९३	२१	धामिक	धार्मिक
९३	२६	ातरस्कार	तिरस्कार
९३	२६	जाड	जोड
९४	२	भन्न	भन्ने
९४	१७	व्रम्हसूत्रवाट	व्रह्मसूत्रवाट
९५	१	भल्ने	भुल्ने
९५	१४	अनसित्त	अनासक्त
९५	१९	शरञ्ज	शरण

९५	२३	ग्रात्मानभूतिको	आत्मानुभूतिको
९६	५	भएनभएवो	भय नभएको
९६	२२	सर्व	सर्वं
९७	३	क्षेत्रीय	श्रोत्रिय
९७	२६	मा एका	मानिएका
१०१	१८	शारीरिक	शारीरक
१०१	१९	शारीरिक	शारीरक
१०१	२०	शारीरिक	शारीरक
१०७	१४	द्वैतान्ता: पाती	द्वैतान्त:पाती
१०८	९	निदिध्यसन	निदिध्यासन
१०९	७	छु	×
११२	४	मल्लिन	मलिन
१२१	१०	ईक्षामात्रले	ईक्षणमात्रले
१३०	२२	मूलविद्याको	मूलाविद्याको
१३६	२	आत्मानात्य	आत्मानात्म
१३७	४	शारीरिक	शारीरक
१४०	१७	शारीरिक	शारीरक
१४२	१४	कसेले	कसैले

भूमिका

यस संसारमा सबै प्राणी सुख नै चाहन्छन् । कोही पनि आफूलाई दुःख होस् भन्ने चाहँदैन तर उसले खोजेको सुख वास्तविक सुख हो वा सुखाभास हो यो पनि कतिलाई थाहा नभई दुःखलाई सुखरूप सम्झी खोजेको हुन्छ भने कोहीले भने सुखलाई पनि दुःखरूप सम्झी हातमा भएको मणिलाई नचिनी मणि खोज्न भौंतारिएजस्तो सुखको अनुसन्धान गर्न नजानेर सुखसंग टाढा भइरहेका पनि हुन्छन् । यो सुखको पर्यायवाची शब्द हो आनन्द । आनन्द ब्रह्म हो, श्रुतिले "आनन्दं ब्रह्मेति व्यजानात्" भनेको छ । त्यो ब्रह्म सत् छ र चित् छ, यसैले ब्रह्मलाई सच्चिदानन्द परब्रह्म भनिएको हो ।

मनुष्य जन्मको सार्थकता यही विशुद्ध सच्चिदानन्द परब्रह्मको साक्षात्कार गर्नुमा हुन्छ । ब्रह्म साक्षात्कार भनेको अर्को शब्दमा मुक्ति हो । मुक्ति जीवन र मरणबाट छुट्कारा पाउनु हो, जीव आफू स्वरूप परब्रह्ममा एकाकारले लीन हुनु हो । ब्रह्ममा लीन भएपछि ऊ फेरि जन्मदैन, यसैलाई श्रुतिले 'नस भूयोऽ भिजायते' भनेको छ । जन्म नभए पछि नजन्मेकाको मृत्यु पनि हुँदैन । आत्मसाक्षात्कार भनेको "स्वस्वरूपावाप्ति" हो अर्थात् आफ्नै स्वरूपलाई प्राप्त गर्नु हो । ज्ञान नहुञ्जेल उसले आफ्नो स्वरूप बिर्सेको हुन्छ भने ज्ञान भएपछि उसले आफ्नो स्वरूपलाई थाह पाउँछ आफ्नो स्वरूप थाहा नहुञ्जेल दुःख भइ नै रहन्छ, स्वरूप दर्शन भएपछि दुःखको अत्यन्तिक निवृत्ति हुन्छ, निरतिशय सुख प्राप्त हुन्छ; निरतिशय सुखरूप मोक्ष प्राप्त भए पछि आत्यन्तिक दुःख निवृत्ति स्वतः

हुन्छ, दुःख हटाउन प्रयत्न गरिरहनुपर्दैन।

सातिशय सुख त प्राणीहरूले अनुभव गरिरहेकै हुन्छन्, कुनै अभिलषित इच्छाको तृप्ति भएपछि ऊ सुखी बन्छ तर त्यो सुख धेरै बेर रहँदैन, उसले अर्को इच्छाको स्फुरण गर्छ, अथवा अर्को व्यक्तिले उपभोग गरेको सुखलाई देख्छ। बस चढ्ने व्यक्तिले कार चढ्ने इच्छा, खस्रो सादा कपडा लगाउनेले राम्रो र चिल्लो स्तरीय कपडाको इच्छा गर्दछ भने साधारण सरल खाना खाने व्यक्तिले खानाको विशेष र विविध परिकारको इच्छा गर्दछ र यस्तै असंख्य चाहना बढ्दै जान्छ यस संसारमा यसरी बाहिरी रूपमा पाउने अर्थात् भौतिक सुख सबै सातिशय छन् अर्थात् एकभन्दा अर्को ठूलो, एकभन्दा अर्को राम्रो देखिन्छ। यो सुख बाह्य हो आन्तरिक हैन, सातिशय हो निरतिशय हैन, सापेक्षिक हो व्यापक होइन, यो अल्प सुख हो। यस्तो हुनुको कारण इन्द्रियादिद्वारा उपभोग गर्न सकिने र पाइने हुनुको साथै इन्द्रियादिको बाह्य प्रवृत्तिद्वारा हुने हुँदा नै हो। यस्तो सुख सुखाभास हो, सुखांश हो। निरतिशय सुख हैन।

निरतिशय सुख नै वास्तविक सुख हो। प्राणीको प्रकृति दुःखबाट हट्न खोज्नु र सुखमा प्रवृत्त हुनु देखिएकोले दुःखनिवृत्तिको चाहना र सुखतत्परताको चाहनाले गर्दा अत्यन्तिक दुःख निवृत्ति र निरतिशय सुख प्राप्तिरूप इच्छाको तरल संस्कार उसमा हुन्छ भन्ने कुरा सिद्ध हुन्छ। निरतिशय सुख प्राप्ति र आत्यन्तिक दुःख निवृत्ति मुक्ति वा मोक्ष वा ज्ञानावस्थामा मात्र हुन्छ। मुक्तिको अर्थ र अवस्था प्राच्य आस्तिक दर्शनहरूमा पनि विभिन्न रूपमा वर्णित छ। ती अर्थ र अवस्थालाई यहाँ वर्णन गर्दा लेख्य सामग्री विस्तृत हुने भएकोले शाङ्कर वेदान्तदर्शनका आधारमा मुक्तिको वर्णन गरिएको हो। त्यो मुक्ति ब्रह्म साक्षात्कार हो, आफनो विर्सेको वास्तविक स्वरूपलाई पाउनु हो, यही नै अप वर्गको हो। यसमा पवर्गको अभाव हुन्छ अर्थात् पतन, फलाशा, बन्धन, भय, मृत्यु यी सबको अभाव हुन्छ।

अद्वैत शाङ्कर वेदान्तदर्शनद्वारा वर्णित मुक्ति कुनै साधनद्वारा साध्य हैन, साध्य वस्तु परिच्छिन्न हुन्छ, मुक्ति परिच्छिन्न छैन । मुक्ति साध्य वस्तु नभएपछि मुक्तिपरक रूपमा वर्णित यावत् अद्वैत व्याख्यापरक दर्शन शास्त्र, बृहत्काय प्रमाण ग्रन्थहरू केका निमित्त उपादेय छन् भन्ने प्रश्न अघिसर्नु स्वाभाविक होतापनि प्राणीमा रहेको अनुद्भूत या अनुद्बुद्ध अद्वैत वासनालाई उद्बोधन गराउन यी दर्शनशास्त्रहरूको अत्यन्तै महत्त्वपूर्ण भूमिका छ भन्ने कुरा पनि अविस्मरणीय र तथ्यसंगत छ। देव र असुरका बीचको स्थितिमा रहेको मर्त्य (प्राणी) कहिले सत्त्वगुणको उद्रेकले देवसदृश हुन्छ भने कहिले तमोगुणको आलंबनले अर्थात् तमोगुणको अतिरेकले दानव बन्न पनि पुग्छ । सत्त्वको उद्रेक भएको ईश्वरानुग्रह पाएको पुरुष महापुरूष हुन्छ, देवतुल्य हुन्छ वैदिक सनातन धर्मलाई निन्दा गरी क्षत विक्षत पारी जनसाधारणलाई पाखण्ड मतको प्रचार गरी अस्तव्यस्त पारी सनातन धर्म र ज्ञान परम्परालाई समूलोच्छेदन गरी वर्णाश्रम धर्म र परम्पराको विनाश हुन लागेको वेला एक महापुरुषको आविर्भाव हुन्छ । यी महापुरूष हुन् आचार्य शङ्कर, शङ्करकै अवतार श्री जगद्गुरु आद्य शङ्कराचार्य । अनि "यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत। अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्।" भन्ने भगवान्को उक्ति चरितार्थ भएको कुरा सनातन धर्मानुयायीहरूले हृदयंगम गर्दछन्। वर्णाश्रम व्यवस्था र सनातन धर्मको पुनरुत्थान हुनुका साथै अद्वैत अध्यात्म विद्याको पुनर्जागरण हुन्छ । यस्ता महापुरुषको जीवनी मात्रले पनि मुमुक्षु सनातन धर्मानुयायी सज्जन वर्गलाई ठूलो प्रेरणा दिन्छ र अद्वैत वासनाको स्फुरण गराउँदछ। यस्तो महापुरुषको जीवनी संस्कृतमा र अन्य भाषामा भए तापनि हाम्रो नेपाली भाषामा नभएकोले जनमानसमा अभाव या शून्यता खट्किरहेको थियो । यो अभावलाई पूर्ण गर्ने काम यस पंक्तिका लेखकको नै परमपूज्य गुरु शङ्करवेदान्ताचार्य साधिकार व्यक्ति श्री गोपालनिधि तिवारीज्यूबाट भएकाले यस समय सहर्ष यो भन्न चाहन्छु कि अद्वैत दर्शनका जिज्ञासु

पाठकहरूलाई पनि यो ग्रन्थको प्रकाशनले अवश्य हर्षको उदय हुनेछ । आचार्य शङ्करको जीवनी इतिवृत्तात्मक रूप मात्र नभएर अद्वैत दर्शन शास्त्रको एक अंगकै रूपमा छ । यसैले मात्र पनि अद्वैतवासना भएका सज्जन मुमुक्षु पाठकहरूलाई अद्वैत वासनाको परिपाकमा पुऱ्याउन प्रशस्त सहयोग गर्दछ भने लेखकले शङ्कर प्रतिपादित अद्वैत शाङ्करदर्शनको सिद्धान्त समेतको व्याख्या जीवनीमा समावेश गर्नुभएकोले यो अत्यन्त उपयोगी भएको छ ।

भगवान् शङ्करले वैदिक सनातन धर्म, वर्णाश्रम व्यवस्था, अद्वैत दर्शनको व्याख्या गरी पुनस्थापन गर्नु भए तापनि समयको अन्तरालले गर्दा आजभोलि विज्ञानको प्रगतितर्फ झुकाव भएका व्यक्तिहरू क्रमशः धर्म, संस्कृति, दर्शन जस्ता विषयबाट टाढाटाढा हुँदै गैरहेको समयमा यस्तो ग्रन्थले समाजमा अद्वैत अध्यात्मविद्याको ज्योति फैलाउन अझ सहयोग पुऱ्याउने आशा एवं विश्वास राख्दछु । सूर्यलाई बत्ती देखाएर चिनाउन खोजेजस्तो यस ग्रन्थका सम्बन्धमा दुई शब्द लेख्न अनुमति पाएकोमा परम पूज्य गुरु लेखक श्री तिवारीज्यूप्रति आभार व्यक्त गर्दछु । विज्ञ सज्जन पाठकहरूप्रति ग्रन्थको अनुशीलन गरी लाभान्वित हुन अनुरोध गर्दै यो सानो अभिव्यक्ति पनि यहीं समाप्त गर्दछु ।

विनीत

लक्ष्मीप्रसाद शर्मा दाहाल

शाङ्करवेदान्ताचार्य

एम. ए., बि. एल.

साधुवाद

हिन्दूधर्म सेवा समन्वय समितिअन्तर्गत रही सनातन धर्मको संरक्षण तथा संवर्धनमा योगदान पुर्‍याउने महत्त्वपूर्ण धार्मिक सेवा प्रस्तुत गर्दै आएको सेवा धर्म समितिले जगद्गुरु आद्य शंकराचार्यको जीवनी प्रकाशित गर्न लागेको जानकारी प्राप्त हुँदा ज्यादै खुशी लागेको छ।

वैदिक सनातन धर्मको पुनरुत्थानका लागि जगद्गुरु आद्य शंकराचार्यले गर्नुभएको योगदान सर्वविदित छ। वास्तवमा विभिन्न मतवाद र सम्प्रदायको चर्चा-परिचर्चामा नै अलमलिरहेको त्यस बेलाको हिन्दू समाजलाई प्रबल शास्त्रीय तर्क र समन्वयात्मक अध्यात्म-दर्शनको आधारमा जगद्गुरु आद्य शंकराचार्यले जसरी संयोजित गरिदिनुभयो, त्यसले हिन्दूधर्म संस्कृतिको संरक्षण तथा संवर्धनका निम्ति निर्णायक भूमिका खेलेको छ। उहाँबाट त्यसवेला त्यो महान् कार्य नभइदिएको भए हामी वैदिक सनातन धर्मको आजसम्म रहेको समुज्वल अस्तित्व यस्तै रूपमा देख्न पाउने थिएनौं भन्नु अत्युक्ति हुँदैन।

ज्ञान, भक्ति र कर्मको समाधानपूर्ण शास्त्रीय प्रौढ प्रतिपादनका साथसाथै सनातन धर्मको जगेर्नाको निमित्त हिमालयदेखि कन्याकुमारीसम्म पदयात्रा गरी प्रबल शास्त्रार्थद्वारा प्रतिकूल विचारहरूको निरसन गर्दै जीर्ण भएका देवस्थल एवं तीर्थस्थलहरूको पुनरुद्धार गर्दै आद्य शंकराचार्यले गर्नुभएको महान् कार्यको कुन हिन्दूले कृतज्ञ हृदयले स्मरण नगर्ला ? त्यसैले यस्तो महत्त्वपूर्ण विषयमा पुस्तक प्रकाशित गरी सामाजिक जीवनमा स्वधर्मप्रति आएका जागरित तुल्याउने

दिशामा सेवा धर्म समितिले गरेको यो अठोट अत्यन्त प्रशंसनीय छ। आफ्नो क्षेत्रका प्रतिष्ठित एवं आधिकारिक विद्वान्को लेखनीबाट तयार भएको प्रस्तुत पुस्तकको अध्ययनबाट समाजमा धार्मिक, आध्यात्मिक आस्थाको पुनर्जागरणमा उल्लेखनीय योगदान पुग्ने समितिले आशा राखेको छ। सेवा धर्म समितिलाई साधुवाद छ।

२०४५ भाद्र ३१ गते
नवौं सामाजिक सेवा
दिवसको शुभारम्भमा

खेमराज केशवशरण
सभापति
हिन्दू धर्म सेवा समन्वय समिति

प्राक्कथन

(लेखक)

वैदिक सनातन धर्मको सुरक्षा जगद्गुरु भगवान् श्रीकृष्णचन्द्रबाट भएदेखियता कलियुगमा वेदको शुद्धरूपमा मर्यादा स्थापन गर्ने साक्षात् शङ्करावतार जगद्गुरु श्री आद्य शङ्कराचार्य नै हुनुभयो। जगद्गुरु भगवान् श्री कृष्णचन्द्रले वेदका काण्डत्रय कर्मयोग, भक्तियोग (उपासना) र ज्ञान-योगको मर्म जति संझाउनुभयो त्यति नै सच्चिदानन्द भगवान् श्रीकृष्णलाई आफ्नो कुलदेवता मान्दै आउनुभएका श्री शङ्कराचार्यले यस युगमा वैदिक सनातन धर्मको पुनरुत्थान गर्न पछि पर्नुभएन। श्री शङ्करले वैदिक धर्मको संरक्षणका निमित्त कर्मठ जीवन अँगाल्नुभएर अवैदिक वादल हटाउनु भयो। उपासनामा आएका वामाचार पद्धतिहरूको निवारण गरी श्री शङ्कराचार्यले सात्त्विक मूर्तिहरूको उपासनामा सुव्यवस्था ल्याउनुभयो। शिव, विष्णु, सूर्य, दुर्गा (शक्ति), गणेश र स्कन्दको वैदिक उपासनाको उद्धार गर्नुभएको हुनाले श्री शङ्कराचार्यलाई 'षण्मतस्थापनाचार्य' पनि भनिएको छ। उहाँबाट रचना भएका भक्तिस्तोत्रहरू आज भक्तहरूका मुखारविन्दबाट गुन्जायमान भइरहेको सुनेका छौं। श्री शङ्कराचार्य स्वयं प्रसिद्ध उपासक हुनुहुन्थ्यो। भगवती ललिताको उपासक, शुद्धतन्त्रप्रिय, यन्त्र प्रतिष्ठापक, पाञ्चायन-पूजोपदेशक तथा पञ्चलिङ्गसंस्थापक आदि रूपले उहाँलाई यस युगको सनातन वैदिक धर्मको ज्योतिर्मय अवतार मानिएको छ। श्रुति, स्मृति,

पुराण आदि शास्त्रहरूको खानी, दार्शनिकशिरोमणी श्री शङ्कराचार्यलाई विशेष गरेर लोकको परम कल्याण गर्ने ज्ञानमूर्ति मानिएको छ । उहाँले मोक्षको साक्षात् साधन बोध नै भएको हुँदा वैदिक ज्ञानकाण्ड संझाउन विभिन्न कृतिहरू हामीलाई प्रदान गर्नुभएको छ, तर उहाँको ख्याति विशेषत: 'भाष्यकार' रूपले भएको छ । उपनिषद्, गीता र ब्रह्मसूत्र यी ग्रन्थहरू नै वेदान्तका आधारशिला हुन् । प्रस्थानत्रयी भनेर यिनै ग्रन्थहरू लिइन्छन् । प्रस्थानत्रयीमा अद्वैतज्ञानपरक भाष्य लेखेर श्री शङ्कराचार्यले जरामरणादिरूप संसारको निवृत्ति केवल अद्वैत (अभेद) ज्ञानबाट हुने तथ्य स्पष्ट पार्नुभएको छ । जीवब्रह्मैक्य नहुञ्जेलसम्म वासनाक्षय तथा तत्त्वज्ञान नहुने भएकोले कैवल्य मोक्ष असम्भव हुने रहस्य बुझाउनुभएको छ । बदरी क्षेत्रदेखि लिएर सेतुबन्ध रामेश्वरसम्म र जगन्नाथ पुरीदेखि लिएर द्वारकासम्म वैदिक संस्कृतिअनुसार अविकृत रूपमा धर्म, कर्म, पूजा, उपासना, आत्मचिन्तन आदिको पुनरुत्थान तथा चारैतिरबाट पीठहरूको संस्थापन श्री शङ्कराचार्यबाट भएकोले उहाँलाई यस युगको वैदिक सनातन धर्म संस्थापक शङ्करावतार जगद्गुरु मानिएको हो । उहाँको जीवन-चरितको विषयमा र सिद्धान्तको केही झलकमा कलम कोरिदिन श्री सेवाधर्म समिति, सल्यान स्थान, कीर्तिपुरका श्रद्धेय अध्यक्ष श्री नरहरी चालिसेले मलाई भन्नुहुँदा मैले यस्तो गौरवपूर्ण काममा लाग्न पाउनु ठूलो सौभाग्य संझी तुरुन्तै स्वीकार गरें । शाङ्कर सिद्धान्तमा रमाउने मेरो अन्त:करण प्रफुल्ल भयो, तर सीमित जानकारी र सीमित समयले बाँधिएको मैले यसमा पूर्णता आउने कुराको भने विश्वास लिन सकिनँ । जति सकिन्छ यस्तो आध्यात्मिक चेतनामा जीवनका घडीहरू लगाउन पाउनु नै सफलता हो भन्ने विश्वासचाहिं प्राप्त भयो । श्री शङ्कराचार्यको विषयमा पाइएका जति सामग्रीहरूको अवलोकन गर्दा उहाँका जीवनसम्बन्धी घटनाहरूमा फरक फरक उल्लेख भेट्टाएँ । इतिहासमा यस्तो फरक पाउनु साधारण नै हो भन्ने समझ आयो । वैदिक सनातन ज्ञान भने अटल, अविकृत र अलिकति पनि च्युत नभएको रूपमा ती सामग्रीहरूमा पाउँदा हृदय प्रफुल्ल भयो । वैदिक धर्मलाई जस्ताको

तस्तो रूपमा संझाई विश्वबन्धुत्वको भावना जगाउनुमा नै श्रीशङ्कराचार्यको विशेषता पाएँ । उहाँले 'उपदेशपञ्चक' मा वेदको रक्षा गरेर तदनुसार निष्काम कर्म र ईश्वरको भक्ति गर्दै आत्मज्ञानी बनी प्रारब्ध भोग्दै परब्रह्म-स्वरूपले स्थित रहन जुन उपदेश दिनुभएको छ, त्यसमा समग्र जीवनको प्रकाश निर्दिष्ट छ । शाङ्करभाष्यको महिमाका सम्वन्धमा 'दिल्लीस्थित शङ्कर एकेडेमी'वाट प्रकाशित 'श्रीशङ्कराचार्यको जीवनचरित्र' (पृष्ठ २७) मा यस प्रकार उद्गार प्रकट गरिएको छः–

"भौतिक विज्ञानको चरम सीमामा पुगेका पाश्चात्य वैज्ञानिकहरू पनि यो भाष्यको लेश मात्र पढेर अचम्म मान्दछन् । यो भाष्य त यसको उद्भवस्थान काशीभन्दा पनि श्रेष्ठ छ, किनभने काशीमा मर्नाले मुक्ति हुन्छ भन्ने प्रसिद्धि छ तर शाङ्करभाष्यको भने श्रवणवाट नै नमरीकन जीवन्मुक्ति पाइन्छ । यसरी लोकोत्तर रूपमा विराजमान यो भाष्य नपढ्ने र त्यसका लागि कुनै प्रयत्न पनि नगर्ने जो छन् ती अत्यन्त शोचनीय छन् । शङ्कराचार्यले वाह्र वर्षको उमेरमा जो लेख्नुभयो त्यसको अध्ययन हामी साठी वर्षको उमेरमा पनि गर्न सक्तैनौं वा गर्दैनौं भने यो भन्दा खेदलाग्दो विषय के होला !"

ब्रह्मतत्त्वमा नमिलुञ्जेल मायाको खेलमा कुनै न कुनै रूपमा घुमिरहनुपर्ने हुँदा श्री शङ्कराचार्यले ब्रह्मतत्त्वको प्रकाश पारिदिनुभयो । उहाँको जीवन-चरित लेख्दा मूल आधार माधवाचार्य (विद्यारण्यमुनि) विरचित 'श्रीशङ्करदिग्विजय' नै मुख्यरूपमा यहाँ लिइएको छ । तर आकर्षक प्रसङ्ग अन्य[1] सामग्रीहरूवाट पनि समाविष्ट गरिएको छ । जगद्गुरु श्री शङ्करा-

१. आनन्दगिरिकृत 'शङ्कर विजय' । चिद्विलास यतिकृत 'शङ्करविजय-विलास' । सदाशिव ब्रह्मेन्द्रकृत 'गुरुरत्नमाला तथा आत्मवोधकृत 'सुषमा' टीका । गोविन्दनाथ यतिकृत 'शङ्कराचार्यचरितम्' । काशी लक्ष्मण शास्त्रीको 'गुरुवंश काव्य' । दिल्लीस्थित शङ्कर एकेडेमी प्रकाशित श्री'शङ्कराचार्यको जीवन चरित्र' ।श्री वलदेव उपाध्यायकृत 'श्रीशङ्कराचार्य' इत्यादि । तथा श्री शङ्कराचार्यदिग्विजयानुवाद ।

चार्यको जन्मतिथि वैशाख शुक्ल पञ्चमी तथा वैशाख शुक्ल दशमी[२] हो भन्ने विभिन्न उल्लेख पाइन्छ । काञ्चीकोटी पीठानुसार गुरुरत्नमाला—सुषमा टीकामा दृष्टि दिंदा वैशाख शुक्ल पञ्चमी नै पुष्ट हुन आउँछ । उहाँको उपनयन शङ्करदिग्विजयानुसार विधवा माताले गराएको तथा शङ्करविजय-विलासानुसार स्वयं उहाँका पिताले गराएको देखिन्छ । शङ्कर दिग्विजयानुसार श्री शङ्करले गुरु गोविन्दपादाचार्यबाट नर्मदाको किनारमा संन्यास दीक्षा लिनुभएको देखिन्छ त शङ्करविजय-विलासानुसार बदरी-वनमा संन्यास-दीक्षा लिनुभएको देखिन्छ । उहाँले ग्रन्थहरू लेख्नुभएको ठाउँ शङ्करदिग्विजयानुसार बदरी पुण्यभूमि देखिन्छ त कहीं काशी[३] पुण्यभूमि देखिन्छ । उहाँले व्यासजीको दर्शन पाउनुभएको ठाउँ शङ्कर-दिग्विजयानुसार र शङ्कर-विजय-विलासानुसार काशी मणिकर्णिकाघाट देखिन्छ त गुरुवंश काव्यानुसार बदरी आश्रम देखिन्छ। आद्य शङ्कराचार्य नेपालमा आउनुभएको कुरा श्री बलदेव उपाध्यायकृत 'श्री शङ्कराचार्य' भन्ने पुस्तकको पृष्ठ १३६ मा विस्तृत रूपमा पाइएको छ त श्री ज्ञानमणि नेपालले रचना गर्नुभएको 'पशुपतिनाथको दर्शन स्पर्शन पूजन सम्बन्धमा समीक्षा' भन्ने पुस्तकमा आद्य शङ्कराचार्य नेपालमा आउनुभएको प्रमाण नपाइएको कुरा लेखिएको छ । शङ्कराचार्यले पशुपतिनाथको पूजाव्यवस्था आदि गर्नुभएको घटनाचाहिं पछिल्ला (आद्य होइन) शङ्कराचार्यको हो भन्ने उल्लेख छ । जगद्गुरु श्रीशङ्कराचार्यको तिरोधानका विषयमा पनि यस्तै विभिन्न मतहरू पाइन्छन् । शङ्करदिग्विजयानुसार श्रीशङ्करको तिरोधान केदारधाममा भएको देखिन्छ त शङ्कर-विजयानुसार काञ्ची नगरीमा भएको देखिन्छ । गोविन्दनाथ यतिविरचित 'शङ्कराचार्यचरितम्' अनुसार श्री शङ्कराचार्यको तिरोधान केरलमा भएको देखिन्छ । यसरी श्री शङ्करा-

---

२. शङ्करमन्दारमरन्दसौरभे (राधे सिते शिवगुरुर्गृहिणी दशम्याम्)

३. श्रीशङ्कराचार्यको जीवन चरित्र' पृष्ठ. २७ (दिल्लीस्थित शङ्कर एकेडेमी प्रकाशित) । २०२५

चार्यको जीवन-चरितको विषयमा विभिन्न मतहरू पाइए तापनि उहांको अद्वैत सिद्धान्त वेदसम्मत, सर्वमान्य, सर्वकल्याणकारी छ ।

अन्त्यमा, यो पुस्तक लेख्न प्रेरणा दिने श्री सेवाधर्म समिति, सल्यान-स्थान कीर्तिपुरका अध्यक्ष श्री नरहरि चालिसेको सक्रियताको र यसलाई प्रकाशमा ल्याउन आर्थिक सहायता जुटाउने महानुभावहरूको आस्थाको प्रशंसा नगरी म रहन सक्तिनँ । उहाँहरू सबैप्रति कृतज्ञता प्रकट गर्दै यसमा रहन गएका त्रुटिहरूमा पाठकवर्गसँग क्षमा याचना गर्दछु र अर्को संस्करण-मा हुनुपर्ने विषयको सुझाव पनि पाउन सविनय अनुरोध गर्दछु ।

विनीत
लेखक

२०४५।६।६

विषय-सूची

(पूर्वार्ध)

१. परिचय १
२. आचार्य शङ्करको आविर्भाव ५
३. आचार्य शङ्करको बालचरित र गुरुकुलमा विद्याध्ययन १३
४. गुरुकुलबाट प्रत्यागमन, मातृसेवा, आपत्संन्यास र गृहत्याग १६
५. नर्मदामा गुरुप्राप्ति, काशीमा शिष्य सनन्दन, श्री विश्वनाथ दर्शन र बदरीतिर प्रस्थान २३
६. ग्रन्थरचना, व्यासदर्शन र दिग्विजयार्थ यात्रा ३२
७. कुमारिल भट्टसँग भेट, मण्डन मिश्रसँग शास्त्रार्थ, भारतीसँग शास्त्रार्थ र मण्डन मिश्रको संन्यास ३७
८. दक्षिणयात्रा, उग्रभैरवको पराजय, शिष्य हस्तामलक, शिष्य तोटकाचार्य र माताको उद्धार ५४
९. आचार्य शङ्करको दिग्विजय, सर्वज्ञपीठाधिरोहण, बदरी-प्रस्थान र केदारमा तिरोधान ६७
१०. शङ्कराचार्यको वैशिष्ट्य र कृतिहरू ८८
(उत्तरार्ध)
११. शाङ्कर सिद्धान्त १०७
१२. परिशिष्ट १३७

पुस्तकसंकेतसूची

संकेत	पुस्तक
१. शं.जी.च.	'श्री शङ्कराचार्यको जीवन चरित्र' (नेपाली अनुवाद) ले. श्री सी.आर. स्वामिनाथन् अनुवादक– पं. कृष्णप्रसाद भट्टराई प्रकाशक– शंकर एकेडमी, नयाँ डिल्ली प्रथम संस्करण समय वि.सं. २०२५
२. श्री शं.	'श्री शङ्कराचार्य' ले. बलदेव उपाध्याय एम.ए. हिन्दुस्तानी एकेडमी उत्तरप्रदेश, इलाहाबाद द्वितीय संस्करण सन् १९६३
३. शं.दि.	'श्री शङ्कर दिग्विजय' माधवाचार्यप्रणीत पं बलदेव उपध्यायकृत हिन्दी अनुवाद प्रकाशक– महन्त महादेवनाथ ज्ञानमन्दिर हरद्वार द्वि.सं. २०२४
४. भा.द.	'भारतीय दर्शन' ले.पं. बलदेव उपाध्याय प्रकाशक– शारदा मन्दिर, वाराणसी षष्ठ संस्करण सन् १९६०
५. भ.गी.	'श्रीमद्भगवद्गीता'

ॐ

श्रुतिस्मृतिपुराणानामालयं करुणालयम् ।
नमामि भगवत्पादं शङ्करं लोकशङ्करम् ।।

१. परिचय

यो धराधामको वैदिक धर्मरूपी विशाल आकाशमा सूर्य झैं उदाएर वैदिक सनातन प्रकाशद्वारा लोककल्याणको मार्ग दर्शाउनु हुने जगद्गुरु श्री आद्यशङ्कराचार्य विश्वविख्यात हुनुहुन्छ । वैदिक धर्मको प्रतिष्ठाको निमित्त श्रीशङ्कराचार्यले गौरवमय त्याग र तपस्या अँगाल्नु भएको तथ्य हाम्रो अगाडि स्पष्टरूपले झल्किरहेको छ । शङ्करको महान् व्यक्तित्व र आदर्श गुणहरूले गर्दा आज संसारमा मानवमात्रमा होइन कि प्राणीमात्रमा एकताको भावना जगाउने प्रेरणा पाएका छौं । विश्वशान्तिको प्रतीक हुनुभएको श्रीशङ्करले उदात्त भावनाद्वारा सर्वत्र समदर्शनको ज्योति फैलाउनु भएको छ । सारा प्राणीहरूमा ब्रह्मबुद्धि अक्षुण्ण राखी परम शान्ति प्राप्त गर्नु नै मानव जीवनको चरम लक्ष्य मान्नुभएको छ । वैदिक संस्कृतिको सर्वात्मभावको रहस्य खुलाउने आधारशिला बनेर श्री शङ्करले विभिन्न क्रियाकलापहरूको समन्वयात्मक चैतन्यभावको प्रकाश ल्याउनु भएको छ । दुःखमय ठानिने संसारको बाध गरेर सुखमय स्थितिमा पुऱ्याउने ज्ञानज्योति जगाएर सबैको कल्याणको निमित्त सर्वात्मैक्यको जग बलियो पार्नुभएको छ । त्यतिमात्र होइन कि सर्व देवताको एकताको रहस्य खुलाएर परमात्माको वास्तविक स्वरूप दर्शाउन सफल हुनुभएको छ । अज्ञानले गर्दा उठेका दुःखमय काला बादलहरूलाई ज्ञानरूपी प्रबल हावाले छिन्न-भिन्न पार्ने मूल मन्त्र श्री शङ्करले प्रदान गरेर लोक-कल्याणको मार्गमा चल्न सिकाउनु भएको छ । जडभावमा अल्मलिएका मनुष्यहरूलाई चिद्भावमा मग्न बनाउने महान् पुरुष श्रीशङ्कराचार्य नै हुनुहुन्छ ।

वैदिक संस्कृतिको रक्षाको निमित्त वेदको समग्र अध्ययन, वेदले दर्शाएका कर्मकाण्डको फलासक्तिरहित अनुष्ठान, वैदिक उपासनाकाण्डअनुसार ईश्वर-सेवा र निर्मल तथा निश्चल चिदाकार चित्तवृत्तिद्वारा ज्ञानकाण्डअनुसार ब्रह्ममय स्थितिमा जोड दिँदै श्रीशङ्करले मानवजीवन सफल पार्ने सत्य मार्गको परिज्ञान गराउनु भएको छ। वैदिक सभ्यताको प्रतिष्ठापनको लागि विस्तृत कार्य सम्पन्न गर्नुभएको छ। वेदमा रहेका कर्म, उपासना र ज्ञानको मर्म संझाएर समग्र वेदको आवश्यकता मानवजीवनको लागि अपरिहार्य छ भन्ने स्पष्ट बोध गराउने महापुरुष श्रीशङ्कराचार्य हुनुहुन्छ। वैदिक संस्कृति अक्षुण्ण राख्नाको निमित पीठहरूको निर्माण गरेर शिष्य-प्रशिष्यहरूद्वारा यो अभियान चलाइराख्न महानुशासनको पनि व्यवस्था गर्नुभएको छ। धर्म, आचार, उपासना र ज्ञानको शुद्ध प्रवाह वैदिक पद्धतिअनुसार निरन्तर चलाइरहनाको निमित महत्त्वपूर्ण योगदान उहाँबाट भएको छ। श्रीशङ्कराचार्यले अनेक शङ्कराचार्यहरूको अस्तित्वको निमित्त विशेष रूपले प्रबन्ध गरी भविष्यमा पनि वैदिक संस्कृतिमा आँच नआउने दिगो अभ्युत्थानको खम्बा गाडेर जानुभएको छ। उहाँको मङ्गल जीवनबाट जगत्ले कल्याणमय प्रकाश पाएको छ। व्यावहारिक जीवनदेखि लिएर पारमार्थिक चिन्तनसम्म पनि समदर्शनको रश्मि उहाँबाट पाइएको छ।

समाजमा वैदिक धर्मको व्यवस्था मिलाउन वैदिक संस्कारहरू, वैदिक पूजा-पद्धति र वैदिक आचारहरूको पूर्णरूपले प्रचार-प्रसार गरेर श्रीशङ्कराचार्यले धर्मगुरुको भूमिका खेल्नुभएको छ। स्थान-स्थानमा यात्रा गरेर उहाँले वैदिक सभ्यताको कल्याणमय पक्षहरू दर्शाउँदै वैदिक-संस्कृति-निष्ठ समाजलाई प्रोत्साहन दिनुभएको छ। वेदानुयायी शास्त्रहरूको व्याख्या गरेर तिनीहरूको यथार्थ चित्रण प्रस्तुत गर्दै सनातन तत्त्वको रहस्यको उद्घाटन गर्नुभएको छ। श्रुति, स्मृति, पुराणादिमा रहेका हितकारी तत्त्वहरू संझाउँदै लोकको कल्याण गर्ने लोकशङ्कर रूपमा प्रकट हुनुभएको उहाँलाई जगद्गुरु मानिएको छ। उहाँको जीवनचरित त्याग, तपस्या, ज्ञान, लोककल्याण आदि सद्गुणहरूले भरिएको हुनाले त्यसको परिज्ञान हुन र अनु-

सरण गर्न आवश्यक छ। महापुरुषहरूको अनुसरणबाट नै संसारमा शान्ति र सद्भावनाको प्रवाह अक्षुण्ण रहन्छ। श्रीशङ्कराचार्यको व्यक्तित्व नै यस्तो अनुकरणीय छ कि जसको महत्त्व बुझेर संसारमा जीवन बनाउन सके व्यक्ति, समाज, राष्ट्र र विश्वमा वैमनस्य, कलह, अशान्ति आदि दूर गर्न सकिन्छ।

श्रीशङ्कराचार्यले सारा दर्शनहरूको गतिविधि दर्शाउँदै एकतामा अनेकताको चित्र खडा भएको रहस्य संझाउनु भएको छ। एक अद्वितीय नित्य ब्रह्मतत्त्वमा जति भेदहरूको भावना उठाए तापनि आखिरमा ती भेदहरू नाम-रूप त्यागेर नदीहरू समुद्रमा गई एक भए झैं एक ब्रह्मतत्त्वदेखि बाहेक अरू केही हुँदैनन् भन्ने वैदिक उच्च दर्शनको प्रकाश उहाँले पार्नुभएको छ। श्रीशङ्कराचार्य दार्शनिक शिरोमणि तथा दिव्य विभूति हुनुभएकोले उहाँलाई मायाले लेशमात्र पनि लपेट्न सकेको देखिंदैन। यसै कारणले उहाँको आदर्श अहिले पनि जगद्व्यापी रूपमा अनुकरणीय भएको छ। आचारमा, विचारमा र समझमा संकट आएको बेला श्रीशङ्कराचार्यको आविर्भाव भएको छ र उहाँले वैदिक, सनातन, विशुद्ध दर्शनको मर्म झल्काएर वैदिक मार्गबाट विचलित नहुन महत्त्वपूर्ण प्रेरणा प्रदान गर्नुभएको छ। दार्शनिक क्षेत्रमा अद्वितीय मानिनु भएको श्रीशङ्कराचार्यले अद्वैतदर्शनको झण्डा फहराएर एकताको भावना जगाई जडताबाट छुटकारा दिलाउँदै निरूपाधि चैतन्यमात्रको स्थितिमा पुऱ्याउनु भएको छ। अभेददृष्टि नहुञ्जेलसम्म जरामरणरूप संसारचक्रबाट छुटकारा नपाइने तत्त्व श्रीशङ्कराचार्यले दर्शाएर चैतन्य रूपले अभेद स्वरूपमा स्थिति हुने आत्मदर्शन प्रस्तुत गर्नुभएको छ।

वेदका समग्र पक्षहरूको शुद्ध स्वरूप दर्शाउँदै बीच-बीचमा उम्रेका विकृतिहरूमा गोडमेल गर्दै श्री शङ्कराचार्यले अनेक कृतिहरूद्वारा वेदानुकूल ज्ञान, भक्ति, सत्कर्म आदिका उच्च आचरणहरूको सुन्दर मन्दिर सिगार्नुभएको छ। हामीले त्यस सुन्दर मन्दिरमा विकृतिकारक झारहरू उम्रन दिनु हुँदैन र श्रीशङ्कराचार्यको सपना पूरा गर्न जीवन समर्पित गर्नुपर्दछ। अतः श्रीशङ्कराचार्यको यस्तो परम कल्याणकारक परिपाटीबाट वञ्चित

नहुन उहाँका सबै देनहरूलाई आत्मसात् गर्नुपरेको छ। वेदको मर्यादाबाट नै भौतिक तथा आध्यात्मिक क्षेत्रहरूमा शान्ति कायम राख्न सकिन्छ। श्री-शङ्कराचार्यको यथार्थ परिचय नै उहाँले अँगाल्नुभएको लोककल्याणकारी वैदिक दर्शन, आचार, विचार, धर्म, उपासना आदिबाट प्रस्तुत भएको छ। उहाँका यी गुणहरू हृदयङ्गम गर्न सावधान भएर हामीले उहाँको यो परिचय श्रद्धापूर्वक परिशीलन गर्न आवश्यक छ।

२. आचार्य शङ्करको आविर्भाव

वेदवृक्षको शीतल शान्त छहारीमा सृष्टिदेखि नै प्राणीहरू सत्कर्म, सद्भक्ति र सत्यज्ञानद्वारा व्यावहारिक तथा पारमार्थिक जीवन आनन्दमय पारेर वसिरहेका थिए । युगको खेलले सधैं एक रूपमा वस्न दिंदो रहेनछ । वीच-वीचमा अनेक संकटहरू आइपर्दा रहेछन् । वैदिक धर्मको क्षेत्रमा गनाउने झारहरू उम्रन थाले । केही काँडे झारहरूले सहनै नसकिने व्यथा पनि दिन थाले । वैदिक यज्ञहरूको अनुष्ठानमा अनेक विघ्नवाधाहरू आउन थाले । वैदिक उपासना अन्धकारमा विलाउन लागे । ज्ञानज्योति अज्ञानको वादल-भित्र परी साक्षात्कारमा आउन सकेन । अनेक वेदविरोधी पाखण्डमतहरू फैलिएर कर्म, उपासना र ज्ञानका नक्कली नाचहरू व्याप्त हुन थाले । वर्णाश्रमको आधारमा चल्ने वैदिकधर्मको जरो उखाल्न ब्राह्मणद्वेषी[1] बौद्धहरूले कुनै कसर वाँकी राखेनन् । पाखण्डी (नास्तिक) भएर सन्ध्या आदि आफ्ना वैदिक कुलका कर्महरू छोड्न थाले । यज्ञको तथा उपासनाको नाम सुन्ने वित्तिकै अनेक निन्दाका वाणहरू वर्षाउन थाले । आत्मज्ञानको त मूलैमा शून्यता ल्याउन थाले । शैव, वैष्णव, कापालिक आदिले वैदिक विधानका कर्मादिमा विकृति ल्याउन थाले । यसरी चलिआएको सनातन वैदिक आचार लोप हुन थाले । अनेक तार्किक कण्टकाकीर्ण[2] मार्गहरूले वैदिक परम्परामा असह्य घोचाइ ल्याउन थाले । यस्तो किसिमको अवैदिक वातावरणबाट विह्वल भएका ब्रह्मा आदि देवताहरूले यो दुर्दशा हटाउन निश्चय गर्नुभयो ।

---

१. वर्णाश्रमसमाचारान् द्विषन्ति ब्रह्मविद्विषः (शं. दि. १।३२)
२. अन्येऽपि वहवोमार्गाःसन्ति भूमौ सकण्टकाः (शं. दि. १।३८)

वास्तवमा यो कुरा सत्य छ कि जवजव[३] धर्मको ग्लानि हुन्छ र अधर्म वढेर आउँछ तबतव ईश्वरले कुनै न कुनै रूपमा अवतार लिएर धर्मको रक्षा र अधर्मको नाश गर्नुहुन्छ। ब्रह्मा आदि देवताहरू मिलेर कैलाशमा जानुभयो र लोकहरूको कल्याण गर्ने श्रीमहादेव शङ्करसँग नम्रतापूर्वक हात जोडेर प्रार्थना गर्न लाग्नुभयो। भगवान् श्रीशङ्करलाई उहाँहरूले निवेदन गर्नुभयो–

"हे प्रभो ! कलिको विकराल अवस्थाले गर्दा वेदको मर्यादा टुट्न लागिरहेको छ। वैदिक आचरणहरू दिन प्रतिदिन घट्दै गइरहेछन्। धर्मकर्महरू विलाएर जान लागिरहेछन्। अवैदिक मतहरूको फैलावटले वैदिक सभ्यतामा आघात परिरहेको छ। वैदिक अध्ययन हराउँदै गएकोले सत्यमार्गको अवलम्बनमा संकट आएको छ। सजिलो र झट्ट हेर्दा मन खिच्ने अनाचारले युक्त मार्गहरू धमाधम वढ्दै छन्। हे लोकनाथ, हजूरले अनुग्रह गरिवक्सिएन भने वैदिक धर्म निराश्रय भएर अस्ताउने छ। हे आशुतोष, हजूरले कृपा गरेर लोकको रक्षाको निमित्त धरातलमा अवतार लिएर पाखण्डीहरूलाई पन्छाउँदै वैदिक मार्गको पुनर्जागरण गराइवक्सनुपर्‍यो। हजूरले ज्ञानको उदय गराइवक्सेमात्र वैदिक संस्कृतिको रक्षा हुनेछ।"

यसरी देवताहरूले गरेको प्रार्थना सुनी श्रीशिवजी मुसुक्क हाँस्नुभयो र वैदिक धर्मको रक्षाको निमित्त तत्पर हुनुभयो। भगवान् श्री महादेवले उनीहरूलाई भन्नुभयो– "हे देवता हो, वैदिक धर्मवाट नै लोकमा शान्ति स्थापित हुन्छ। प्राणीहरूको कल्याणको लागि म मनुष्यरूप धारण गर्नेछु। वेदका कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डको उद्धारवाट लोककल्याण गर्ने प्रबन्ध गर्नेछु। यसको[४] निमित्त देवताहरू र योग्य शिष्यहरूको पनि सहयोग लिनेछु। शास्त्रहरूको तात्पर्यको निर्णय दर्शाउने भाष्यादिको रचनाको पनि आवश्यक पर्ने छ।"

---

३. यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत। (भ. गी. ४।७)
४. शं. दि. १।४१–४४

देवताहरूलाई यसरी आश्वासन दिएर भगवान् श्रीमहादेवले स्वामी कार्तिकेयलाई कुमारिल[5] भट्टको रूपमा कर्मकाण्डको उद्धार गरी सर्वाधार वर्णाश्रमको जग बलियो पार्न आज्ञा भयो । उहाँको सहायार्थ ब्रह्माजीलाई मण्डन[6] मिश्रको रूपमा कर्ममार्गको प्रचार गर्न प्रेरणा दिनुभयो । इन्द्रलाई सुधन्वा नामक राजा भएर मद्दत गर्न र विष्णु तथा शेषनागलाई संकर्षण[7] तथा पतञ्जलि भएर उपासना तथा योगको रहस्य कायम गर्न आज्ञा भयो । आफू स्वयं भगवान्[8] शङ्करले शङ्कराचार्यको रूपमा ज्ञानकाण्डको रक्षा गर्ने भाग लिनुभयो ।

इन्द्र र स्वामी कार्तिकेय

भगवान् शङ्करको आज्ञाबमोजिम इन्द्र सुधन्वा नामक राजा बनेर धर्मनिष्ठ तथा सर्वज्ञको रूपमा राज्य चलाउन थाले । अवैदिक मतले धमिलो वातावरण पारेकोले उनको कर्तव्य यसलाई हटाउनु थियो । भिन्न बौद्धहरूको मतमा श्रद्धा नभए तापनि उनले कृत्रिम श्रद्धा देखाएर बौद्धहरूलाई एकत्रित गर्न थाले । उनको योजना यो थियो कि स्वामी कार्तिकेय भट्टपाद कुमारिल भट्टको रूपमा प्रकट हुँदा वैदिक कर्मकाण्डको उद्धार गर्नुहुने छ र समस्त दिशाहरूलाई जित्दै त्यहाँ आई वैदिक धर्मको विजय गराउनु हुनेछ । केही दिनपछि कुमारिल भट्ट सोहीअनुसार वैदिक कर्मकाण्डको पुनर्जागरण गर्दै त्यहाँ आइपुग्नु भयो र वेदको प्रामाणिकता विभिन्न प्रकारले दर्शाउनु भयो । अवैदिक तत्त्वहरूको दर्प गलित भयो र सुधन्वाले वेदको महत्त्व बुझी दुष्टहरूको संसर्गले दूषित हुन गएको आफ्नो[9] निन्दा आफैले अनेकतरहले

---

५. शं. जी: च. पृष्ट २

६. शं. दि. १।५६

७. शं. दि. १।५०–५१

८. शं. दि. १।५२

९. शं. दि. १।७९

गरे। अब सुधन्वाले श्रुतिमा पूर्णरूपलें श्रद्धा राखे। त्यहाँ जति पनि परीक्षा-हरू भए सबबाट श्रुति-निन्दक तत्त्वहरू परास्त भए। कुमारिल भट्टले वेदको एक भाग कर्मकाण्डको उद्धार गरेर वैदिक मार्गमा सुप्रभात ल्याए।

भगवान् शिव र शिवगुरु

भारतको दक्षिण दिशामा केरल देशमा कालटी ग्रामको सामीप्यले सुन्दर श्रीमद्वृष पर्वत वैदिक संस्कृतिको प्रकाश फैलाउने केन्द्र बन्न पुगेको छ। त्यहाँ पूर्णानदी (आलवाई) को पवित्र तटमा ज्योतिर्लिङ्गको रूपले आविर्भूत श्री शिवको सुन्दर मन्दिर राजा[10] राजशेखरले बनाउन लगाएर नित्य पूजा चलाउनु भएको थियो। कालटी ग्राममा आस्तिक श्रद्धालु बुद्धिमान् विद्याधिराज (विद्याधिप) नाम भएका एक प्रसिद्ध वैदिक पण्डित हुनुहुन्थ्यो। वृष पर्वतमा राज भएको भगवान् श्रीशिवजीले तिनै ब्राह्मण[11]को छोरालाई आफ्नो पिता बनाएर अवतार धारण गर्ने निश्चय गर्नुभयो। पुण्यात्मा विद्याधिराजलाई जब पुत्रलाभ भयो तब उनले ज्ञानमा शिवसमान र वचनमा गुरु वृहस्पतिसमान हुने ठानी त्यस छोराको नाम शिव-गुरु राखे। शिवगुरुको निष्ठा वेदमा बढ्दै गयो। वेदको अर्थ ज्ञानमा र प्रयोगमा निपुण भएको शिवगुरुलाई गुरुले प्रसन्न भई भन्नुभयो 'हे प्रिय शिष्य! तिमीले सषडङ्ग वेद पढ्यौ र अर्थको पनि विचार प्राप्त गर्‍यौ। अब घर जाऊ र गार्हस्थको पालना गर।' जीवनको उद्देश्यमा निश्चित मार्ग दर्शाउन गुरुले ज्ञान दिंदै हुनुहुन्थ्यो, यत्तिकैमा उनको पिता आफ्नो छोरोलाई घर लैजान आउनु भयो। गुरुलाई पिताले विनयपूर्वक सत्कारादि[12] गरेर विद्याले चम्किलो भएको छोरालाई लिएर घर जानुभयो। विद्याले नम्र भएका शिवगुरुले माताको वन्दना बडो भक्तिपूर्वक गरे। ज्ञान, आचरण र नम्रताले युक्त

---

१०. शं. दि. २।२

११. शं. दि. २।४

१२. शं. दि. २।२१

पुत्रलाई पाएर बावु-आमाको आनन्दको सीमा रहेन । अब शिव-गुरूको विवाहको शुभ समय आयो । वरको पिता विद्याधिराज तथा कन्याको पिता मघ[13] पण्डितले प्रसन्नतापूर्वक शिव-गुरु र सतीको विवाह शास्त्र-विधिले सम्पन्न गराए । यसपछि शिवगुरुवाट अनेक वैदिक यज्ञहरू भए । धेरै कालसम्म पनि सन्तान नहुँदा खिन्न भएको पतिदेव शिवगुरुलाई साध्वी सतीले नम्रतापूर्वक निवेदन गरिन्– 'हे नाथ ! देवाधिदेव महादेव कल्पवृक्ष झैं सबको इच्छा पूरा गरिदिने हुनुहुन्छ । यसकारण हामी उहाँको सेवा गरौं र उहाँको कृपावाट इच्छा पूरा गरौं ।" सतीको यस्तो प्रिय वचन सुनेर शिवगुरुले अर्धनारीश्वर[14] भगवान् शिवको आराधना गर्ने निश्चय गर्नुभयो । शिव-गुरु र सतीले कठोर तपस्या गरेर महादेवलाई प्रसन्न पार्नुभयो । शिवगुरुको सपनामा ब्राह्मणवंषधारी भगवान् शङ्करले दर्शन दिई सोध्नुभयो कि उनले केको निमित्त तपस्या गरेको हो । तव शिवगुरुले भन्नुभयो कि छोराको प्राप्तिको निमित्त तपस्या गरेको हुँ । अनि भगवान् शङ्करले सोध्नुभयो कि सर्वगुण-सम्पन्न[15] सर्वज्ञ एक पुत्र चाहनुहुन्छ कि लामो आयु भएका विपरीत आचरण गर्ने अल्पगुणसम्पन्न धेरै छोराहरू प्राप्त गराऊँ । शिवगुरुले निवेदन गर्दै भन्नुभयो कि मेरो पुत्र वहुगुणसम्पन्न प्रतापशाली सर्वज्ञ होस् । यसपछि शङ्करले "त्यस्तै छोरा हुनेछ, तपस्या छोडेर पत्नीसहित घर जानुहोस्, तपाईंको मनोरथ पूर्ण हुनेछ" भन्ने आज्ञा भयो । शिवगुरु निद्रावाट जाग्नुभयो र सतीलाई सवै कुरा वताउनुभयो । तव सतीले हर्ष प्रकट गरी शिव-गुरुलाई "यो शङ्करको वरदान हो, अव हामीलाई अवश्य सर्वगुणसम्पन्न पुत्ररत्नको लाभ हुनेछ" भन्नुभयो । तव ती दम्पती घर गएर धर्म-कर्ममा व्यस्त हुँदै आनन्दले रहन थाले । वैदिक धर्मको उद्धारण गर्न प्रतिज्ञा गर्ने साक्षात् शङ्कर भगवान् सतीको गर्भमा प्रविष्ट हुनुभयो ।

---

१३. शं. दि. २।३३
१४. शं. दि. २।४८
१५. शं. दि. २।५१–५३

शङ्करको जन्म

पिता शिवगुरुबाट माता सती "आर्याम्बा वा विशिष्टा"[१६] मा शङ्करले वैदिक ज्योति फैलाउन शङ्कराचार्यको रूपमा जन्म लिनुभयो। वैशाख महिनाको शुक्ल पक्षको[१७] पञ्चमी तिथिमा जन्मनु भएकोले ज्योतिषीहरूको सल्लाहबाट पिताले उहाँको नाम 'शङ्कर' राख्नुभएको हो। शङ्कर[१८]ले सुखको वातावरण ल्याएकोले र कल्याण गर्ने भएकोले शङ्कर (शम्=सुख वा कल्याण, कर=गर्ने) नाम अत्यन्त सार्थक भयो। अथवा भगवान् साक्षात् शङ्करको प्रसादले आविर्भाव हुनुभएकोले शङ्कर भन्ने नाम अतीव सुहाउँदो देखियो। शङ्करमा धेरै अलौकिक चिन्हहरू देखा पर्न थाले। उहाँको आविर्भाव भएदेखि नै द्वैतवादीहरूमा एक किसिमको खल्लोपन आउन थाल्यो। उहाँको दर्शन पाउने विद्वान्हरूले उहाँ[२०] साक्षात् शङ्करको अवतार हुनुहुन्छ भन्ने भावना लिन थाले। अत्यन्त आवश्यक परेको वेलामा आचार्य शङ्करको आविर्भाव भएकोले वैदिक मार्गको अभ्युत्थान हुने लक्षणको प्रकाश फैलिन थाल्यो। माधवाचार्यले श्री शङ्करदिग्विजयमा श्रीशङ्करको अवतारबाट उच्छिन्न हुँदै गएको वैदिक मार्गले ठूलो प्रश्रय पाएको तथ्य प्रकट गर्नुभएको छ। बौद्ध[२१], पाशुपत, जैन, कापालिक, वैष्णव तथा अन्य कुतार्किकादिहरूले उच्छिन्न पार्दै वैदिक सनातन धर्ममा अवरोध खडा गर्न लागेको वेलामा वैदिक ज्योति अक्षुण्ण पार्न भगवान् शङ्करले पृथ्वीतलमा अवतार लिएर यसलाई चंकाउनु भयो। लोकको स्थायी कल्याण र शान्तिको निमित्त

---

१६. माताको नाम शं.जी.च. पृष्ठ ५ मा 'आर्या अम्बिका' भनिएको छ।

१७. श्री शं. पृष्ठ ५५

१८. शं. जी. च. पृष्ठ सं. ५। जन्मतिथिमा केही फरक मत ग्रन्थान्तरमा पाइए तापनि वैशाख शुक्ल पञ्चमी नै वहुमान्य देखिन्छ।

१९. शं. दि. २।८३

२०. शं. दि. २।९०

२१. शं. दि. ३।८३

अग्रसर भएको वैदिक मार्गवाट विचलित भई धर्मको वृक्ष नै काटेर फाल्न तत्पर भएका तार्किकादिहरूवाट धर्मको नयाँ-नयाँ व्याख्या हुन थाल्नु अवश्य नै दुर्भाग्यको विषय थियो । सृष्टिदेखि नै चलिआएको अनादि अपौरुषेय वेदकै छाहारीमा उम्रेका यिनीहरूले वेदकै उच्छित्तो पार्न तंसिनु अवश्य नै महापाप थियो । वेदले कर्ममा, भक्तिमा र ज्ञानमा शुद्धता ल्याएर व्यवहार तथा परमार्थ सबै सपार्दछ भन्ने तत्त्व नबुझी वैदिकमार्गको द्वेष गर्नु अवश्य नै धर्मप्रति धोका दिनु थियो । यस कारण यस्तो परिस्थितिमा श्रीशङ्करको अवतार अपरिहार्य भयो ।

शङ्करको कुल, जन्मस्थान र समय

आचार्य शङ्करले नम्बूदरी ब्राह्मण कुलमा जन्म लिनुभएको हो । नम्बूदरी ब्राम्हणहरू वेदको अध्ययन तथा वैदिक निष्ठामा प्रख्यात मानिन्छन् । सदाचार तथा प्राचीन परम्पराको मर्यादा राखेर नम्बूदरी ब्राम्हणहरूले वैदिक धर्मको जगेर्ना गरेकाले यिनीहरूनै पशुपतिनाथ तथा वदरीनाथमा पूजा गर्ने कार्यमा नियुक्त छन् । यी पुजारीहरू नै रावलजी भनिन्छन् । वैदिक विधिअनुसार पूजा यी ब्राह्मणहरूवाट हुँदै गएकोले वैदिक धर्मको एकताको सुन्दर भावना अभिव्यक्त भएको छ । श्रीशङ्कराचार्य द्रविड[२२] देशीय द्रविड ब्राह्मणको कुलको मानिनु भएको छ ।

नम्बूदरी ब्राम्हणहरूको मूल निवास केरल देश भएको र उनीहरूको वैदिक धर्मप्रति प्रगाढ अनुराग भएको तथ्य प्रसिद्ध छ । केरल देशको कालटी[२३] ग्राम नै आचार्य शङ्करको जन्मस्थान हो । आचार्य शङ्करले घर फिरेर माताको

---

२२. एवं गौडैर्द्राविडैर्नः पूज्यैरर्थः प्रभाषितः ।
अज्ञानमात्रोपाधिः सन्नहमादिदृगीश्वरः ।४।४४।।
—नैष्कर्म्यसिद्धिकारः श्रीसुरेश्वराचार्यः

२३. शं. दि. २।३

दाह-संस्कार गर्नुभएको स्थान आज पनि कालटीग्रामको समीपै देखाइन्छ। आनन्दगिरीले यसमा मतभेद[२४] दर्शाए तापनि सर्वमान्य जन्मस्थान कालटी-लाई स्वीकार्न कुनै आपत्ति देखिदैन। अतः आचार्य शङ्करको जन्मस्थानको गौरव केरल देशको कालटी ग्रामले नै पाएको छ।

आचार्य शङ्करको समयको विषयमा विभिन्न मतहरू पाइन्छन्। शङ्करा-चार्यले स्थापना गर्नुभएका पीठहरूका अभिलेखानुसार एकै समय निश्चित हुन सकेको छैन। बुद्धको समयदेखि लिएर ई. ६०० सम्म थरीथरीका समय-हरू बताइएका छन्। शृङ्गेरीमठको अविच्छिन्न परम्परानुसार ई. ७८८ देखिनु र धेरै विद्वान् तथा इतिहासकारहरूले पनि ई. ७८८ नै मान्नुबाट आचार्य शङ्करको जन्म समय ई. ७८८ मान्नुमा न्यायसंगत देखिन्छ। शङ्कर-मन्दारमरन्द[२५] सौरभमा कलिगताब्द ३८८९ नै आचार्य शङ्करको प्रादुर्भाव समय मानेकोले यो ई. ७८८ तदनुसार वैक्रम संवत् ८४५ हुन्छ। अतः धेरैले आ-आफ्ना गवेषणाबाट प्रस्तुत गरेको एउटै मिल्न आएको समय नै मान्य भएकोले श्रीशङ्कराचार्यको जन्मसमय वैक्रम संवत् ८४५ नै मान्नु श्रेयस्कर छ। बत्तीस वर्षको आयु श्रीशङ्कराचार्यको भएकोले उहाँको स्थिति वैक्रम सम्वत् ८४५ देखि ८७७ मानिएको छ। बालकृष्ण ब्रह्मानन्दकृत 'शङ्करविजय'[२६] मा पनि शङ्करको आविर्भाव पूर्वोक्त समयमै भएको उल्लेख छ। अतः आचार्य शंकरको समय वैक्रम नवम शतक मान्नु नै उचित देखिन्छ।

---

२४. श्री शं. (चिदम्बरपुर जन्मस्थान हो भन्ने मतभेद)

२५. "प्रासूत तिष्यशरदामतियातवत्या–
मेकादशाधिकशतोनचतुःसहस्र्याम्"
–शंकरमन्दारमरन्दसौरभ ।

२६. निधिनागेभवह्न्यब्दे विभवे शंकरोदयः (शंकरविजय)

३. आचार्य शङ्करको बालचरित र गुरुकुलमा विद्याध्ययन

वाल शङ्करमा अलौकिक प्रतिभा सानैदेखि उदाउन थाल्यो । पहिलो वर्षमै सबै अक्षरहरू चिन्नु र मातृभाषा (मलयालम) जान्नु कम प्रतिभाको द्योतक थिएन । वालकले पहिलो वर्षमै यस्तो चमत्कारिलो गुण देखाएकोले माता, पिता र सारा वन्धुहरूमा आनन्द छाउनु स्वाभाविक थियो । दोस्रो वर्षमा लिखित अक्षरहरू कुशलतापूर्वक वाच्न थाल्नुभयो र तीन वर्षको वालक हुँदा काव्यादि वुझ्न थाल्नुभयो । एक पटक सुन्नेवित्तिकै सवै पाठ धारण गर्न सक्ने यस्तो वालकलाई देखेर सब मन्त्रमुग्ध झैं भए । तीन वर्ष भित्रमै अनेक भाषाविज्ञ र अतिव्युत्पन्न पुत्रलाई देखेर शिवगुरुले समयमै उपनयन संस्कार गराएर वेदाध्ययनमा लगाउने इच्छा प्रकट गर्नुभएको थियो तर दैवको लीला जानी नसक्नु भएकोले पिता शिवगुरुको असमयमै निधन भयो । अद्भुत वालक शङ्करको आनन्ददायी चमत्कार देख्न पाउने सौभाग्य शिवगुरुले पाउनु भएन, तर आफू जीवित छँदासम्म छोरा शङ्करलाई वेदहरू वाहेक अरू आवश्यक शास्त्रहरू आफैंले[1] सिकाउन चुक्नु भएन । शङ्करको जीवनका पहिला चारवर्षहरू यसरी दिव्य चरित्र दर्शाउँदै व्यतीत भए ।

पाँचौं वर्षमा श्री शङ्करको उपनयन माताले प्रसन्न भएर आफ्ना वन्धु-वान्धवहरूको सहयोगसाथ गराइदिनु भयो । अव श्रीशङ्कर वैदिक संस्कृति-अनुसार गुरुकुलमा वसेर साङ्गोपाङ्ग वेदहरू पढ्न थाल्नुभयो । गुरुकुलमा विद्यार्थी शंकरले सदाचार, अनुशासन, दिव्य प्रतिभा, प्रगाढ अनुशीलन

---

१. शं. जी. च. पृष्ठ ६

आदिद्वारा गुरु र सहपाठीहरूको गहीरो प्रेम प्राप्त गर्नुभयो । पाठ अतिशीघ्र तयार पार्ने शङ्करको प्रतिभा देखेर गुरुलाई पनि सन्देह भयो कि यो विद्यार्थीलाई सहसा पढाउनामा को[2] समर्थ होला । वेद, वेदाङ्ग, तात्पर्य निर्णय विहित कर्म वर्णन र ज्ञानको विषयमा शङ्करको अलौकिक प्रतिभा चम्कँदै गयो । तर्क, साङ्ख्य, योग आदिमा व्युत्पन्न हुँदै श्रीशङ्करले अद्वैतविद्याको निपुणतावाट आनन्दमय जीवनको प्रकाश फैलाउन थाल्नुभयो । उहाँको रुचि ज्ञानकाण्डतिर बढ्दै गयो र समस्त प्राणीहरूको कल्याणको निमित्त जीवनलाई समर्पित गर्ने भावना जागृत हुँदै आयो । विद्याध्ययनको अवस्थामा उहाँले अनेक महर्षिहरूको[3] दर्शन पनि पाउनुभयो । कुँदेको हीरा झैं श्रीशङ्कर गुरुकुलमा चम्किदै जानुभयो ।

गुरुकुलमा रहँदा ब्रह्मचर्याश्रमको नियमअनुसार भिक्षा माग्न गाउँमा जानुपर्दथ्यो । एक दिन भिक्षा पाउन श्रीशङ्कर कुनै धनहीन ब्राह्मणीको घर पुग्नुभयो । ब्राह्मणीसँग अन्न कति पनि नभएकोले उनीले आफ्नो दरिद्रताको दयालाग्दो कथा सुनाएर श्रीशङ्करको हातमा एउटा अमलाको गेडा राखिदिइन् । यस्तो करुण वचन सुनेर श्रीशङ्करको चित्त दयाले पग्लियो । उहाँले अति सुन्दर, प्रभावशाली, भक्तिरसपूर्ण स्तोत्रद्वारा महालक्ष्मीको प्रार्थना गर्नुभयो । यसरी दयार्द्रचित्तवाट धारारूपमा प्रस्फुटित भएको मधुर स्तोत्रवाट भगवती लक्ष्मी प्रसन्न हुँदा त्यो घर सुनका अमलाहरूले भरिए । सुनका टुक्राका धाराहरू वर्षाउन श्रीलक्ष्मीलाई प्रसन्न पार्ने यो स्तोत्र 'कनकधारास्तव'[4] नामले प्रख्यात छ । यसरी ब्राह्मणीको दारिद्रयलाई अलौकिक

---

२. शं. दि. ४।१७

३. शं. जि. च. पृ. ६

४. कनकधारा स्तवको एक नमूना—

सरसिजनिलये सरोजहस्ते
धवलतमांशुकगन्धमाल्यशोभे ॥
भगवति हरिवल्लभे मनोज्ञे
त्रिभुवनभूतिकरि प्रसीद मह्यम् ॥१७॥

—शं. जी. च. परिशिष्ट पृष्ठ ४

गुणले युक्त हुनुभएको दयालु श्रीशङ्करले हटाइदिनु भयो। यो देखेर आश्चर्यले चकित भएका पुरुषहरूले श्रीशङ्करको महिमा बुझ्दै उहाँको धेरैधेरै प्रशंसा गरे। गुरुकुलमा छँदा सबै सहपाठीहरूलाई पनि प्रसन्न पार्ने श्रीशङ्करको विद्यातेज, ब्रह्मतेज र सदाचारतेज प्रशंसनीय हुँदै गयो।

४. गुरुकुलबाट प्रत्यागमन, मातृसेवा, आपत्संन्यास र गृहत्याग

सातौं[1] वर्षमै सारा शास्त्रहरूमा पारङ्गत भएर गुरुलाई प्रसन्न पार्ने श्रीशङ्कराचार्य विधिपूर्वक गुरुसँग आज्ञालिई गुरुकुलबाट आफ्नू घरमा फर्कनु भयो। आठौं वर्षमा चतुर्वेदी भनी प्रख्यात हुनुभएको श्रीशङ्कर अब आमाको सेवा र अध्यापन-कार्यमा संलग्न हुनुभयो। शंकराचार्यको दर्शन-बाटै युवकहरू क्रोधरहित हुन्थे। उहाँमा दिव्य प्रभावको उदय भएकोले वृद्धहरूले पनि उठेर उहाँलाई आफ्नो आसन दिन्थे। विद्या र विनयको मूर्ति हुनुभएको श्रीशङ्करको अगाडि सब झुक्दथे। मृदु वचन, सुन्दर चरित्र, कुशल-मतिले गर्दा श्रीशङ्करले माताको आनन्द बढाउनु भएको थियो। माताको सेवा दर्शाएर सबैलाई मातृदेवत्वको भावनामा बाँच्न प्रेरणा दिनुभएको थियो। एक पटक श्रीशङ्करको वृद्धा माता मन्दगतिले नदीमा स्नान गर्न जाँदा प्रचण्ड घूपले गर्दा नदीको किनारैमा मूर्च्छित हुनुभयो। तपस्याले दुर्बल शरीर हुनुभएकी माता धेरैबेरसम्म पनि घरमा नआइपुग्दा श्रीशङ्करको मनमा शङ्का उत्पन्न भयो। मातालाई खोज्दै जाँदा नदीको किनारामा त्यस्तो हालतमा भेट्टाउनुभयो र तुरुन्त जलले कमलो भएको कमलहरूद्वारा हम्कँदै मूर्च्छाबाट ब्यूँझाएर मानिसहरूको सहायताद्वारा उठाएर घरमा ल्याउनु भयो। आमाको हितको निमित्त उहाँले प्रभावशाली अलङ्कृत पद्यहरूले नदीको स्तुति गरेर आफ्नो घरको नजीकै नदी ल्याउन प्रयत्न गर्नुभयो। उहाँको[2] स्तुतिले प्रसन्नतामा प्राप्त भएकी नदी प्रातःकालमा त उहाँकै

१. शं. दि. ५।१
२. शं. दि. ५।१

घरको नजिक विष्णु-मन्दिरनिर बहन थाल्नुभयो। यसरी मातालाई भएको स्नानसम्बन्धी असुविधा हटाउनु भयो।

श्रीशङ्करलाई राजसम्मान

श्रीशङ्करको विद्वत्ता र उदात्त चरित्र थाहा पाएर केरल-नरेश उहाँको दर्शन पाउन उत्सुक हुनुभयो र आफ्नो मन्त्रीलाई सुन्दर हात्तीहरूका साथ पठाउनु भयो। मन्त्रीले श्रीशङ्करकहाँ गएर राजमहलमा सवारी हुन विनति चढाए। त्याग, वैराग्य र आत्मानन्दले पूर्ण हुनुभएको श्रीशङ्कराचार्य राजमहलमा जान तयार हुनु भएन। फर्केको मन्त्रीबाट यो चाल पाएर राजा आफैं आदरणीय श्रीशङ्करको दर्शन गर्न कालटीमा आए। शङ्करको दर्शन गरेर राजाले दश हजार सुवर्ण-मुद्राहरू चढाए, तर उहाँले 'यी[३] मुद्राहरू मेरो हितको निमित्त हुँदैनन्' भनी छुनु भएन। राजा स्वयं कवि तथा नाटककार भएकाले श्रीशङ्करलाई उनले आफूले रचना गरेका तीन नाटकहरू सुनाए। श्रीशङ्करबाट ती नाटकहरूको समीक्षा सुनेर राजा प्रसन्न भई फर्के।

श्रीशङ्करको संन्यास

श्रीशङ्करसँग विद्या सिक्न ठूला-ठूला कवि तथा दार्शनिकहरू समेत आउँथे। उहाँबाट शिक्षा पाएर तिनीहरू आफूलाई कृतकृत्य सम्झन्थे। माताको प्रबल इच्छा श्रीशङ्करको विवाह गराउनामा थियो। उहाँलाई गृहस्थाश्रममा प्रवेश गराउन सारा हितैषी बन्धुहरू पनि गुणवती कन्या खोज्न लागे। कुरा आएका कन्याहरूको छनोटको वातावरण चल्न थाल्यो। तर शङ्कर जुन उद्देश्यको निमित्त संसारमा आउनु भएको थियो त्यसको बिलकूल विपरीत यो विवाह-सम्बन्धी चर्चा थियो। श्रीशङ्करको दर्शन गर्न आएका ऋषिहरूको सम्मान गर्दै माताले श्रीशङ्करको जीवनको विषयमा धेरै कुरा सोध्नुभयो। त्यस बेला वृद्ध अगस्त्यजीले भन्नुभयो—

—३. शां. दि. ५।२८

"हे पतिव्रते ! तिम्रो छोराको आयु आठ वर्ष हो, फेरि आठ वर्ष जोडिने छ र कुनै कारणले यो बालकको आयु अरू १६ वर्ष थपिने देखिन्छ, अतः यिनको पूरा आयु ३२ वर्षको मात्र छ।"

यसरी भविष्य बताउन थालेका अगस्त्यजीलाई अरू ऋषिहरूले बढ्ता नभन्न रोके। अनि ती ऋषिहरू शङ्करसँग विदा भई फर्के। यसपछि माताजीले त्यस्तो भविष्य सुनी साह्रै वेदनाको अनुभव गर्नुभयो। शोकले व्याकुल हुनुभएकी आमालाई शङ्करले व्यर्थ विलाप नगर्न विनति चढाउनु भयो। आमालाई संझाउँदै शङ्करले भन्नुभयो– "हे आमा ! यो शरीर स्थिर हुँदैन, यसको स्थिरताको भावना कुनै पनि विवेकशील पुरुषले सत्य मान्दैन। नाता-गोता पनि सदा टिक्ने होइन। हे आमा ! यो संसार-चक्रमा घुम्दाघुम्दा कति जन्महरूमा कति छोराहरूको लालन-पालन गरिए होलान्, कति स्त्रीहरू भए होलान्, ती छोराहरू कहाँ पुगे ? ती स्त्रीहरू कहाँ गए ? हामीहरू कहाँ आइपुग्यौं ? यो संसारमा एक-अर्काको समागम नै बटुवाहरूको भेटजस्तो हो। यो भव-मार्गमा चक्कर खानेलाई सुख मिल्दैन। विलाप गर्नु केवल आफ्नो मनलाई बिगार्नु हो। बरु हे आमा ! मलाई मुक्तिमार्गको पथिक बन्न संन्यस्त हुने आज्ञा दिनुहोस्। मेरो आयु लामो छैन भन्ने थाहा पाउनुभयो। मलाई यो संसारमा केही रस लागेको छैन। म भोगमा व्यर्थमा किन बाँधिएर बसूँ। आत्मज्ञानमा दृढ रहन संन्यास परम सहायक छ। म भवबन्धनबाट मुक्त भएँ भने यही ज्ञानमार्गद्वारा लोकको कल्याण गर्ने र वैदिक उच्चतम दर्शन फैलाउन समर्थ हुनेछु।"

यसरी कर्ण-कठोर वचन पुत्र शङ्करले सुनाउँदा माताको शोक दुगुना बढ्यो। आँसुले भिजिदै गद्‌गद वचनले माताजी शङ्करलाई संझाउन थाल्नु भयो– "हे प्रियपुत्र! यस्तो बुद्धि छोड। म अनाथिनी विधवा, एउटा छोरो छ भनी आशाको महल खडा गरेर बसेकी छु। यस महललाई नभत्काऊ। गृहस्थ बनेर सन्तान पाएर यज्ञादि गरेर अनि मात्र उचित समयमा चतुर्थ

आश्रम संन्यास लिन सुहाउँछ । सज्जनहरूको यो क्रमलाई छोड्नु उचित हुँदैन । तिमी मेरो एउटै सन्तान हौ र तिमीविना यो अवला आमा कसरी बाँचुँला ? हे पुत्र, म मरेपछि मेरो श्राद्धादि कसले गर्ला ? तिमी विद्वान् छौ । वृद्धा मातालाई छोडेर जान लाग्दा के तिम्रो हृदय पग्लिदैन ! " यसरी माताको विलाप सुने तापनि शङ्करले आमाको मोह हटाउने अनेक वचनहरू प्रस्तुत गर्नुभयो । माताको हृदय शोकबाट हटाउन शङ्करले उपाय सोच्नुभयो । आठ वर्षको उमेरमा शङ्करलाई संन्यासको आह्वानले खिचिरहेको थियो । उहाँले विचार गर्नुभयो " मेरो मन यो संसारमा रमाउँदैन, म संसारमा संकुचित रूपमा रहन चाहन्न, तर मेरी आमा मलाई छोड्न चाहनु हुन्न ।" यस्तो विचार गर्दै शङ्करले पूज्य आमाको चित्त बुझाउन अनौठो स्थिति प्राप्त गर्नुभयो ।

एक दिन शङ्कर नदीमा नुहाउन जलमा के पस्नुभएको थियो, ठीक त्यसै वेला भयङ्कर ग्राहले उहाँको खुट्टा समात्यो । जति वल गरे पनि त्यो ग्राहले उहाँलाई छोडेन । अब शंकर रुँदै कराउन थाल्नुभयो "हे आमा ! म के गरूँ, अति वलियो ग्राहले मुख खोलेर मलाई समात्यो । म डेग चल्न असमर्थ भएँ ।" छोराको यस्तो क्रन्दन सुनेर घरबाट दौड्द आमा नदीको किनारमा आइपुग्नु भयो । छोराको विपद देखेर आमा विलाप गर्न थाल्नु-भयो । तव शङ्करले भन्नुभयो– "हे आमा ! मलाई संन्यास लिने आज्ञा दिनु-होस् । यसो भयो भने यो ग्राहले मेरो खुट्टा छोड्नेछ । हे आमा ! मेरो आयु आठ वर्षको पहिले छ भन्ने हजूरले सुन्नुभएकै हो । त्यसैले यो मेरो काल आयो संन्यासको आज्ञा पाएँ भने संन्यासी भई मुक्त हुनेछु । संन्यासीका एक्काइसै कुल तर्ने हुनाले हाम्रो कल्याणै हुनेछ । कदाचित् यो ग्राहले छोड्यो भने आठ वर्षको मरण यही आतुर संन्यासले टारेको मानिने हुन्छ र अर्को आयु अवश्य बढ्नेछ । यसमा अर्को विकल्प नै छैन । कृपा गरेर यो विपत्ति-बाट छुटाउन मलाई आपत्-संन्यास लिने आज्ञा दिनुहोस्" माताले छोराको यस्तो प्रार्थना सुन्दा पहिले अगस्त्यजीले छोटो आयु बताएको कुरा संझनु-भयो र छोरो बाँचिरह्यो भने देख्न पाउँला भन्ने आशा राखी संन्यास-ग्रहण

गर्न शङ्करलाई झट्ट आज्ञा दिनुभयो। शङ्करले तब तुरुन्त मनले[५] संन्यास-ग्रहण गर्नुभयो। अर्थात् पानीमै बसेर संन्यास-ग्रहण गर्दा प्रयोग गरिने प्रैष[६] मन्त्र जप्नुभयो। यस्तो आतुर संन्यास वा आपत्संन्यास लिनेवित्तिकै त्यो ग्राहले छोडिदियो। श्रीशङ्कर नदीको किनारमा आउनु भयो र शोकले विह्वल भएकी मातालाई भन्न थाल्नुभयो–

"हे आमा! मेरो जन्म जुन उद्देश्य पूरा गर्न भएको थियो अब त्यसको मार्ग खुल्यो। मैले एउटा घरको माया-मोहमा फसेर जीवन बिताउन जन्म लिएको होइन। सारा प्राणीहरूको कल्याणको निमित्त सनातन वैदिक धर्मको रक्षापूर्वक श्रुतिका मस्तक ब्रह्मविद्याको गरिमा संझाएर भवबन्धन काट्ने आत्मज्ञान जगाउन लोकमा उत्पन्नको लागि जन्म लिएको हुँ। हजूरले अब मलाई आफ्नू घरको खेलौना बनाउने भावना जगत्को उद्धारको लागि छोडिदिनोस्। म हजूरसँग यही आशीर्वाद चाहन्छु।" छोरा शङ्करको जीवनमा परिवर्तन आउँदा पनि माताले वात्सल्य-प्रेमले गर्दा व्याकुलता हटाउन सक्नु भएन। छोरालाई आफ्नै मायाजालमा अल्झाउन चाहनुभयो। तब शङ्करले संन्यास ग्रहणको रहस्य प्रकट गर्दै माताको ममता हटाउन नम्रतापूर्वक भन्नुभयो–

"भिक्षा[७]प्रदा जनन्यः पितरो गुरवः कुमारकाःशिष्याः।
एकान्तरमणहेतुः शान्तिर्दयिता विरक्तस्य ॥

– अर्थात् विरक्त संन्यासीको दृष्टिमा भिक्षा दिने जति सबै आमा, ज्ञानको उपदेश दिने सबै बाबु, शिष्य जति सबै छोरा र एकान्तमा रमण गराउने शान्ति नै उसकी प्रेयसी मानिन्छन्।"

---

५. शं. दि. ५।६७

६. शं. जी. च. पृ. ९ (यो मन्त्रको तात्पर्य हो– संसारमा रहेका समस्त भोग्य वस्तुमा अनादि अविद्याबाट भएको आशाको पूर्णतया परित्याग गर्नु)

७. शं. जी. च. पृ. ११

यसरी शङ्करले आफू एक घरको नभएर जगत्‌कै भएको तथा आत्म-चिन्तनको शान्ति नै जीवनरस भएको तथ्य प्रकट गर्नुभयो। छोराले संन्यास-ग्रहणको आज्ञा आफूबाट पाएको कुरा संझेर आमा अवाक् हुनुभयो। अब घर छोडेर गुरुको खोजीमा जान आँटेको श्रीशङ्करले मातालाई भन्नु-भयो– "आमा ! हजूरले चिन्ता नलिनुहोस् हाम्रो पैतृक सम्पत्ति जुन बन्धु-वर्गले लिनु हुनेछ उसैबाट हजूरको वस्त्र भोजनादिको निर्वाह हुनेछ र रोगा-एको बखतमा स्याहार-सुसार तथा शरीर छुटेमा[8] संस्कार पनि हुनेछ।" यो कुरा सुनेर आमाको चित्त बुझेन र उहाँले भन्नुभयो– "हे पुत्र मेरो शरीर छुट्दा तिमीले आएर मेरो विधिवत् संस्कार गर्नुपर्छ नत्र भने मैले तिमीलाई जन्माएको के फल[9] पाउँला त लौ भन" यति माताको वचन सुनेर शङ्करले पुत्रको कर्तव्य संझदै विनयसाथ मातालाई विनति गर्नुभयो– "हे आमा ! हजूरले दिनमा[10] रातमा वा कुनै समयमा पनि स्वाधीन भएर वा रोगले पराधीन भएर मलाई जब संझनुहोला तब म उत्तिनै खेर सबै नियम तोडेर (मातृभक्तिको महिमा संझदै) हाजिर हुनेछु। हजूरले विश्वास राखिबक्सि-योस्, म हजूरको मरणमा अवश्य हजूरको दाह-संस्कार गर्नेछु। हजूरले कहिले पनि अनाथ विधवा आमालाई धोका दिएर गयो भनी दुःख नमान्नु-होस्, किनभने हजूरको पाउमा रहँदा जति प्रयोजन सिद्ध होला त्यसभन्दा सयौं गुना बढ्ता प्रयोजन संन्यास-ग्रहण गरेर लोक-कल्याणको ज्योति फैला-उन सके हुनेछ" यसरी मातालाई संझाएपछि शङ्करले आफ्ना सम्बन्धी पुरुषहरूलाई आफ्नो चित्त संन्यासमै लागेको कुरा र उहाँहरूको शरणमा विधवा माताजीलाई छोडेर जान लागेको तथ्य बताउनुभयो। यसपछि आँसुको धारा बहाउँदै रहनु भएकी आमालाई हात जोडेर प्रार्थना गर्दै विनयपूर्वक उनीहरूको रक्षामा सुम्पनु भयो। अब शङ्कर गुरुको खोजीमा

---

८. शं. दि. ५।६९
९. शं. दि. ५।७०
१०. शं. दि. ५।७१

जान तत्पर हुनुभयो ।

त्यसबेला जुन नदी श्रीशङ्करले मातालाई नुहाउन सुविधा पुऱ्याउने हेतुले स्तुतिद्वारा प्रसन्न बनाएर आफ्नो घरको नजीकबाट बहने पार्ने सौभाग्य पाउनु भएको थियो त्यही नदीले आफ्नू जललहरीहरूद्वारा किनारामा स्थित शङ्करको कुलदेवता[12] श्रीकृष्णको मन्दिरलाई गिराउन लाग्यो । शङ्करले श्रीकृष्णको स्तुति तथा ध्यानद्वारा प्रेम दर्शाई सो मन्दिरबाट भगवान्को मूर्ति बिस्तारै आफ्नो हातले उठाउनुभयो । अनि नजिकै जहाँ कुनै खतरा आउँदैन त्यही ठाउँमा स्थायीरूपमा स्थापित गरि-दिनु भयो । यसरी कुलदेवता कृष्ण र माताबाट सद्भावना प्राप्त गरी संसार-रूपी समुद्रदेखि विरक्त हुनुभएको श्रीशङ्कर विधिपूर्वक संन्यास-ग्रहण गर्न तथा सद्गुरु प्राप्त गर्न घरको ममता[13] छोड्दै हृदयमा शिवको ध्यान गर्दै घरबाट निस्की उत्तर दिशातिर अगाडि बढ्नुभयो । आठ वर्षको उमेरमा उहाँको आयु सकिने थियो तर उहाँले सर्वत्यागरूपी संन्यासमा समर्पित हुन पाएकोले सो टऱ्यो र सद्बुद्धि[11] ले गर्दा अरु आठ वर्ष उहाँको आयु बढ्यो । उहाँको आविर्भाव नै वैदिक धर्मको उद्धार गरी लोकको कल्याणको निमित्त ब्रह्मज्ञान फैलाउन भएकोले यति छोटो आयु पर्याप्त थिएन । आठ वर्षको बालकले सारा वेदहरू र अन्य शास्त्रहरूमा पारङ्गतता प्राप्त गर्नु-भएको थियो ।

---

११. श्री सं. पृ. ५८

१२. शं. दि. ५।८६

१३. शं. दि. ७।५५

५. नर्मदामा गुरुप्राप्ति, काशीमा शिष्य सनन्दन, श्री विश्वनाथ, दर्शन र बदरीतिर प्रस्थान

संसारको मोहजालवाट उम्कन पाउनुभएको श्रीशङ्कर नित्य वस्तु ब्रह्मकै अभिव्यक्ति सम्पूर्ण दृश्यपदार्थहरूलाई ठानी केवल सद्गुरुको खोजीमा तीव्र मुमुक्षुरूपले अगाडि वढ्दै जानुभयो । मार्गमा जङ्गलहरू, नदीहरू, पहाडहरू, बटुवाहरू, पशुहरू, पक्षीहरू आदि जति पनि दृश्यहरू सामुमा परे ती सबै इन्द्रजालीको इन्द्रजालको प्रदर्शन झैं ब्रह्म नै नाम रूप प्रपञ्चरूप प्रदर्शनमा भान भएका हुन् भन्ने ठान्नुभयो । संकुचित स्वार्थी गृहाशक्ति त्यागेर ज्ञानको ज्योति जगत्मा फैलाउन र वैदिक मार्गलाई पाखण्डीहरूको हातवाट वचाउन अगाडि बढ्नु भएको श्री शङ्करको हृदय ठूलो उत्साहले भरिएको थियो । अनेक तीर्थ-स्थलहरूको दर्शन गर्दै जानुभएको श्रीशङ्कर आखिरमा नर्मदाको किनारमा पुग्नुभयो । त्यहाँको वनमा सन्ध्याकालमा प्रवेश गर्दा स्वच्छ, शान्त र शीतल वातावरणले नयाँ उमङ्ग प्राप्त गर्नुभयो । त्यहाँ रहेका ऋषिहरूले सद्गुरुको खोजीमा आउनु भएको श्रीशङ्करको अभिप्राय वुझेर अद्वैतको ज्योतिस्वरूप हुनुभएको श्रीगोविन्द पादाचार्यको पवित्र गुफा श्री शङ्करलाई देखाए । त्यो गुफामा एउटा सानो प्वालले नै द्वारपालको काम गरिरहेको थियो । त्यहाँको प्रभाव विचित्र रहेको श्री शङ्करलाई अनुभव भयो । श्रीशङ्करले त्यो गुफाको तीन पटक प्रदक्षिणा गर्नुभयो र भावपूर्ण हृदयको उद्गार श्रीगोविन्दपादाचार्यको स्तुतिरूपमा प्रकट गर्नुभयो । व्यास-पुत्र शुकदेवको शिष्य गौडपादाचार्यवाट वेदान्ततत्वको प्रकाश पाएर अखिल गुणहरूले शोभित [हुनुभएको हजूर श्रीगोविन्दपादाचार्यको शिष्यत्व ग्रहण गर्न अत्यन्त भक्ति-भावले तडपिँदै आएको छु भनी श्रीशङ्करले

अनेक तरहले स्तुति गर्नुभयो । त्यस वखत श्री गोविन्दपादाचार्य समाधिअवस्थामा हुनुहुन्थ्यो । श्रीशङ्करले यस्तो प्रकारले स्तुति[1] गरिरहेको वेला भाग्यवश श्री गोविन्दपादाचार्यको समाधि खुल्यो । यसपछि श्रीगोविन्दपादाचार्यले सोध्नुभयो— "तिमी को हौ ?'। तव शङ्करले विनयसाथ केवल चेतनस्वरूप[2] नै आफ्नो वास्तविक परिचय भएको तथ्य प्रकट गर्नुभयो । यस पछि गुफाको द्वारमा दर्शन दिनुभएको श्री गोविन्दपादाचार्यको समीपमा गएर चरणमा पर्नुभयो । श्रीशङ्करको नम्रता र ब्रह्मविद्याप्रतिको अनुरागले गर्दा श्रीगोविन्द भगवत्पाद खुशी हुनुभयो । शिष्य वनाउन योग्य ठहराई ब्रह्मतत्त्वको उपदेशपूर्वक शिष्यत्वग्रहण गराउनुभयो । संन्यासी श्रीशङ्करलाई गुरुले जुन चार महावाक्यहरूको प्रकाश पार्नुभयो, त्यसको प्राप्तिबाट शङ्कर ब्रह्मस्वरूप नै मानियो । ऋग्वेदको महावाक्य 'प्रज्ञानं ब्रह्म' (ऐतरेय उप. ५।३) ले शुद्ध चेतन नै ब्रह्म हो भन्दा ज्ञानस्वरूप ब्रह्म नै स्थिति भयो । यस्तै यजुर्वेदको महावाक्य 'अहं ब्रह्मास्मी' (बृहदा.१।४।१०) बाट 'म शुद्ध चेतन नै ब्रह्म हुँ' भन्ने अनुभव हुँदा अद्वैततत्त्वमा मग्नता रह्यो । फेरि सामवेदको महावाक्य ('तत्त्वमसि' छान्दोग्य. ६।८।७) ले 'त्यो सद् ब्रह्म आत्मा तिमी नै हौ' भन्ने उपदेश दिंदा आफूलाई आत्मा नै सत् एक तत्त्वमात्र भइरह्यो । यस्तै अथर्ववेदको महावाक्य 'अयमात्मा ब्रह्म' (माण्डूक्य. २) ले 'यो आफू आत्मा नै ब्रह्म हो' भन्ने घोषणा सुनाइदिंदा आफू व्यापक ब्रह्मदेखि वाहेक केही बाँकी रहेन । चित्‌तत्त्व ब्रह्ममात्रले स्थिति हुँदा अविद्या र अविद्याका कार्यहरू नष्ट भएर जड तथा जडचेतनग्रन्थि सबै नै रहेनन् । महावाक्यको मन्त्रको विचारबाट उदाएको दृढ अपरोक्ष ज्ञानले आफू नै ब्रह्म र ब्रह्म नै सबै भै अद्वैत भयो ।

बुद्धिमान् शंकरले गुरुबाट अद्वैत वेदान्तको सिद्धान्त पूर्णरूपले अवगत गर्नुभयो । त्यहाँ लगभग तीन वर्ष अद्वैततत्त्वको साधनामा लाग्नुभयो ।

---

१. शं. दि. ५।६८

२. शं. दि. ५।६६

गोविन्दपादाचार्यले आफ्नो गुरु गौडपादाचार्यबाट जुन साम्प्रदायिक-अद्वैतपरक व्याख्या सुन्नुभएको थियो त्यही योग्य शिष्य श्रीशङ्कराचार्यलाई प्रेमपूर्वक पढाउनुभयो । उपनिषद्, ब्रह्मसूत्र आदि विशेषरूपले पढाई अद्वैत तत्त्वमा श्रीशङ्करलाई पारङ्गत गराइदिनु भयो । गुरुको निकटमा रही श्रीशङ्कराचार्यले शास्त्रहरूको अध्ययनमात्र होइन कि चित्तत्त्वमा मग्न हुने अभ्यास, साधना, योग आदि पनि पूरा गर्नुभयो । अब शङ्करलाई कुनै विक्षेपकारी सङ्कल्पले भस्म हुँला भन्ने डरलेहेर्न पनि नसक्ने भयो । यस्तो अन्तिम[३] आश्रय संन्यास पाएर श्रीशङ्कराचार्य साक्षात् परम ब्रह्मस्वरूपले चम्कनुभयो । विशुद्ध ब्रह्मस्वरूप हुनुभएकोले स्थूल, सूक्ष्म तथा कारण शरीररहित, सुखदुःखादिद्वन्द्ववर्जित केवल तुरीय, शिव, अद्वैतरूपले श्रीशङ्कराचार्य रहनुभयो । तत्त्वदर्शीहरूले मात्र बुझ्ने उहाँको स्थिति गुरु-परम्पराको पूर्ण प्रकाशमा झल्किरहेको थियो ।

श्री शङ्कराचार्यले पाउनु भएको तत्वज्ञान बीचमा उम्रेको छेउ न टुप्पोको होइन, यो त अनादि, अपौरुषेय वेदको सारभूत हो । यो तत्त्वज्ञान नारायणले ब्रह्माजीलाई, ब्रह्माजीले वशिष्ठलाई, वशिष्ठले शक्तिलाई, शक्तिले पराशरलाई, पराशरले व्यासलाई, व्यासले शुकदेवलाई, शुकदेवले गौडपादलाई, गौडपादले गोविन्दपादलाई र गोविन्दपादले अविच्छिन प्रवाहको रूपमा श्रीशङ्कराचार्यमा सार्दै ल्याउनु भएको हो । यही ज्ञान श्रीशङ्कराचार्यबाट पछि उहाँको प्रमुख शिष्यहरू पद्मपादाचार्य, हस्तामलक त्रोटकाचार्य, र सुरेश्वराचार्यमा सर्दै गुरुपरम्पराबाट प्रवाहित भइरहेछ । गुरु-परम्पराको केही क्रम यस्तो भनिएको छ—

"नारायणं पद्मभवं वसिष्ठं
शक्तिं च तत्पुत्रपराशरं च
व्यासं शुकं गौडपदं महान्तं
गोविन्दयोगीन्द्रमथास्यशिष्यम् ।

---

३. शं. दि. ५।१०७

श्रीशङ्कराचार्यमथास्य पद्म-
पादं च हस्तामलकं च शिष्यम्
तं त्रोटकं वार्तिककारमन्या-
नस्मद्गुरुन् सन्ततमानतोऽस्मि ।"

आचार्य शंकर साक्षात् परमहंस रूपमा देखिनु भयो, जस्तो हाँसले दूध र पानी मिलाउँदा दूधको मात्र ग्रहण गर्दछ र पानीको त्याग गर्दछ; त्यस्तै श्रीशङ्करले परमहंसता दर्शाउन ब्रह्मानन्दरूप दूधलाई स्वीकार्नु भयो र दुःखग्रस्तजगद्रूप पानीलाई त्याग्नुभयो । आफ्नो गुरुको चरणको पूजा गर्दै श्रीशङ्कर नर्मदाको तटमा ब्रह्मचिन्तन तथा शास्त्रानुशीलनमा समय बिताउनु थाल्नुभयो ।

एक पटक त्यहाँ हात्तीको सूँडको समान ठूलो धारा भएको वृष्टि पाँच[४] रातसम्म हुँदा नर्मदा नदीमा भयङ्कर बाढी आयो । त्यसबेला श्री गोविन्दापादाचार्य गुफाभित्र समाधि लगाएर बस्नुभएको थियो । शिष्यहरूले आत्तिएर कराउन थाले कि गुफाभित्र पानी पस्यो भने गुरुजीको रक्षा हुन सक्तैन । श्रीशङ्करले ठूलो आवाज गर्ने जलको प्रवाहले डराएका मानिसहरूको आर्तनाद सुन्नुभयो र निश्चल समाधिको अनुष्ठानमा मग्न हुनुभएको गुरुलाई देखी एक छिन त मौन हुनुभयो । यसपछि श्रीशङ्करले एउटा कलशलाई अभिमन्त्रण गरेर गुफाको ढोकामा राखिदिनु भयो ।हेर्दाहेर्दै त्यसभित्र सारा जलको प्रवाह पस्यो र गुफाभित्र पस्न पाएन । यस्तो अचम्मको कार्य गरेर श्रीशङ्करले गुरुको रक्षा गर्नुभयो । देख्ने मानिसहरू सबै शङ्करको अलौकिक शक्तिमा मुग्ध भए । जब श्रीगोविन्द भगवत्पाद समाधिबाट उठ्नुभयो, तब श्रीशङ्करको यो दिव्यशक्तिको कार्य सुनेर अत्यन्त सन्तुष्ट हुनुभयो । श्रीशङ्करले योगसिद्धि पाएको देखेर सबैको हृदय आनन्दमग्न भयो । गुरु श्रीगोविन्दपादाचार्यले श्रीशंकरलाई तत्त्वपद्धति (ज्ञान-मार्ग) को पूर्ण विकासको लागि काशीमा जान अह्राउनु भयो । यसैबेला श्रीगोविन्द-

---

४. शं. दि. ५।१३५

पादले यसको रहस्य प्रकट गर्दै भन्नुभयो– "हे प्रिय शिष्य शङ्कर ! उहिले हिमालयमा देवयज्ञ भएको थियो । त्यहाँ श्रीव्यासजी उपनिषद्हरूको गहीरो व्याख्या गरिरहनु हुन्थ्यो । त्यस सभामा सत्यवादी श्रीव्यासजीसँग मैले ब्रह्मसूत्रको भाष्य लेखिनुपर्ने प्रस्ताव राखें । मैले विनति चढाएँ कि ब्रह्मसूत्रको अर्थ गर्दा धेरैले मनमानी कल्पना गर्दै व्याख्या गर्दछन् । यसकारण त्यस्तो अनुचित अर्थबाट बचाउन हजूरको आशयबमोजिमको भाष्यको रचना हुनुपर्दछ । यस्तो मेरो प्रार्थना सुनेर व्यासजीले मलाई भन्नुभएको थियो कि जुन तिम्रो शिष्यले एक घडाभित्र नदीको विशाल जलराशिको प्रवेश गराउला उसैले कल्याणकारक भाष्यको रचना गर्न सक्ला । अतः हे शङ्कर, यस्तो खूबी तिमीमा देखिएकोले यो काम तिमीले पूरा गरेर संसारको कल्याण गर्नुपर्दछ । अब तिमी काशीमा जाऊ, वहाँ श्रीविश्वनाथको अनुग्रह तिमीलाई हुनेछ ।" यति भनेर श्रीगोविन्दपादाचार्यले गुरुभक्त श्रीशङ्करलाई काशी जान बिदा दिनुभयो । पवित्र हृदय हुनुभएको विद्वान् श्रीशङ्करले गुरुको चरणमा अभिवादन गर्नुभयो र गुरुबाट छुट्टिन असह्य वेदना भए तापनि उहाँको आज्ञाको पालना गर्दै काशीतिर प्रस्थान गर्नुभयो ।

काशीमा पुगेर श्रीशङ्करले गङ्गाजी[5] स्नान र श्रीविश्वनाथको दर्शन गरी मणिकर्णिकाघाट[6] मा आसन जमाई त्यहाँ आएका शिष्यहरूलाई उपनिषद् आदिको व्याख्या सुनाउँदै ब्रह्मचिन्तनमय वातावरण खडा गरिदिनु भयो । एक दिन एक ब्राम्हण कुमार श्रीशङ्कराचार्यको समीपमा आएर भक्तिपूर्वक पाउमा छाँदहाल्यो । त्यस विरक्त बालब्रह्मचारीलाई पाउबाट उठाएर श्रीशङ्कराचार्यले सोध्नुभयो– "हे बाबु ! तिमी को हौ ? तिम्रो घर कहाँ हो ? अहिले कहाँबाट आयौ ? तिमी बालक देखिन्छौ तापनि तिम्रो बुद्धि बालकको झैं प्रतीत हुँदैन ।" श्रीशङ्कराचार्यको शरण पर्न आएको त्यो बालकले विनति चढायो– "हे, भगवान्, म ब्राह्मण हुँ, मेरो घर चोल देशमा छ, संसार-

---

५. शं. दि. ५।१७०–१७२

६. शं. जी. च. पृ. २१

रूपी समुद्रमा डुब्न लागियो भनेर डराउँदै म हजूरको पाउमा शरण पर्न आएको छु, कृपया यो भवसागरवाट पार लगाइदिवक्सियोस्।" श्रीशङ्कराचार्यले उसलाई योग्य ठहराई संन्यास-ग्रहण गराई सनन्दनामक आफ्नो प्रथम शिष्य वनाउनुभयो। यही सनन्दनले श्रीशङ्कराचार्यसँग अरु शिष्यहरूका साथ पछि वदरीमा श्रुतिको अज्ञ गहन अर्थ जान्न फेरि पढ्न लागेका थिए। रागद्वेषादिरहित, स्थिरचित्त, श्रद्धालु, अनन्यभक्त सनन्दनलाई श्रीशङ्कराचार्यले वेदान्त-रहस्यको कोशभूत आफ्नो समस्त ग्रन्थ तीन[7] पटक परिशीलन गराउनुभयो। सनन्दनको ईर्ष्या गर्ने अरू शिष्यहरूलाई सनन्दनको विशेष गुरुभक्ति दर्शाउन श्रीशङ्करले आकाशगङ्गाको[8] पारि पुगेको सनन्दनलाई आफूकहाँ वोलाउनुभयो। गुरुको आज्ञा पाउनासाथ केही संशय नलिई जलमा प्रवेश गरी वारि आउने गुरुभक्त शिष्य सनन्दनको प्रत्येक पाइलाको मनि आकाशगङ्गाले कमल जुटाइदिई सुरक्षित वनाउँदै गुरुकहाँ पुऱ्याइदिनु भयो। यसरी अनुपम भक्ति दर्शाउने सनन्दनलाई आलिङ्गन गरेर उनको सार्थक नाम 'पद्मपाद' राखिदिनु भयो। अव अरू शिष्यहरूले जीवनमा कहिले पनि कसैउपर ईर्ष्याभाव नराख्ने शिक्षा पाए।

काशीमा[9] विरक्त भक्तहरू श्रीशङ्करको उपदेशवाट प्रभावित हुँदै उहाँको शिष्य वन्न थाले। श्रीशङ्कर त्यहाँ छात्रवृन्दले घेरिएर अत्यन्त शोभित हुनुभयो। एक पटक मध्यान्ह[10]को समयमा श्रीशङ्कर आफ्ना शिष्यहरूका साथ दिनका धार्मिक कृत्यहरू विधिपूर्वक सम्पन्न गर्न गङ्गाजीमा जान लाग्नुभएको थियो, त्यसै वखत वाटो[11]मा भयानक चार कुकुरहरूले घेरिएको एक चाण्डाल आयो। श्रीशङ्करले त्यो चाण्डालले आफूलाई छोइदेला भनेर

---

७. शं. दी ६।६८
८. शं. दी. ६।६९
९. शं. दि. ६।१६
१०. शं. दि. ६।२४
११. शं. दि. ६।२५

डराई ठूलो स्वरले 'ए चाण्डाल ! टाढा हट्, टाढा हट्' भन्नुभयो। त्यो सुनेर चाण्डालले शङ्करलाई भन्न थाल्यो– 'सयौं उपनिषद्हरू[12]ले सर्वत्र व्यापक एक अद्वितीय ब्रह्म भेदहीन रूपमा संझाएका छन् र कसैलाई पनि भेददृष्टिले घृणा गर्नु उचित मानेका छैनन्। अद्वितीय, अनिन्दनीय, असङ्ग, सत्चित् आनन्दरूप र अखण्ड ब्रह्मात्मालाई कहीं हटाउन मिल्दैन । दण्डधारण, क्रमण्डलुधारण, चतुरवचन आदि यदि ज्ञानयोगरहित छन् भने तिनीहरूवाट मात्र भववन्धन छुट्न सक्तैन ।हे विद्वन्, 'तपाईंले टाढा हट्' भनेको अन्नमय देहलाई लिएर भनेको हो कि ? अथवा चेतन साक्षी देहीलाई लिएर भनेको हो ? के प्रत्यगात्माको विषयमा ब्राह्मण र चाण्डालको भेद संझनु तपाई जस्तो अद्वैतवादीलाई सुहाउँछ र ? गङ्गा र मदिरामा परेका पूर्यप्रतिविम्वहरू भिन्न भिन्न देखिन आए तापनि के सूर्यमा कुनै प्रकारको भेद छ ? सर्वोपाधि-रहित चैतन्यस्वरूपलाई विर्सेर देहादिमा अहंभाव राख्नाले भेद-भाव खडा हुन्छ । तपाईंजस्तो सर्वत्यागी संन्यासीले जड-भावना त्याग्न नसकेको देख्दा महान् पुरुष पनि इन्द्रजालरूप मायाजालमा फस्ने कुरा प्रमाणित हुन आउँछ।"

यति भनेर जव त्यो चाण्डाल चूप लाग्यो, तव श्रीशङ्करले भन्नुभयो– "हे पुरुष श्रेष्ट ! तपाईंले भन्नुभएको कुरा विलकुल सत्य हो । तपाईं आत्मज्ञानी हुनुहुँदो रहेछ। तपाईंको ज्ञानमय वचनले गर्दा तपाईंप्रति उठेको चाण्डाल-सम्वन्धी शङ्का उड्न लागिरहेछ । आत्मसाक्षात्कारको निमित्त श्रवण, मनन र निदिध्यासनमा लागे तापनि दृढ अपरोक्ष ज्ञान नहुञ्जेलसम्म वुद्धिमा भेद-वासना लुकेकै हुन्छ । जुन मुक्त पुरुषमा 'म ब्रह्म आत्मामात्र हुँ' भन्ने दृढ अपरोक्ष ज्ञानको स्थिति हरवखत छ, उ ब्राह्मण होस् वा चाण्डाल, वाहिरी वोक्रामा दृष्टि जाँदैन र उ वन्दनीय चैतन्यस्वरूप नै हुन्छ भन्ने मेरो दृढ निष्ठा छ । 'म चैतन्य मात्र हुँ, दृष्य जगत् होइन' भन्ने जसको वुद्धि छ त्यो

---

१२. शं. दि. ६।२६

चाण्डालै भए तापनि ज्ञानदृष्टिले मेरो गुरु[१३] हो। यो संसारमा प्रत्येक ज्ञानमा उपाधिरहित स्वयं प्रकाश ज्ञानस्वरूप म हुँ, दृश्यको अस्तित्व छैन, भन्ने दृढ बुद्धि हुने पुरुष नै मेरो गुरु हो।"

यसरी चिन्मय उद्‌गार प्रकट गर्न लाग्नुभएको श्रीशङ्करले आफ्नो अगाडि त्यो चाण्डाललाई देख्नु भएन, त्यहाँ चार वेदहरूको साथ भगवान् शङ्करको दर्शन पाउनु भयो। वास्तवमा काशी विश्वनाथ नै चाण्डालको रूप लिएर चार वेदहरूलाई चार ओटा कुकुरहरूको रूपमा अघिपछि लगाएर श्रीशङ्करको हृदयमा अद्वैतप्रकाशको अक्षुण्णता झल्काउन र अद्वैतवेदान्तको प्रचार उहाँबाट गराउने उद्देश्यले आउनु भएको थियो। वेदको मस्तक ब्रह्मज्ञान भएकोले मस्तकविनाको वैदिक धर्म मुर्कट्टासमान हुन जाने हुँदा ज्ञानमूर्ति शिव चार वेदहरूका साथ अत्यन्त संवेदनशील वातावरणमा प्रकट हुनु भएको हो। वेदका हात-पाउ आदि कर्म, हृदय उपासना र मस्तक ज्ञान भएकोले वैदिक संस्कृति सर्वाङ्गपूर्ण मानिएको छ। चार वेदहरू सहित वेदसार ज्ञानमूर्ति भगवान् शङ्करको दर्शन पाउनासाथ श्रीशङ्करले मर्यादाले, भक्तिले, विनयले, धैर्यले, हर्षले र विस्मयले युक्त भई स्तुति गर्न थाल्नुभयो।

"हे शम्भो"[१४]! देहको दृष्टि लिंदा म हजूरको दास हुँ, हे त्रिलोचन! जीव दृष्टिले म हजूरको अंश हुँ। सबैको आत्मस्वरूप हुनु भएको हे भगवन् आत्मदृष्टि लिंदा (ज्ञानावस्थामा हजूर र म भन्ने भेदै नभएकोले) हजूरै म, म नै हजूर, अर्थात् आत्मामात्र एक हुँ भन्ने यस्तो सारा शास्त्रहरूले निश्चय गरेको यही मेरो ज्ञान छ।"

---

१३. श्रीशङ्कराचार्यले 'मनीषापञ्चक' स्तोत्रमा यही तथ्य प्रकट गर्नु भएको हो।

१४. शं. दि. ६।४१ दासस्तेऽहं देहदृष्ट्याऽस्मि शम्भो
जातस्तेंऽशो जीवदृष्ट्या त्रिदृष्टे।
सर्वस्याऽऽत्मन्नात्मदृष्ट्या त्वमेवे
त्येवंमे धीर्निश्चिता सर्वशास्त्रैः॥

आचार्य शङ्करले यस्तो प्रकारले स्तुति गरेपछि भगवान् श्रीशिवले आज्ञा भयो– "हे अद्वैतज्ञानमूर्ति भएका शङ्कर ! तिमीले वेदसारभूत मेरै पदवी प्राप्त गरेका छौ ।हे तपोधन ! तिम्रो निष्ठा बिलकुल उपाधिरहित शुद्ध छ । व्यासजी समान तिमी पनि मेरो अनुग्रहको पात्र भए, यही मेरो आशीर्वाद छ ।हे अद्वैतमतिशोभित शङ्कर ! तिमीले वेदको तात्पर्य अद्वैत झल्काउन वादरायण व्यासले रचना गरेको ब्रह्मसूत्र ग्रन्थको भाष्य लेख । आफ्नो भाष्यद्वारा कुत्सित मतहरूको परिहार गरी सच्चिदानन्द ब्रह्म-मात्रको प्रकाश पार्न वनेको ब्रह्मसूत्रको अद्वैततत्त्व स्पष्ट पार । अद्वैततत्त्व नबुझिदिदा कुतार्किकहरूले वेदको सिद्धान्तलाई नै वङ्ग्याई भेदको महल खडा गरेका छन् । भेदवुद्धिवाटै प्राणीहरू दुःखको सागरमा डुब्न पुगेका छन् । अतः लोककल्याणको निमित्त वैदिक सिद्धान्त शुद्ध रूपमा फैलाउन भाष्यको रचना गर ।" यसरी शङ्करलाई प्रेरणा दिएपछि कृपालु श्रीमहादेव वेदहरूको साथ अन्तर्धान हुनुभयो ।

आचार्य शङ्करले आफ्नू आन्हिक कृत्य पूरा गर्नुभयो, अनि भगवान् शिव र गुरुको संझना गर्दै सारा लोकको कल्याणको निमित्त ब्रह्मसूत्रमा भाष्य लेख्न तत्परता लिनुभयो । आचार्य शङ्करलाई नर्मदामा श्रीगोविन्द-पादाचार्य गुरुले ब्रह्मसूत्रको वैदिक सिद्धान्तानुसार भाष्य लेख्न प्रेरणा दिनुभएको थियो । काशीमा श्रीविश्वनाथले पनि ब्रह्मसूत्रमा विशुद्ध भाष्य लेखी वैदिक मार्ग सुरक्षित राख्न आचार्य शङ्करलाई आदेश दिनुभयो । पहिले श्रीव्यासले पनि उहाँको ब्रह्मसूत्रमा भाष्य ठीकसँग लेख्न सक्ने महापुरुष यस्तो हुनेछ भनी श्रीगोविन्दपादाचार्यलाई संकेत दिनुभएको थियो र त्यस्तो महान् व्यक्ति श्रीशङ्कराचार्य नै भएको उहाँले निश्चय गर्नु-भएको थियो । काशीमा श्रीशङ्करले श्रीविश्वनाथजीवाट ग्रन्थ-रचना गर्ने शक्ति पाएर यसको पूर्णताको निमित्त काशीवाट प्रस्थान गर्नुभयो । उत्तरका तीर्थहरूको दर्शन गर्दै पुण्यभूमि वदरीमा पुग्नुभयो । हिमालयवाट झरेका झरनाहरूले व्याप्त भएको सुन्दर, शान्त तपोभूमि वदरी श्रीशङ्करको हृदय-लाई आनन्द र सृजनात्मक प्रतिभाले परिपूर्ण गराउन सफल भयो ।

६. ग्रन्थ-रचना, व्यासदर्शन दिग्विजयार्थ यात्रा

बाह्र वर्षको उमेरमा श्रीशङ्कराचार्य सर्वशास्त्रवित् हुनुहुन्थ्यो । त्यसै वेला बदरी क्षेत्रमा गएर भाष्यग्रन्थहरूको रचना गर्न थाल्नुभयो । उहाँ विराजमान भएको व्यास-गुफा अद्वैत वेदान्तको केन्द्रस्वरूपमा दर्शनीय मानिन्छ । चार वर्षसम्म ग्रन्थ-रचनामा र शिष्यहरूलाई पढाउनामा लागेर श्रीशङ्करले सोह्र वर्षको उमेरसम्ममा वेदान्तको भव्य, गम्भीर र मधुर ब्रह्मसूत्रभाष्यादिरूपी ज्ञानज्योति जगाएर अखण्ड प्रकाश सदाको लागि फिजाउनुभयो । काशीमा मर्नाले मुक्ति पाइने तर शाङ्कर भाष्य प्रकाशित दृढ अपरोक्ष ज्ञानले जिउँदै मुक्ति (जीवन्मुक्ति) पाइने यस्तो माहात्म्य शाङ्करभाष्यको छ । ब्रह्मसूत्रको भाष्यको रचना गरेपछि श्रीशङ्करले संसारको बीजभूत अविद्याको नाश गरिदिने, मुमुक्षुहरूलाई परब्रह्ममा मग्न गराउने र गर्भवास-जन्मादि उपद्रव तथा हृदयग्रन्थिको अन्त गरिदिने उपनिषद्[1] हरूको भाष्यको रचना गर्नुभयो । अद्वैत आत्मतत्त्वको प्रकाशमा स्थिति गराएर अविद्या र अविद्याका कार्यहरूबाट बचाउने विशुद्धज्ञानदायक अर्थ श्रीशङ्करकै सिद्धहस्तबाट अभिव्यक्त हुन गयो । यसपछि आचार्य शङ्करले श्रीमद्भगवद्गीताको व्याख्या, सनत्सुजातीयमा भाष्य, नृसिंहतापिनी उपनिषद्मा व्याख्या, उपदेश-साहस्री इत्यादि अनेक ग्रन्थहरूको रचना गर्नुभयो । आफ्ना भाष्यहरू शिष्यहरूलाई पढाउँदै गई वादीहरू विपरीत तर्कहरू ध्वस्त पार्नुभयो । यहाँ नै शिष्यहरूलाई पढाउँदा 'सनन्दन' को ईर्ष्या गर्ने

---

१. शं. दि. ६।६२

सहपाठीहरूलाई सद्भावतामा ल्याउने श्रीशङ्करले उनको गुरु-भक्ति प्राण-भन्दा पनि प्यारो भएको प्रमाणित गरी उनको नाम 'पद्मपाद' राख्नुभएको हो। यो घटना सनन्दनले शिष्यत्व-ग्रहण गरेको प्रसङ्गमा पहिले नै उप्काई सकिएकोले त्यतैबाट विस्तृत रूपमा ज्ञातव्य भएको छ। श्रीशङ्करले वेद-विरुद्ध अनेक तर्कहरूको खण्डन गर्नुभएकोले वादीहरूको गर्व गल्दै गयो र वैदिक ज्ञानको शुद्ध स्वरूप फैलिन थाल्यो। प्राचीन कालमा व्यासजीले वैदिक ज्ञानको जुन उद्धार गर्नुभयो, अहिले सोही कार्य श्रीशङ्करले निर्दोष भाष्यरूपी अमृतद्वारा सम्पन्न गर्नुभयो। वैदिक सिद्धान्तमा मलिनताले स्थान नपाओस् भन्ने हेतुले श्रीशङ्करले समुचित व्याख्या गर्नु भएर यसको उज्ज्वलता र निर्दोषता कायम राख्नुभयो। विशेष गरेर वैदिक धर्मको स्वच्छाकाशमा ब्रह्मविद्याको ज्योति जगाउनुभयो।

श्रीशङ्कराचार्य शारीरिक भाष्य (ब्रह्म-सूत्रको भाष्य) आफ्ना शिष्य-हरूलाई पढाउनुहुन्थ्यो र जवसम्म मध्यान्ह हुन्थिएन तवसम्म शिष्यहरूको शङ्काहरूको समाधान गर्दै त्यहीं वस्नुहुन्थ्यो। ग्रन्थ पढेर विद्यार्थीहरू आराम लिइरहेको वेला जब श्रीशङ्कर उठ्नुभयो तब त्यहाँ कुनै एक वृद्धरूप ब्राह्मण आउनुभयो र श्रीशङ्करसँग सोध्न लाग्नुभयो– 'तिमी को हौ र के पढाउन लागिरहेका हौ ?' यसको उत्तर शिष्यहरूले नै दिन थाले– 'हे ब्राह्मण ! सारा उपनिषद्हरूमा निर्बाध ज्ञान हुनुभएको वहाँ हाम्रो गुरु हुनुहुन्छ। उहाँले ब्रह्मसूत्रमा द्वैतवाद ध्वस्त गर्ने शारीरिक भाष्यको रचना गर्नुभएको छ।' शिष्यहरूको वचन सुनेर वृद्ध ब्राह्मणले श्रीशङ्करलाई भन्नुभयो– "यी शिष्यहरू तपाईंलाई भाष्यकार यस्तो भन्दछन्। यो अद्भुत कुरा तवसम्म टाढै रहोस्। यदि परम ऋषि वेदव्यासले वनाउनु भएको सूत्रहरूको अर्थ तपाईं ठीकसँग जान्नुहुन्छ भने एक सूत्रको व्याख्या त गरेर सुनाउनुहोस्।" भाष्यकार श्रीशङ्करले विनयसाथ ती ब्राह्मणलाई भन्नुभयो– "हे ब्राह्मण-जी ! सूत्रार्थवेत्ता गुरुहरूलाई म नमस्कार गर्छु। म सूत्रहरूको अर्थ जान्ने अहङ्कार राख्दिन, तथापि जे यहाँले सोध्नुहुन्छ, त्यसको उत्तर दिनेछु।" तव ती ब्राह्मणले श्रीशङ्करलाई ब्रह्मसूत्रको तेस्रो अध्यायको पहिलो पाउको

पहिलो सूत्र 'तदन्तरप्रतिपत्तौ रंहति संपरिष्वक्तः प्रश्ननिरूपणाभ्याम्' को विषयमा सोध्दै त्यसको अर्थ गर्न लगाए। श्रीशङ्करले अर्थ गर्दै भन्नुभयो– "मरणको समयमा अर्को देहको प्राप्तिमा जीव आफू देहको बीजभूत आकाशादि पाँच भूतहरूको सूक्ष्म अंशहरूले वेष्टित भएर जान्छ, किन कि छान्दोग्योपनिषद्मा ५।३।३ मा गरिएको प्रश्न र ५।६।१ मा भएको निरूपणबाट यही सिद्ध हुन्छ।" तब ती ब्राह्मणले सयौं प्रकारहरूले विकल्प उठाउँदै खण्डन गर्दै गए। श्रीशङ्करले पनि उनका वचनहरूको अनुवाद गरेर हजारौं प्रकारहरूले खण्डन गर्दै जानुभयो। यो विवाद सकिने ढङ्ग आएन। आठ दिनसम्म पनि खण्डनहरूका खण्डनहरू परस्परमा चल्दै गए। यसरी यतिराट् शंकर र द्विजराट् वृद्ध पुरुषको बीचको शास्त्रार्थ टुङ्गिने छाँट नदेख्दा पद्मपादको मनमा संशय उठ्यो। ब्राह्मणको विलक्षण बुद्धि पाएर पद्मपादले यिनी व्यास नै हुन् भन्ने ठम्याएर भन्न थाले– 'हे गुरो! यी ब्राह्मण वेदान्तको रहस्यको ज्ञाता महर्षि वेदव्यास नै हुन्। हे गुरुवर शङ्करभगवत्पाद! हजूर साक्षात् शङ्कर (महादेव) हुनुहुन्छ तथा व्यासजी स्वयं नारायण हुनुहुन्छ, अब यी दुईमा निरन्तर शास्त्रार्थ चलेमा म दासरूप शिष्यले के गरूँ।" यस्तो विचित्र वचन सुनेर भाष्यकारले (शङ्करले) सूत्रकारको (व्यासको) साक्षात् दर्शन पाउने इच्छाले हात जोड्दै प्रार्थना गर्न थाल्नुभयो– "हे प्रभो, हजूरको आशयबमोजिम अद्वैत ब्रह्मरूप परमार्थ आदि प्रतिपादन गर्ने यो अद्वैत भाष्य यदि हजूरको संमत छ भने मेरो अपराध जे भए पनि क्षमा गर्नुभएर मलाई सामुमै दर्शन दिनुहोस्।" यस प्रकार प्रार्थना गर्दा त्यहाँ व्यासजीले दर्शन दिनुभयो। स्वर्णलताको समान सुन्दर जटाले शोभित हुनुभएको र ज्ञान-मुद्राद्वारा अभीष्ट अर्थ प्रकट गर्नु हुने भगवान् व्यासको दर्शनले श्रीशङ्कर आनन्दमग्न हुनुभयो। उज्ज्वल कमण्डलु, रुद्राक्ष माला, व्याघ्रचर्म, आकर्षक भस्म आदिले गर्दा श्रीव्यासजी भगवान् शङ्करकै अर्धासनमा विराजमान

२. शं. दि. ७।६

३. शं. दि. ७।९

हुन सुहाउने रूपमा देखिनु भयो । अद्वैत ब्रह्मविद्याको प्रकाश ब्रह्मसूत्रको रचना गरेर फैलाउने श्रीव्यासजीको चम्किलो मुखमण्डलबाट अमृतकै धारा बर्सिरहेको जस्तो हुँदा भेदबुद्धि र जरामरणादिको भय त्यहाँ अलिकति पनि रहेनन् । मुनिहरूमा श्रेष्ठ, गुरुहरूको पनि गुरु श्रीव्यासजीको स्वागत गर्न श्रीशङ्कर शिष्यहरूको साथ अगाडि बढ्नुभयो । अत्यन्त श्रद्धा र भक्तिका साथ परम परम गुरु श्रीव्यासजीको चरणकमलमा प्रणाम गरेर श्रीशङ्करले स्तुति गर्न थाल्नुभयो– 'हे वेदसंरक्षक, धर्मप्रतिपालक, ज्ञानमूर्ति, प्रभो ! हजूरको म हृदयदेखि नै स्वागत गर्दछु । हजूरले श्रुतिहरूको मर्म बुझाउन अठार पुराणहरूको रचना गरेर सारा प्राणीहरूलाई कल्याणको मार्ग दर्शाउनुभयो । हजूरले नै वेद-समुद्रको जटिल वस्तु सरलतापूर्वक ज्ञान गराउन ऋक्, यजु: साम तथा अथर्व यी चार विभागहरू छुट्याउनुभयो । अनेक शाखा प्रशाखाहरूको विभागद्वारा मन्दमति पुरुषले पनि वेदामृत पान गर्न सक्ने पार्नुभयो । हजूर साक्षात् विद्याको मुहान हुनुहुन्छ । महाभारत, वेदान्त दर्शन आदि हजूरकै कृपाबाट प्राणीहरूले पाई आत्मकल्याण प्राप्त गर्न सकेका छन् । सत्यं ज्ञानमनन्तं ब्रह्म, विज्ञानमानन्दं ब्रह्म, जस्ता श्रुतिहरूले प्रतिपादित सच्चिदानन्दस्वरूप हजूरको वर्णन वचनातीत भएकोले मेरो यो धृष्टताप्रति क्षमा पनि चाहन्छु ।" यसरी श्रीशङ्करले प्रार्थना गरेपछि आत्मनिष्ठ श्रीव्यासजी शुद्ध आसनमा विराजमान हुनुभयो र देहको अघिल्लो भाग झुकाएर श्रीशङ्करलाई भन्न थाल्नुभयो–'हेअद्वैतज्योति शङ्कर ! तिम्रो स्वरूप ब्रह्म र तिम्रो विद्वत्ता अखण्ड जानेर शुकसमान मेरो प्यारो भएको तिम्रो भाष्यको साक्षात् ब्रह्ममय चर्चा चलाउन आएको हुँ । तिमीले मेरो आशयअनुसार ब्रह्मसूत्रको भाष्य बनाएकोमा मेरो मात्र होइन कि वेदकै हृदय फेला पारेर ज्ञानज्योति दर्शाएका छौ । म प्रसन्न छु र यही ज्ञान-ज्योति तिमीद्वारा सर्वत्र फैलाउने इच्छा राखी तिम्रो अगाडि रहेको छु ।" श्रीव्यासजीको यस्तो उदार वचन सुनी श्रीशङ्करले हर्ष प्रकट गर्दै नम्रतापूर्वक श्रीव्यासजीलाई विनति चढाउनुभयो– 'हे महर्षिपूज्य परमगुरो ! हजूरको ब्रह्मसूत्र नै सारा अज्ञानरूपी अन्धकार हटाउने सूर्यसमान छ ! त्यस्तो

सूर्यरूपी सूत्रको अगाडि मैले भाष्यरूपी वत्ती बालेर आरतीको उज्यालो पार्न खोज्नु यो मेरो धृष्टता हो । स्वयं प्रकाश सूर्यलाई प्रकाशित पार्न बत्तीको आवश्यकता कहाँ हुन्छ र ! सारा उपनिषद्हरूको तात्पर्य प्रकट गर्ने हजूरको ब्रह्मसूत्रमा व्याख्याको आवश्यकता नभएकोमा जुन मैले छोटो बुद्धिले त्यत्रो साहस गरें यसमा क्षमा चाहन्छु ।" श्रीशङ्करले यति विनति चढाएपछि श्रीव्यासजीले आफ्नो दुवै हातले बडो आदरपूर्वक त्यो भाष्यग्रन्थ लिनुभयो र प्रेमपूर्वक वाच्नुभयो । सूत्रकै मर्म खोल्ने व्याख्या पाएर व्यासजीले श्रीशङ्करलाई धन्यवाद दिंदै फेरि पनि वेदान्त-विद्यामा आवश्यक परेका ग्रन्थहरू लेखी भेदवादीहरूले उठाउने अन्धकारमय वातावरण हटाउन अगाडि बढ्नुपर्दछ भन्नुभयो र वरदान दिन लाग्नुभयो– 'हे शङ्कर ! तपाईंको परमायु सकिएको नमान्नुहोस् । तपाईंले ब्रह्मविद्यामा विद्वान्हरूको चित्त फर्काउन र भेदवादी, हठवादी, मनमानावादी आदिलाई हटाउन केही वर्ष बाँच्नुपरेको छ । यसो भएन भने वैदिक धर्मको ह्रास हुनेछ र मोक्षको इच्छा दुर्लभ हुन जानेछ । यसकारण तपाईंको आयु अरू सोह्र वर्ष बढोस् भनी वर दिन्छु । यस समयभित्र तपाईंले दिग्विजय गर्नुपर्नेछ र वैदिक ज्ञानको किल्लाहरूको स्थापना पनि गर्नुपर्ने छ । तपाईंको भाष्य तबसम्म टिक्नेछ जबसम्म सूर्य, चन्द्र र ताराहरू प्रकाशित भइरहनेछन् । प्राप्त भएको यस आयुभित्र विरोधीहरूको गर्वाङ्कुरको उन्मूलन गर्दै वैदिक विशाल विचारको प्रचार गर्नुहोस् । यसरी श्रीव्यासले वरदानपूर्वक वैदिक मार्ग अक्षुण्ण राख्ने अभियान चलाउन श्रीशङ्करलाई प्रेरणा दिएर आफू अन्तर्धान हुनुभयो । परमगुरु श्रीव्यासको वियोगबाट दुःख प्राप्त हुनु स्वाभाविकै थियो, तर चित्तलाई सम्हालेर उहाँको आज्ञा-पालन नै आफ्नो परम कर्तव्य ठानी श्रीशङ्करले दिग्विजयको निमित्त प्रस्थान गर्ने शुभ सङ्कल्प गर्नुभयो । त्यहाँबाट भाष्यको मर्म विद्वान्हरूलाई बुझाउन र परम गुरुको आज्ञा पूरा गर्न दक्षिण दिशातिर लाग्नुभयो ।

७. कुमारिल भट्टसँग भेट, मण्डन मिश्रसँग शास्त्रार्थ, भारतीसँग शास्त्रार्थ र मण्डन मिश्रको संन्यास

श्रीशङ्करले कुमारिल भट्टको विद्वत्ता सुन्नुभएको थियो । कुमारिल भट्ट कर्मकाण्डको प्रकाण्ड पण्डित थिए । वैदिक धर्मको निष्ठावान् कर्मठ गृहस्थ, ब्राह्मण कुमारिल भट्टले मीमांसा दर्शनमा श्रीशवरस्वामीको मीमांसा भाष्यमा विख्यात टीका लेखेका थिए । यो टिका तीन भागहरूमा अर्थात् श्लोकवार्तिक, तन्त्रवार्तिक र टुप्टिकामा विभक्त छ । आचार्य शङ्करको इच्छा थियो कि कुमारिल भट्टलाई ज्ञानकाण्डमा मोडेर उनीद्वारा आफ्नो भाष्यमा[1] वार्तिकको रचना गर्न लगाऊँ । कर्मकाण्डको साधनामा मात्र जीवन विताउने कुमारिल भट्टलाई वेदान्तको मर्म संझाई उनीलाई पनि आफ्नो सहयोगी वनाउन चाहनु-भयो । यही उद्देश्य लिएर जाँदा जाँदा श्रीशङ्कर प्रयागमा पुग्नुभयो । प्रयाग-को पवित्र वातावरणमा मुग्ध हुँदै शिष्यहरूको[2] साथ स्नान गरेर आचार्य शङ्कर स्वयं कृतार्थ हुनुभयो । यसपछि तीरमा विश्राम गर्दा त्यहाँ मानिसहरूले कुमारिल भट्टको वारेमा वार्ता गरेको सुन्नुभयो । उनीहरूको वार्तालापवाट श्रीशङ्करले यही कुरा थाह पाउनु भयो कि कुमारिल भट्टले वेदबाह्य आचारमा लागेकालाई वैदिक कर्मको महत्त्व संझाउन जीवन अर्पित गर्नुभयो । वेद मन्त्रहरूको प्रामाण्य सिद्ध गर्नमा प्राणको वाजी समेत उहाँले लगाउनु पऱ्यो । देवताहरूको यज्ञभागको लोप गर्न खोज्ने-

---

१. शं. दि. ७।६१

२. शं. दि. ७।७२

हरूलाई परास्त गरी यज्ञको मर्यादा राख्नुभयो । वेदविरोधी दर्शनको खण्डनको निमित्त उहाँले ठूलो कष्ट उठाउनु भयो । विरोधी पक्ष राम्ररी बुझ्न छद्मवेषमा कुनै बौद्धाचार्यलाई गुरु बनाएर उनीहरूको मसिनो दर्शन र धर्म बुझी त्यसैलाई पछि अकाट्यरूपमा आफ्नो वैदिक दर्शनको गूढ रहस्य-द्वारा छिन्न-भिन्न पारिदिनु भयो । तर श्रीकुमारील भट्टले बौद्ध गुरुलाई झुक्याई बौद्ध दर्शनको खण्डनको निमित्त यस्तो कार्य गरेकोले गुरुको सिद्धान्त-को खण्डनबाट लाग्न आएको दोषको प्रायश्चित्त स्वरूप भूसको आगोमा जल्नु परिरहेको छ । श्रीकुमारिल भट्टले वैदिक शास्त्रको उत्थान गरेर दुष्ट शास्त्रहरूको कालो बादललाई हटाउन अपनाउनु भएको कठोर व्रतले अवश्य नै उहाँलाई अमरत्वमा प्राप्त गराउने छ ।

श्रीशङ्कराचार्यले कुमारिल भट्टको बारेमा यसरी लोकवार्ताबाट थाहा पाएपछि तुरुन्त अगाडि बढ्नुभयो र भूसको आगोमा जल्न लागिरहेको कुमारिल भट्टलाई देख्नुभयो । कुमारिल भट्टलाई उहाँका शिष्य प्रभाकर आदिले आँखाभरि आँसु निकालेर घेरिरहेका थिए । धूवाँको मुस्लो निक्लि-रहेको थियो । कुमारिल भट्टको केवल मुखमात्र देखिन्थ्यो, तर शरीरका अरू भागहरू जलेका थिए । विरोधीहरूलाई हराउने, वेदमार्ग-रक्षक श्री कुमारिल भट्टले आफ्नो अगाडि आउनु भएको श्रीशङ्कराचार्यलाई देखेर अत्यन्त प्रसन्न हुँदै आफ्ना शिष्यहरूद्वारा उहाँको सत्कार गराउनुभयो । श्रीशङ्करले सहर्ष सो सत्कार स्वीकार गरेर आफूले रचना गरेको भाष्य श्रीकुमारिल भट्टलाई देखाउनुभयो । पहिलेदेखि नै श्रीशङ्करको विद्वत्ता र वैदिक हृदय थाहा पाउनु भएको श्रीकुमारिल भट्टले अत्यन्त रुचिसाथ त्यो भाष्य हेर्नुभयो र वेदको मस्तक चंकाउने तत्त्व त्यहाँ पाएर अत्यन्त प्रसन्नता प्रकट गर्नुभयो । यी दुई वैदिक-रथका सारथिहरूको भेटले विशाल आत्माको महिमा झल्काइरहेको थियो । कुमारिल भट्टले हृदय खोलेर श्रीशङ्करलाई भन्नुभयो– "हे विद्वन् ! तपाईंको दर्शन पाउनु मेरो ठूलो भाग्य हो । मैले वैदिक धर्मको संरक्षाको निमित्त ग्रन्थहरूको रचना गरें, कर्ममार्गको निर्णय गरें, नैयायिकहरूको युक्ति-जाललाई काटें र व्यवहारको पनि गति बुझें तर

काललाई हटाउने सामर्थ्य ममा छैन । मैले वेदको स्वतः प्रामाण्य सिद्ध गर्नाको लागि ईश्वरको अनावश्यकता देखाएँ तर श्रुति र लोकले सिद्ध गरेको ईश्वरप्रति मेरो ध्यान गएन । मैले मुख्यरूपमा वैदिकमार्गको विघ्न-रूप तथा वैदिक धर्ममा अश्रद्धा उत्पन्न गराउन चाहने बौद्धहरूको धारणालाई खतम पार्न बौद्ध सिद्धान्त बौद्धहरूसँग सिकें । उनीहरूको सूक्ष्म तर्कहरू मैले बुझ्नु थियो, किनकि उनीहरूलाई धोका दिएर उनीहरूको मत मैले उल्टाउनु थियो । एक पटक कुशाग्रबुद्धि भएको एक बौद्धले वैदिक मार्गलाई दूषित बताउँदा मेरा आँखाहरूबाट आँसुका थोपाहरू सहसा टप्के । अरू बौद्ध विद्यार्थीहरूले यो दृश्यबाट ममा शङ्का गर्न थाले र मलाई हटाउन यातना दिन थाले । त्यहाँबाट हटेपछि मैले आत्मसमालोचना गरें। मैले कपट भावले उनीहरूको शास्त्र पढेको र उनीहरूले शङ्का गरी मलाई यातना दिंदा मैले 'यदि श्रुति प्रमाण हो भने म जीवितै रहनेछु' भनी श्रुतिप्रति सन्देह-सूचक 'यदि' भन्ने पदको प्रयोग गरेकोले मेरो एउटा आँखा फुट्न गयो भन्ने निश्चय गरें। हे शङ्कर ! मबाट ठूला दुई अपराधहरू भए । एउटा बौद्ध गुरुबाट शास्त्रको अध्ययन गरी उसकै तिरस्कार गरें, अर्को जैमिनि मुनिद्वारा प्रवर्तित शास्त्रमा अभिनिवेश राखेर कर्मको प्रधानता देखाउन परमेश्वरको निरा-करण गरें। यिनै दुई दोषहरूको निराकरण गर्न प्रायश्चित्त रूपमा मैले भूसको आगोमा प्रवेश गरेको हुँ । हे विद्वन् ! मैले ब्रह्मसूत्र भाष्यको महत्त्व पहिले नै सुनेर यसको वार्तिक लेख्ने इच्छा उठाएको थिएँ—अब यस बारे यस्तो समयमा केही भन्नु व्यर्थ भयो । तपाईंले तात्त्विक योगदान वैदिक सनातन अद्वैत-मार्ग प्रति दर्शाउनु भयो । शाबर भाष्यप्रति वार्तिक लेखे झैं शाङ्करभाष्यप्रति पनि वार्तिक लेख्ने भाग्य मैले पाइन । बौद्ध गुरुद्रोह र जगत्‌को कर्ताको रूपमा ईश्वरको निराकरण यी दुई दोषहरूबाट उत्पन्न पापको शान्तिको निमित्त दीक्षा ग्रहण गरेर म भूसको आगोमा जलेर मर्न लागेको हुँ ।"

कुमारिल भट्टको यति कुरा सुनेर श्रीशङ्करले श्रुति-प्रतिपादित कर्म-मार्गबाट विमुख भएका बौद्धहरूलाई हटाउन समर्थ भएको उनलाई पाप लाग्ने संभावना नभएको तथ्य प्रकट गर्नुभयो । लोकलाई गुरुद्रोह र ईश्वर-

खण्डनको भयानकता सिकाउन मात्र त्यस्तो कठोर प्रायश्चित्त अँगालेको विचार प्रकट गर्नुभयो । कुमारिल भट्टलाई अभिमन्त्रित जलविन्दुहरू छर्केर वचाउन र उहाँवाट भाष्यप्रति वार्तिक लेखाउन श्रीशंङ्करले चाहनुभयो । तर कुमारिल भट्टले आफू शुद्ध भए तापनि लोकविरुद्ध कार्य गर्न योग्य संझनु भएन । वेद-विहित व्रत उठाएपछि त्यसै विमुख भई छोड्नु सज्जनहरूको दृष्टिमा राम्रो हुँदैन भन्ने श्री कुमारिल भट्टले ठान्नुभयो र सङ्कल्पित व्रत पूरा गर्ने अठोट लिनुभयो । श्रीशङ्करलाई आफ्नो उद्धारको लागि तारक ब्रह्म रामनामको उपदेश गर्न श्रीकुमारिल भट्टले आग्रह गर्नुभयो । वेदान्त-मार्गको विशालता कायम गर्न विद्वान्हरूमा श्रेष्ठ, आफ्नू शिष्य, कीर्तिशाली मण्डन मिश्रलाई जितेर सहयोगी बनाई उनैद्वारा भाष्यको वार्तिक लेखाउन सल्लाह पनि श्रीकुमारिल भट्टले दिनुभयो । मण्डन मिश्र त्यहाँ विश्वरूप नामले प्रख्यात वैदिक-कर्म-परायण, प्रवृत्तिपरक, महान् गृहस्थ भएको परिचय दिदै उनैलाई लोकले 'उंवेक' पनि भन्ने गरेको कुरा वताउनुभयो । मण्डन मिश्रकी पत्नी उंवा (अम्वा), भारती वा उभयभारती नामले प्रसिद्ध भएकी विदुषी छिन् भन्ने परिचय वताएर उनीकै मध्यस्थतामा (साक्ष्यमा) शास्त्रार्थ गरेर मण्डन मिश्रलाई हराई वशमा ल्याउन श्रीकुमारिल भट्टले सल्लाह दिनुभयो । आखिरमा श्रीशङ्कराचार्यबाट सच्चिदानन्द प्रकाशरूप ब्रह्मको उपदेश पाएर कुमारिल भट्टले अद्वैत तत्त्वको बोधद्वारा समस्त बन्धनहरूलाई काटेर नश्वर शरीरको अन्त गर्नुभयो । यसपछि श्रीशङ्कराचार्यले मण्डन मिश्रलाई भेटेर शास्त्रार्थमा हराउने इच्छा गरी प्रयागबाट तुरुन्त प्रस्थान गर्नुभयो ।

मण्डन मिश्रलाई ज्ञानमार्गमा ल्याएर अद्वैत तत्त्वको प्रचार-कार्यमा सहायक बनाउन श्रीशङ्कराचार्य 'माहिष्मती' नगरीमा पुग्नुभयो । यो नगर[३] इन्दौर जिल्लामा नर्मदाको तीरमा 'मान्धाता' नामले प्रसिद्ध छ । माहिष्मती नामकी नदी नर्मदासँग मिल्ने संगमनिर नै मण्डन मिश्रको विशाल घर थियो ।

३. श्री शं. पृ. ८७

मण्डन मिश्र मीमांसाको प्रकाण्ड पण्डित थिए । उनकी श्रीमती भारती (उभय भारती वा शारदा नामले प्रसिद्ध भएकी) धेरै शास्त्रहरूकी विदुषी थिइन् । भारती प्रसिद्ध दार्शनिक महिला पतिपरायणा थिइन् । श्रीशङ्कराचार्यले नर्मदाको किनारमा विश्राम गरेर नित्यकृत्य समाप्त गरेपछि मण्डन मिश्रको घरतर्फ प्रस्थान गर्नुभयो । बाटामा पानी बोकेर लैजानलागेका दासीहरूलाई देखी आचार्यले मण्डन मिश्रको घरको पत्ता सोध्नु भयो । उनीहरूले मण्डन मिश्रको घरको परिचय दिंदै भने– "जुन घरको ढोकामा रहेका पिंजडाहरू भित्रका सुगामैनाहरूले[४] वेदवाक्य स्वतः प्रमाण हो वा परतः प्रमाण हो, फल दिने कर्म हो वा ईश्वर हो, तथा जगत् नित्य हो वा अनित्य हो, यस्तो शास्त्रार्थ बोली बोलिरहन्छन्, त्यही मण्डन मिश्रको घर हो भन्ने जान्नुहोस्" । यस्तो उत्तर सुनेर श्रीशङ्कराचार्य खोज्दै जानुभयो र मण्डन मिश्रको घर पुग्नुभयो । त्यो घरको ढोका थुनेको थियो र भित्र कोही पनि पस्न नसक्ने देखी श्रीशङ्कराचार्य आफ्नो योगबलले आकाशमार्गद्वारा भित्र पुग्नुभयो । त्यसबेला मण्डन मिश्र श्राद्ध गर्न व्यस्त थिए । त्यहाँ तपस्याको बलले मण्डन मिश्रले जैमिनि र व्यास दुवै महर्षिहरूलाई बोलाएका थिए र उहाँहरूको पाउहरू विधिपूर्वक धुन लागेका थिए । श्रीशङ्करलाई आँगनमा उभिएको देखी दुवै महर्षिहरूले अत्यन्त हर्षका साथ अभिनन्दन गरे। मण्डन मिश्र कट्टर कर्मकाण्डी थिए । श्राद्धको बेलामा शिखासूत्र-वर्जित एक संन्यासी खडा भएको देखी रुष्ट हुँदै वार्तालाप चलाउन थाले । (श्राद्धको बेलामा संन्यासीको आगमन निषिद्ध मानिएको हुनाले कट्टर गृहस्थ मण्डन मिश्र क्रुद्ध थिए) । मण्डन मिश्रले शिखा-सूत्रले के भार भयो र त्याग्नु परेको हो भनी आक्षेप गर्दा संन्यासी श्रीशङ्करले शिखासूत्र संन्यासीलाई भारै हुने श्रुतिले बताएको तथ्य प्रकट गर्नुभयो । प्रत्येक मनुष्यले आत्मा चिनेर भवबन्धन काट्नु पर्नेमा सो नगर्दा आत्महत्या झैं पाप लाग्ने कुरा संझाई श्रीशङ्करले मण्डन मिश्रलाई ज्ञानमार्गतिर फर्काउन

---

४. शं. जी. च. पृ. ३८

चाहनुभयो । शङ्करको शान्त मूर्ति र सुन्दर वचनवाट प्रभावित भई जैमिनि मुस्कुराउनु भएको थियो, तव व्यासजीले मण्डन मिश्रलाई संझाउँदै भन्नुभयो- "हे मिश्रजी ! उहाँ संन्यासी आत्मतत्त्ववेत्ता हुनुहुन्छ । उहाँले ज्ञानद्वारा तीनै प्रकारका एषणाहरू (पुत्रैषणा, वित्तैषणा र लोकैषणा = पुत्रको इच्छा, धनको इच्छा र मानप्रतिष्ठाको इच्छा हटाइसक्नु भएको छ । उहाँलाई श्राद्धको संरक्षक विष्णु मानेर स्वागत गर्नुपर्छ ।" व्यासजीको आज्ञानुसार मण्डन मिश्रले अतिथि शङ्करलाई विधिपूर्वक सत्कार गर्दै भिक्षा-ग्रहण गर्न निमन्त्रणा दिनुभयो, तर श्रीशङ्करले अन्नको भिक्षामा आग्रह नभएकोले शास्त्रार्थको भिक्षा माग्दै पराजित हुनेले एक अर्कोको शिष्य[५] बन्नुपर्ने प्रस्ताव राख्नुभयो । (मण्डन मिश्रको पराजय भए उनले संन्यासी बन्नुपर्ने र शङ्करको पराजय भए उहाँले गृहस्थ बन्नुपर्ने यस्तो प्रस्ताव राखियो ।) श्रीशङ्करले आफूले वेदान्त सिद्धान्तको प्रचारको लागि जीवन समर्पित गरेको तथ्य प्रकट गर्नुभयो । आत्मज्ञानलाई छोडेर अरू कुनै कुरावाट हित नहुने तत्त्व खोल्नुभयो । संसारको ताप हटाउन ज्ञानरूपी शीतल हावा नै चाहिने रहस्य प्रकट गर्नुभयो । मण्डन मिश्रलाई कर्ममार्गमा निरत भएर आफू सच्चिदानन्दको परवाह नगर्नु ठीक होइन भन्नुभयो । संसारमै[६] वेदान्त फैलाउनेछु भन्ने दृढ धारणा श्रीशङ्करले व्यक्त गर्नुभयो । वेदान्तवाट पाइने परमानन्दस्वरूपको अनुभूति नभएको मण्डन मिश्रले श्रीशङ्करलाई श्रुतिसम्मत कर्मकाण्डमा मात्र शरण नपरेर मुनि-प्रदर्शित कल्पनाजन्य ज्ञानमार्गमा लाग्नु नै औचित्यको वाटो मान्ने कुरो मलाई सुह्दैन भनेर ठोकुवा गर्नुभयो । अब दुवैले वाद-कथा (तत्त्व जान्ने इच्छाले गरिने शास्त्रार्थ) को आरम्भ गर्नुपर्छ भन्ने निर्णय भयो । जय र पराजयको निर्णय गरिदिने मध्यस्थको चर्चा चल्दा दुवैले व्यास र जैमिनिलाई मध्यस्थता गर्न विनति चढाउनुभयो । तव व्यास र जैमिनि दुवैले मण्डन मिश्रकी विदुषी धर्मपत्नी भारती

---

५. शं. दि. ८।३६

६. शं. दि. ८।३८

(शारदा) लाई मध्यस्था वनाए उनीले शास्त्रार्थको निर्णय उचितरूपले गरिदिने विश्वास प्रकट गर्नुभयो । यो कुरा स्वीकृत भएपछि जैमिनि र व्यास जानुभयो। श्रीशङ्कर पनि अर्को दिन शास्त्रार्थको प्रारम्भ हुने भएकोले नर्मदाको किनारमा एक मन्दिरमा गएर वस्नुभयो। भोलिपल्ट नित्य कर्म सकेर शिष्यहरूका साथ श्रीशङ्कर मण्डन मिश्रको घरमा पुग्नुभयो। अव पण्डित-हरूको सभामा भारती (शारदा) को मध्यस्थतामा शास्त्रार्थको प्रारम्भ हुन थाल्यो । मण्डन मिश्रलाई शास्त्रार्थको लागि उत्सुक देखेर श्रीशङ्करले जीव र ब्रह्मको ऐक्य सिद्ध गर्न आफ्नो मत सुनाउँदै भन्नुभयो–

"ब्रह्म एक परमार्थ सत्, चित्स्वरूप (ज्ञानस्वरूप) स्वयं प्रकाश, निरुपाधिक (निर्मल) स्वरूप छ। सीपी नै अज्ञानले चाँदी रूपमा भासित भए झैं ब्रह्म नै स्वयं अज्ञानले गर्दा प्रपञ्चरूपले भासित भएको हो । ब्रह्म-ज्ञान भएपछि प्रपञ्च हराउँछ । आत्मज्ञान नहुँदा खडा भएको जीवभाव हटेर आफू शुद्ध स्वरूप ब्रह्म नै हुन्छ। शरीरादिको भावना नहुँदा वन्धनको भावना पनि रहँदैन र जन्म-मरणरहित मुक्तको मुक्तै हुन्छ । यस्तो अनुभूतिलाई कल्पनाजन्य मान्न सकिंदैन, किनभने यसमा प्रमाण वेदको मस्तक उपनिषद् नै छ। वेदको निर्णय वा सार यस वाहेक अरू केही छैन । 'अयमात्मा ब्रह्म' माण्डूक्योपनिषद् २, (यो आत्मा ब्रह्म हो), 'सत्यं ज्ञानमनन्तं ब्रह्म' तैत्तिरीयो-पनिषद् २।१।१ (सत्य, ज्ञान र भेदत्रयरहित ब्रह्म हो), 'सर्वं खल्विदं ब्रह्म' छान्दोग्योपनिषद् ३।१४।१ (निश्चय नै यो सबै ब्रह्म हो), 'तत्त्वमसि' छान्दोग्योपनिषद् ६।८।७ (तिमी जीव नै त्यही सत्स्वरूप ब्रह्म हौ) इत्यादि श्रुतिहरूले अन्तिम निर्णय झल्काउँदै ब्रह्म नै सत्य र जीव नै ब्रह्म तथा जगत् चाहिं कल्पित, भासित अर्थात् मिथ्या सिद्ध गरेर एक अद्वितीय तत्त्व ब्रह्म मात्र मानेका छन् ।"

श्रीशङ्कराचार्यको प्रतिज्ञा सुनेपछि मण्डन मिश्रले आफ्नो प्रतिज्ञा (मत) प्रस्तुत गर्दै भन्नुभयो– "चैतन्य-स्वरूप ब्रह्मको प्रतिपादन गर्नमा वेदान्त (उपनिषद्) प्रमाण छ भन्न मिल्दैन, किनभने श्रुतिको (उपनिषद्-को) तात्पर्य सिद्ध वस्तुको प्रतिपादनमा छ भन्ने कुरा हुनै सक्तैन, वेदमन्त्र-

-हरूको तात्पर्य जहिले पनि विधि या कर्ममा हुन्छ । शब्दहरूको शक्ति ('यसो गर' वा 'यसो नगर' भन्नेमा हुन्छ । सिद्ध अर्थात् कार्यपरकता-रहित वस्तु वेदमन्त्रले बुझाएमा त्यो निरर्थक हुन्छ । यसै कारण ज्ञान-काण्ड विधि (कार्य) को अङ्गभूत मानिन्छ । यसले विधिकै प्रशंसा गर्दै विधिकै पुच्छर बन्नुपर्छ । यसकारण विधि (कार्य) को प्रतिपादन गर्ने कर्मकाण्ड प्रधान सार्थक भएकोले कर्मबाटै मुक्ति मिल्छ, अरू केही सत्य वस्तु छैन ।" यस्तो शास्त्रार्थ श्रीशङ्कर र मण्डन मिश्रमा चल्नु नै वेदका कर्मकाण्ड र ज्ञानकाण्डका वादविवाद उठाएर भेदबुद्धिबाट अथवा अभेदबुद्धिबाट कुन-चाहिंबाट मुक्ति मिल्दछ भन्ने रहस्य खोज्नुरूपी प्रयत्न भयो । पराजित हुनेले विजयीको आश्रमको ग्रहण गर्नुपर्ने प्रतिज्ञा अवश्य नै कठोर पनि देखिन थाल्यो । भारतीको मध्यस्थताको परीक्षा पनि यसबाट हुने भयो । प्रतिदिन उनीहरू आवश्यक कृत्य सकेर आपसमा शास्त्रार्थ गर्न जुट्न थाले । भारती (सरसवाणी)[७] हरवखत शास्त्रार्थ भएको ठाउँमा बसिरहन पाउने हुनु हुन्नथ्यो । उहाँले पतिको निमित्त भोजन र संन्यासीको निमित्त भिक्षा तयार गर्नुपर्थ्यो । यस कारण शारदा (भारती)ले शास्त्रार्थ गर्न आसनमा बसेका मण्डन मिश्र र शङ्करको गलामा एकौटा माला पहिराई आफू गृह-कार्यमा लाग्ने गर्नुहुन्थ्यो । मध्यस्था भएकी उहाँले जय र पराजयको निर्णय गर्नलाई जसको गलाको माला ओइलाएर जान्छ त्यसैको पराजय शास्त्रार्थमा मानिन्छ भन्ने व्यवस्था बाँध्नुभएको थियो । उहाँहरूको शास्त्रार्थ धेरै दिन-सम्म चलिनै रह्यो । त्यो शास्त्रार्थ-सभामा टाढा-टाढाबाट पण्डित-मण्डली जुट्न थाले । सभामा जुटेकाहरूले बीच बीचमा साधुवाद दिएर उत्साह बढा-उँथे । आफ्नो पक्षको प्रमाणरूपमा दुवैले वेदहरूलाई साक्षी मानेका थिए । दिन प्रतिदिन शास्त्रार्थ उत्कृष्ट हुँदै गयो । दुवैमा अत्यन्त प्रेम-भावले शास्त्रार्थ चल्थ्यो । उभय भारती (मण्डन मिश्रकी धर्मपत्नी भारती) केवल मध्यान्ह-कालमा आउनुहुन्थ्यो र पतिलाई भोजनको समय भएकोले पाल्नुहोस् भन्दै

७. शं. जी. च. पृ. ३९

श्रीशङ्करलाई चाहिं भिक्षा पाउन प्रार्थना गर्नुहुन्थ्यो । यस्तै तहरले पाँच छ दिनहरू विते । एक दिन त श्रीशङ्करले मण्डन मिश्रको विलक्षण प्रतिभा वुझेर उनका सबै पक्षहरूको उत्कृष्ट प्रकारले श्रुतिका प्रमाणहरू दिंदै विद्वान्-हरूको सामुमा खण्डन गरी उनलाई प्रतिभाहीन बनाइदिनु भयो । मीमांसाका धुरन्धुर पण्डित मण्डन मिश्रले कर्मकाण्डमा वताइएका वैदिक अनुष्ठानबाट नै मोक्षप्राप्ति हुने सिद्धान्त प्रस्तुत गर्नुहुन्थ्यो, तर ब्रह्मविद्याका शिरोमणि श्रीशङ्करले चाहिं केवल ज्ञानवाट मात्र मोक्ष पाइने हुनाले वैदिक कर्म चित्तशुद्धिको निमित्त भई परम्परया ज्ञानको कारण हुन्छ भन्ने प्रमाण दिनु-हुन्थ्यो । वेदभित्रकै समान प्राधान्य भएका कर्मकाण्ड र ज्ञानकाण्डमा कुन चाहिं वास्तवमा साक्षात् कैवल्यमुक्तिदायी हो भन्ने प्रसङ्गमा धेरै दिन वार्ता चलिरह्यो । आखिरमा आफ्नो सिद्धान्त प्रवल पार्न असमर्थ भएका मण्डन मिश्रले अद्वैत-सिद्धान्तको खण्डन गर्न लागे ।

अद्वैत विषयक शास्त्रार्थ चलाएर मण्डन मिश्रले जीव र ब्रह्मको एक-ताको प्रमाण छैन भन्दा श्रीशङ्करले उपनिषद्हरूका वाक्यहरू प्रस्तुत गर्दै ब्रह्म व्यापक भएको र ब्रह्म नै आत्मा हुँदा जीवब्रह्मैक्य सिद्ध भएको तथ्य प्रकट गर्नुभयो । मण्डन मिश्रले 'तत्त्वमसि' यो वाक्य उपासना-परक हो भन्ने अर्थ लगाई द्वैतवाद सिद्ध गर्न खोजे, तर श्रीशङ्करले त्यो वाक्यमा 'उपासीत' 'उपास्व' आदि उपासना-विधि वुझाउने पद नभई 'असि' पद वर्तमान कालसूचक भएकोले जीव र ब्रह्मको एकता नै वुझाउँछ भन्नुभयो । यसपछि मण्डन मिश्रले उसो भए 'तत्त्वमसि' वाक्य उपासना-परक नहोस् तर यसले जीव र परमेश्वरको सादृश्य (तुल्यता) मात्र वताई एकता वताएको होइन भने । श्रीशङ्करले उत्तर दिंदै भन्नुभयो— 'तत्त्वमसि' यो वाक्यले यदि ब्रह्मको साथ जीवको साम्यको मात्र वर्णन गरी अभेदको वर्णन गरेको होइन भने त्यो साम्य कुन गुणलाई लिएर गरेको हो ? चैतन्यको द्वारा हो अथवा सर्वज्ञता आदि गुणहरूको द्वारा हो ? पहिलो पक्ष मिल्दैन किनभने आत्माको

---

८. शं. दि. ८।७२

चेतनता लोकप्रसिद्ध छ, त्यहाँ सादृश्य बताउने उपदेश चाहिँदैन । थाह भै रहेको कुरा के बताउन लायक छ ? यदि दोस्रो पक्ष सर्वज्ञता आदि गुणहरूको द्वारा जीव र ब्रह्मको सादृश्यमात्र बताएको हो, एकता होइन भन्ने अड्डी लिने हो भने तपाईंकै आफ्नो सिद्धान्तसँग विरोध खान्छ, किनभने तपाईं आत्मालाई सर्वज्ञ या सर्वशक्तिमान् मान्नु हुन्न । यसकारण 'तत्त्वमसि' वाक्य सादृश्यपरक अर्थमा श्रुतिमा रहेको होइन, यो त एकता-प्रतिपादक (अभेदप्रतिपादक) नै मानिएको छ ।"

यसरी शास्त्रार्थ चल्दै जाँदा श्रीशङ्करले अभेद श्रुतिको प्रबलता हरेक प्रकारले सिद्ध गरिदिनुभयो । मण्डन मिश्र शास्त्रार्थमा पराजित भए, उनको पराजय स्वयं मध्यस्था सरस्वतीरूपिणी भारती (शारदा) ले अनुमोदन गर्नुभयो । मण्डन मिश्रको गलाको माला ओइलाएको देखियो र उनको अनुहार मलिन हुँदै गयो । पतिको भावी संन्यास-ग्रहण हुने कारणले गर्दा भारतीको पनि अनुहारमा खिन्नता छाएको थियो । यसपछि भारतीले दुवैलाई भिक्षाको निमित्त बोलाएर दुवैलाई भिक्षा-ग्रहणको समान पदमा रहेको संकेत दिनुभयो । तब श्रीशङ्करसँग भारतीले आफ्नो यस लोकको लीला सकिएकोले योगबलद्वारा स्वधाममा जाने इच्छा प्रकट गर्नुभयो । तर श्रीशङ्करले वनदुर्गामन्त्रद्वारा उहाँलाई अपेक्षित समयसम्मको लागि बाँधेर लोकमै प्रतिष्ठापित गराउनुभयो । भारतीलाई पनि हराएर अद्वैत-मतको प्रचार गर्नुपर्ने कार्यको निमित्त मात्र उहाँले भारतीलाई रोक्नुभएको हो, तर आफ्नो सर्वज्ञता[६] देखाएर मान पाउने हेतुले यस्तो बन्धन पार्नुभएको होइन । मण्डन मिश्रले आफ्नो पराजयले दुःख प्राप्त नभए तापनि जैमिनिको वचनको खण्डनले खिन्नता प्राप्त भएको आफ्नो अनुभव बताउँदै जैमिनिजस्तो वेदवेत्ताले बनाएको सूत्रहरू निरर्थक हुन् कि भनी श्रीशङ्करसँग सोध्नुभयो । तब श्रीशङ्करले मण्डन मिश्रको चित्त बुझाउँदै भन्नुभयो– "हे खुला हृदय भएको मिश्रजी ! जैमिनिको परम अभिप्राय परब्रह्म प्राप्त

६. शं. दि. ८।१३४

नगराउनामा थिएन, किन्तु विषयमा आसक्त भएका मनुष्यहरूप्रति दया राखेर उनीहरूलाई ब्रह्मप्राप्तिको परम्परया साधन भएको पुण्यकर्ममा लगाउनुमा थियो। ब्रह्मज्ञानीहरू[१०] यज्ञ, दान, यथेच्छ भोग नगर्नुरूपी तपद्वारा त्यो ब्रह्मलाई जान्न इच्छा गर्दछन् भन्ने श्रुतिकै अनुसार जैमिनिले योग्यता प्राप्त गराउन धर्माचरणमा जोड दिएका हुन्। मोक्षलाई परम पुरुषार्थ मान्ने जैमिनिले अर्को अभिप्राय लिएको हुन सक्तैन। कर्मजन्य चित्त-शुद्धि ब्रह्मज्ञानको परम्परया सहायक नै हुन्छ। अक्रियार्थ वचन निरर्थक हुन्छ भन्ने कुराको अभिप्राय चाहिं कर्म-प्रकरणका वचनहरू कार्य-परक हुनै पर्छन् भन्ने मात्र हो। सच्चिदानन्द ब्रह्म बताउने वचनहरू कार्य-परक हुँदैनन्, किन्तु यी सिद्ध-परक हुन्छन्। कर्म जड हुनाले क्रिया-रहित हुँदा कर्म-फल-दाता ईश्वर नै श्रुतिले मानेको छ। कर्मद्वारा आराधित ईश्वर कर्म-फल-दाता मान्नुपर्दछ। श्रुतिले[११] ईश्वरलाई नै धर्माधर्मको फलदाता मानेको छ। ईश्वरलाई जैमिनिले नमान्नुको अभिप्राय तार्किक-सम्मत, श्रुतिहीन, शुष्क-अनुमानले खडा गर्ने ईश्वर नमान्नु हो, तर श्रुतिसिद्ध ईश्वरको अपलाप गर्नु होइन। श्रुतिले[१२] नै वेदको अनभिज्ञले त्यो वृहत् ब्रह्म बुझ्न सक्तैन भनेको छ। यसैले जैमिनिको सिद्धान्तको खण्डन मान्नु उक्त गूढभाव नजान्नु हो। गुरु वेदव्यासको ब्रह्म सिद्धान्तको विपरीत जैमिनि गएको होइन, किन्तु साधनको अभ्यासद्वारा लोक-कल्याणमा लगाउन प्रयत्न भएको हो। एउटै वैदिक संस्कृतिको धर्मजिज्ञासा तथा ब्रह्मजिज्ञासाको मर्म बुझ्न सकेमात्र वेदको अखण्डस्वरूपको समन्वयको बोध हुन्छ।" यसरी श्रीशङ्कराचार्यले सन्देहको लेश पनि बाँकी नराखिदिएकोले मण्डन मिश्र कृतार्थ हुनुभयो र श्रीशङ्करको स्तुति गर्न लाग्नुभयो– "हे प्रभो मैले हजूरको ज्ञानस्वरूप ज्योतिको उज्यालो-मा जन्म-जन्मको अन्धकार हटाउने मौका पाएँ। हजूरले वेदमा भएको

---

१०. वृहदारण्यकोपनिषद् ४।४।२२
११. ब्रह्मसूत्र ३।२।८ अधिकरण
१२. नावेदविन् मनुते तं वृहत्तम् (वृहदारण्यक)

परम तत्त्वरूपी 'तत्त्वमसी' भन्ने ज्ञानदीपले अज्ञानान्धकार हटाइरहनु भएको छ। पथभ्रष्टहरूले खडा गरेका अनीश्वरवाद, भेदवाद, अनात्मवाद आदि विकृतिहरूबाट वेदलाई बचाउँदै गइरहनु भएको छ। लोकान्तर–प्राप्तिलाई मुक्ति मान्नेहरूको गति हास्यास्पद[13] भएको छ। तत्त्वतः वेदहरू ब्रह्मात्मविषय हुन् भन्ने बुझ्न भगवान्‌को अनुग्रह चाहिंदो रहेछ। साक्षात् शङ्करस्वरूप हुनुभएको हजूरले वेदका काण्डत्रयको मर्म छर्लङ्ग पारिबक्सियो। वेदहरूमा कुनै अनीश्वरवाद, अनात्मवाद, विकृतिवाद, भेदवाद आदिका स्थानहरू रहेनछन्। विश्वात्मवादको प्रकाश फैलाउँदै वेदहरूले शान्तिको पाठ पढाएका रहेछन्। चिदानन्दलहरी[14] नै वैदिक मुक्तिको स्थिरतम स्वरूप रहेछ। यस्तो निरुपाधि चित्स्वरूपमात्र श्रुतिको सार भएको कुरा कणाद गौतम आदि भेदवादीहरूले के जानून्। उनीहरूले[15] यस विषयमा अन्धकार नै छोडेर गए। फलाशारूपी यन्त्रमा चढेर म तपस्या, शास्त्र, घर, स्त्री, पुत्र, भृत्य तथा धनमा अभिमान राख्दै संसाररूपी कुआमा[16] खसेको रहेछु, तर हजूरले निर्मल ज्ञानको ज्योति जगाई मेरो उद्धार गरिदिनुभयो। यसकारण म आफ्ना पुत्र, स्त्री, घर, धन, गृहस्थाश्रम, तथा संसारचक्रमा घुमाउने अन्धकर्म यी सबै छोडेर हजूरको शरण परेको छु। मलाई अब शिष्यत्व प्रदान गर्नुहोस्।" यसरी मण्डन मिश्रले शिष्यको रूपमा संन्यासी बनी प्रतिज्ञा पूरा गर्न चाहेको देखी उनकी धर्मपत्नी भारतीले शङ्करलाई पूरा तहरले जित्न अर्धाङ्गिनी भएकी आफूलाई शास्त्रार्थमा जित्नुपर्छ भन्नुभयो। अर्धाङ्गिनीलाई पनि नजिती जितेको मानिदैन भन्ने घोषणा गर्नुभयो र उनीलाई जितेपछि मात्र पति मण्डन मिश्रलाई मुंडेर शिष्य बनाउन कुनै आपत्ति छैन भन्ने विनति चढाउनुभयो। शास्त्रार्थ चलाउन उत्कण्ठित भएकी

---

१३. शं. दि. ६।२६
१४. शं. दि. ६।२७
१५. शं. दि. ६।३१
१६. शं. दि. ६।३५

भारतीको अर्थ-सम्पन्न वचन सुनेर श्रीशङ्कराचार्यले यशस्वी पुरुषको इच्छा महिलाजनसँग वादविवाद चलाउन उठ्दैन भन्नुभयो । तब विदुषी भारतीले श्रीशङ्करलाई उहाँको पक्षको रक्षा गर्ने इच्छा भए उहाँको मतको खण्डन गर्ने पुरुष वा महिला जो पनि खडा हुन आए शास्त्रार्थ गर्नेपछ भन्नुभयो । महिलासँग शास्त्रार्थ भएको उदाहरण दिंदै भारतीले गार्गीसँग[17] भएको याज्ञवल्क्यको शास्त्रार्थ र सुलभासँग[18] भएको जनकको शास्त्रार्थको स्मरण गराउनुभयो । के स्त्री जातिसँग शास्त्रार्थ गर्दा उनीहरूको यशस्विता नष्ट भयो ? भन्ने प्रश्न पनि खडा गर्नुभयो । भारतीको युक्तियुक्त वचन सुनेर श्रीशङ्कर उनीसँग शास्त्रार्थ गर्न तयार हुनुभयो । विद्वान्हरूको सभा बस्यो । श्रीशङ्कर र भारतीको बीचमा चलेको वेद आदि समस्त शास्त्रहरूको अपूर्व चर्चा सुनेर विद्वान्हरू विस्मित भए । यो शास्त्रार्थ न दिनमा रोकियो न रातमा, केवल सन्ध्या-वन्दन आदि निश्चित समयमा मात्र विश्राम लिइएको थियो । धाराप्रवाह रूपमा यसरी शास्त्रार्थ चल्दा सत्र दिनहरू बितिसके । यसपछि भारतीले अन्य शास्त्रहरूमा शङ्करलाई अवाक् बनाउन नसक्ने देखी बालक अवस्थामै संन्यास-ग्रहण गरेको शङ्करको बुद्धि कामशास्त्रमा प्रविष्ट हुन नसक्ने विचार गरी कामशास्त्रके चर्चाद्वारा उनलाई हराउन प्रश्न गर्न थाल्नुभयो– "ए यतिराट् शङ्कर ! कामका कलाहरू कति छन् ? तिनका स्वरूपहरू कस्ता छन् ? कुन स्थानहरूमा तिनीहरू रहन्छन् ?" यसरी कामशास्त्रको विषयमा भारतीले अनेक प्रश्नहरू उठाएपछि बाल-संन्यासी शङ्कर अक्क न बक्क पर्नुभयो । सर्वज्ञ[19] हुनुहुन्थ्यो तापनि यति-धर्म नष्ट हुने देखेर संन्यासीको शरीरबाट कामशास्त्रको अभिज्ञ नभएको मर्यादा कायम गर्न एक महीनाको अवधि श्रीशङ्करले भारतीसँग यस विषयमा माग्नुभयो । अवधि दिने प्रथा मान्य भएकोले भारतीबाट सो स्वीकृत भयो ।

---

१७. बृहदारण्यकोपनिषद् ३।६

१८. महाभारत शान्तिपर्व ३२० औं अध्याय

१९. शं. दि. ९।७१

तब शङ्कर शिष्यहरूको साथ आफ्नो उद्देश्य पूरा गर्न निस्कनुभयो। अकस्मात् एक ठाउँमा मरेको कुनै राजालाई युवती रानीहरूले घेरेको र मन्त्रीहरू दुःख मनाउँदै रहेको फेला पार्नुभयो। यी राजाको नाम अमरुक थियो। उनी शिकार खेल्न जाँदा रातमा रूखको फेदमा मूर्च्छा परेर मरेका थिए। श्रीशङ्करले यो चाल पाई शिष्य सनन्दनलाई आफू मृत राजाको शरीरमा प्रवेश गरी कामशास्त्र बुझी फेरि आफ्नो शरीरमा फर्की भारतीलाई कामशास्त्रमा पनि हराई मण्डन मिश्रलाई संन्यासी बनाउने कुरा सुनाउनुभयो। शिष्य सनन्दनले गुरु शङ्करलाई विषयको अनुरागले भुलाउने र संन्यासीको व्रत खण्डित हुँदा महान् पातक लाग्ने कुरामा स्वयं विचार गर्न विनति चढाउनुभयो। यसै प्रसङ्गमा सनन्दनले मत्स्येन्द्रनाथ[२०] कुनै मृत राजाको शरीरमा पसेर नाच, गान, भोग आदिमा आसक्त भएर भुलिरहँदा उहाँको पहिलेको शरीरको रक्षा गर्न कुरिरहने शिष्य गोरखनाथलाई फसाद परेको र उनले नृत्य-विद्या-शिक्षकको भेषमा गुरुलाई तत्त्वज्ञान गराउने गानद्वारा रागरहित बनाएर पुरानै देहमा प्रवेश गराएको कठोर कार्यको वर्णन गर्दै विषयभोगले बरबाद पार्न सक्ने संभावना प्रकट गरे। तर शङ्कराचार्यले परमार्थ जान्नेलाई बरबाद पार्न नसक्ने तथ्य प्रकट गर्नुभयो। यसपछि श्रीशङ्करले एउटा गुफा देखाई शिष्यहरूलाई त्यहाँ रही उहाँको संन्यासी शरीरको रक्षा गर्न आज्ञा दिनुभयो र आफू सूक्ष्मशरीरद्वारा योगबलले त्यो मृत राजाको शरीरमा प्रविष्ट हुनुभयो। मृत राजामा प्राणको सञ्चार भएको देखेर रानीहरू हर्ष मनाउन लागे। प्रधानमन्त्री आदिले शान्ति कर्म गराई मङ्गलयात्रापूर्वक हात्तीमा राजाको सवारी चलाए। दरबारमा पुगेर राजाले उत्तम रीतिले राज्य चलाउन थाले। उनको शासन हुनेबित्तिकै धन, धान्य, पशु आदिमा विलक्षण समुन्नति भएको र देश नै स्वर्गसमान फलेफुलेकोले उनको विषयमा मन्त्रीहरूले सन्देह गरी सल्लाह गर्न लागे। मन्त्रीहरूले कुनै ऐश्वर्यशाली पुरुष यो राजाको शरीरमा प्रवेश गरेको हुँदा यस्तो अचम्म-

---

२०. शं. दि. ९।८०–८५

को समुन्नति र राज्यको सुसञ्चालन भएको हुनुपर्दछ भन्ने निश्चय गरे। यी राजा कदाचित् आफ्नो पुरानो शरीरमा प्रवेश गर्न गए भने आपत्ति आउनेछ भन्ने सल्लाह गरी मन्त्रीहरूले नोकरहरूलाई बोलाई गुप्त तरीकाले मृतक पुरुष-शरीर कहीं फेला परेमा कुनै विचारै नगरीकन जलाइहाल्न आज्ञा दिए। यसो भएपछि यो राजा छोडेर जान पाउँदैन भन्ने मन्त्रीहरूको धारणा भयो। यसपछि ती राजाले आफ्ना विश्वस्त मन्त्रीहरूउपर राज्यको भार राखेर आफू भोग-विलासतिर मग्न भई काम-कलाहरूमा निपुणता प्राप्त गरे। राजाको भेष धारण गर्ने शङ्करले वात्स्यायनरचित कामसूत्र र त्यसको भाष्यको अनुसन्धान गरी अभिनव अर्थले युक्त एक निबन्धको[२१] स्वयं रचना गरे। भोग-विलासमा लागेर गुरु शङ्करले पहिले दिएको एक महिनाको अवधि बिर्सेर अझ पाँच छ दिन बढी बिताइसकेकोले शिष्यहरूले गुरुको पहिलेको शरीरको रक्षागर्ने केही मानिसहरूलाई त्यहीं राखी अरू चाहिं गुरुको खोजमा हिंडे। उनीहरू अमरुक राजाको विशाल नगरीमा पुगे। अमरुक राजा एक पल्ट मरेर बाँचेको वृत्तान्त त्यहाँ सुनेपछि यो राजा हाम्रै गुरु शङ्कर हो भन्ने निश्चय गरे। राजा युवतीहरूको प्रेम र गान-विद्यामा आसक्त भएको कुरा थाहा पाएपछि गायकहरूको भेषमा त्यहाँ पुगे। उनीहरूले शङ्करलाई मधुर गानबाटै उहाँको कर्तव्य र शिष्यहरूको छटपटको स्मरण गराए। यसरी स्मरण हुँदा शङ्कर मूर्च्छित हुनुभयो र राजदेह छोडेर योगबलले पहिलेकै शरीरमा प्रविष्ट हुनुभयो। तर राज-भृत्यहरूले आगो लगाइ-दिएको पहिलेको संन्यासी-शरीर जलिरहेकोमा नरसिंह भगवान्को स्तुति गर्दै उहाँको कृपाद्वारा साबूत शरीर प्राप्त गर्नुभयो। यसपछि शोकाकुल सनन्दन आदि शिष्यहरूलाई सान्त्वना दिंदै उनीहरूको साथ मण्डन मिश्रको घरतर्फ लाग्नुभयो। त्यसबेला मण्डन मिश्रको कर्मकाण्डी पूर्वाग्रह र अभि-मान गलिसकेको थियो। उनको फलश्रुतिमा आस्था नरहेको र विषय-भोगको इच्छा मरिसकेको थियो। गुरु शङ्करको पाउमा छाँद हाली मण्डन मिश्रले

---

२१. शं. दि. १०।१८

आफ्नो सर्वस्व नै उहाँलाई माने । भारतीले शङ्करको संम्मान गरी काम-शास्त्रमा पनि शङ्करकै विजय घोषित गरी आफू अन्तर्धान भइन् । यसपछि शङ्करले मण्डन मिश्रलाई संन्यासविधिबाट 'सुरेश्वर' नामक संन्यासी शिष्य बनाउनुभयो । शङ्करले मण्डन मिश्रलाई 'तत्त्वमसि'[२२] मन्त्र दिनु-भएको थियो । यस मन्त्रबाट मण्डन मिश्र सर्वदृश्यरहित (अनात्मरहित) आत्मस्वरूपमात्र (ब्रह्मस्वरूपमात्र) ले रहनुभयो । श्रीशंङ्करले मण्डन मिश्रलाई अद्वैत वेदान्तको तत्त्व यसप्रकार संझाउनुभयोः– "हे शिष्य ! तिमी देह होइनौ । देह त घटको समान जड छ । तिमी त चेतन आत्मा हौ । देह नष्ट हुन्छ तर चेतन सधैं रहन्छ । दृश्य देहदेखि द्रष्टा चेतन भिन्न हो भन्ने अनुभव गर । दृश्यहरू कल्पित हुनाले नष्ट हुन्छन् तर द्रष्टा चेतन सत्य हुनाले नित्य रहिरहेको छ । शरीर, इन्द्रिय, मन र बुद्धिदेखि भिन्न आफू जान । आफू आत्मा सच्चिदानन्द प्रत्यक्स्वरूप व्यापक छ । नाशवान् पदार्थदेखि वैराग्य प्राप्त गर । आत्ममात्रले रहेको गुरुको अनुभूति प्राप्त गर्न गुरुको शरणमा परी श्रवण, मनन र निदिध्यासनको अभ्यासद्वारा 'आफू ब्रह्म हुँ' भन्ने दृढ अपरोक्षज्ञानमा रहू । सविकल्प समाधिद्वारा परिपक्व निर्विकल्प समाधि प्राप्त हुन्छ । ध्याता, ध्यान र ध्येय भन्ने त्रिपुटी हराए-पछि आफमात्र चिद्रूप बाँकी रहन्छ । उम्रेका उपाधिहरू भस्म हुन्छन् । मनोनाश, वासनाक्षय भई अद्वैत-तत्त्वमात्र रहन्छ । सारा विश्व ब्रह्म नै हो । आरोपित नामरूप वास्तवमा नभएको जान । यो सबै बुझ्न, अभ्यास गर्न र चिन्मात्ररूपले रहन गुरुको आश्रय नछोड ।" श्री शङ्करले परमात्म-तत्त्वको शिक्षा दिएपछि संन्यासी सुरेश्वर (पहिलेका मण्डन मिश्र) वेदान्तको चिन्तनले आनंदस्वरूप नै भई नर्मदाको किनार मगध[२३] देशमा स्थित भए । यिनै सुरेश्वराचार्यले गुरु शङ्कराचार्यको बृहदारण्यक भाष्य र तैत्ति-रीय भाष्यउपर वार्तिकको रचना गरे । यसबाहेक उनले 'नैष्कर्म्य सिद्धि' भन्ने

---

२२. शं. दि. १०।७५
२३. शं. दि. १०।१०५

ग्रन्थको पनि रचना गरे ।

श्रीशङ्कराचार्य दुष्ट मतहरूवाट वैदिक धर्मलाई बचाउन दक्षिण दिशातिर लाग्नुभयो । जहाँ जहाँ सनातन वैदिक धर्ममा नचाहिँदा विकृतिहरू ल्याउन मनुष्यहरू तत्पर भएका थिए, त्यहाँ त्यहाँ गएर वैदिक तत्त्वको प्रकाश पार्दै सत्य मार्गमा तिनीहरूलाई ल्याउन श्रीशङ्करले जीवन अर्पित गर्नुभएको थियो ।

८. दक्षिणयात्रा, उग्रभैरवको पराजय, शिष्य हस्तामलक, शिष्य तोटकाचार्य र माताको उद्धार

दक्षिणतिर लाग्दै श्रीशङ्कर महाराष्ट्र देशमा पुग्नुभयो । त्यहाँ आफ्ना भाष्यग्रन्थहरूको प्रचार गर्दै वेदको परम लक्ष्य एक अद्वितीय ब्रह्ममा आस्था जगाउनुभयो । कर्मकाण्डको प्रयोजन संझाउँदै क्रमशः वेदको शिरोभाग ज्ञानकाण्डको तत्त्वमा रहन शिक्षा दिनुभयो । वेदविरुद्ध मतहरूको व्यर्थता दर्शाउँदै तिनीहरूको मान्यता केही नभएको रहस्य झल्काउनुभयो । श्रीशङ्करका सनन्दन, सुरेश्वर आदि शिष्यहरूले पनि गुरुको आशयबमोजिम अन्य मतावलम्बीहरूको अभिमान चूर्णचूर्ण पार्थे । श्रीशैल (श्रीपर्वत)मा पुगेर भ्रमराम्बा देवी (पार्वती) ले युक्त मल्लिकार्जुन नामक शिवलिङ्गको दर्शन गरी उहाँहरूले कृष्णा नदीको किनारमा निवास गर्नुभयो । त्यहाँ पनि श्रीशङ्करले श्रेष्ठ पण्डितहरूलाई आफ्ना वेदरहस्योद्घाटक ग्रन्थहरू पढाउनुभयो । गुरुलाई सघाउँदै सुरेश्वर[1] आदि शिष्यहरूले पनि पाशुपत, वैष्णव, वीरशैव, माहेश्वर आदि मतावलम्बीहरूका आक्षेपहरूको खण्डन गर्दथे । धेरैले आफ्ना मतहरू त्यागेर शङ्करको शिष्यत्व स्वीकार गरे, तर केहीले वेदान्त तत्त्व नबुझी साक्षात् ब्रह्म-स्वरूप शङ्करसँग स्पर्धा गर्न लागे । वैदिक कल्याणदायी मार्गमा चल्न विचारशील पुरुषहरूले चाहिं दृढ प्रतिज्ञा गरे । यसरी श्रीशङ्करले अविद्याको वशमा परी भेदभावमा चुर्लुम्म डुबेका मनुष्यहरूको उद्धार वैदिक अद्वैतवादको प्रचारद्वारा गर्न सफलता प्राप्त गर्नुभयो ।

---

१. शं. दि. १०।११५

एक पटक त्यहाँ एक उग्रभैरव नामको कापालिकले श्रीशङ्करलाई शास्त्रार्थमा हराउन नसक्ने ठहराई उहाँलाई धोका दिएर मार्ने योजना बनायो। श्रीशङ्कराचार्य एकान्तमा बसेको बेलामा त्यो कापालिक गयो र उहाँको दयालुताबाट फाइदा उठाई आफ्नो योजना सिद्ध गर्न कपटभावले अनेक तरहसँग स्तुति गर्न लाग्यो– "हे करुणासागर शङ्कर ! हजूरको सर्वज्ञता, सुशीलता, दयालुता आदि गुण सुनेर हजूरको दर्शन पाउने साह्रै उत्कण्ठा थियो,त्यो आज भाग्यले पूर्ण हुँदा म आनन्दमग्न भएको छु। हे परोपकारी यतिराट् ! हजूरले देहाभिमान छोडेर अद्वैत चेतन तत्त्व मात्रको प्रकाश पार्नु भएको छ। सर्वज्ञ भएर पनि हजूरमा अभिमानको लेश पनि देखिदैंन। सबैको कल्याणको निमित्त अमृतमय उपदेश दिने हजूरमा लोकोत्तर गुणहरू चम्किरहेछन् पर तथा अपर ब्रह्म र कारण तथा कार्यको पूर्ण ज्ञान राख्ने हजूरबाट धेरैको उद्धार भएको छ। हजूरकहाँ आएपछि कुनै पनि साधकले आफ्नो मनोरथ सिद्ध नहोला भन्नु पर्दैन। यसकारण हजूरजस्तो सर्वज्ञ सिद्ध पाएर आज म भगवान् भैरवलाई प्रसन्न पार्ने चेष्टा गर्नेछु।हे प्रभो ! मैले यसै देहले कैलाशमा जानको निमित्त र त्यहाँ श्रीमहादेवको साथ रमण गर्नाको निमित्त सय वर्षसम्म अत्यन्त तीव्र र कठोर तपस्या गरेर श्रीशिवजीलाई प्रसन्न पारेको छु। प्रसन्न भएका महादेवले प्रकट भएर मलाई सर्वज्ञ महापुरुषको अथवा कुनै राजाको शिर अग्निमा हवन गर्न सक्यौ भने इच्छा गरिएका पुरुषार्थको अवश्य प्राप्ति हुनेछ भनी आज्ञा भएको छ। महादेव अन्तर्धान भएपछि म रोजै सर्वज्ञ महापुरुषको अथवा कुनै राजाको शिरको खोजीमा छु। मैले शिर दिने त्यस्तो परोपकारी राजा भेट्टाउन सकिन। हे प्रभो ! आज मेरो भाग्यको उदय भयो। मैले परोपकारको निमित्त शरीर धारण गर्ने, विरक्त, देहाभिमानशून्य, सर्वज्ञ महापुरुष हजूरलाई पाएँ। हजूरले शरीरको अनित्यता संझेर मलाई हजूरको शिर दिनुभयो भने मेरो व्रत पूरा हुने थियो।"

कपटी कापालिकले यसरी प्रार्थना गर्दा श्रीशङ्करले आफ्नो स्वच्छ दयार्द्र हृदयको परिचय दिंदै आफ्नो शिर दिने वचन प्रकट गर्नुभयो। एकान्त-

मा समाधिमा बसेको वेलामा आएर शिर लैजान अह्राउनुभयो । श्रीशङ्करले यो कुरा पनि खोल्नुभयो कि शिष्यहरूले थाहा पाए भने गुरुको शिर कुनै हालतमा पनि दिने छैनन् । यसकारण सबैको अगाडि शिर पाउने आशा नहुँदा एकान्तमै आएर शिर लैजान आज्ञा दिनुभएको हो । त्यो कापालिकको कुरा शङ्करले कुनै शिष्यलाई पनि बताउनुभएन । श्रीशङ्कर जुन समयमा समाधि लगाएर बस्नुभएको थियो त्यसै वेला त्यो कापालिक हातमा त्रिशूल लिएर, त्रिपुण्ड्र धारण गरेर, हाडहरूको माला लगाएर, रक्सीको सुरमा राता राता आँखा लगाएर भयङ्कर रूपमा त्यहाँ आयो । त्यस वेला शङ्करका शिष्यहरू स्नानादि कार्यहरूको निमित्त टाढा-टाढा गएका थिए । त्यो भैरवाकार कापालिकलाई देखेर शङ्करले आफ्नो शरीर छोड्ने निश्चय गर्नुभयो । श्रीशङ्करले समाधिमा चित्तत्त्वमा नै समस्त वृत्तिहरूलाई होमी सम्पूर्ण सृष्टिलाई बिर्सनुभएको थियो । एकान्तमा शङ्करलाई पाएर निडर-भावले त्यो कापालिक (उग्रभैरव) तरवार (त्रिशूल) उठाउँदै शिर काट्न उद्यत भएको वेला शङ्करका शिष्य पद्मपादले तुरुन्त चाल पाइहाले । पद्मपाद सिद्ध तपस्वी थिए । यसकारण ध्यानमा गुरुलाई मार्न लागेको थाहा भैहाल्यो । अब नृसिंहको परम तेजको ध्यान गर्दै मन्त्रसिद्ध पद्मपादले नृसिंहको रूपधारण गरे । तुरुन्तै डरलाग्दो नृसिंह रूपले कापालिकप्रति जाइलागे र त्रिशूलमाथि कापालिकलाई फ्याँकेर उसको छाती चिरिहाले । त्यस दुष्टको देह आफ्ना भयानक नङ्हरूद्वारा छियाछिया पारेर मारे । त्यहाँ भयानक आवाज उठेको सुनेर बाहिर गएका शिष्यहरू व्याकुल हुँदै दौडदै आए । उनीहरूले त्यो उग्रभैरव नामको कापालिक मरेको तथा त्यसबाट मुक्त भएको पूज्य गुरु शङ्कर सुखपूर्वक रहनु भएको देखे । पद्मपादको यस्तो चमत्कार थाहा पाएर अरू शिष्यहरू छक्क परे । नरसिंहलाई विशेष स्तुतिद्वारा शान्त गराएपछि पद्मपादले पहिलेकै शान्त स्वरूप प्राप्त गरे र तुरुन्त गुरु शङ्करको पाउमा शरण परे ।

श्रीशङ्कराचार्य आफ्ना शिष्य पद्मपाद, सुरेश्वर आदिका साथ तीर्थ-हरूमा घुम्दै गोकर्ण नामक तीर्थमा पुग्नुभयो । समुद्रको किनारमा रहेको

त्यस शिव क्षेत्रमा उहाँले श्रीमहेश्वरको दर्शन गर्नुभयो । कामदेवको शत्रु श्रीमहादेवलाई प्रणाम गरेर पवित्र हृदयको भावना प्राप्त गर्नुभयो । विष-पान गरे तापनि कत्ति विकार उत्पन्न नभएको शिवको दर्शनबाट आफूमा पनि निर्विकारी ब्रह्मात्मभावको श्रीशङ्करले अनुभव गर्नुभयो । शिवजी भूमा[2] ब्रह्म हुनुहुन्छ, उहाँभन्दा परमतत्त्व अरू केही छैन र यही परमतत्त्व नै मेरो सत्य स्वरूप हो भन्ने अनुभूति श्रीशङ्करले गर्नुभयो । गुणातीत ज्ञानीद्वारा निरुपाधिरूपले चिन्तन गरिने गोकर्णनाथको चित्‌तत्त्वमा मग्न भएर श्रीशङ्करले त्यहाँ तीन रात विताउनुभयो । त्यहाँवाट तीर्थहरूका दर्शन गर्दै हरिशङ्कर नामक पवित्र तीर्थमा पुग्नुभयो । भेदवादी-हरूको भ्रम हटाउन अद्वैतवादको मुद्रा दर्शाउने हरि र शङ्करको एकै चैतन्य रूपमा पूजा गरी हरिशङ्कर भगवान्को स्तुति गर्नुभयो । विष्णु र शिवमा ब्रह्मभावले केही भेद नहुँदा उहाँको भावना वर्णनातीत हुन गयो । यसपछि श्रीशङ्कर 'मूकाम्बिका' भगवतीको मन्दिरतिर जानुभयो । श्रीशङ्करले विचित्र चरित्र देखाएर यहाँ आफ्नो अलौकिक शक्तिको परिचय दिनुभयो । ब्राह्मण-दम्पती मरेको छोरा लिएर आकुल-व्याकुल हुँदै छाती पिट्दै रोइ-रहेको देख्नुभयो र दयाले दुःखी हुँदै तीनै लोकको रक्षा गर्नेको स्मरण गर्दै प्रार्थना गर्नुभयो । शङ्करले यसरी प्रार्थना गर्दैमा त्यो मृत[3] वालक सुतेर उठे झैं गरी खडा भयो । ब्राह्मणको वालक वाँचेको देखेर सवैले शङ्करको दिव्य चरित्रमा आश्चर्य प्रकट गरे । श्रीशङ्करले 'मूकाम्बिका' भगवतीको पूजा गर्दै स्तुतिद्वारा परार्धभन्दा पनि धेरै गणनातीत प्रभाहरू, मानसिक चौसट्ठी उपचारहरू, वाह्य पूजाहरू, एकतानुभवावस्था, तन्त्रशास्त्रीय अडतीस कला-हरू, समाधियोग, श्रीचक्र, षट्चक्र, चक्रमन्त्रद्वारा एकता-चिन्तन आदि विविध वस्तुहरूको प्रकाश पार्नुभयो । श्रीशङ्करले शान्त चित्त लिंदै केही समय त्यहीं विताउनुभयो । देवताहरूमा भेदभाव नराखी सवैको पूजा

---

२. शं. दि. १२।५

३. शं. दि. १२।२४

श्रीशङ्करबाट भक्तिभावपूर्वक भएकोले वैदिक धर्मको महत्त्व बढ्दै गयो॥

यसपछि शिष्यहरूका साथ आचार्य शङ्कर 'श्रीवलि' नामक अग्रहार (ब्राह्मणहरूको गाउँ) मा जानुभयो। त्यहाँ प्रत्येक घरमा अग्निहोत्र हुन्थ्यो र हवनबाट फैलिएको हावाले वातावरण नै वैदिक प्रकाशले रमणीय बनेको थियो। त्यहाँका ब्राह्मणहरू आफ्ना कर्महरू आलस्य त्यागेर पूरा गर्दथे। वैदिक कर्मकाण्डको आदर्श गाउँमा पुगेर वैदिक-धर्म-प्रतिष्ठापक श्रीशङ्कर अत्यन्त प्रसन्न हुनुभयो।

त्यस नगरमा एक प्रभावशाली, शास्त्रज्ञ, प्रवृत्तिमार्गरत, यज्ञपरायण, सम्पन्न 'प्रभाकर' नाम भएका ब्राह्मण थिए। उनको घरमा गाईहरू, धन, परिवार आदि जुटेका थिए तापनि उनको छोरा अर्धविक्षिप्त जस्तो भएकोले उनलाई सन्तोष थिएन। त्यो छोरा कसैसँग नबोल्ने, नहाँस्ने र सधैं झोक्ने थियो। त्यो बालकको रूप भने खूब चम्किलो, राम्रो थियो। जड झैं केही काम नगर्ने छोरालाई हेरेर पिता साह्रै चिन्तित थिए। उनले कुनै प्रसिद्ध महात्मा शिष्यहरूको साथ त्यहाँ आउनुभएको चाल पाएर छोराको रोग निको पार्ने उपाय होला कि भन्ने आशा लिएर ती महात्मा (शङ्कर) कहाँ छोरालाई लिएर गए। उनले महात्मालाई फल उपहार चढाई पाउमा ढोगिदिए। छोरालाई पनि महात्माको पाउमा ढोग्न लगाए। त्यो केटो पाउमा परेपछि उठ्दै उठेन र महात्मा शङ्करले नै त्यो केटाको हात समातेर कृपापूर्वक उठाइदिनुभयो। यसपछि पिताले श्रीशङ्करसँग नम्रतासाथ उसको जडताको कारण सोधे। बालकको विषयमा पिताले विनति चढाउँदै भने-"हे प्रभो! यो जन्मेको तेह्र वर्षहरू बिते, अहिलेसम्म यसलाई केही ज्ञान भएन। कुनै प्रकारले यसको उपनयन गरियो, तर यसले वेदहरूको अध्ययन गरेन। अक्षरसम्म पनि यसले सिकेन। केटाहरूले खेल्न बोलाउँदा खेल्न पनि जाँदैन। यसलाई पागल सम्झेर अरू केटाहरूले पिट्दछन्, तर यो रिसाउँदैन र केही पनि बोल्दैन। कहिले खान्छ, कहिले खाँदैन र हामीले भनेको कुरा पनि मान्दैन।" पिताको यस्तो कुरा सुनेपछि श्रीशङ्करले त्यो केटालाई "तिमी को हौ? किन यसरी जडको समान आचरण गर्दछौ?" भनी सोध्नुभयो।

तब त्यो बालकरूपधारी महात्माले अचम्मसँग बोल्यो–

"नाहं जडः किन्तु जडः प्रवर्तते मत्संनिधानेन न सन्दिहे गुरो।
षड्र्मिषड्भावविकारवर्जितं सुखैकता नं परमस्मि तत्पदम् ॥"

"अर्थात् म जड होइन जड त चिद्रूप मेरो नजीक रहनाले प्रवृत्त हुन्छ हे गुरो ! यसमा सन्देह गर्दिनँ । म त आनन्दरूप तथा देहेन्द्रियातीत परमतत्त्व छु । छ प्रकारका ऊर्मिहरू अर्थात् छ क्लेशरूप छालहरू (शोक, मोह, क्षुधा पिपासा, जरा र मृत्यु) देखि रहित चिद्रूप छु । छ भाव विकारहरू (जन्मनु, व्यावहारिक सत्ता पाउनु, परिवर्तन हुनु, बढ्नु, ह्रास हुनु र नष्ट हुनु) देखि पनि रहित छु । म त 'तत्' पद बोध्य शुद्ध चैतन्यस्वरूप हुँ ।" यस्तै प्रकारले त्यो केटाले चैतन्यरूप आत्मामात्रको स्थिति दर्शाउने बाह्र श्लोकहरूद्वारा हातमा राखेको अमलाको गेडा झैं अद्वैत परमात्मतत्त्व स्पष्ट झल्कने उद्गार प्रकट गर्‍यो । यसैले ती श्लोकहरूको नाम हस्तामलक स्तोत्र रहन गयो । त्यसको रचयिताको नाम पनि हस्तामलक भयो । त्यो ब्राह्मण-पुत्रले उपदेश विना नै परमात्माबोध प्राप्त गरिसकेको देखी श्रीशङ्करले प्रसन्नता र आश्चर्य-का साथ उसको शिरमा आफ्नो पवित्र हात राख्नुभयो । केटोको बाबुलाई संझाउँदै श्रीशङ्करले भन्नुभयो–"हे विद्वन् ! तिम्रो यो छोरो तिम्रो घरधन्दामा काम लाग्दैन । यसको आसक्ति घरमा रत्तिभर पनि छैन । यसले भूलले पनि शरीरलाई आत्मा भन्ने संझदैन । देहादिमा यसको आत्मबुद्धि छैन । बाह्य वस्तुहरूमा यसको दृष्टि नै गएको छैन । यो त चैतन्यमय छ । यस्तो महात्मा हामीजस्ता योगीहरूलाई काम लाग्छ । यो छोरो मलाई सुम्प, यसबाट तिम्रो कल्याण र उसको पनि परम कल्याण हुनेछ ।" शङ्करले यति भनेपछि पिताले त्यो छोरो उहाँलाई सुम्पे र उहाँले पनि त्यसलाई शिष्य बनाएर आफ्नो साथ लिएर जानुभयो । यसपछि शिष्यहरूको साथ श्रीशङ्कर शृङ्गेरीमा पुग्नुभयो । त्यहाँ पनि विद्वान्हरूलाई आचार्यले भाष्यादि ग्रन्थहरू पढाउनुभयो । प्राणीमात्रको अज्ञान हटाउने जीवब्रह्मैक्यबोध गराउनु-भयो । त्यहाँ एक मन्दिरमा शारदा देवीको प्रतिष्ठा गरेर उहाँको पूजा

श्रीविद्या४ सम्प्रदायानुसार चलाउनुभयो । शारदाम्बा नामले प्रसिद्ध भएकी ती देवीको क्षेत्रमा अद्वैतवादको खूब प्रचार चलेको छ ।

श्रीशङ्कराचार्यको ज्यादै भक्तिपूर्वक सेवा गर्ने 'गिरि' नाम भएको एक शिष्य थियो । यही शिष्यको 'तोटकाचार्य' भन्ने नाम प्रसिद्ध भयो । तोटकाचार्य सधैं गुरुको सेवामा लागिरहन्थे । धिनले धेरै पढेका थिएनन् । गुरुसेवामा धिनीलाई भेट्टाउने कोही थिएन । गुरुले स्नान गर्नुभन्दा पहिले स्नान गर्नु, गुरुको आसन ठीक पार्नु, गुरुलाई आवश्यक पर्ने जल आदि ठिक्क पार्नु इत्यादि उनका कार्यहरू प्रशंसनीय थिए । विनयले युक्त भई गुरुको चरण मल्नु, गुरुको अगाडि खुट्टा फैलाएर नबस्नु, गुरुको आज्ञा दिलोज्यानले मान्नु, धेरै नबोल्नु, हिड्दा गुरुको पछिपछि हिड्नु, गुरु खडा हुँदा आफू तुरुन्त खडा हुनु, गुरुको वचन चाख लाएर सुन्नु, गुरुले नअह्राए पनि गुरुको हित हुने काम गर्नु, गुरुलाई मन नपर्ने काम वा सङ्गत नगर्नु, गुरुको वस्त्र आदि ठीक पार्नु इत्यादि कार्यहरूमै उनी व्यस्त हुन्थे । एक पटक तोटकाचार्य (गिरि) कपडा धुन नदीमा जाँदा विलम्ब भयो । गुरु शङ्करले उनको प्रतीक्षा गरेर ग्रन्थको व्याख्या गर्न विलम्ब गर्नुभयो । अरू शिष्यहरू शान्तिपाठ थाल्न उद्यत हुँदा श्रीशङ्करले उनीहरूलाई रोकी 'गिरि' को प्रतीक्षा गर्न आग्रह गर्नुभयो । त्यसवेला पद्मपादले त्यस्तो मन्दबुद्धि, अनधिकारी र जडजस्तो भएको गिरिको प्रतीक्षा गर्नु राम्रो ठानेनन् । पद्मपादको गर्व नष्ट पार्न श्रीशङ्करले गिरिको मनमा तुरुन्त चौद्ध विद्याहरूको प्रकाश पार्नुभयो । ती चौद्ध विद्याहरू— पुराण, न्याय, मीमांसा, धर्मशास्त्र; छ वेदाङ्गहरू (शिक्षा, कल्प, निरुक्त, छन्द, ज्योतिष र व्याकरण) तथा चार वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) हुन् । त्यो शिष्य 'गिरि'-ले गुरु शङ्कराचार्यको अनुग्रहबाट सारा विद्याहरूको प्रकाश पाएर तुरुन्त ब्रह्मतत्त्व खुलाउने श्लोकहरू तोटक छन्दमा स्तुति रूपमा भन्न थाल्यो । यी श्लोकहरूमध्ये एक श्लोक यस्तो छः—

---

४. श्री शं. पृ. ११२

"भगवन्नुदधौ मृतिजन्मजले
सुखदुःखझषे पतितं व्यथितम् ।
कृपया शरणागतमुद्धर मा-
मनशाध्युपपन्नमनन्यगतिम् ॥"

अर्थः– "हे भगवन् ! जन्म र मरणरूपी जल भएको, सुखदुःखरूपी भयानक जलजन्तु मत्स्य आदि भएको, भवसागरमा परेर दुःखित भएको, शरणमा पर्न आएको मेरो उद्धार गरिबक्सियोस् । अरू कुनै गति नभएको शरण पर्न आएको मलाई शिक्षा बक्सियोस् ।" गुरुभक्तिबाट विद्याको स्फुरण भएकोले तोटक छन्दमा अमृतको समान माधुर्यले भरिएको वाक्य-गुम्फन सुनेर पद्मपाद आदि शिष्यहरूको गर्व तोडियो र सबै छक्क परे । 'गिरि' को नाम तोटकाचार्य रहनुको कारण पनि यही हो । शंकराचार्यका शिष्यहरूमध्ये चार प्रमुख शिष्यहरू पद्मपादाचार्य, सुरेश्वराचार्य, हस्तामलकाचार्य र तोटकाचार्य हुन् । यी चारै शिष्यहरू अद्वैत वेदान्तको प्रतिपादन गर्नमा गुरुसमानै थिए । अज्ञानता लेशमात्रले नछोइएका यी शिष्यहरू स्वस्वरूपमा मग्न भएर कल्पित संसारमा अलिकति पनि आकृष्ट हुँदैनथे । उनीहरू चिदानन्दस्वरूप परब्रह्म नै हुँदा सांसारिक संस्कार खरानी पारिसकेका थिए ।

शृङ्गेरीमा आचार्य शङ्करले आफ्नी माताको अवस्थाको याद गर्नुभयो । उहाँको हृदय माताजीको दर्शन पाउन व्याकुल भयो । त्यसबेला पद्मपाद तीर्थयात्रा गर्न गएका थिए । श्रीशङ्करले त्यहाँ रहेका सुरेश्वर आदि शिष्यहरूलाई सुनाएर आफू एक्लै माताको दर्शन गर्न आफ्नो जन्मभूमि कालटीतिर प्रस्थान गर्नुभयो । बाटामा[५] शङ्कराचार्यको हृदयमा अनेक मधुर स्मृतिहरू फुर्न थाले । माताले संसारको कल्याणको लागि आफूलाई संन्यास-ग्रहण गर्न दिएको अनुमति भावपूर्ण हृदयले संझनुभयो । माताले अन्तिम अवस्थाको बेलामा सहयोग पाउने आशा राखेको र आफूले पनि सो पूरा गर्ने प्रतिज्ञा गरेको घटना उहाँको अगाडि फुर्न थाल्यो । वृद्धा माताको दर्शन पाएर कृत-

---

५. श्री शं. पृ. १२१

कृत्य हुने भावमय लहरहरू उर्लन थाले । पुरानो घटनाको सपना उहाँको अगाडि खडा भयो । आठ वर्षको उमेरमा जुन बाटोबाट संकुचित गृहस्वार्थ एकातिर पन्छाएर विश्वकल्याणको निति आत्मज्ञानको विशाल उद्देश्य लिदै संन्यासको भावनामा गुरुको खोजीमा हिंड्नुभएको थियो, अहिले त्यही बाटोबाट अद्वैत वेदान्तको मूर्ति बनी जन्मदात्री माताको चिरप्रतीक्षा शान्त पार्न फर्किरहनुहुँदा यस्तो स्मृतिले उहाँलाई रोमाञ्चित पार्न थाल्यो । हृदयस्पर्शी मातृस्नेहका तरङ्गहरू उहाँको हृदयमा छचल्किन लागे । आज शङ्कर शिष्यरूपमा छटपटाई हिंडिरहनुभएको थिएन; किन्तु अद्वैत वेदान्तको उद्भट प्रचारक, उत्कृष्ट ग्रन्थकार तथा संसारको कल्याण गर्ने परम गुरुको रूपमा माताप्रतिको प्रतिज्ञा पूरा गर्न मात्र हडबडाई हिंडिरहनुभएको थियो । श्रीशङ्करको कर्तव्य माताको उद्धार गर्नु पनि थियो । आफ्नो उच्च भावनामा व्यस्त हुनुभएको शङ्कर यस प्रकारले आफ्नो जन्मस्थान कालटीमा पुग्नुभयो । त्यहाँ आफ्नी आमालाई बिरामी भएको देख्नुभयो । भक्तिपूर्वक श्रीशङ्करले माताको चरणमा प्रणाम गर्नुभयो । पुत्रलाई देखेर माताको आनन्दको सीमा रहेन । माताले यस खुशीयालीमा आफ्नो रोगको दुःख पनि बिर्सनुभयो । सङ्गरहित भए तापनि, कमलो चित्त भएको आचार्य शङ्करले मोहको बाक्लो अन्धकार हटाउने भाव लिएर मातालाई भन्नुभयो– "हे पूज्य माता ! हजूरको पुत्र म आइपुगें । मैले हजूरको जो सेवा गर्नुपर्छ त्यो सबै आज्ञा होस् ।" शङ्करको यस्तो मधुर वचन सुनेर माताले भन्नुभयो– "हे पुत्र ! तिम्रो शरीरको कुशलताले नै म कृतकृत्य छु । मेरो चित्त प्रसन्न भयो । बुढयाइँले गर्दा मेरो शरीर जीर्ण-शीर्ण भएको छ । अब म यस शरीरलाई थाम्न सक्तिनँ, यसकारण भवसागरबाट पार हुने उपदेश मेरो कल्याणको निम्ति देऊ । हे बाबु ! यसभन्दा बढी अरू केही पनि मेरो इच्छा छैन । आज अन्तिम घडीमा तिमीलाई मैले पाएँ । म अति भाग्यवती रहेछु, मेरो उद्धार गर ।"

मातको यस्तो वचन सुनेर श्रीशङ्करले निर्गुण सच्चिदानन्दस्वरूप सनातन परब्रह्मको श्रवण गराउँदै भन्नुभयो– "हे माता ! आत्मदर्शन भएमा जरामरणरूप संसारको निवृत्ति हुन्छ । यो जगत् मायाको खेल हो । माया त सत्त्व, रज र तम तीन गुणहरूले युक्त छ । यी तीन गुणहरू छउञ्जेल- सम्म शुद्ध आत्मदर्शन हुन सक्तैन । कल्पित सर्पको भ्रम हटेपछि डोरीमात्र बाँकी हुँदा सर्पको भय नरहे झैं कल्पित मायामय जगत्को भ्रान्ति आत्मबोध- द्वारा हटेपछि सुखरूप, ज्ञानस्वरूप, सत्य, एक, ब्रह्मात्मामात्र सदा भइनै रहेको हुँदा अब संसारका कुनै उपद्रवहरू रहँदैनन् । आत्मज्ञानीले संसाररूपी समुद्र सहजैसँग तर्दछ र फेरि जन्मनु तथा मर्नु पर्दैन । आत्मज्ञानी त स्वयं प्रकाश, चैतन्यस्वरूप, सर्वोपाधिरहित, केवल ब्रह्म नै हुन्छ । जीवभावलाई ब्रह्ममा होम गरी मायाबाट मुक्त हुँदै एक, अद्वितीय, ब्रह्ममात्र भइरहनुहोस् । यहीमात्र आफू आत्मा हो, अरू सबै भुलाउने मायाकल्पित अनित्य चित्रहरू हुन् । चित्रहरूलाई चित्तले सत्य ठानी त्यसैमा भुलिरहनु नै बन्धन हो । आफू सत्यस्वरूप चिदेकरसमात्रको अवस्थिति मोक्ष हो । मोक्ष नै सर्वदृश्य- रहित, परमानन्द, निर्गुण, चैतन्यप्रकाश, निजस्वरूप भएकोले अरू मिथ्या दृश्यहरूमा नबाँधिई यही सत्य ब्रह्मतत्त्व आफू मात्रको साक्षात्कार हुनु हजूरको परम उद्धार हो ।" यस्तो उपदेश सुनेर माताले श्रीशङ्करलाई आफ्नो चित्त निर्गुण तत्त्वमा नै रमाउने र आफ्नो बुद्धिले एक, अद्वितीय, अस्थूल, अनणु र गोत्रवर्जित[7] तत्त्व बुझ्न नसक्ने अवस्था प्रकट गर्दै सुन्दर सगुण ईश्वरको उपदेश गर्न अह्राउनुभयो । तब श्रीशङ्करले सगुण ईश्वरको उपदेश चाहने माताको इच्छा पूरा गर्न भक्तिभावपूर्वक भुजङ्गप्रयात छन्दमा अष्टमूर्ति शिवजीको स्तुति[8] गर्नुभयो । यस स्तुतिबाट प्रसन्न भएर श्री-

---

७. शं. दि. १४।३६

८. शं. दि. पृ. ४४७ टिप्पणीबाट– उक्त शिवभुजङ्गप्रयात स्तोत्रको एक नमूनाः– "महादेव देवेश देवादिदेव, स्मरारे पुरारे यमारे हरेति ।
ब्रुवाणः स्मरिष्यामि भक्त्या भवन्तं ततो मे दयाशील ! देव प्रसीद ॥"

महादेवले आफ्ना दूतहरू पठाउनुभयो। ती शिवका दूतहरूलाई हातमा त्रिशूल र पिनाक लिएका देखेर माता डराउनुभयो। तव श्रीशङ्करले ती दूतहरूलाई विनयपूर्वक फर्काएर सौम्य शान्तमूर्ति भगवान् श्रीविष्णुको स्तुति गर्न थाल्नुभयो। त्यसवेला माताले सुन्दर शान्त, कमलनयन, भगवान्को सौम्य रूपको ध्यान गर्दै योगीहरूले झैं आफ्नो शरीर छोडिदिनुभयो। तव विष्णुका दूतहरूले नैं उहाँलाई परमपद प्राप्त गराए।

माताको मृत्यु भएपछि संन्यासी श्रीशङ्करले मातासँग गरेको प्रतिज्ञाको पालना गर्ने दृढ निश्चय गर्नुभयो। सबै किसिमको सङ्ग त्याग गरेका संन्यासीले माताको मृतक संस्कार गर्न नहुने कुरा त्यहाँका कर्मकाण्डी मीमांसकहरूले सुनाएर विरोध गरे। शङ्कराचार्यले मातृधर्म र प्रतिज्ञापालनको श्रेष्ठता संझनुभयो। माताले आपत्संन्यास ग्रहण गर्न आज्ञा नदिएको भए आफ्नो आयु नबढ्ने र गुरुवाट ब्रह्मविद्या पाउने अवसर नपाउने पुरानो घटना उहाँको हृदयमा चित्रित हुन थाल्यो। उता कर्मकाण्डीहरूको आक्षेप सुन्न थाल्नुभयो। यस्तो धर्मसंकटमा परे तापनि श्रीशङ्करले संन्यासधर्म भन्दा संन्यासी वन्न आज्ञा दिने माताको इच्छा पूरा गरिदिने कार्यलाई ठूलो ठहराई पण्डितहरूको सहमति नपाए तापनि माताको दाहसंस्कार आदि अन्तिम कृत्य स्वयं गर्न आफ्ना बन्धुहरूलाई सहयोगको लागि बोलाउनुभयो। बन्धुहरूले सहयोग गर्नु त के कुरा, उनीहरूले त झन् उल्टो शङ्करको निन्दा गर्दै 'ए ठग[१०] संन्यासी! के दाह संस्कार गर्ने तेरो अधिकार छ?' भन्ने घोच्ने वचनहरू सुनाए। बन्धुजनहरूसँग वारम्वार आगो माग्दा पनि श्रीशङ्करलाई उनीहरूले आगो दिएनन्। यसकारण ममतारहित श्रीशङ्करले रिसाएर श्राप (सराप) दिदै भन्नुभयो– "यी यहाँका ब्राह्मणहरू आजदेखि वेदवाट वहिष्कृत होऊन् र कुनै पनि संन्यासीले यहाँ भिक्षा नलेऊन्। यिनीहरूको घरको नजीकै (आँगनमै) श्मशान (मसान) बनोस्।" श्रीशङ्कराचार्यले

९. शं. जी. च. पृ. ६७
१०. शं. दि. १४।४६

यस्तो श्राप दिनु भएकोले आजकल पनि त्यस ठाउँका ब्राह्मणहरू वेद नपढ्ने, संन्यासीले त्यहाँ भिक्षा नलिने तथा तिनीहरूको दाहसंस्कार घरको नजीकै (आँगन वा ढोकानिर) हुने चलन चलिरहेछ। शङ्कराचार्यजस्तो महापुरुषलाई पनि क्रोध उठ्नु कुनै आश्चर्यको कुरा होइन, किन कि शान्त पुरुषको अभिलाषा नवुझेर उनको कार्यमा बाधा पुराउनु अपराध नै मानिएको छ। अपराधी संसारमा कहिले पनि सुखी नरहने हुनाले त्यहाँ क्रोधद्वारा श्राप पाउनु स्वाभाविक नै मानिन्छ। अकेला पर्नुभएको संन्यासी श्रीशङ्कराचार्यले मातृ-स्नेह दर्शाई कष्टका साथ माताको मृत शरीरको दाहकार्य संपन्न गरिछोड्नु भएको थियो। घरकै आँगनमा (ढोकानिर) सुकेका काठहरू जम्मा गरेर कमण्डलुधारी श्रीशङ्करले आमाको दाहिने हातमा मथेर आगो निकाल्नु भएको थियो। यसपछि त्यही आगो सल्काएर माताको दाह-संस्कार कष्टसाथ संपन्न गरी आफ्नो प्रतिज्ञा पूरा गरेर छोड्नु भएको थियो। तेजस्वी महापुरुषको यस्तो कार्य निन्दनीय[11] मानिंदैन र तेजस्वीहरूका यस्ता कार्यहरू शास्त्र-विरुद्ध देखिनु तापनि उनीहरूको अनिन्दनीयता भएको तथ्य शास्त्रहरूबाट सुनिएकै छ। श्रीशङ्कराचार्यले मातृ-ऋण चुकाउन उठाउनु भएको कदमबाट आमाको पूजनीयता स्पष्टसँग संसारमा झल्किएको छ। आफ्नी आमालाई मुनिजनहरूले पनि प्रार्थना गरिने, परमानन्ददायिनी मोक्ष-पदवी श्रीशङ्करले दिलाउनुभयो। यसरी माताको उद्धार गरी शङ्कराचार्यले समस्त देशमा वैदिक सनातन अद्वैतमतको प्रचार गर्नको निमित्त दिग्विजययात्राको प्रारम्भ गर्ने दृढ संकल्प लिनुभयो। श्रीशङ्कराचार्यबाट निर्गुण ब्रह्ममा अड्न सबैले नसक्ने हुनाले भक्ति-स्तोत्रहरूको रचना भएको छ। अन्तिम लक्ष्य सत्य, ज्ञान, अनन्त, ब्रह्म नै भएकोले वहिरङ्ग साधनस्वरूप यज्ञ, दान, तप आदिबाट पवित्र भई विविदिषा (ज्ञानेच्छा) तिर अगाडि वढ्ने मार्ग दर्शाइएको छ। वहिरङ्ग साधनको पूर्णतामा नै अन्तरङ्ग साधनस्वरूप विवेक, वैराग्य, शम, दम, उपरति, तितिक्षा, श्रद्धा,

---

११. शं. दि. १४।५३

समाधान र मुमुक्षातिर सफलता प्राप्त गर्न कुनै पनि कठिनता नपर्ने हुनाले साधनहरू वताइएका छन् । यसपछि आत्मसाक्षात्कारका साधनहरू श्रवण, मनन र निदिध्यासनद्वारा जीवब्रह्मैक्यरूप समाधि प्राप्त हुनु नै सम्पूर्ण वासनाजालहरू खरानी पार्नु हो । वासनाहरूको क्षयविना जरामरणरूप संसारको उच्छेद नहुने हुनाले आत्मैक्यवोध नै श्रीशङ्कराचार्यले श्रुतिहरूको सार ठहराएर यसैको प्रचारको लागि दिग्विजययात्रा गर्न तत्पर हुनुभयो ।

९. आचार्य शङ्करको दिग्विजय, सर्वज्ञपीठाधिरोहण, बदरी-प्रस्थान र केदारमा तिरोधान

श्रीशङ्कर समस्त देशमा वैदिक सनातन सदाचार र अद्वैत-ब्रह्मविचारको प्रचारको निमित्त राजा सुधन्वा र हजारौं शिष्यहरूलाई साथमा लिएर सेतुबन्धतिर जानुभयो । त्यहाँ धेरै शाक्तहरू थिए । तिनीहरू देवीको पूजा मद्य-मांसादि चढाएर गर्दथे । देवीको पूजाको बहानाले अपवित्र पदार्थहरूको सेवन गर्नु उनीहरूको धर्म थियो । वैदिक पवित्र पूजा-पद्धति र सदाचार कायम राख्न श्रीशङ्करले ती शाक्तहरूसँग ठूलो शास्त्रार्थ गर्नुपर्‍यो । शङ्कराचार्यले निपुण युक्तिहरू प्रस्तुत गर्नुभएको सुनेर त्यहाँका सज्जनहरू हर्षले गद्गद भए । श्रुति, युक्ति, अनुभूति आदिका वर्षाहरू श्रीशङ्करबाट हुँदै जाँदा आखिर ती शाक्तहरू परास्त भए । श्रीशङ्करले तिनीहरूलाई अपवित्र वस्तुहरूद्वारा पूजा गर्ने बानी छोडी वैदिक पद्धतिको अनुसार देवीको आराधना आदि गर्न उपदेश दिनुभयो । यसबाट तिनीहरूको स्थिति राम्रो हुँदै गयो । ती शाक्त ब्राह्मणहरू हीन आचरणले गर्दा आफ्नो जातिबाट बहिष्कृत थिए । तिनीहरूको उद्धार श्रीशङ्कराचार्यले वैदिक धर्मको विजयद्वारा गरेर लोकहितको मार्ग दर्शाउनुभयो । यसरी शास्त्रको मर्यादा संझाउँदै सदाचारयुक्त ईश्वरभक्तिको आदर्श उहाँले स्थापित गर्नुभयो । त्यहाँ श्रीशङ्करले भगवान् रामेश्वरको पूजा शिष्यमण्डलीको साथ भावपूर्ण रूपले गर्नुभयो । चोल, द्रविड आदि देशका मानिसहरू ज्ञानशिरोमणि श्रीशङ्करको वशमा उहाँको अगाध विद्वत्ताले गर्दा धमाधम पर्न थाले ।

यसपछि श्रीशङ्कर काञ्चीनगरीमा जानुभयो । त्यहाँ श्रीविद्याको अनु-

सार सुन्दर मन्दिर वनाउन लगाएर भगवती कामाक्षीको प्रतिष्ठा गर्नु-भयो । तान्त्रिकहरूलाई त्यहाँबाट हटाएर तान्त्रिक विधानको स्थानमा वैदिक पूजाको प्रचार गर्नुभयो । परविद्याको आचरण अनकूल मन्दिरको निर्माण र वैदिक पद्धतिको अनुसारको पूजाले गर्दा त्यहाँ शुद्धरूपमा वैदिक धर्मको वातावरण कायम भयो । आन्ध्रका मानिसहरू श्रीशङ्करको सेवा गर्न भक्तिभावपूर्वक आउन थाले । उहाँले पनि उनीहरू प्रति अनुग्रह दर्शाउँदै वैदिक तत्त्व संझाउने भयो । यसपछि वेंकटाचलमा पुगी श्रीशङ्करले वेंक-टेश्वरको विधिपूर्वक दर्शन, पूजन आदि गर्नुभयो । तदन्तर श्रीशङ्कर विदर्भको राजधानीमा पुग्नुभयो । विदर्भको राजाले श्रीशङ्करको दर्शन पाएर भक्ति-पूर्वक उहाँको सत्कार पूजा आदि गर्नुभयो । विदर्भमा भैरवतन्त्रका घेरै उपासकहरू थिए । श्रीशङ्करले उनीहरूको मतको खण्डन आफ्ना शिष्यहरू-द्वारा गराएर उनीहरूलाई वैदिक मार्गावलम्बी वनाउनुभयो । अब श्रीशङ्कर कर्णाटक देशमा जान तत्पर हुनुभयो । त्यो चाल पाई विदर्भराजले श्रीशङ्कर-लाई त्यस देशमा नजान यस प्रकारले विनति चढाउनु भयो —"हे प्रभो ! त्यो कर्णाटक देशमा कापालिकहरूले कपटको जाल बिछ्याइरहेका छन् । उनीहरूको धर्म बडो भयानक छ । वेदप्रति उनीहरूको ईर्ष्या भनिनसक्नु छ । वैदिक महापुरुषको यश उनीहरू देख्न सक्तैनन् । संसारकै अहितमा ती कापालिकहरू भयङ्कर कार्यहरू गर्दछन् । हजूरले त्यो देशमा जान विचार नगरिबक्सियोस् । सज्जनहरूको विरोध गर्ने कापालिकहरू भएको त्यो देशमा पाइला नराख्नुहुन म सविनय प्रार्थना तथा आग्रह गर्दछु ।" विदर्भराजको यस्तो वचन श्रीशङ्करको साथमा जानु भएको राजा सुधन्वाले पनि सुन्नु-भयो । यस्तो भयङ्कर परिस्थिति सुने तापनि राजा सुधन्वा जोशमा आउनु-भयो र उहाँले धनुषमा वाण चढाएर श्रीशङ्करलाई विनति चढाउन थाल्नु-भयो— "हे मुनिराट् ! जवसम्म म हजूरको अनन्य भक्त वाँचेको छु, तबसम्म यस्ता पामरहरूदेखि[1] हजूरले डराउनु पर्ने कुनै आवश्यकता छैन । यस्ता

---

१. शं. दि. १५।१०

कापालिकहरूको मत खण्डन गरेर यिनीहरूलाई परास्त नपारेसम्म पूर्ण रूपले वैदिक सनातन मतको वृक्ष फल्न फुल्न सक्तैन।" यसपछि शिष्यमण्डली-को साथ विद्वच्छिरोमणि श्रीशङ्कराचार्य विदर्भराजको कुरा नसुनी कापा-लिकहरूको जाल छिन्न-भिन्न पार्न कर्णाटक देशतिर जानुभयो। त्यस देशमा क्रकच नाम भएको कापालिकहरूको नाइके थियो। त्यसले शङ्कराचार्यलाई आएको देखेर घमण्डले चूर हुँदै उहाँको अगाडि परेर अनेक दुर्वचनहरूको प्रयोग गऱ्यो। क्रकचले मसानको खरानी शरीरमा लगाएको थियो। हात-हरूमा मरेको मानिसको खप्पर तथा त्रिशूल लिएको थियो। त्यसैको जस्तो-भेष लिएका अरू कापालिकहरू पनि त्यसको पछि पछि लागेर आएका थिए। क्रकचले शंकराचार्यलाई उसले जस्तै खप्पर लिन, भैरवको उपासना गर्न र मद्य आदिले पूजा गर्न जोड दिन थाल्यो। आफ्नो तन्त्र आगमको रहस्य बढाई चढाई त्यो कापालिक बम्कन लागेको देखी राजा सुधन्वाले त्यसलाई दुष्ट नराधम भन्दै आफ्ना अधिकारी पुरुषहरूद्वारा त्यहाँबाट घोक्र्याउन लगाउनुभयो। यसरी अपमान पाएको त्यो कापालिकको सरदारले रीसले राता राता आँखा लगाउँदै सेतो बञ्चरो उठाएर सबैको टाउको उडाउन नसकें क्रकच भन्ने नाम नै छोडिदिने प्रतिज्ञा गऱ्यो। झुण्डका झुण्ड कापालिक हरू क्रकचले लड्न अगाडि बढायो। राजा सुधन्वा ती झुण्डहरूसँग लड्न थाले। कापालिक-सङ्घ देखेर डराएका ब्राह्मणहरू शङ्करको शरण पर्न थाले। तब श्रीशङ्करले ती कापालिकहरूलाई हुङ्कारले नै परास्त गरिदिनु भयो। यो देखेर क्रकच श्री शङ्करको अगाडि आयो, भैरव तन्त्रको प्रयोग गर्दै खप्परभरी राखेको मद्य आफूले आधा पियो र आधा मद्य (रक्सी) बाँकी राखी भैरवको ध्यानमा मग्न भयो। भैरव प्रकट भएपछि क्रकचले श्रीशङ्करलाई मारिदिन प्रार्थना गऱ्यो। तब भैरवले श्रीशङ्कर त आफ्नै अवतार भएको तथ्य प्रकट गर्दै अपराधी क्रकचकै शिर काटिदिनु-भयो। यसपछि श्रीशङ्करले भैरवको स्तुति गर्नुभयो। भैरव प्रसन्न भई अन्तर्धान हुँदा सारा भक्तहरूले शङ्करको पूजा गरे। यस्तै प्रकारले श्रीशङ्करले भिन्न भिन्न देशहरूमा पाखण्डी मतहरूको विनाश गर्नुभयो। वैदिक शुद्ध

सनातन मतको प्रचार गर्दै गोकर्ण भन्ने ठाउँमा पुग्नुभयो । त्यहाँ समुद्रमा स्नान गरेर श्रीशङ्करले शिवजीको पूजा स्तुति आदि गर्नुभयो । त्यहाँ नीलकण्ठ नाम भएको कट्टर द्वैतवादी शैव थिए । नीलकण्ठले शङ्करको अद्वैत मतको खण्डन गर्न थाले । पहिले त सुरेश्वरले नीलकण्ठसँग शास्त्रार्थ गर्न थाले, तर नीलकण्ठले सुरेश्वरलाई रोकी उनको गुरु श्रीशङ्करसँगै शास्त्रार्थ गर्न कसिए । शङ्करले परपक्षको खण्डन गर्ने तरिकाले द्वैतवादीको मतको खण्डन गरिदिनुभयो, तैपनि आफ्नो मतको रक्षा गर्न छोडी नीलकण्ठले अद्वैतमतको खण्डन गर्न शुरु गरे । परस्पर-विरोधी धर्म भएका जीव र ईश्वरको एकता हुन सक्तैन भन्ने तर्क नीलकण्ठले प्रस्तुत गरे । तब श्रीशङ्कराचार्यले उपनिषद्को तत्त्वमसिको रहस्य र अद्वैततत्त्व नबुझेको नीलकण्ठलाई संझाउँदै भन्नुभयो– 'सोऽयं देवदत्तः' यहाँ त्यो नै यो हो भन्दा परोक्ष र अपरोक्ष फरक हुने वाच्य अर्थको विचारमा विरोध भए तापनि विरोधी अंशलाई छोडेर लक्ष्य अर्थमा (केवल देवदत्तमा) कुनै प्रकारको विरोध नभए झैं 'तत्त्वमसि' यहाँ पनि वाच्य अर्थमा विरोध देखिए तापनि ईश्वरको उपाधि माया र जीवको उपाधि अविद्या छोड्दा चेतनमात्र रूप लक्ष्य अर्थमा विरोध नभई जहदजहल्लक्षण (भागत्यागलक्षण) द्वारा जीव र ईश्वरको अभेद नै सिद्ध हुन्छ । अर्थात् अल्पज्ञ चेतन जीव हो, सर्वज्ञ चेतन ईश्वर हो, यस्तो परस्पर विरोधी धर्म भएका जीव र ईश्वरको कसरी एकता हुन्छ भन्ने शङ्का उठ्नु स्वाभाविक हो, तर अल्पज्ञता र सर्वज्ञता भन्ने भागको त्याग गरेमा चेतन चेतनको एकता हुन्छ । अतः चैतन्यरूपले जीव र ईश्वरको अभेद वास्तवमा सिद्ध छ, भन्ने कुरामा कुनै अनुपपत्ति हुँदैन । श्रुतिले एकत्वको साक्षात्कार भएपछि मात्र शोक र मोहको विनाश हुने तथ्य[२] प्रकट गरेको छ । आत्मा[३] र ब्रह्मको ऐक्यज्ञान श्रुतिद्वारा प्रतिपादित छ । श्रुतिभन्दा अरू कुनै पनि प्रमाण बलियो नभएको हुनाले श्रुतिले बताएको अद्वैतवाद नै अन्तिम

---

२. 'तत्र को मोहः क शोक एकत्वमनुपश्यतः' ईशावास्योपनिषद् ७

३. 'अयमात्मा ब्रह्म' माण्डूक्योपनिषद्–२

सिद्धान्त हो । अरू जति पनि द्वैतवादी दर्शनहरू छन् तिनीहरू प्रबल श्रुति-प्रमाण भएको अद्वैत दर्शनभन्दा बलहीन मानिएका छन् । फेरि भेदभावमा पर्नेहरू जन्म-मरणको चक्करबाट छुट्न सक्दैनन् भन्ने अर्को प्रबल श्रुति-प्रमाण[४] छ । श्रुतिसँग विरोध नखाने स्मृतिमात्र मान्य हुन्छ । श्रुतिविरुद्ध स्मृति वाक्य कुनै हालतमा पनि मान्य हुँदैन ।" यस्ता प्रकारले श्रुति-प्रमाणहरू र युक्तिहरूद्वारा द्वैतवादी शैव मतको खण्डन श्रीशङ्करले गरेपछि नीलकण्ठले आफ्नो पराजय स्वीकार गरे । नीलकण्ठले द्वैतवादी भाष्य फ्याँकेर आफ्ना हरदत्त आदि प्रमुख शिष्यहरूका साथ श्रीशङ्कराचार्यको शरण परी उहाँको शिष्यता स्वीकार गरे । नीलकण्ठजस्ता मनस्वी विद्वान् शास्त्रार्थमा पराजित भएको सुनेर उदयन आदि विद्वान्हरू डरले काँप्न थाले । यसरी श्रीशङ्करले श्रुतिमस्तक वेदान्तको अद्वैततत्त्व विद्वान्हरूमा झल्काएर, ज्ञानकाण्डको प्रकाश पार्नुभयो । सौराष्ट्र आदि देशमा श्रीशङ्करले आफ्नो भाष्यको प्रचार चारैतिर गर्नुभयो । यसपछि उहाँ द्वारकापुरीमा जानुभयो ।

द्वारकापुरीमा त्यस समय पाञ्चरात्र सम्प्रदायको प्रधानता थियो । पाञ्चरात्र मतका अनुयायीहरू भुजाहरूमा शङ्ख-चक्र आकार भएका तप्त मुद्राहरूको चिन्ह धारण गर्थे । ऊर्ध्वपुण्ड्र र तुलसी उनीहरूको परिचय पाइने चिन्हहरू थिए । सयौं पाञ्चरात्रहरू श्रीशङ्कराचार्यसँग शास्त्रार्थ गर्न खनिए । यिनीहरू पाँच प्रकारको भेद मान्नेलाई मुक्ति(अमृत)मिल्दछ भन्ने वाद-विवाद गर्दथे । पाँच प्रकारको भेद[५] चाहिं १. जीवईश्वर-भेद, २ जीवहरूको परस्पर भेद, ३ जीव र जडमा भेद, ४ ईश्वर र जडमा भेद, ५. जड पदार्थहरूमा परस्पर भेद भन्ने मान्दथे । शङ्कराचार्यका प्रगल्भ शिष्यहरूले ती पाञ्चरात्रहरूलाई प्रबल प्रमाणहरूद्वारा पराजित पारे । श्रुतिसँग विरोध नखाने वासुदेव र उनको आराधनामा विवाद भएन, तर जीवको उत्पत्ति आदि जुन असङ्गत कुराहरू पाञ्चरात्रहरूले थपे त्यसमा

---

४. मृत्यो : स मृत्युमाप्नोति य इह नानेव पश्यति (कठोपनिषद् ४।१०)
५. शं. दि. पृ. ५०५

दोषहरू देखाइए । उत्पन्न पदार्थको विनाश हुने न्याय भएकोले कृतनाश[६] अकृताभ्यागम आदि दोषहरू पाञ्चरात्रको पक्षमा दर्शाएर जीवको उत्पत्त्यादिको खण्डन भयो । पाञ्चरात्रहरूले आफ्नो पराजय स्वीकार गरे । श्रीशङ्करको अगाडि भेदव दलाई प्रश्रय दिई एक अद्वितीय ब्रह्मतत्त्वको साक्षात्कारबाट वञ्चित भएका साधकको अवस्थामा अलमिलएका वैष्णव, शैव, शाक्त, सौर (सूर्योपासक) आदि अन्यमतावलम्बीहरू टिक्न सकेनन् । श्रीशङ्करले वेदको अन्तिम तात्पर्य अद्वितीय ब्रह्म नै भएको र ब्रह्मात्मैक्यज्ञानद्वारा नै अमृत होइने रहस्य अनेक प्रमाणहरूद्वारा झल्काएर ती भेदवादीहरूलाई आफ्नो वशमा लिनुभयो । तिनीहरूको भेददृष्टि आखिरमा अभेदतत्त्व सच्चिदानन्द ब्रह्मतिर फर्काउनुमै श्रीशङ्करको लक्ष्य थियो । यसपछि श्रीशङ्कर उज्जयनी पुरीमा जानुभयो । त्यहाँ महाकाल नाम भएको शिवलिङ्गको पूजा गर्नुभयो र थकाइ हटाइदिने सुन्दर मण्डपमा राज गर्नुभयो । यसरी विश्राम गरेर श्रीशङ्करले आफ्नो प्रधान शिष्य सनन्दन (पद्मपाद) लाई त्यस नगरीको प्रसिद्ध भेदाभेदवादी दार्शनिक भट्ट भास्करकहाँ गएर उनीलाई बोलाउन आज्ञा दिनुभयो ।

भट्टभास्कर ब्राह्मण-वंशको भूषण नै थिए । उनले वेद-मन्त्रहरूको व्याख्या लेखेका थिए । वादविवादमा अरूलाई हराउनु त उनको साधारण खेल थियो । यस्ता उद्भट विद्वान् भट्टभास्करकहाँ पुगेर पद्मपादले गुरु शङ्कराचार्यको आगमन र उहाँले भेट्न चाहेको कुरा बताए । भेदाभेदवादी भट्टभास्करले अद्वैतब्रह्मवादी श्रीशङ्करको सन्देश सुनेर उहाँसँग शास्त्रार्थ गरी आफ्नो मत बलियो पार्ने निश्चय गरे । जब भट्टभास्कर श्रीशङ्करकहाँ आइपुगे, तब श्रीशङ्करले आफ्नो अद्वैततत्त्व स्वीकार गराउन उनलाई अनेक

---

६. पहिलेको जीवको नाश हुने भई उसले गरेका (कृत) पुण्य-पापहरूको फल उसले भोग्नुपर्ने अवस्था नआउने, तथा अर्को उत्पन्न हुने नयाँ जीवले आफूले गर्दै नगरेका (अकृत) पुण्यपापहरूको फल आइलाग्दा भोग्नुपर्ने होला ।

श्रुति, युक्ति, र अनुभूतिहरूको श्रवण गराउनु भयो। श्रीशङ्कर र भट्ट भास्कर-को शास्त्रार्थ पद्यात्मक वचनहरूमा हुन थाले। दुवैको बीचमा भएको प्रौढ शास्त्रार्थ सुन्ने तटस्थ व्यक्तिहरूले दुवैको बीचमा भएको कुनै प्रकारको अन्तर पनि बुझ्न सकेनन्। यो शास्त्रार्थ ज्यादै गहन थियो। श्रीशङ्करको प्रौढ युक्तिहरूद्वारा तिरस्कृत भएका भट्ट भास्करले उपनिषद्का मन्त्रहरू-द्वारा प्रकाशित अद्वैत-तत्त्वको खण्डन गर्न थाले। अब श्रुतिरूप उपनिषद्कै तत्त्वको खण्डन गर्न भट्टभास्कर तुलिए। 'जीव र ब्रह्मको भेद वास्तवमा छैन, केवल मायाले गर्दा भानमात्र भएको हो' भन्ने श्रुतिको वचनप्रति भट्टभास्कर आक्षेप गर्न थाले। 'मायाले यदि ब्रह्मको आश्रय लिएर भेदको भान गराएको हो भने मायाले ब्रह्ममा सुखदुःखादि भावहरूको उत्पत्ति किन नगराएको हो? र जीवमा मात्र यी भावहरूको उत्पत्ति किन गराएको हो ?' भन्ने प्रश्न भट्टभास्करले राखे। तव श्रीशङ्करले उत्तर दिदै भन्नुभयो— 'मुखको अगाडि ऐना राख्दा ऐनाले मुखमा कुनै प्रकारको विकार उत्पन्न गर्दैन तर प्रतिविम्वमा मलिनता आदि अनेक विकारहरू पैदा गर्नसक्छ, त्यस्तै माया-रूपी उपाधिले विम्वभूत परमात्मामा कुनै दाग थोपर्न सक्तैन, किन्तु प्रति-विम्व रूप जीवमा सुखदुःखादि भावरूपी दाग दर्शाउन सक्दछ।' यसरी श्रीशङ्करले 'मायालाई जीवाश्रित मान्नु ठीक छैन र इन्द्रजाली माया ब्रह्म-मै आश्रित भएर जीव र ईश्वरको भेदको तमाशा देखाउँछे, अतः माया नै शुद्ध चैतन्य ब्रह्मको दृढ अपरोक्ष ज्ञान हुँदा रज्जुमा (डोरीमा) कल्पित सर्प रज्जुको विवेकवाट हटे झैं नष्ट हुन्छे। ज्ञान नहुँदा माया सक्रिया भई प्रकाश नहुँदा अन्धकार सक्रिय भएझैं नभएको अनेक कुराहरूको भान गराउँछे' भन्ने रहस्य प्रकट गर्नुभयो। भट्टभास्करको भेदाभेदवादलाई

---

७. शं. दि. १५।६३

८. भट्टभास्कर भेदाभेदवादी थिए। उनको मतमा सब पदार्थहरूमा कुनै अवस्थामा भेद र कुनै अवस्थामा अभेद मानिन्थ्यो। उनको मतमा भ्रम नै मानिन्थ्यो।

उपनिषद्को विरुद्ध ठहराई श्रीशङ्करले उनको ग्रन्थहरूको खण्डन गरिदिनुभयो र उनलाई अद्वैत-तत्त्व मान्ने गराउनुभयो । अवन्ती देशमा प्रख्यात भएका बाण, मयूर तथा दण्डी आदि विद्वान्हरूको द्वैतमतको खण्डन गरेर उनीहरूलाई आफ्नो अद्वैतमत प्रतिपादक भाष्य सुन्न उत्सुक बनाउनु भयो। वाल्हीक देशमा पुगेर आफ्ना विद्यार्थीहरूलाई भाष्यको विशद् व्याख्या सुनाउनु भयो। त्यस वखत अद्वैतमत नमान्ने जैनमतावलम्बी विद्वान्हरूको तर्कहरूको खण्डन गरेर उनीहरूको गर्व हटाइदिनु भयो। यसरी अनेक वेदविरुद्ध मतावलम्बीहरूलाई वैदिक मार्गमा ल्याउन शास्त्रार्थ गर्दै विजय प्राप्त गर्ने श्रीशङ्कर पूर्वदिशातिर लाग्नुभयो। कामरूप (आसाम) मा पुगेर प्रसिद्ध तान्त्रिक अभिनवगुप्तलाई पनि परास्त पार्नुभयो। ब्रह्मसूत्रको शक्ति-भाष्य बनाउने अभिनवगुप्तले कपटरूपले शिष्यसमान व्यवहार देखाए, तर श्रीशङ्करलाई कृत्याद्वारा मार्ने उद्योग भित्रभित्र गर्न थाले। उनी तन्त्रशास्त्रका प्रकाण्ड पण्डित थिए, यसैले तन्त्रमन्त्र बलद्वारा श्रीशङ्करप्रति अभिचार गर्ने कुनियत लिए। श्रीशङ्कराचार्य आफ्नो धुनमा वेद-विहित-अद्वैत मार्गको प्रचार गर्दै समस्त देशमा वेदविरुद्धमतावलम्बीहरूलाई, अन्य दार्शनिकहरूलाई र अनात्मवादी बौद्धहरूलाई परास्त गर्दै अद्वैतामृत वर्षाउनामा नै व्यस्त हुनुभयो। यसरी समस्त देशमा दिग्विजय प्राप्त गरेर श्रीशङ्कराचार्य शृङ्गेरीमा फाल्नुभयो।

शाक्त अभिनव गुप्तले शङ्कराचार्यलाई शास्त्रार्थमा जित्न नसकेको रीसले तन्त्रमन्त्रको प्रयोग गरी अभिचार गरेको हुँदा आसामबाट फर्कँदा उहाँलाई भगन्दर[१] रोग लागिसकेको थियो। श्रीशङ्कर त्यस रोगले ज्यादै सताइनु भयो। आफू चित्तत्त्वमा मग्न भई देहमा अनास्था राख्नु भएको हुँदा यस्तो भयङ्कर वेदना पनि उहाँबाट शान्तिपूर्वक सह्य भयो। भगन्दर रोगको कारणले गर्दा श्रीशङ्करको अधोवस्त्र रगतले मुछिएको हुन्थ्यो। गुरु नै प्राण भएको परम भक्त तोटकाचार्यले कुनै किसिमको घृणा नमानी त्यस्तो वस्त्र

---

१. गुद—द्वारभित्र आउने एक प्रकारको खटिरो

धुन्थे र अनेक प्रकारले गुरु शङ्कराचार्यको सेवा गर्दथे। जब अरू शिष्यहरूले पनि गुरुको रोगको चाल पाए, तब उनीहरूले गुरु शङ्करलाई विन्ति चढाउन थाले— "हे प्रभो! यो रोग ज्यादै भयङ्कर हो। यसको उपेक्षा अलिकति पनि गर्न योग्य छैन। यसको वास्ता गरेन भने यो रोग वास्ता नगरेको शत्रु झैं प्रतिदिन भयानक रूपले बढ्दै जानेछ। शरीरमा ममता नभएको हजूरले यसलाई सहे तापनि हामीलाई ज्यादै दुःख प्राप्त भएको छ। हजूरको अवस्था देखेर हाम्रो हृदय व्याकुल भएको छ। हामीलाई कुनै असल वैद्य खोजेर ल्याउने आज्ञा दिनुहोस्। हे गुरो! हजूरलाई आराम रहे मात्र हामीले ज्ञानामृत पान गरिरहन पाउने छौं। हामीहरू त हजूरको चरण-कमलको भमरा हौं। कमल ठीक रहेमात्र भमराहरूको जीवन मधुर रहन्छ। अतः हजूरको शरीर स्वस्थ राख्न कुनै उपायमा लाग्न आज्ञा बक्सियोस्।" प्रिय शिष्यहरूको यस्तो आग्रह सुनेर श्रीशङ्कराचार्यले भन्नुभयो— "हे शिष्यहरू हो! रोग लाग्नु भनेको जन्मान्तरमा गरेका पापहरूको फलको उदय हुनु हो। यसलाई भोग गरेर नै शान्त पार्नुपर्छ। यदि यसको भोग गरेर समाप्ति पारिएन भने, यो जन्मान्तरमा पनि पुरुषलाई छोड्दैन। शास्त्रको यस्तो सिद्धान्त तिमीहरूले सुनेका नै छौ। कर्मको फलस्वरूप उत्पन्न हुने रोग कर्मकै क्षयबाट हट्दछ, तर वात, पित्त र कफको वैषम्यबाट भएको रोग चिकित्साबाट हट्न सक्छ। कर्मको क्षय भएपछि यो रोग आफै नष्ट हुनेछ, अतः चिकित्सा गर्नुपर्ने आवश्यकता देख्दिनँ। यदि यो रोगले शरीर खान्छ भने खाओस्, तर मलाई अलिकति पनि भय छैन।" गुरुको यस्तो वचन सुनेर शिष्यहरूले उहाँको आधारमा रहेका प्राणीहरूको कल्याणको निमित्त पनि उहाँको शरीरको रक्षा गर्नमा ठूलो हठ गरे। शिष्यहरूको हठ गुरुले मानेपछि उनीहरू असल वैद्यको खोजीमा लागे। राजधानीमा गएर राजाका असल वैद्यहरू खोजेर ल्याए, तर वैद्यहरूको केही लागेन। वैद्यहरू निराश भएको देखेर श्री शङ्करले उनीहरूलाई विदा दिनुभयो र त्यो रोगको असह्य पीडालाई ठूलो धैर्यसाथ सहेर बसिरहनु भयो। कहींका वैद्यहरूले पनि त्यो रोग निको पार्न सकेनन्। आखिरमा पद्मपादले त्यो रोग अभिचारैबाट लगाएको हो

भन्ने निश्चय गरी विशेष मन्त्रको जपको आरम्भ गरे। श्रीशङ्करको कोमल हृदयमा शत्रुप्रति पनि दयाको भाव जागेकोले उहाँले पद्मपादलाई यस्तो गर्न रोक्न खोज्नुभयो। तर क्रुद्ध शिष्य पद्मपादले गुरुको यस्तो कुरामा ध्यान नदिई मन्त्र जपेर नै गुरुको कल्याण तथा शत्रुको नाश गर्ने अठोट छोड्नु भएन। मन्त्रको फलस्वरूप नीच अभिनवगुप्त त्यसै रोगले मर्‍यो र गुरु शङ्कराचार्यको रोग शान्त भयो। महापुरुषलाई दुःख दिने दुष्टको यही हालत हुनु कुनै अस्वाभाविक घटना होइन।

शरीर स्वस्थ भएपछि एक दिन सायङ्कालमा गङ्गाको किनारामा श्रीशङ्करले ब्रह्मध्यान गरिरहँदा परमगुरु श्री गौडपादाचार्य उहाँलाई दर्शन दिन आउनुभयो। हातमा कमण्डलु र रुद्राक्षको मालाले शोभित परमगुरुको आकस्मिक दर्शन पाउँदा श्रीशङ्करको आनन्दको सीमा रहेन। हर्षले प्रफुल्ल हुँदै झटपट आचार्य गौडपादको चरणकमलहरूमा छाँद हाल्नुभयो। श्रद्धा र भक्तिले भरिएको हृदय हुने श्रीशङ्कर त्यसपछि हात जोड्दै उहाँको अगाडि खडा रहनुभयो। आचार्य गौडपादले मधुर वचनले श्रीशङ्करलाई सोध्न थाल्नुभयो– 'हे वत्स ! तिमीले गोविन्दपादाचार्यबाट संसारबाट उद्धार गर्ने जुन सुन्दर ब्रह्मविद्या प्राप्त गर्‍यौ, त्यो सर्वदा तिम्रो हृदयमा के झल्किरहेको छ? निर्मल, नित्य, सत्, चित्, आनन्दतत्त्वस्वरूप ब्रह्म के साक्षात्कार भइरहेको रहेकै छ ? के तिम्रा शिष्यहरू सदा भक्तियुक्त, विषयविरक्त, आत्मचिन्तनानुरक्त शान्त, दान्त, श्रद्धायुक्त तत्त्वज्ञानपरायण र विनीत हुँदै गुरुको राम्ररी सेवा गर्ने गर्दछन् ? के तिम्रो चित्त चैतन्यरूप ब्रह्ममा सदा मग्न भइरहेछ ?" आचार्य गौडपादको यस्तो प्रेमपूर्ण वचन सुनेर श्रीशङ्करले परमगुरु हजूरको कृपाबाट ती सबै दुर्लभ भएका छैनन्' भन्दै उहाँको स्तुति गर्नुभयो। यसपछि श्रीशङ्करले गौडपादाचार्यलाई आफूले रचना गरेका सम्पूर्ण भाष्यहरू र विशेष गरेर माण्डूक्यकारिका (श्री गौडपादाचार्य विरचित माण्डूक्योपनिषत्कारिका) मा आफूले रचना गरेको भाष्य पनि सुनाउनु भयो। ती भाष्यहरू सुनेर गौडपादाचार्य अत्यन्त प्रसन्न हुनुभयो र विशेषरूपमा माण्डूक्यकारिकाको भाष्यको चर्चा गर्दै

भन्नुभयो– "हे विद्वान्हरूको शिरोमणि शङ्कर ! मेरो कारिकाको यथार्थ भाव प्रकट गर्ने तिम्रो भाष्य सुनेर म ज्यादै हर्षान्वित भएको छु र तिमीलाई वर दिन प्रोत्साहित भएको छु। हे ज्ञानमूर्ति शङ्कर ! कुनै वर शीघ्र माग।" यसपछि श्रीशङ्करले उहाँको दर्शन पाउनु नै ठूलो वरदान भएको तथ्य विनति चढाउँदै आफ्नो चित्त चित्तत्त्वमै निरन्तर रमाइरहने आशीर्वाद चाहनु भयो। श्रीशङ्करलाई प्रेमपूर्वक आशीर्वाद दिएर आचार्य गौडपाद जानुभयो (अन्तर्धान हुनुभयो)। श्रीशङ्कर अत्यन्त आनन्दले विभोर हुनुभयो र शिष्यहरूका साथ ब्रह्मचर्चा गर्दै उहाँले पूरै रात विताउनु भयो।

यसपछि प्रातः कालमा गङ्गा स्नान गरेर शिष्यहरूका साथ नित्य-कृत्य सकेर आत्म-चिन्तनमा लागिरहनु भएको वेला काश्मीरको सर्वज्ञ-पीठको वृतान्त सुन्नुभयो। काश्मीर-मण्डलमा वाणीकी अधीश्वरी शारदा देवीको मन्दिर भएको र त्यहाँ चार ढोकाहरू भएको कुरा थाहा पाउनु भयो। त्यही सर्वज्ञ पीठ भएको तथा सर्वज्ञ (सकल शास्त्रहरूको ज्ञाता) विद्वान् मात्र त्यहाँ पस्न पाउने समाचार सुन्नुभयो। पूर्वको सर्वज्ञ महापुरुषले पूर्वको ढोकाबाट प्रवेश पाउने, पश्चिमको सर्वज्ञ पण्डितले पश्चिमको ढोकाबाट पस्न पाउने र उत्तरको सर्वज्ञ विद्वान्ले उत्तरको ढोका खोलेर पस्न पाउने भएकोमा तीन ढोकाहरू ती सर्वज्ञ महापुरुषहरूको प्रवेशार्थ खुलै थियो। तर दक्षिणमा कोही पनि सर्वज्ञ विद्वान् नहुनाले दक्षिणको ढोका कसैले खोल्न नसक्दा सो ढोका चाहिं सदा बन्द नै थियो। यो समाचार सुनेपछि श्रीशङ्करले दक्षिणी विद्वान्प्रति लागिरहेको कलङ्क मेटाउन आफू (दक्षिणी भएकोले) त्यहाँ गई सर्वज्ञताको परिचय दिई दक्षिणको ढोका खुलाउने निश्चय गर्नुभयो। श्रीशङ्करको काश्मीरतिर प्रस्थान भयो। त्यहाँ शारदादेवीको मन्दिरमा पुगी दक्षिण ढोका खोली पस्ने इच्छा प्रकट गर्नुभयो। तब पण्डितहरूको मण्डलीले हल्ला गर्दै हडबडसाथ उहाँलाई घेरी मन्दिरमा पस्नाको निमित्त पहिले आफ्नो सर्वज्ञताको परिचय दिन शास्त्रार्थ-परीक्षामा सकल शास्त्रवित् हुनुपर्ने नियम सुनाए। श्रीशङ्करले ती दार्शनिक विद्वान्हरूलाई आफ्नो सर्वज्ञताको परिचय दिन सहर्ष स्वीकार गर्नुभयो। वैशेषिक,

नैयायिक, साङ्ख्यवादी, विभिन्नवादी बौद्धहरू, दिगम्बर जैन, जैमिनिमतावलम्वी मीमांसक आदि अनेक दार्शनिकहरूका जटिल प्रश्नहरूको ठीक ठीक उत्तरहरू दिएर श्रीशङ्करले आफू सर्वशास्त्रहरूको ज्ञाता सर्वज्ञ भएको तथ्य सप्रमाण सिद्ध गरेर देखाउनु भयो। तब ती दार्शनिक विद्वान्हरूले उहाँको पूजा गरे र ढोका खोलेर उहाँलाई मन्दिरभित्र जान दिए। श्रीशङ्कराचार्य आफ्नो शिष्य पद्मपादको काँधमा हात राखेर सरस्वतीको भद्रासन (सर्वज्ञपीठ) मा बस्न अगाडि बढ्नुभयो। त्यसवेला सरस्वतीको वाणी भयो– " "हे विद्वान्हरूमा श्रेष्ठ शङ्कर! तिम्रो सर्वज्ञता पहिले नै प्रमाणित थियो र यसमा कुनै सन्देह थिएन। तर यो सर्वज्ञ पीठमा अधिरोहण गर्न सर्वज्ञतामात्र कारण छैन। यसको निमित्त शुद्धताको पनि आवश्यक छ। तिम्रो संन्यासी जीवन संन्यास-धर्मले मात्र वितेको छैन। तिमीले स्त्रीहरूको उपभोग गरेर कामकलाको पनि ज्ञान गरेका छौ। संन्यासीलाई नसुहाउने आचरण तिमीबाट भएकोले यस्तो हालतमा तिमी यस सर्वज्ञ पीठमा बस्न योग्य छैनौ। यो पीठमा बस्न त सर्वज्ञताको समान आचरणको पनि शुद्धता चाहिन्छ।" शारदादेवीको यस्तो वाणी सुनेर श्रीशङ्करले विनति चढाउन थाल्नु भयो– "हे विद्याकी अधिश्वरी! मैले यो शरीरले कुनै पनि स्वधर्म विरुद्ध काम गरेको छैन। कारणवश काम-कला त अर्कै शरीरमा पसेर सिकेको हुँ। त्यस कर्मले, यो भिन्न शरीरमा कुनै लिप्तता वा अशुद्धि हुन आएको छैन।" श्रीशङ्करको यस्तो किसिमको उत्तरवाट श्रीशारदा देवी खुशी हुनुभयो। तब श्रीशङ्कराचार्य पण्डितहरूसहित श्रीशारदाबाट संमान पाई सर्वज्ञ पीठमा विराजमान हुनुभयो। सर्वज्ञपीठमा अलंकृत हुनु श्री शङ्कराचार्यको निमित्त आफ्नो मानको प्रदर्शनार्थ नभई वेद-विहित अद्वैत दर्शनको गुरुता लोककल्याणार्थ प्रदर्शित गर्नाको लागि थियो। यसपछि जगद्गुरु श्रीशङ्कराचार्यले शृङ्गेरी आदि भिन्न-भिन्न पीठहरूमा राखिएका शिष्यहरू बाहेक अरू केही शिष्यहरूलाई लिएर बदरी नारायणतिर प्रस्थान गर्ने निर्णय गर्नुभयो। श्रीशङ्कराचार्यको आविर्भावबाट वैदिक सनातन मार्गको पूर्ण मर्यादा कायम भएकोले

कर्म उपासना र ज्ञानको शुद्धस्वरूप बुझी तदनुसार चल्दै अमृततत्त्व प्राप्त गर्न अलमलिनु पर्ने स्थिति रहेको छैन । चित्तका मल, विक्षेप र आवरण हटाउन वेदका तीन काण्डहरू सुव्यवस्थित रूपमा हुनुपर्ने कुराको बोध श्रीशङ्कराचार्यबाट भएको छ । उहाँले असंख्य देवताहरूको आराधनाको क्रममा सबैलाई ब्रह्म चैतन्यरूपमा मर्यादा राख्नु भएको छ । देवतासम्बन्धी कलहयुक्त मतग्रहणको र विधिहीन पूजाआजाहरूको निर्मूल पार्न श्रीशङ्कर-बाट ठूलो योगदान भएको छ । अनादि अपौरूषेय वेदहरूसँग द्वेष गरेर उठाइएका उपधर्महरूको मूल के हो ? भन्ने प्रश्न खडा गरिदिनुभएको छ । धार्मिक आराधनाको शुद्ध परम्परा नटुटाउन श्रीशङ्कराचार्यले गणेश[10] दुर्गा (अम्बिका) शिव, विष्णु, सूर्य, र स्कन्द (कुमार) यी छ सात्त्विक मूर्तिहरूको उपासनालाई सुव्यवस्थित पार्नुभयो । यसैले श्रीशङ्कराचार्यलाई 'षण्मतस्थापनाचार्य' पनि भनिन थालियो । शैव[11] र वैष्णवहरूको लिङ्ग र चक्रहरूको चिन्ह डामेर अङ्गमा मुद्राधारण गर्ने प्रथाको विरोध गर्नुभयो । कापालिकहरूको[12] जटा र श्मशानको हाड (खपरु र नलिखुट्टाको हाड) धारण गर्ने चलनको निराकरणमा जोड दिनुभयो । शाक्तहरूको मदिरा र मांसहरू चढाएर पूजा गर्ने विधिको विरोध गर्नु भयो । सूर्यका उपासकहरूको रक्तले अर्घदिने कुप्रथा हटाउन अगाडि बढ्नु भयो । गणेशका भक्तहरूको उच्छिष्टमार्गबाट आफ्नो इष्टदेवको उपासना गर्ने विधानको विरोध गर्नु-भयो । यसरी अलिङ्ग, अचक्र, अजटास्थि (जटापालन र हाडधारण रहित),

---

१०. शं. जी. च. पृष्ठ ७६

११. शं. जी. च. पृष्ठ ७७

१२. डा. सर्वपल्लि राधाकृष्णन् रचित Indian Phylosophy Vol. 2 का हिन्दी अनुवाद 'भारतीय दर्शन' दोस्रो संस्करण १९७२ को पृष्ठ ६५४ को पादटिप्पणीमा शङ्कराचार्यले सुव्यवस्थित गरेका छ मतहरूको नामहरू यस प्रकार छन्:– शैव, वैष्णव, सौर, शाक्त, गाणपत्य र कापालिक मत ।

असुरामिष (मदिरा र मांसादिरहित), अरक्तार्घ (रक्तको अर्घ रहित) र अनुच्छिष्ट (जूठो चढाउने चलनरहित) व्यवस्थाले सुधार गर्नुभएको हुँदा ती छ मतहरू वैदिक सात्त्विक रूपमा देखा पर्न थाले। यस विषयको श्लोक यस्तो छः—

अलिङ्गक[13]— मचक्राङ्क—मजटास्थ्य—सुराभिषम् ।
अरक्तार्घ—मनुच्छिष्टं मतमेतद् व्यवस्थितम् ॥

श्रीशङ्कराचार्यले भारतभूमिको चारैतिर मठहरूको स्थापना गरेर वैदिक धर्मको प्रवाह नसुक्ने गरी योग्य शिष्य प्रशिष्यहरू रहँदै जाने र उनीहरूबाट अखण्ड रूपमा वैदिक-संस्कृतिको ज्योति बलिरहने सुव्यवस्था मिलाउनु भएको छ। आचार्य शङ्करले स्थापना गरेका मठहरू र पहिले खटाउनु भएका शिष्यहरू आदिको यथाप्राप्त विवरण[14] यस प्रकार छः—

दिशा	क्षेत्र	मठ	आचार्य	वेद	महावाक्य	अङ्कितपद
पूर्व	पुरुषोत्तम (जगन्नाथ पुरी)	गोवर्धन मठ	पद्मपादाचार्य	ऋग्वेद	'प्रज्ञानं ब्रह्म' (ऐतरेयोपनिषद् अ ३, ख, ५, मन्त्र ३)	वन, अरण्य
दक्षिण	रामेश्वर	श्रृङ्गेरी मठ	सुरेश्वराचार्य	यजुर्वेद	'अहं ब्रह्मास्मि' (बृह. उप. १।४।१०)	सरस्वती, भारती, पुरी
पश्चिम	द्वारका	शारदा मठ	हस्तामलकाचार्य	सामवेद	'तत्त्वमसि' (छान्दो. उप. ६।८।७)	तीर्थ, आश्रम
उत्तर	वदरीकाश्रम	ज्योति मठ	तोटकाचार्य	अथर्ववेद	'अयमात्माब्रह्म' (माण्डूक्य उप. २)	गिरि, पर्वत, सागर

१३. शं. जी. च. पृष्ठ ७७.
१४. श. दि. पृ. ६०१–६१७

यसरी पूर्वाम्नाय, दक्षिणाम्नाय, पश्चिमाम्नाय र उत्तराम्नायका पीठहरूको स्थापना गरी श्रीशङ्कराचार्यले ऊर्ध्वाम्नारूप[15] पाँचौं कामकोटि पीठ काञ्चीमा स्थापित गर्नुभयो। शेषाम्नायका[16] तीन मठहरूको उल्लेख सुमेरु मठ, परमात्ममठ र सहस्रार्कद्युतिमठ नामबाट भएको पाइन्छ। यिनी-हरू क्रमशः ऊर्ध्वाम्नाय, आत्माम्नाय र निष्कलाम्नायका मानिएका छन्।

श्रीशंङ्कराचार्यले प्रमुख चार पीठहरूको दृढताको लागि मर्यादा, कर्तव्य, वैदिक-धर्म-संरक्षण, मठाधीशपदप्राप्तियोग्यता, गुणहीनतामा पद-च्युति आदि विषयहरूमा महानुशासन सुबद्ध[17] गर्नुभएको छ। मठको अधीश्वर हुन धेरै गुणहरूको आवश्यकता श्रीशङ्करले दर्शाउनु भएको छ। 'महानु-शासन' मा यस्तो श्लोक छः—

शुचिर्जितेन्द्रियो वेदवेदाङ्गादिविशारद,
योगज्ञः सर्वशास्त्राणां स मदास्थानमाप्नुयात् ॥

अर्थात् जो पवित्र, इन्द्रियहरूलाई जितेको, वेद र वेदाङ्ग आदिमा विद्वान्, योग जान्ने र सर्वशास्त्रहरूको ज्ञाता छ त्यही व्यक्तिले नै मेरो स्थान प्राप्त गरोस्।

मठका आचार्यहरूले धर्मको विधिवत् पालना गर्नु पर्ने र धर्ममा अरूलाई पनि लगाउनु पर्ने कर्तव्य पूरा गर्नुपर्छ। विरुद्ध धर्ममा लागेकाहरूलाई स्वधर्म-मा ल्याउन आचार्यहरूले निर्दिष्ट स्थानहरूको भ्रमण गर्नुपर्छ। धर्मको नाश हुन दिन हुँदैन र धर्मको उत्थानको निमित्त पीठाधीशहरू उद्योगशील हुनुपर्दछ। कलहको वृद्धि हुन दिन हुँदैन र लोक-कल्याणको निमित्त आचार्य-हरू सदा सतर्क रहनु पर्दछ। यस्ता गुणहरूको परवाह नगर्ने मर्यादाहीन व्यक्ति यदि पीठमा आरूढ भै सकेको छ तापनि उसलाई विद्वान्हरूले मठबाट च्युत गराउनु पर्दछ। वैदिक सनातन धर्मको सुरक्षा र प्रसारको लागि पीठहरू-

---

१५. शं. जी. च. पृष्ठ ६८
१६. शं. दि. पृ. ६१०–६१२
१७. शं. दि. पृ. ६१२–६१७

को स्थापना भएकोले तिनीहरूको उच्छेद हुन दिनु हुन्न। आचार्यहरूले आफ्नो धार्मिक अधिकार सम्झेर प्रजाहरूलाई धार्मिक बनउानु पर्दछ। आचार्यहरू आफू सदाचारी बनेमा मूलबाट नै सदाचारको प्रवाह निक्ली प्रजाहरू पनि सदाचारी बन्ने हुन्छन्। आचार्यको उपदेश सदा जनतालाई शास्त्रीय मार्गमा प्रवृत्त गराउने हुनुपर्दछ।

यी सबै नियमहरू आचार्य शङ्करबाट महानुशासनको रूपमा अङ्कित भएका छन्। आचार्य शङ्करका प्रमुख शिष्यहरूको अरू बढी जानकारी परिशिष्ट भागमा द्रष्टव्य छ। श्रीशङ्कराचार्यले कैलासबाट[१८] पाँच शिवलिङ्गहरू ल्याउनु भएको कुराको विवरण पाइन्छ। ती शिवलिङ्गहरू मध्ये चार लिङ्गहरू चार प्रसिद्ध तीर्थहरूमा स्थापित गर्नुभयो। शृङ्गेरीमा 'भोगलिङ्ग' को स्थापना गर्नुभयो। जिदम्बरम्‌मा 'मोक्षलिङ्ग' को प्रतिष्ठा गर्नुभयो, बदरी नारायणको नजीक 'मुक्तिलिङ्ग' को स्थापना गर्नुभयो। नेपालमा[१९] 'वीरलिङ्ग' को स्थापना गर्नुभयो। यस प्रकार चार लिङ्गहरूको स्थापना शृङ्गेरी, चिदम्बरम्, बदरीनारायण र नेपालमा गरेर श्रीशङ्करले आफूसँग पाँचौं शिवलिङ्ग 'योगलिङ्ग' नामको लिङ्ग राख्नुभयो र काञ्चीमा उहाँले यस लिङ्गको पूजा गर्नुहुन्थ्यो। देहत्यागको वेला यो लिङ्ग सुरेश्वराचार्यको हातमा सुम्पिनु भयो र काञ्ची पीठ तथा त्यहाँको मठको भार पनि उनैलाई दिनुभयो। पाँच शिवलिङ्गहरू कैलाशबाट ल्याई केदारमा[२०], नेपालमा, शृङ्गगिरिमा र चिदम्बरम्‌मा प्रतिष्ठित गरी पाँचौं लिङ्ग चाहिं पाँचौं पीठ तथा पाँचौं आम्नायस्वरूप काञ्चीमा स्थापना गर्नु भएको चर्चा पनि पाइएको छ।

अब श्री शङ्कराचार्य र नेपालसम्बन्धी प्राप्त केही विवरण मननीय हुन आएको छ। नेपालमा आद्य श्रीशङ्कराचार्य नै पाल्नुभएको हो कि होइन

---

१८. श्री शं. १४३

१९. नेपालमा आद्यशङ्कराचार्य आए-नआएको चर्चा यसपछि दिइएको छ।

२०. शं. वी. च. पृष्ठ ७८

भन्ने कुरामा फरक फरक मतहरू पाइन्छन् । नेपालमा त्यस समयमा बौद्ध-धर्मको धेरै प्रचार भएको हुनाले श्रीपशुपतिनाथको पूजामा शैथिल्य आएको हुँदा त्यसलाई हटाउन आद्य शङ्कराचार्य आफ्ना[२१] शिष्य-मण्डलीका साथ नेपालमा पुग्नुभयो भन्ने कुरा श्री बलदेवा उपाध्यायले प्रकाशमा ल्याउनु भएको छ । आचार्य शङ्करले बौद्धहरूलाई परास्त गरेर उनीहरूको प्रभाव हटाई श्री पशुपतिनाथको वैदिक पूजाको व्यवस्था ठीक ढंगसँग चलाइदिनु भयो तथा यस कार्यको निमित्त आफ्ना सजातीय नम्बूद्री ब्राह्मणहरू (भट्ट-हरू) नै पूजारी हुनुपर्ने प्रथा चलाइदिनु भयो भन्ने पनि चर्चा उहाँले गर्नु-भएको छ । त्यस्तै शङ्कराचार्यले नेपालमा[२२] 'वीरलिङ्ग' को स्थापना र पूजा गर्नु भएको चर्चा पनि उहाँले प्रस्तुत गर्नु भएको छ । 'श्रीशङ्कराचार्यको जीवन चरित्र[२३]' भन्ने पुस्तकमा 'श्रीशङ्कराचार्यले नेपालमा गएर बौद्धमत-पक्षपाती राजा वृषवर्मा (वृषदेव ?) लाई आफ्ना उपदेशहरूले वैदिक धर्मानुरागी बनाएर पशुपति क्षेत्रबाट बौद्ध आचार्यहरूलाई परास्त गरी हटाएर श्रीपशुपतिनाथको वैदिकपद्धति अनुसारको पूजाविधि चलाउनु भयो भन्ने घटना दर्शाइएको छ । पुनः श्रीपशुपतिनाथको मूर्तिको माथमा प्रतिदिन श्रीखण्डले श्रीयन्त्र लेखेर त्यसमा ऊर्ध्वाम्नायको विधानले त्रिपुर-सुन्दरीको पूजा कार्य दक्षिणी ब्राह्मणहरू (भट्टजीहरू) द्वारा गराउने व्यवस्था पनि बाँध्नुभयो भन्ने चर्चा त्यहाँ गरिएको छ । शङ्कराचार्यका शिष्यहरूलाई पनि शङ्कराचार्य नै भनिने हुँदा अरू शङ्कराचार्यहरू बराबर नेपालमा आउँथे र कुन शङ्कराचार्य आउनु भएको हो भन्ने छुट्याउन अझ अनुसन्धान गर्नुपर्ने देखिएको छ । श्री पशुपति क्षेत्रमा श्रीशङ्कराचार्य मठ र उहाँको एउटा परम्परागत गद्दी पनि छ, त्यसमा उत्तराधिकारीहरू संन्यासी शङ्कराचार्य-हरू नै रहनुहुन्छ, यसको पनि समयको निर्णय मननीय छ ।

---

२१. श्री शं. पृष्ठ १३९–१४०
२२. श्री शं. पृ. १४३, ५८१, ५९०
२३. शं. जी. च. पृष्ठ ५०–५१

निम्नाङ्कित[२४] समीक्षात्मक पुस्तकमा आद्य शङ्कराचार्य नेपालमा आउनु भएको प्रमाण नपाइएको चर्चा गरिएको छ। किंवदन्तीहरूमा गुह्येश्वरी, नक्साल भगवती, आदिका घटनाहरू आद्य शङ्कराचार्यसँगै सम्बद्ध गराइए तापनि उक्त पुस्तकमा यतिमात्र सत्य भएको मानिएको छ कि–"(क) वृषदेव राजा बौद्धमार्गी भएको, (ख) तान्त्रिक वामाचारले ढाकेको, (ग) पशुपतिको पूजालाई पनि यसले प्रभावित बनाएको, (घ) पछिका शङ्कराचार्य नेपालमा आएको (आद्य शङ्कराचार्य आएको प्रमाण नपाइएको) र (ङ) पशुपतिका पूजाहारी दक्षिणी अलिना भट्ट हुन आएको।"

शङ्कराचार्यको विषयमा अझ खोजी भएमा नेपालमा वैदिक सनातनीहरूले मानिआएको वैदिक पूजापद्धति र वेदप्रमाणक अद्वैतसिद्धान्तमा श्रीशङ्कराचार्यको योगदान राम्ररी स्पष्ट हुन आउने छ। शङ्कराचार्यले वैदिक कर्म, उपासना र ज्ञानको हितकारक प्रयोग समन्वयात्मकरूपमा गर्ने बाटो देखाउनु भएकोले वेदको महारथी वहाँलाई मानिएको छ। नेपाली समाजमा श्रीशङ्कराचार्यको प्रतिष्ठा आफ्नै हृदयको देवताको झैं हुनुको कारण पनि उहाँबाट वैदिक आर्यपरम्पराको अखण्डताको लागि संस्थागत केन्द्रहरू बन्नु र वैदिक मर्यादाको अभिवृद्धि हुनुबाट मानिएको छ।

तन्त्र, मन्त्र, यन्त्र, चक्र आदिका विषयहरूमा पनि श्रीशङ्कराचार्यले उग्रतारालाई हटाउन विशुद्ध सर्वप्राणीहरूको हित हुने प्रयासहरू गर्नुभयो। उहाँले धेरै ठाउँहरूमा 'यन्त्रहरूको'[२५] स्थापना आदि गरेर उग्र मानिएका देवताहरूलाई शान्त गराइदिनु भयो। मद्रासनिर 'तिरूवोट्टियूई' भन्ने क्षेत्रमा रहनु भएको 'त्रिपुरसुन्दरी' भगवतीलाई शान्तरूपमा ल्याउनु भयो।

---

२४. 'पशुपतिनाथको दर्शन, स्पर्शन, पूजन सम्बन्धमा समीक्षा'.
—ले. ज्ञानमणि नेपाल
प्रथम संस्करण वि. सं. २०४३ साल चैत्र
प्रकाशक— महेशराज पन्त, वटु सवलवहाल, काठमाडौं, नेपाल।

२५. शं. जी. च. पृष्ठ ६१

त्यहाँको 'वनदुर्गा' लाई मन्त्रद्वारा बाँधेर एउटा इनारमा बसाल्नु भयो। यस ठाउँमा त्रिपुरसुन्दरीको र श्रीयन्त्रको तान्त्रिक विधानबाट पूजा चलिरहेछ। वेङ्कटेश्वरमन्दिरमा शङ्करले 'धनाकर्षण' यन्त्रको प्रतिष्ठा गर्नुभयो। कामाक्षीको मन्दिरमा 'श्रीचक्र' को प्रतिष्ठा गर्नुभयो। श्रीविद्याको वीजरूपमा उग्रकलालाई[२६] समाविष्ट गराएर चक्राकार युक्त गरी गुप्त रूपमा त्यहीं बद्ध बनाई शान्त पार्नु उहाँको प्रशंसनीय सामर्थ्य थियो। उहाँमा जति पनि शक्ति थियो, त्यो सबै उहाँले उग्रतालाई हटाउनमा नै रचनात्मक रूपमा लगाउनु भयो

श्रीशङ्कराचार्यले प्रायः सारा तीर्थस्थलहरूमा घुमेर त्यहाँका पवित्र नदीहरू देव, देवीहरू आदिको पवित्रतावाट आत्मशुद्धि र धार्मिक भावना जगाउने प्रयत्न गर्नुभयो। श्रुतिको मर्म संझाउने र विद्वान्हरूमा भाष्य आदिको वोध गराउने कार्य उहाँबाट भयो। जन-साधारणमा समेत अमृत उपदेशवाट ब्रह्म वन्ने (आत्मस्वरूप नभुल्ने) ज्ञान जगाउनु भयो। वैदिक अध्ययनमा जोड दिँदै विद्वान्हरूलाई आफ्ना कर्तव्यहरूको पालन गर्न प्रेरणा दिनु भयो। सर्वात्मभावबाट नै उग्र दुष्कर्महरूको निर्मूल भई विश्व शान्ति कायम हुने मार्ग दर्शाउनु भयो। उहाँको प्रयास धार्मिक समांज बनाउनुमा व्यस्त भएकोले अनेक स्थलहरूमा मन्दिरहरूको प्रतिष्ठा, लुप्त मूर्तिहरूको उद्धारपूर्वक संस्थापना आदि उहाँबाट सम्पन्न भए। स्तोत्रहरूको पाठ, महावाक्य आदि मन्त्रहरूको जप, ध्यान आदिलाई प्रधानता दिई उहाँले आफ्ना भक्तहरूको हृदयमा शान्तिको वर्षा गराउने बाटो देखाउनुभयो।

शङ्कराचार्य तन्त्रको क्षेत्रमा विकृति नआओस् भन्ने चाहनु हुन्थ्यो र आफू उत्कृष्ट तन्त्रज्ञ भए तापनि सर्वात्मना तन्त्रको प्रचार गर्दै हिँड्नु भएन। वैदिक साधना नै उहाँबाट प्रमुखरूपले प्रकाशित भए। यसको अर्थ यो होइन कि उहाँमा तन्त्रप्रति आस्था थिएन। तन्त्रप्रति उहाँको आस्था भएको तथ्य

२६. शं. जी. च. पृष्ठ ६७–६८

उहाँले रचना गर्नुभएको 'सौन्दर्य लहरी' 'प्रपञ्चसार'-आदि ग्रन्थहरूबाट स्पष्ट हुन्छ । उहाँ भगवती त्रिपुराको उपासक हुनुहुन्थ्यो । उहाँबाट मठहरूमा श्रीविद्यानुकूल देवीको पूजा आराधनाको परम्परा चलिआएको छ । तान्त्रिकहरूको वामाचारले गर्दा तन्त्रमा विकृति देखिन आएको र त्यसबाट चित्त शुद्ध हुन नसक्ने भई ब्रह्म भावमा अड्न दुष्करता नै रहेकोले श्रीशङ्करले वेदविरुद्ध पर्न गएका तान्त्रिक क्रियाकलापहरूको खण्डन गर्नुभयो । यही घटना काञ्ची नगरीमा पर्न गएको हो । त्यहाँ श्रीशङ्करले परविद्याको आचरणको अनुकूल सुन्दर मन्दिरको निर्माण र भगवतीको श्रुतिसम्मत वैदिक पूजाको प्रतिष्ठा गरेको तथा वामाचारी तान्त्रिकहरूलाई दूर भगाएको ज्वलन्त उदाहरण छ । वेदानुकूल क्रिया र ज्ञानमात्र श्रीशङ्कराचार्यको मान्य भएकोले उहाँको जीवन पूर्णरूपमा स्पष्ट वेदमय नै थियो ।

अन्तमा बदरीनारायणतिर केही शिष्यहरू लिएर पाल्नुभएको श्रीशङ्कराचार्यले आफ्नो आयु सकिन लागेको कुरा संझनु भयो । बदरीमा पुगेपछि केही दिन त्यहाँ स्वरचित शारीरिक भाष्य नै पढाउनु भयो । भाष्यको व्याख्याको वातावरणमा ब्रह्मानन्द बाहेक अरू केही बाँकी रहेन । त्यहाँ[२७] दत्तात्रेयको आश्रममा गई उहाँको दर्शन र उहाँबाट आफ्नो कार्यको प्रशंसा पाई कृतार्थ हुनुभयो । जीवनका बत्तीस वर्षहरू समाप्त हुन लाग्दा श्रीशङ्कर केदारधाममा[२८] पुग्नुभयो । शिष्यहरूलाई त्यहाँको ठण्डीबाट बचाउन तप्त जल प्रकट गराउनु भयो । अब आफ्नो अवतारको कार्य सम्पन्न भएकोले शङ्करावतार श्रीशङ्कर स्वधाममा प्राप्त हुनुभयो । यसरी केदारधाममा श्रीशङ्करको तिरोधान भएको घटना पाइन्छ । कैलाश पर्वतमा श्रीशङ्कर ब्रह्मलीन हुनुभएकोले त्यहाँ उहाँको समाधि पाइन्छ । उहाँको तिरोधानको स्थल केही ग्रन्थहरूमा फरक गरेर बताइएको पनि पाइन्छ । कसैले उहाँको

---

२७. श्री शं. पृ. १४१
२८. शं. दि. १६।१००

समाधि केरल[२९] देशमा भएको र कसैले काञ्चीमा उहाँको शरीरपात भएको कुरा बताएका छन् । श्रीशङ्करले यति छोटो आयुमै अवैदिक मतहरूको निराकरण र अवैदिक उग्र पूजापद्धतिको सुधार गर्दै वैदिक संस्कृतिको जग वलियो पारेर जुन ज्ञान-ज्योति जगाउनु भयो त्यसको निमित्त सबै ऋणी भएका छौं ।

---

२९. श्री शं. पृ. १४२–१४३

१०. शङ्कराचार्यको वैशिष्ट्य र कृतिहरू

श्रीशङ्कराचार्यको प्रगाढ पाण्डित्य र अपूर्व त्यागले गर्दा उहाँलाई ज्ञानिशिरोमणि मानिएको छ। श्रुतिको मूर्ति हुनुभएको श्रीशङ्करले वेदको अद्वैत सिद्धान्त प्रत्येक प्रमाणद्वारा पनि सिद्ध गरेर द्वैतवादीहरूलाई नतमस्तक पार्नुभयो। उहाँको अलौकिक विद्वता र असाधारण तर्कशक्तिको अगाडि टिक्न सक्ने सामर्थ्य कुनै पनि भेदवादी विद्वान्को देखिएन। अनात्मवाद, शून्यवाद, द्वित्ववाद, बहुत्ववाद आदिको भ्रम उहाँबाट विलकुल निराकृत भएकोले एक अद्वितीय ब्रह्ममात्र सत्य तत्त्व प्रकाशित भएको छ। सूक्ष्म ज्ञानमय दृष्टिको सूत्रपात गर्नु नै उहाँको जीवनको अमूल्य प्रयत्न मानिएको छ। ज्ञानशक्ति-तर्कशक्ति, चारित्रिकशक्ति आदिद्वारा वैदिक धर्मको मर्यादा बलियो पार्नुमा नै श्रीशङ्करको वैशिष्ट्य देखिन्छ। वर्णाश्रमधर्म पालनदेखि लिएर जन्ममरण चक्रको निवृत्तिसम्म वैदिक मार्गद्वारा अगाडि बढाउन उहाँले ठूलो त्यागमय क्रियाकलाप अपनाउनुभयो। विकृत हुँदै जान लागिरहेको वैदिक धर्मले उहाँ-को महान् व्यक्तित्वको प्रकाशमा पुनरभ्युत्थानको सुन्दर वातावरण पायो। कर्म, उपासना र ज्ञानको त्रिवेणीमा नुहाएर शुद्ध हुने र त्यहाँ डुबेर फेरि मरणमा पुग्नु नपर्ने युक्ति श्रीशङ्करबाट प्रदान भएकोले वेदको समग्र मर्यादा तथा समन्वय कायम भएको छ। वैदिक-मर्यादा-पालन, वर्णाश्रमधर्मपालन अद्वैततत्त्वसाक्षात्कार जस्ता वैदिक रत्नहरूको रहस्य प्रकाशमा ल्याउने युगमहापुरुष श्रीशङ्कराचार्यको महनीयता अभूतपूर्व छ। श्रुति, स्मृति, पुराण आदिको खानी मानिने श्रीशङ्करमा अलौकिक प्रतिभा भएको तथ्य प्रसिद्ध छ। उहाँको प्रौढ रचनादेखि लिएर सरल कृतिसम्मको अवलोकन गर्दा उहाँमा विलक्षण सृजनात्मक प्रतिभा उदय भएको मान्नुपर्दछ। प्रगाढ

काव्यप्रतिभा, महत्त्वशाली शैली तथा गम्भीर विषयको धाराप्रवाह अभिव्यक्ति उहाँमा सहज रूपमा मुखरित भएका छन् । भाष्यदेखि लिएर सौन्दर्यलहरी जस्ता ग्रन्थरत्नहरू सिद्धहस्त नभई निक्लन सक्ने कुरा होइन । साहित्यिक, दार्शनिक, तान्त्रिक आदि क्षेत्रमा विख्यात प्रतिभा दर्शाउने श्रीशङ्करको व्यक्तित्व लोकोत्तर मानिन्छ । आत्मतत्त्वको बोध गराई स्वयंलाई सत्, चित्, आनन्दस्वरूपबाट च्युत हुन नदिनाको लागि औपनिषद् दर्शनको ज्योति फैलाउने काममा श्रीशङ्करले विशेष प्रयत्न गर्नुभएको छ । आत्मा नै ब्रह्म (अयमात्मा ब्रह्म) भएकोले ब्रह्मदेखि अभिन्न आत्माको अनुभव गराउन उहाँबाट अद्वैत तत्त्व प्रतिपादक ग्रन्थहरूको रचना सुबोध रूपमा भएको छ । वैदिक विषयवस्तुको संरक्षाको निमित्त तार्किक विद्वत्ता र आनुभाविक प्रयोग उहाँबाट थपिनु नै उहाँको वैशिष्ट्य मानिन्छ । श्रीशङ्करले छरिएका अद्वैतपरक मन्त्रहरूको खोजीपूर्वक सिद्धान्तरूपमा एक वाक्यतामात्रको सिद्धि गर्नु भएको होइन कि कर्मपरक तथा उपासनापरक मन्त्रहरूको पनि परम्परया ज्ञानमा उपयोगिता सिद्ध गरेर चित्तशुद्धि र चित्तैकाग्रतामा तिनीहरूको आवश्यकता दर्शाउनु भयो । समस्त वेदको मर्यादा कायम गर्न उहाँले सबै काण्डहरूको विशुद्ध प्रयोजन संझाउनु भयो । प्रत्यक्ष ब्रह्मानन्द प्राप्त हुने र फेरि जन्म लिनु नपर्ने वैदिक तत्त्व संझाई उहाँले सारा प्राणीहरूको कल्याण गर्ने (शम्=कल्याण,कर=गर्ने) मार्ग स्पष्ट दर्शाउनु भएकोले उहाँको 'शङ्कर' नाम सार्थक भएको छ । उहाँको विशेषता नै व्यवहारदेखि लिएर परमार्थसम्म सुधार्ने वैदिक मार्ग दर्शाउनुमा छ । उहाँबाट आचारपक्ष, दर्शनपक्ष आदिमा जुन कल्याणकारक प्रकाश फैलिएको छ त्यसबाट सर्वात्मभावको वातावरणमा संयमपूर्वक विश्वशान्तिको स्थापनामा ठूलो योगदान प्राप्त भएको छ । एक अद्वैतवादी संन्यासीबाट तन्त्र, यन्त्र आदिको शुद्ध प्रचार हुनु र धार्मिक पूजा अनुष्ठान आदिको संरक्षण हुनु अवश्य नै उहाँको उदात्त चरित्रको महनीय उदाहरण हो । अलौकिक शास्त्रीय कलाले विभूषित श्रीशङ्करका व्याख्याहरूले पण्डित-मण्डलीमा महान् आश्चर्यमात्र उत्पन्न गराएको होइन

कि अनुकरणीय ज्ञानज्योति पनि फैलाएको हो । सयौं धुरन्धर विद्वान्हरूले शङ्करबाट प्रभावित भएर नैयायिक पद्धति,पौराणिक पद्धति, व्याख्या पद्धति आदिबाट जुन अद्वैत तत्त्वको आयाम बढाउँदै लगे त्यसबाट यही सिद्ध हुन्छ कि वेदविहित-अद्वैततत्त्व वैदिक धर्म र दर्शनको अन्तिम ज्ञानमय अभिव्यक्ति हो। वेदान्तको गौरवमय मन्दिरमा प्रवेश गर्न चाहिने योग्यता नै अनासक्ति, एकाग्रता, विवेक आदि भएकोले श्रीशङ्करको व्यक्तित्वमा यी आदर्श गुणहरू विशेषरूपले ओतप्रोत भएका थिए । श्रीशङ्करको भाष्यमा उद्भट विद्वान्हरूद्वारा टीका-प्रटीकाहरू थपिँदै जानुबाट उहाँको अवर्णनीय शास्त्रीय प्रतिभाको परिचय प्राप्त हुन्छ । संन्यासीबाट समाजमा मर्यादाको व्यवस्था केवल उपदेशबाट मात्र होइन कि संगठनबाट पनि हुन्छ भन्ने तथ्यको प्रवल प्रमाणस्वरूप पीठहरूको अधिकार सम्पन्न व्यवस्थापन श्रीशङ्कराचार्यद्वारा हुनुबाट स्पष्टिएको छ। केवल वैरागीको रूपमा नभई महानुशासनको स्रष्टाको रूपमा पनि गौरवपूर्ण व्यक्तित्वको प्रकाश काममा ल्याउने श्रीशङ्कराचार्यको विशेष क्रियाकलाप अवश्य नै पूर्णरूपले आदरणीय भएको छ । अभूतपूर्व खण्डनकारको रूपमा पनि श्रीशङ्कराचार्य शास्त्रीय जगत्मा खडा हुनुभएको छ । कर्मबाट मुक्ति मिल्दैन भन्ने सिद्धान्त लिएर कर्मवादीहरूको कर्मवादको जोडदार खण्डन गर्दै निष्काम कर्मबाट चित्तशुद्धि मात्र हुने रहस्य प्रकट गर्नु भएको छ। उग्र, तामस, अवैदिक, अनाचार आदि पद्धतिबाट शिव, शक्ति, विष्णु, गणेश, सूर्य आदिको उपासना गर्नाले कल्याण हुँदैन भन्दै विशेष रूपमा श्रीशङ्करले शैव, शक्ति, वैष्णव, वैनायक, सौर आदिको शान्त, सात्विक, वैदिक सदाचारी उपासना कायम राख्नु भयो। तन्त्रको धुरन्धर भएर भयङ्कर तान्त्रिक पद्धतिको विरोध गर्नुभयो । आगम र निगम सबमा विशाल दृष्टि राख्नु नै उहाँको विशेषता मानिन्छ । पाञ्चायन पूजाको शुद्धपद्धति र यन्त्र, चक्र आदिको कल्याणदायक प्रयोग उहाँबाट प्रकाशमा आएकोले धर्ममा आउन लागेका विकृतिहरूको निर्मूल भएको छ। दर्शनको क्षेत्रमा भेददृष्टिको सिद्धान्त निर्मूल पारेर श्रीशङ्करले सर्वात्मभावद्वारा व्यवहारमा शान्ति र परमार्थमा मुक्तिको द्वार खोल्नुभएको छ ।

चारित्रिक, दार्शनिक, धार्मिक, सामाजिक आदि जुन दृष्टिले पनि अनुसन्धान गर्दा श्रीशङ्करमा उच्चतम व्यक्तित्व पाउनु नै उहाँको वैशिष्ट्य हो। स्वाध्याय, प्रवचन र ग्रन्थ निर्माणको त्रिवेणीमा पवित्र गोता लगाउनु भएको श्रीशङ्कर शास्त्रीय महनीयताको मूर्ति बन्नु भएको छ। मातृभक्ति, गुरुसेवा र शिष्यानुग्रहले गर्दा उहाँको व्यक्तिगत जीवन रत्न झैं चम्किलो बनेको पाइन्छ। माताको इच्छा पूरा गर्न अनेक सङ्कष्टहरू सहेर उहाँको अन्तिम संस्कार सम्पन्न गर्नु अवश्य नै प्रशंसनीय मान्नु पर्दछ। नर्मदाको बाढीलाई कलशभित्र अभिमन्त्रित गरेर प्रविष्ट गराई गुरु गोविन्दपादाचार्यको सुरक्षा दर्शाउनु अलौकिक सेवा मानिन्छ। तोटकाचार्य शिष्यको हृदयमा सम्पूर्ण विद्याहरूको सञ्चार असीम अनुग्रहबाट सम्पन्न गर्नु श्रीशङ्करको लोकोत्तर अनुकम्पा देखिन्छ। श्रीशङ्करको मेधाशक्ति अत्यन्त विलक्षण भएको रहस्य उहाँबाट नष्ट भएका ग्रन्थहरूको पुनरुद्धार हुनुबाट प्रकट भएको छ। पद्मपादको पञ्चपादिकाको र राजशेखको नाटकको पुनरुद्धार उहाँबाट हुनु अवश्य नै आश्चर्यकारक घटना देखिएको छ।

राष्ट्रभर नै घुमेर ठाउँ ठाउँका देव-देवीहरूको पूजा-आराधनामा पवित्र विधिको व्यवस्था जगाउनु, वैदिक सिद्धान्तको पुनरुद्धार गर्नु, वैदिक संस्कृतिको स्थायी सुरक्षाको लागि चारैतिर मठहरूको स्थापना गर्नु आदि महत्त्वपूर्ण कार्यहरू श्रीशङ्करबाट भएका छन्। उपनिषद्, गीता र ब्रह्मसूत्रमा भाष्यको रचना गरेर वेदान्तको प्रसिद्ध दुर्गलाई (किल्लालाई) मजबूत पार्नु श्रीशङ्करको महान् देन मानिन्छ। वेदान्त संझाउन सरल, सुबोध र सरस लघुरचनादेखि लिएर प्रौढ दार्शनिक रचनासम्ममा सिद्धहस्त हुनुभएको श्रीशङ्करले बाल, युवा र वृद्ध सबैलाई आत्मबोध गराउने खालका ग्रन्थरत्नहरू प्रदान गर्नु भएको छ। तार्किकहरूलाई सुहाउने उच्च दार्शनिक पद्धति, धार्मिक जनसाधारणलाई सुहाउने मध्यम पद्धति र सामान्य बुद्धि भएकालाई सुहाउने अति सरल पद्धतिबाट श्रीशङ्करले सबैको हितको निमित्त वेदान्त-साहित्यको सृजना गर्नु भएको छ। धुरन्धुर पण्डितदेखि लिएर अबोध जनसाधारणसम्म अद्वैतवाङ्मय उहाँकै कृपाबाट सुहाउँदो

रूपमा फैलिएको छ। भांष्यहरूको स्वरूप निर्मल जङ्गाजलजस्तो भएकोले यसंबाट ज्ञानको प्रकाश हृदयमा पर्न गई अत्यन्त शुद्धता प्राप्त हुन्छ। शङ्करका स-साना प्रकरण ग्रन्थरत्नहरूले त वेदान्तको रहस्य सरस, सरल, सुगम र स्वच्छ शैलीद्वारा अभिव्यक्त गरेको छ।

दार्शनिकताको अतिरिक्त काव्यात्मक प्रतिभाले पनि श्रीशङ्करमा प्रशंसनीय स्थान पाएको छ। एक अद्वैतवादी महापुरुषमा रसिलो, रमाइलो र चित्तहर्ने काव्यात्मक गुण पाइनु अवश्यं नै सरस्वतीकै वरदान मान्नुपर्छ। छन्द, भाव, रस, अलंकार, शैली आदिमा अनुपम कवित्वशक्ति दर्शाउने श्रीशङ्करको साहित्यिक गुण अवर्णनीय छ। गद्य र पद्य दुवैमा अवाध-गति हुनुभएको आचार्य शङ्करको उत्कृष्ट रचना-शक्ति विद्वन्‌मण्डलीमा सर्वदा प्रतिष्ठाको दृष्टिले माननीय भएको छ। दर्शन र साहित्य एक व्यक्तिमा गम्भीररूपले चम्कनु प्रायः अनौठो मानिन्छ। श्रीशङ्करमा यस्ता प्रतिभाका किरणहरूले उच्चरूपमा स्थान पाउनु विद्या र सृजनात्मक शक्तिको दृष्टिबाट आश्चर्यजनक नै मान्नुपर्छ। मनोरञ्जन, खुशामद र स्वार्थसिद्धिको निमित्त उहाँका रचनाहरू नभई केवल वैदिक धर्म, दर्शन, संस्कृति र सभ्यताको संरक्षणपूर्वक लोकको हित गर्नुमा मुखरित भएका देखिन्छन्। जीवन नै यसको निमित्त समर्पित गर्ने महान् तपस्वी श्रीशङ्करको कृतिको उपादेयता विश्वकल्याणको क्षेत्रमा अभिव्यक्त भएको छ।

विकृत धारणाहरू, भयङ्कर बलिपूजा, अनात्मवाद आदिको ज्वालामा कुदेर ती सबै अवाञ्छनीय दुराचारहरू र वेदविरुद्ध वादहरूलाई वैदिक जलप्रवाहले शान्त पार्नु श्रीशङ्करजस्तो दिव्य विभूतिबाट मात्र हुने कार्य थियो। अशान्त वातावरण हटाउन सात्त्विक गुणहरूको विकास गर्ने श्रीशङ्करमा अवश्य नै दैवी शक्ति मान्नुपर्छ। दिग्विजययात्राबाट श्रीशङ्करले निष्क्रियताको अगाडि आत्मसमर्पण गर्नु समाज र राष्ट्रलाई गिराउनु हो भन्ने स्पष्ट झलक दिनुभएको छ। आफ्नो संस्कृतिमा विकृति बाहिरबाट मात्र होइन कि भित्रबाट पनि उब्जिन थाल्ने हुंनाले भित्र नै अनादि वैदिक संस्कृति मजबूत पार्न सके बाहिरका विकृतिहरू पस्न डराउने हुन्छन् भन्ने गहीरो

शिक्षा श्रीशङ्करबाट प्राप्त भएको छ। पछि उनेका आभासस्वरूप संस्कृति-हरूले अनादि वैदिक संस्कृतिमा खिया लगाई देशको, समाजको, राष्ट्रको र व्यक्तिको सांस्कृतिक गौरव लुप्त पार्ने हुनाले ती वेदामूलक तत्त्वहरूबाट बचाउनु नै श्रीशङ्करको जीवनको तपस्या थियो। तर्क (युक्ति) प्रधान क्षेत्र-मा तर्क (युक्ति) बाट, श्रुति प्रधान समाजमा श्रुतिबाट र अनुभवाकाङ्क्षी मण्डलमा अनुभवबाट आत्माको परमप्रियता र एकताको ज्ञान गराई सर्वात्मभावमा श्रीशङ्करले मग्न गराउन ठूलो प्रयास गर्नुभयो। उहाँले आफ्ना शिष्यहरू, सिद्धान्तमा दृढ र क्रियाशील होऊन् भनेर उनीहरूमा विद्याको सञ्चार, अनुभवको विकास र त्यागको भावना पूर्णरूपमा सुरक्षित पार्नु-भएको थियो। शिष्यमण्डलीको साथ घुम्नु, भाष्यानुशीलन गराउनु, आच-रणबाट प्रभावित पार्नु आदि प्रमुख कार्यहरू उहाँबाट सम्पन्न भए। तीर्थ, देवालय, पवित्र धामहरूमा विशुद्ध आचार विचारको वातावरण बनाएर श्रीशङ्करले वैदिक सभ्यताको ज्योति चम्काउनुभयो। दशनाम संघको स्थापनाद्वारा संन्यासीहरूको धर्मोद्धार प्रति उत्तरदायित्व बढाउनुभयो। सगुण र निर्गुणमा समन्वय कायम गरेर निर्गुण परमात्मा नै धर्मको संस्थाप-नार्थ सगुण भएर आउने तत्त्व झल्काउनुभयो। मठहरूमा सगुण परमेश्वरको आराधना तथा निर्गुण ब्रह्मको ध्यान हुनपर्ने व्यवस्थाद्वारा सगुण र निर्गुणको रहस्य स्पष्ट पार्नुभयो। मूर्तिहरू, लिङ्गहरू र यन्त्रादिहरूको प्रतिष्ठाद्वारा निर्गुणवादी प्रति जन-आस्था बढाउनुभयो। सारा देवताहरूको चैतन्य-मय रूपमा समान आदर बढाउनु भएकोले देवताहरूका नाममा गरिने भेदवादी कलह, उच्चावच भावना, आदिको विनाश पार्नुभयो। धार्मिक कलह समझदारीको कमीले र पूर्वाग्रहले जन्मने हुँदा विचार नै बढाएर एकरूपताको अनुभव गर्न सिकाउनुभयो। श्रीशङ्करले शैव, वैष्णव, शाक्त, सौर, वैनायक र कौमार(स्कान्द) मतहरूको स्थापना गरेर शुद्ध आचार-द्वारा पूजा आराधना आदि गर्ने व्यवस्था मिलाउनु भई सगुण उपासनाको स्वीकार तथा देव देवीहरूमा भेदबुद्धि गर्ने दुर्भावनाको तिरस्कारमा जोड दिनुभयो। उहाँले रचना गर्नुभएको स्तोत्र-संग्रह शैव, वैष्णव, शाक्त आदि

सबैले अति श्रद्धापूर्वक पढ्दछन् । उहाँबाट रचित स्तुतिहरूलाई भेट्टाउने अरू कमै स्तुतिहरू होलान् भन्न विद्वान्हरूको धारणा छ । यसरी सगुण उपासना (भक्ति) को संरक्षा र अद्वैत निर्गुण तत्त्वको प्रकाश एउटै व्यक्तिबाट हुँदा उहाँलाई वेदको सर्वाङ्गपूर्ण मूर्ति मानिएको छ । काशीमा श्री विश्वनाथको प्रार्थना गर्दा उहाँले एउटै व्यक्तिमा कर्म, भक्ति र ज्ञान दृष्टिको फरकले मिलेर बस्न सक्ने रहस्यको प्रकाश पार्नुभएको छ । देहदृष्टिले कर्म, दासपन र भक्ति तथा जीवदृष्टिले भगवान्को अंश भावना र अनन्य भक्ति हुने तथ्य प्रकट गर्दै आत्मदृष्टिले जीवेश्वरैक्य अद्वैततत्त्वमात्र सत्य वस्तु भइरहेको रहस्य प्रकट गर्नुभयो । शङ्करको वैशिष्टय नै वैदिक तत्त्वहरूमा समन्वय ल्याउने प्रयासमा आधारित देखिन्छ । विभिन्न मतावलम्वीहरूको दर्शनहरूको उहाँले परिचय दिई ब्रह्मसूत्रमा खण्डन गर्नुभएबाट उहाँको दार्शनिक प्रज्ञा अत्युत्कृष्ट भएको प्रमाणित हुन्छ । आपातत: विरोध पर्न गए जस्ता देखिने उपनिषद्का मन्त्रहरूको स्पष्ट उल्लेख गरेर ब्रह्मसूत्रको आधारमा विस्तृत रूपमा भाष्यद्वारा समन्वय ल्याउनु श्रीशङ्करको विशिष्ट व्यापक ज्ञानको खूबी मानिन्छ । उपनिषद्लाई श्रुतिप्रस्थान भनिन्छ, श्रुति स्वयं प्रबल प्रमाणरूपमा छ तैपनि श्रुतिहरूमा केही संशय मन्त्रहरूको अर्थभेदबाट उठ्न गयो भने तर्कप्रस्थानरूपी ब्रम्हसूत्रबाट त्यसको समाधान हुन्छ । श्रीशङ्करले मुख्यरूपमा वेदको पर्यवसानरूप वेदान्तको प्रकाशमा समन्वय, अविरोध, साधन र फल भाष्यबाट झल्काउनुभयो । वास्तवमा श्रीशङ्करलाई एकाङ्गी दृष्टि राख्ने पुरुष भन्न सकिन्न, किनकि उहाँले जीवनका सम्पूर्ण अङ्गहरूको सत्य लक्ष्य दर्शाएर जगद्गुरु भन्ने विशेषण सार्थक पार्नुभएको छ । शङ्करले वेदान्तको दर्शन बुझाउन भाष्यादिमात्रको रचना गरेर छोड्नु भएन, किन्तु त्यसको प्रचारको निमित्त सम्पूर्ण जीवन समर्पित गर्नुभयो । महापुरुष त्यही हुन्छ जसले सत्य वस्तुको सजीव उदाहरण बनेर, सफल प्रयोगको चित्र खडा गर्दछ । श्रीशङ्करले आफू धार्मिक, दार्शनिक विद्वान्, त्यागी आदि बनी धर्म, दर्शन, ज्ञान, त्याग आदिका खम्बाहरू स्थापित गर्नुभएकोले उहाँमा सच्चा गुरुपनको ज्योति चम्केको पाइन्छ । जगत्को

मिथ्यात्व सिद्ध गर्ने श्रीशङ्करले यही मिथ्याभूत जगत्मा भुलले भल्ने मानव-जातिको कल्याणको निमित्त उसको चरम सत्यतिर डोराउने सक्रिय विजय प्राप्त गर्नुभयो । मिथ्यामा यो कस्तो विजय यही त लोकशंकर शङ्करको वैशिष्टय बुझ्नु पर्दछ । एक संन्यासी किन समाजबाट अलग्गिएर बस्न सकेन ? यस प्रश्नको उत्तर छ– श्रुति र समाजको पारस्परिक उत्तरदायित्व जगाउनै पर्दछ । श्रुतिमा नैतिक गुणहरूले प्रशस्त स्थान लिएको हुँदा कसैको धनको लालचा गर्न नहुने, सत्य बोल्नुपर्ने, मातापिताको भक्ति गर्ने आदि शिक्षा रहेको छ । यस्ता नैतिक गुणहरू समाजमा कार्यान्वयन गराउन श्रीशङ्करले ठूलो प्रयास गर्नुभयो । आध्यात्मिक साधन विना वेदान्तको चरम लक्ष्य सिद्ध नहुने भएकोले शिष्यहरूलाई पहिले साधना सम्पन्न नै बनाउने चेष्टा गर्नुभयो । अज्ञान र अहंकार हटाउन महत्त्वपूर्ण कार्यहरू गरेर देखाउनु भयो । शङ्करमा ईश्वरप्रति अगाध आस्था भएकोले गीता-भाष्य आदिमा ईश्वरको महनीयताको वर्णन र ईश्वर-कृपा नभई ज्ञान पनि प्राप्त नहुने प्रतिज्ञा प्रस्तुत गर्नुभएको छ । श्रीशङ्करबाट जीवन्मुक्तको सहज अनसित्त अवस्था दर्शाएर चित्‌तत्त्वमै उसको स्थिति भएकोले शून्यत्व मान्न सकिदैन भन्ने वैदिक रहस्य प्रकट गर्नुभएको छ । सबै ब्रह्म भएकोले जडको सत्यता दर्शाउन नसक्ने भई अखण्ड चैतन्यमा पर्यवसान हुनै पर्छ भन्ने वास्तविक स्थिति उहाँबाट स्पष्ट भएको छ । अभय पद भेद दृष्टिबाट प्राप्त हुनै नसक्ने भएकोले वेद-विहित अद्वैततत्त्वमा शरण नपरे सम्म सफलताको आशा गर्नु व्यर्थ मान्नुभएको छ । वैचारिक तथा प्रायोगिक सामञ्जस्य श्रीशङ्करबाट स्पष्ट रूपमा प्रदर्शित छ । वस्तुसापेक्ष आनन्द ब्रह्मानन्द नभएकोले स्वयं नै आनन्दस्वरूप भएको प्रत्यक्ष अनुभव उहाँबाट झल्किएको छ । सिद्धान्तमा र व्यवहारमा अन्तर पर्नु नै आत्मानभूतिको मार्गको अव-रोध मानेर उहाँले संन्यासको गम्भीर अर्थ प्रकट गर्नुभएको छ । सबैलाई उहाँले संन्यासी बनाउँदै हिड्नु भएन, तर संन्यास संयोगबाट आफ्ना अनु-यायीहरूलाई टाढा राख्नु भएन । ज्ञानमा सबैको अधिकार दर्शाउने श्रीशङ्करले मोक्ष कुनै व्यक्तिविशेषको पेवा नभएको रहस्य प्रकट गर्नुभयो । आत्मादेखि

शून्य कोही नभएकोले यस क्षेत्रमा कुनै पक्षपात नहुँदा यो उत्तम पदबाट कसैले बञ्चित हुनुपर्ने अवस्थै छैन भन्ने घोषणा श्रुतिबाट स्पष्ट पारेर झल्काउनुभयो। शङ्करको विशाल उदार भावनाले गर्दा कसैले खुम्चिएर सीमित धारणामा बस्नुपर्ने स्थिति आएन। ब्रह्मानन्दको विशाल आकाशमा कुनै टुक्रिने भएनभयको व्यापक तत्त्वको पहिचान उहाँबाट सरल रीतिले हुन गयो। श्रीशङ्करको व्यक्तित्व साधारण स्तरको नभई प्रकाशमय भएको हुँदा यसमा लोकोत्तर रश्मिहरू चम्केर रहे। अद्वैतवेदान्तको मात्र मुकुट-मणि नभई श्रीशङ्कराचार्य वैदिक समग्र धर्मको प्रतिष्ठापक आदरणीय जगद्गुरु हुनुभएको छ। वैदिक सनातन आर्य संस्कृतिको ह्रास हुन नदिने दिगो किल्ला उहाँले स्थापित गर्नुभएको छ। उहाँकै परिश्रमबाट अखण्ड वैदिक ज्योति प्रज्वलित भएको छ। कर्मठता, ईश्वरभक्ति र अद्वैतज्ञानको प्रचारद्वारा श्रीशङ्करले सबै तहका जनताको आकांक्षा पूरा गरी व्यक्ति, समाज र राष्ट्रमा शान्ति ल्याई विश्वकै हित हुने व्यावहारिक तथा पार-मार्थिक दुवै पक्षमा समुन्नतिको द्वार खोलिदिनुभएको छ। बहत्तर[1] असम्मत-हरूको बादल हटाएर हिमालयदेखि कन्याकुमारीसम्म ६ वैदिक मतहरूको स्थापनापूर्वक अद्वैत आध्यात्मिक साम्राज्य कायम गर्ने श्रीशङ्करको महनीयता वर्णनातीत मानिन्छ। आचार, दर्शन, काव्यकला, योगशक्ति, कर्मठता आदिका क्षेत्रहरूमा विशिष्ट गौरव राख्ने श्रीशङ्करको व्यक्तित्व उच्चतम रूपले विख्यात छ। विद्वत्तामा, त्यागमा, बोधमा, तपस्यामा र वैदिक-धर्म संस्थापनमा अभूतपूर्व स्थान प्राप्त गर्ने एकमात्र महापुरुष श्रीशङ्करको योगदान प्रशंसनीय रहेको छ। 'वसुधैव कुटुम्बकम्' भन्ने मानवतावादी उच्च विचार र 'सर्वं खल्विदं ब्रह्म' भन्ने सर्वात्मवादी दर्शनले उज्ज्वल हुनुभएको आचार्य शङ्करको वैशिष्ट्य उहाँको प्रगाढ विद्वत्ता, उदात्त, भावना, वैदिक-पथ-प्रदर्शकता, अलौकिक प्रतिभा, महत्त्वशाली योगदान र परम-सत्य-चैतन्य साक्षात्कारबाट झल्किरहेको छ।

---

१. शं. जी. च पृष्ठ ३२

शङ्कराचार्यका कृतिहरू

स्वाध्याय-प्रवचन-रचनारूप तपद्वारा वैदिक धर्मको प्रतिष्ठापन गर्ने श्रीशङ्कराचार्य क्षेत्रीय ब्रह्मनिष्ठ देशिकवर मात्र होइन कि सिद्धहस्त अलौकिक प्रतिभासम्पन्न रचनाकार पनि हुनुहुन्थ्यो। स्वाध्यायद्वारा आफ्नो प्रौढ पाण्डित्य, प्रवचनद्वारा अद्वैततत्त्वको व्याख्यानात्मक शक्ति र ग्रन्थरचनाद्वारा वर्तमान तथा भविष्यका जिज्ञासुहरूको उपकारात्मक उदात्त हृदय दर्शाउँदै श्रीशङ्करले सबैलाई आदर्श गुणहरूको अनुसरण गर्न प्रेरणा दिनुभएको छ। आचार्य शङ्करले ग्रन्थहरूको रचना नगरिदिनु भएको भए वेदको मर्म बुझ्न धेरै नै कठिनता आइलाग्ने थियो। अर्थ तर्काउने भेदवादीहरूले जनतालाई भ्रममा नै पारिरहने थिए। कैवल्य मुक्तिको प्राप्ति प्रायः असंभव नै हुने थियो। भोग एवं ऐश्वर्यकै प्रेयोमार्गको प्राधान्य हुने थियो र जनतामा परस्पर तानातान, संघर्ष आदि बढनु सिवाय केही हुने थिएन। सर्वात्मभाव नउदाउँदा र सापेक्ष सुखमै पिछापर्दा जन्ममरणको चक्करवाट छुट्ने आशा र निरपेक्ष निजानन्दको मग्नता पनि नष्ट हुने थियो। आफ्ना कृतिहरूकै प्रकाशले गर्दा श्रीशङ्कराचार्य सदा मुमुक्षुहरूको सामु प्रकट भइरहनुभएको छ। उहाँका कृतिहरूको श्रवण गरेर तदनुसार अभ्यास गरेमात्र भवबन्धनवाट पार पाइन सकिन्छ। साधनको पहिले खुड्किलोदेखि लिएर साध्यरूप अन्तिम ब्रह्मस्वरूपतासम्म उहाँका कृतिहरूले सजिलैसंग प्राप्त गराउने प्रकाश फैलाएका छन्। मुमुक्षुहरूले शङ्करग्रन्थावलीको संग्रह, अध्ययन र चिन्तन अवश्य नै छोड्नु हुँदैन।

'शङ्कराचार्यविरचित' भनेर प्रकाशित भएका थुप्रै ग्रन्थहरू पाइन्छन्; तर यिनीहरूमा आद्य शङ्कराचार्यका खास ग्रन्थहरू छुट्याउन पूर्णरूपले सकिँदैन। श्रीशङ्कराचार्यका शिष्य-प्रशिष्यहरूलाई पनि 'शङ्कराचार्य' नै भनिने गरिएकोले पछिका शङ्कराचार्यहरूद्वारा निर्मित ग्रन्थहरूलाई पनि 'शङ्कराचार्यविरचित' नै भनिन्छ। अतः मुख्य रूपमा आद्य शङ्कराचार्यकै रचना ठहरिन आएका र धेरैले उहाँकै रचना मानिएका कृतिहरूको उल्लेख यहाँ प्रस्तुत गरिन्छ। यस कार्यमा कति ग्रन्थहरू त छुट्न जाने पनि संभावना

छ, किनभने उहाँका सारा कृतिहरू छापिएर प्रकाशित भएका छन् भन्न सकिँदैन । श्रीशङ्करको प्रौढ रचना-शैली, सुबोध अर्थ, सरस भाव, स्वच्छ विचार, आदिबाट उहाँ नै अमुकग्रन्थको रचनाकार हुनुहुन्छ भन्ने निरूपणतिर लाग्नु पनि सत्यता ठहरिँदैन । करीब दुई सयभन्दा पनि बढी उहाँका ग्रन्थहरू छन् भन्ने चर्चा भएकोमा अहिलेसम्म धेरैले श्रीशङ्कराचार्यका कृतिहरू यिनै हुन् भनी मानिआएका कृतिहरूको उल्लेख गर्न योग्य भएकोले सोही यहाँ प्रस्तुत गरिन्छ ।

आद्य शङ्कराचार्यका कृतिहरू मुख्यरूपमा तीन भागहरूमा विभक्त गर्न सकिन्छन्– (१) भाष्य, (२) प्रकरण ग्रन्थ र (३) स्तोत्र । भाष्य-ग्रन्थहरू दुई भागहरूमा छुट्याउँदा पहिलो (१) प्रस्थानत्रयीको भाष्य र दोस्रो (२) अन्य ग्रन्थहरूको भाष्य मान्न सकिन्छ । प्रस्थानत्रयी भनेर उपनिषद् (श्रुति), श्रीमद्भगवद्गीता (स्मृति) र ब्रह्मसूत्र (सूत्र) लिइन्छन् । यिनीहरू नै क्रमशः श्रुतिप्रस्थान, स्मृतिप्रस्थान र सूत्र (न्याय) प्रस्थान भनिन्छन् । प्रस्थानको अर्थ गमन वा मार्ग भएकोले ब्रह्मप्रति गमन वा ब्रह्ममा पुग्ने मार्ग भन्ने बुझिन्छ । श्रुति, स्मृति र सूत्र यी तीनद्वारा मुमुक्षु ब्रह्मभावमा पुग्ने हुनाले यिनीहरू ब्रह्म-यात्राका प्रस्थानरूपमा मानिएका हुन् । वेदान्तको आधारशिला मानिएको प्रस्थानत्रयीमा प्रायः सबै सम्प्रदायका वेदान्ताचार्यहरूले व्याख्या लेखेका छन् । आद्य शङ्कराचार्यले अद्वैत वेदान्त संझाउने व्याख्या (भाष्य) लेख्नुभएको हो । वेदलाई 'श्रुति', वेदको तत्त्व स्मरण गराउने गीतालाई 'स्मृति' र वेदान्तदर्शन (उत्तरमीमांसा) जसले उपनिषद्का मन्त्रहरूको यथार्थ निर्णय पञ्चावयवन्यायद्वारा (विषय, संशय, संगति, पूर्वपक्ष र सिद्धान्तद्वारा) प्रकाशित गरेको छ, उसलाई 'ब्रह्मसूत्र' भनिएको हो । सूचना गर्नेलाई 'सूत्र' भनिने हुँदा परब्रह्मसूचक सूत्र-ग्रन्थलाई 'ब्रह्मसूत्र' भनिएको हो । भाष्य त्यस्तो रचनालाई भनिन्छ जसमा सूत्रानुसारका पदहरूले सूत्रको अर्थ खूब फैलाएर वर्णन गरिन्छ र सूत्रहरूको जस्तै आफ्ना संक्षिप्त पदहरूको पनि वर्णन त्यहीं खुलाएर रखिन्छ । शङ्कराचार्यले रचना गर्नुभएको प्रस्थानत्रयी भाष्यले अद्वैत-

वेदान्तमा जगत्प्रकाश सूर्यनारायणले झैं गौरवपूर्ण स्थान पाएको छ ।

(क) उपनिषद् भाष्य

वेदान्तको आधारशिला नै उपनिषद्, उपनिषद्कै सार श्रीमद्भगवद्-गीता र उपनिषद्कै मन्त्रहरूको यथार्थ निर्णय गर्ने ब्रह्मसूत्र भएकोले उपनि-षद्को राम्रो अध्ययनविना वेदान्तको जग नबस्ने हुँदा उपनिषद्को भाष्य श्रीशङ्कराचार्यबाट विस्तृत रूपमा रचिएको छ । उपनिषद्हरू धेरै छन् तापनि श्रीशङ्करले भाष्य-रचना केही मुख्य उपनिषद्हरूको मात्र गर्नुभएको छ । तिनीहरूमा पनि कति उपनिषद्हरूको भाष्य आद्य शङ्कराचार्यकृत मान्नमा शङ्का नै उत्पन्न भएको छ । अहिले १२ उपनिषद्हरूको शाङ्कर-भाष्य उपलब्ध छ । (१) ईशावास्योपनिषद् भाष्य, (२) केनोपनिषत् पद भाष्य तथा केनोपनिषद्वाक्य भाष्य, (३) कठोपनिषद्भाष्य, (४) प्रश्नोपनिषद् भाष्य, (५) मुण्डकोपनिषद्भाष्य, (६) माण्डूक्योपनिषद्-भाष्य, (७) तैत्तिरीयोपनिषद्भाष्य, (८) ऐतरेयोपनिषद्भाष्य, (९) छान्दोग्योपनिषद्भाष्य, (१०) वृहदारण्यकोपनिषद्भाष्य, (११) श्वेता-श्वतरोपनिषद्भाष्य र (१२) नृसिंहतापिन्युपनिषद्भाष्य ।

केनोपनिषद्को पद-भाष्य र वाक्य-भाष्य विभिन्न दुई प्रणालीहरूद्वारा व्याख्या दर्शाउन श्रीशङ्करले नै बनाउनुभएको मान्न सकिन्छ, तर तिनीहरूका केही पङ्क्तिहरूले श्रीशङ्करको शैली, आशय आदि एकै रूपमा देखाउन नसकेकोले दुवै भाष्यहरूको एउटै लेखक मान्न निर्विवाद सकिएको छैन । केनोपनिषद्को पद-भाष्यको शैली अधिकरूपमा श्रीशङ्कराचार्यको शैलीसँग मिलेकोले पद-भाष्यचाहिं आद्य शङ्कराचार्यकै मानिएको छ ।

माण्डूक्य, श्वेताश्वतर र नृसिंहतापिनी उपनिषद्हरूका भाष्यहरू पनि निर्विवादरूपमा आद्य शङ्कराचार्यकृत मानिएका छैनन् । माण्डूक्योपनिषद्-भाष्यको प्रारम्भमा तथा तैत्तिरीयोपनिषद्भाष्यको प्रारम्भमा भएको श्लोकात्मक मङ्गलाचरण आचार्यकृत मान्नमा विद्वान्हरूले सन्देह दर्शाएका छन् । श्वेताश्वतरोपनिषद्भाष्यमा पुराणहरूका लम्बे-लम्बे उद्धरणहरू

पाइए झोले यसलाई आद्य शङ्कराचार्यको शैलीसँग मेल खाने मानिएको छैन । नृसिंहतापिनो उपनिषद्को विषयमा पनि यो उपनिषद्लाई नै अर्वाचीन तथा यसको भाष्य नै शङ्कर शैलीसँग मेल नखाने भएकोले आद्य शङ्कराचार्यकृत मान्नमा सर्वसम्मति पाइएको छैन ।

उपनिषद्भाष्यको शैली विषयवस्तुको अनुसार पाइएको छ । कहीं सरल, सुगम तथा सरस शैली छ त वृहदारण्यकजस्तो उपनिषद्मा प्रौढ दार्शनिक, प्राञ्जल शैली पाइन्छ । भाष्य झो सफलता नै उत्कृष्ट गद्य, गम्भीर अर्थको सुवोध गुम्फन आदिमा मानिएको छ । साहित्यिक, नैयायिक, मीमांसक आदि विद्वान्हरूद्वारा मुक्तकण्ठले प्रशंसा गरिएको भाष्य-शैली अवश्य नै श्रीशङ्कराचार्यको उत्कृष्ट सिद्धहस्तताको प्रदर्शनी हो ।

(ख) गीताभाष्य

श्रीमद्भगवद्गीता सारा उपनिषद्हरूको सार मानिएको छ । श्रीशङ्कराचार्यले भाष्यको प्रारम्भमा गीताको प्रयोजन नै समस्तपुरुषार्थको सिद्धि पाउनु हो भन्दै 'वास्तवमा परमकल्याण अर्थात् कारणसहित संसारको अत्यन्त उपरति हुनु हो र यो आत्मज्ञाननिष्ठारूप धर्मवाट प्राप्त हुन्छ' भन्ने रहस्य प्रकट गर्नुभएको छ । उहाँले दोस्रो अध्यायको ११ रौं श्लोकदेखि भाष्यको रचना गर्नुभएको छ । पहिले आफ्नो भाष्यको मतलव र कर्म तथा ज्ञानको स्थान दर्शाउनुभएको छ । निष्काम कर्मले चित्तशुद्धि मात्र हुने तर मोक्ष त केवल तत्त्वज्ञानवाट मात्र हुने निर्णय गर्नुभएको छ । 'गीताको निश्चित अर्थ नै केवलतत्त्वज्ञानवाट मुक्ति मिल्नुमा छ' भन्ने कुरा उहाँको भाष्यमा स्पष्ट झल्किएको छ । गीताभाष्यको रचना गर्दा श्रीशङ्करले जुन शब्द जुन क्रमले श्लोकमा आएको छ, त्यसको व्याख्या त्यसै क्रमले गर्नुभएको छ । तर आदि र अन्तमा त्यस श्लोकमा तात्पर्य झल्काउने प्रयास गर्नुभएको छ । गीता भाष्यमा कर्म, भक्ति र ज्ञानको स्थान मुख्यरूपमा दर्शाइएको छ । निष्काम कर्मद्वारा चित्तशुद्धि, भक्तिद्वारा ज्ञाननिष्ठायोग्यता र तत्त्वज्ञानद्वारा मोक्षप्राप्ति वताइएको छ ।

(ग) ब्रह्मसूत्र–भाष्य

श्रीशङ्कराचार्यले श्रौतप्रस्थान, स्मार्तप्रस्थान र न्यायप्रस्थानद्वारा अद्वैत-तत्त्वको जग बलियो पार्नुभएको छ। श्रुतिहरूमा जति पनि आपाततः हेर्दा (नबुझेर झट्ट हेर्दा) अद्वैत ब्रह्म विषयमा सन्देह उत्पन्न हुन्छ, त्यसको निराकरण ब्रह्मसूत्रमा भएको छ। सूत्रहरूमा थोरै अक्षर भए तापनि संक्षिप्त रूपमा धेरै अर्थहरूको सूचन गर्ने र सब प्रकारले सारभूत भएका पदहरू हुन्छन्। भाष्यको सहायता बिना तिनीहरूको स्पष्ट अर्थ बुझ्न धेरै नै गाह्रो पर्दछ। श्रीशङ्कराचार्यले प्रौढ भाषामा ती सूत्रहरूको सुगम तरीकाले अर्थ-बोध गराउने विस्तृत भाष्यको रचना गरेर अद्वैत–तत्त्व संझाउनुभएको छ। आफूले रचना गर्नुभएको भाष्यको अन्तिम समयसम्म पनि उहाँले अध्यापन छोड्नुभएन। गोविन्दपादाचार्यबाट ब्रह्मसूत्रको अद्वैत व्याख्या गर्ने शिक्षा प्राप्त हुनेबित्तिकै सर्वत्र त्यही व्याख्या चलाउनुभयो र पछि त्यही व्याख्या ग्रन्थरूपमा रच्नुभयो। ब्रह्मसूत्र भाष्यलाई प्रौढ दार्शनिक वाचस्पति मिश्रले 'भामती' मा प्रसन्न-गम्भीर र गङ्गाजलसमान पवित्र भन्नुभएको छ। प्रसन्न अर्थात् प्रसादगुणले युक्त भएर पनि गूढ तात्पर्य झल्काउने हुँदा गम्भीर मानिएको छ। वेदको सार ज्ञानको प्रकाश गर्ने हुँदा ज्ञान जस्तो पवित्र केही नहुने भएकोले गङ्गाजल-समान पवित्र भनिएको हो। यो भाष्यलाई 'शारीरिक भाष्य' पनि भनिन्छ। 'शारीरिक' शब्दको अर्थ शरीरमा रहने आत्मा हुँदा आत्माका स्वरूपको विचार गर्ने सूत्रलाई शारीरिक सूत्र र यो भाष्यको नाम 'शारीरिक भाष्य' भएको हो। ब्रह्मसूत्रमा चार अध्यायहरू र अध्यायैपिच्छे चार पादहरू छन्। अध्यायहरूका नाम क्रमशः १. समन्वयाध्याय, २. अविरोधाध्याय, ३. साधनाध्याय र ४. फलाध्याय हुन्। पहिलो अध्यायको पहिलो पादमा स्पष्ट ब्रह्मलिङ्गक श्रुतिवाक्यहरूको विचार छ। दोस्रो पादमा उपासनाको योग्य ब्रह्मविषयक अस्पष्ट ब्रह्मलिङ्गक श्रुतिवाक्यहरूको विचार छ। तेस्रो पादमा अस्पष्ट ब्रह्मलिङ्गक ज्ञेयविषयक श्रुतिवाक्यहरूको विचार छ। चौथो पादमा श्रुतिवाक्यहरूको सन्दिग्ध अव्यक्त, अज आदि पदहरूको

अर्थको विचार छ। दोस्रो अध्यायमा पहिलो पाउमा साङ्ख्य, योग, वैशेषिक स्मृति आदिका विरोधको परिहार छ। दोस्रो पाउमा साङ्ख्य आदि विभिन्न दर्शनहरूका मतहरूको निराकरण छ। तेस्रो पाउमा पञ्चमहाभूत श्रुति र जीवश्रुतिहरूका विरोधको परिहार छ। चौथो पाउमा (लिङ्ग) सूक्ष्म शरीरका प्रतिपादक श्रुतिहरूका विरोधको परिहार छ।

तेस्रो अध्यायको पहिलो पाउमा जीवको परलोक गमन र आगमनको विचारपूर्वक वैराग्यको निरूपण छ। दोस्रो पाउमा तत्पदार्थ र त्वंपदार्थको शोधन गरिएको छ। तेस्रो पाउमा सगुणविद्याका गुणहरूको उपसंहार छ। चौथो पाउमा निर्गुण ब्रह्मविद्याको बहिरङ्ग साधन ब्रह्मचर्य आदि आश्रम र यज्ञादिकर्म तथा अन्तरङ्गसाधन शम दम आदिको विचार छ।

चौथो अध्यायको पहिलो पाउमा ब्रह्मसाक्षात्कारबाट जीवित अवस्थामै पुण्यपापका स्पर्शहरूबाट रहित भई मुक्ति पाउने कुराको निरूपण छ। दोस्रो पाउमा मरणको उत्क्रमणका प्रकारको निरूपण छ। तेस्रो पाउमा सगुण ब्रह्मका उपासकका उत्तरमार्गका निरूपण छ। चौथो पाउमा निर्गुण ब्रह्मवेत्ताको विदेहमुक्ति र सगुणब्रह्मवेत्ताका ब्रह्मलोकको स्थिति दर्शाइएको छ।

ब्रह्मसूत्रमा कति सूत्रहरू र कति अधिकरणहरू छन् भन्ने प्रश्नमा समान उत्तरहरू पाइँदैनन्। धेरै विद्वान्हरूले ब्रह्मसूत्रमा जम्मा ५५५ सूत्रहरू र जम्मा १९२ अधिकरणहरू मानेका छन्। वृत्तिकार रङ्गनाथले ब्रह्मसूत्र १–२–६ मा 'प्रकरणत्वात्' भन्ने पदलाई सूत्र मानेर जम्मा ५५६ सूत्रहरू मानेका छन्। तर भाष्य-भामतीकारहरू र अरू वृत्तिकारहरूले उक्त पदलाई भाष्यग्रन्थभित्रकै पद मानेर छुट्टै सूत्र भन्ने मानेका छैनन्। शाङ्कर भाष्यको १–४–७ मा 'आत्मकृतेः परिणामात्' भन्ने सूत्रमा 'परिणामादिति वा पृथक्सूत्रम्' भनेर त्यसको व्याख्या पनि गरेको छ, यस्तो अथवाको आधारमा पृथक् सूत्र मानेमा सूत्रको संख्यामा एक बढ्न आउँछ। १–३–५ को दहराधिकरणमा अक्षिपुरुषत्वाधिकरण (१–३–६) गाभेर एक अधिकरण कम गराई ब्रह्मसूत्रमा जम्मा १९१ अधिकरणहरू पनि मानेको देखिन्छ।

अन्यग्रन्थहरूको भाष्य

प्रस्थानत्रयीका अतिरिक्त अन्य ग्रन्थहरूमा पनि श्रीशङ्कराचार्यकृत भनिएका भाष्यहरू पाइन्छन् । यिनीहरूमा आद्य शङ्कराचार्यले रचना गर्नुभएका भाष्यहरू भनेर निःसन्दिग्ध रूपमा निम्नलिखित भाष्यहरू विद्वान्हरूले मानिएका छन :—

(१) विष्णुसहस्रनाम भाष्य— विष्णुसहस्रनामको युक्तियुक्त व्याख्या दर्शाउने यो भाष्यमा उपनिषद्, पुराण आदि ग्रन्थहरूको हृदयग्राही प्रमाणहरू उद्धृत गरिएका छन् ।

(२) सनत्सुजातीयभाष्य— सनत्सुजात ऋषिले धृतराष्ट्रको मोह हटाउन आध्यात्मिक उपदेश जुन दिनुभयो त्यहीं 'सनत्सुजातीयपर्व' मा शङ्करको यो भाष्य अत्यन्त प्रभावकारी छ । महाभारतको उद्योग पर्व अध्याय ४२ देखि अध्याय ४६ सम्ममा यो पर्व पाइन्छ ।

(३) ललितात्रिशतीभाष्य— भगवती ललिताका तीन सय नामहरूप्रति विस्तृत विद्वत्तापूर्वक रचना गरिएको यो भाष्य ललितोपासनाक्षेत्रमा सुविख्यात छ । उपनिषद् तथा तन्त्रहरूका प्रमाणहरूले सुशोभित यो भाष्य अति सुन्दर छ ।

(४) माण्डूक्यकारिकाभाष्य— शङ्कराचार्यका परमगुरु गौडपादाचार्यले माण्डूक्य उपनिषदको अर्थ संझाउन जुन कारिकाहरूको रचना गर्नुभयो, तिनीहरूको गूढार्थ दर्शाउने भाष्य श्रीशङ्करले सुबोध रूपमा बनाउनुभयो । यो भाष्य उहाँको रचना मात्रमा मतहरूको ऐक्य नभए तापनि यसको पुष्टि हुन सकेको छैन ।

अनेक अन्य भाष्यहरू[2] शङ्कराचार्यकृत भनिएका तर सन्देहमै रहेका यस प्रकार छन्:—

(क) कौषीतक्युपनिषद्भाष्य, (ख) मैत्रायणीयोपनिषद्भाष्य, (ग) कैवल्योपनिषद्भाष्य, (घ) महानारायणोपनिषद्भाष्य, (ङ) हस्तामलक-

---

२. श्री शं. पृ. १५०—१७२

स्तोत्रभाष्य, (च) अध्यात्मपटलभाष्य, (छ) गायत्रीभाष्य, र (ज) सन्ध्याभाष्य। यी भाष्यहरूका अतिरिक्त अन्य भाष्य, व्याख्या, टीका, वृत्ति, हृदय, विवरण आदि नामहरूले गोपालतापनीयोपनिषद्, अपरोक्षानुभव, आनन्दलहरी, उपदेशसाहस्री, परमहंसोपनिषद्, पातञ्जलयोगसूत्रभाष्य आदि ग्रन्थहरूमा[3] शङ्करका रचनाहरू पाइन्छन्, तर यिनीहरू शैली आदिले गर्दा आद्य शङ्कराचार्यकै मात्र पूर्णतया सकिन्न।

(२) प्रकरण ग्रन्थ

श्रीशङ्कराचार्यले वेदान्त तत्त्व दर्शाउन साना तिना ग्रन्थहरूको पनि निर्माण गर्नुभएको छ। यस्ता ग्रन्थहरूलाई प्रकरण ग्रन्थ भन्दछन् र यी ग्रन्थहरूले सरल, सुन्दर, स्वच्छ र सरस रूपमा सर्वसाधारण जनतासम्म वेदान्तको प्रकाश पारेका छन्। भाष्यमा प्रौढ रूपमा बताइएका सिद्धान्तहरू उपदेश आदिरूपले हृदयग्राही र सुवोध शैलीमा बुझाउन शङ्कराचार्यले प्रकरण ग्रन्थहरूको रचना गर्नुभयो। यी सबै प्रकरण ग्रन्थहरूको निर्माण आद्य शङ्कराचार्यबाटै भएको हो भन्ने निश्चय गर्न कठिन परे तापनि यिनीहरूको शैली र विषयप्रस्तुतिबाट केही निश्चय हुन सक्दछ। मुख्य प्रकरण ग्रन्थहरू यस प्रकार[4] छन्:–

(१) अद्वैतपञ्चरत्न वा आत्मपञ्चक वा अद्वैतपञ्चक, (२) अद्वैतानुभूति, (३) अनात्मश्रीविगर्हणप्रकरण, (४) अपरोक्षानुभूति, (५) आत्मबोध, (६) उपदेश पञ्चक, (७) उपदेशसाहस्री, (८) एकश्लोकी, (९) कौपीनपञ्चक, (१०) जीवन्मुक्तानन्दलहरी, (११) तत्त्वबोध, (१२) तत्त्वोपदेश, (१३) धन्याष्टक, (१४) निर्गुणमानसपूजा, (१५) निर्वाणमञ्जरी, (१६) निर्वाणषट्क, (१७) पञ्चीकरण प्रकरण, (१८) परापूजा, (१९) प्रबोध सुधाकर, (२०) प्रश्नोत्तररत्न मालिका,

---

३. श्री शं. पृ. १५७

४. श्री शं. पृ. १६२–१७२

(२१) प्रौढानुभूति, (२२) ब्रह्मज्ञानावलीमाला, (२३) ब्रह्मानुचिन्तन, (२४) मणिरत्नमाला, (२५) मायापञ्चक, (२६) मुमुक्षुपञ्चक, (२७) योगतारावली, (२८) लघुवाक्यवृत्ति, (२९) वाक्यवृत्ति, (३०) वाक्य-सुधा, (३१) विज्ञाननौका, (३२) विवेकचूडामणि, (३३) वैराग्यपञ्चक, (३४) शतश्लोकी, (३५) सदाचारानुसन्धान, (३६) सर्ववेदान्त-सिद्धान्तसारसंग्रह, (३७) सर्वसिद्धान्तसारसंग्रह, (३८) स्वात्मनिरूपण तथा (३९) स्वात्मप्रकाशिका।

शङ्कराचार्यले तन्त्रग्रन्थहरूको पनि रचना गर्नुभएको छ । तिनीहरू यस प्रकार छन्–

(क) सौन्दर्यलहरी,
(ख) प्रपञ्चसार ।

(३) स्तोत्र-ग्रन्थ

श्रीशङ्कराचार्य समस्त वेदज्योतिको प्रकाशमा परम कल्याणतिर लगाउन चाहनुहुन्थ्यो । उहाँले सगुणको उपासनाका निमित्त अनेक रचना-हरूको प्रदान गर्नुभएको छ । अद्वैत तत्त्व बुझ्न साधनामय जीवनको आवश्यक-ता पर्ने हुनाले उपासनामा जोड दिनुभएको छ । लोक-संग्रहको निमित्त आफूले पनि यस्तो आचरण छोड्नुभएन । जहींतहीं देव-देवीहरूको स्थापना, आरा-धना, पूजा, स्तुति आदिमा उहाँले साधना देखाउनुभयो । संकुचित हृदय नभएको र तत्त्व बुझिसक्नुभएकोले शिव, शक्ति, गणेश, विष्णु, सूर्य आदिमा समानरूपले भक्ति राख्नुहुन्थ्यो । तिनीहरूका अनेक स्तोत्रहरूको रचना गरी उपासनामा अगाडि बढी अरूहरूलाई पनि यसमा प्रेरणा दिनुभएको छ । सयौं स्तोत्रहरू उहाँका नामबाट प्रकाशित भएका छन् । ती स्तोत्रहरू सरस, कोमल, भावपूर्ण र मनोहर हुनुको साथै उच्च सिद्धान्तको झलक दिने पनि छन् । केही स्तोत्रहरूका शीर्षकहरू यस प्रकार छन्:–

वेदान्तस्तोत्रहरू

१. प्रातःस्मरणम्, २. अद्वैतपञ्चकम् (आत्मपञ्चकम्), ३. आत्मषट्कम् (निर्वाणषट्कम्), ४. उपदेशपञ्चकम् (उपदेशरत्नम्) (साधनपञ्चकम्), ५. काशीपञ्चकम्, ६. कौपीनपञ्चकम्; ७. चर्पटपञ्जरिकास्तोत्रम्, ८. दक्षिणामूर्तिस्तोत्रम् (विश्वं दर्पणदृश्यमानेत्यादि), ९. द्वादशपञ्जरिकास्तोत्रम् (मोहमुद्गरः), १०. धन्याष्टकम्, ११. निर्गुणमानसपूजा, १२. निर्वाणमञ्जरी, १३. परापूजा, १४. मनीषापञ्चकम्, १५. विज्ञाननौका (स्वरूपानुसन्धानम्), १६ षट्पदीस्तोत्रम्, १७. हरिमीडे, १८. वैराग्यपञ्चकम् इत्यादि ।

भक्तिस्तोत्रहरू

१. शिवभुजङ्गप्रयातस्तोत्रम्, २. शिवपञ्चाक्षरस्तोत्रम्, ३. वेदसारशिवस्तवः, ४. कालभैरवाष्टकम्, ५. श्रीमदच्युताष्टकम्, ६. अच्युताष्टकम्, ७. नारायणस्तोत्रम्, ८. विष्णुपादादिकेशान्तवर्णनस्तोत्रम्, ९. आनन्दलहरी, १०. त्रिपुरसुन्दरीस्तोत्रम्, ११. अन्नपूर्णस्तोत्रम्, १२. अम्बाष्टकम्, १३. कृष्णाष्टकम्, (श्रियाश्लिष्ट इत्यादि), १४. श्रीगोविन्दाष्टकम, १५. कृष्णाष्टकम् (भजे व्रजैकमण्डनमित्यादि), १६. पाण्डुरङ्गाष्टकम्, १७. गङ्गाष्टकम्, १८. यमुनाष्टकम्, १९. नर्मदाष्टकम्, २०. श्रीमणिकर्णिकाष्टकम्, २१. दक्षिणामूर्तिस्तोत्रम् (उपासकानां यदुपासनीयेत्यादि), २२. द्वादशज्योतिर्लिङ्गस्तोत्रम्, २३ ललितापञ्चकम्, २४. भ्रमराम्बाष्टकम् इत्यादि ।

श्रीशङ्कराचार्यले प्रायः सबै देव, देवी, गङ्गा आदिका स्तोत्रहरूको रचना गर्नुभएर भगवद्भक्तिमा लाग्न प्रेरणा दिनुभएको छ । उपदेशका श्लोकहरूको रचना गरेर आचार, विचार आदि पवित्र राख्ने धर्म-कर्म मार्गमा अगाडि बढ्न शिक्षा दिनुभएको छ । जरामरणरूपदुःखको आत्यन्तिक विनाश गर्न अद्वैत ज्ञानको ज्योति उहाँले वेदको अन्तिम सारभूत भाग वेदान्तको तत्त्वमा आधारित ग्रन्थसमूहको माध्यमबाट अखण्डरूपमा चम्काएर सबैको परम कल्याणका लागि असीम अनुग्रह प्रदान गर्नुभएको छ ।

(उत्तरार्ध)

११. शाङ्कर सिद्धान्त

शाङ्करसिद्धान्त कुनै वेदवाह्य नयाँ सिद्धान्त होइन । वेदकै सिद्धान्त श्रीशङ्कराचार्यले प्रतिष्ठापन गर्नुभएर वीच वीचमा आइलागेका वेदविरुद्ध उपधर्महरू र उपदर्शनहरूको प्रभावलाई निस्तेज पार्नुभयो । उहाँको प्रौढ पाण्डित्य, दार्शनिकता, सदाचार, सनातनधर्मानुराग, विशिष्ट व्यक्तित्व अलौकिक प्रतिभा, महान् त्याग आदिको प्रभाववाट वैदिक सनातन धर्म र दर्शनको विस्तृत प्रचार हुन गएकोले भइराखेको वैदिक सिद्धान्त नै शाङ्कर सिद्धान्त नामले प्रख्यात हुन आएको हो । श्रीशङ्करले ब्रह्म, माया, ईश्वर, जीव, वन्ध, मोक्ष, कर्म, भक्ति, ज्ञान, जगत् आदिको वैदिक पद्धति अनुसार निरूपण गरेर साधनावस्थामा द्वैत र सिद्धावस्थामा अद्वैत ब्रह्ममात्र एक तत्त्व रहेको रहस्य स्पष्ट पार्नुभएको छ । शाङ्कर सिद्धान्तले साधनावस्थामा मात्र उभिने वनाएको छैन, किन्तु जन्ममरणरूपसंसारको र लोकधामादिरूपद्वैतान्ताःपाती फलको भुलभुलैयामा नफसाउने अन्तिम निर्विशेष, ज्ञानस्वरूप, स्वस्वरूप, आनन्द ब्रह्म वनाएको छ । आफू ब्रह्मै थिएँ, ब्रह्मै छु, सधैं ब्रह्मै भइरहने छु अर्थात् अज्ञानले ढाकिंदा स्वस्वरूप ब्रह्मवाट गिरेको रहेछु भन्ने वोधको उदय सबैलाई गराई शाङ्कर सिद्धान्तले फेरि द्वैतमा नफस्ने पारेको छ ।

ब्रह्म

ब्रह्म एकमात्र नित्य वस्तु भएकोले अरू जति पनि दृश्य पदार्थहरू छन् ती सवै मायाका खेलहरू हुन् । ब्रह्मको साक्षात्कार भनेकै आफू आत्मा

ब्रह्मै स्वरूप भइरहेको दृढ धारणा हो। 'बृहत्वाद् बृंहणत्वाद्वाऽऽत्मैव ब्रह्मेति गीयते' विशाल महान् हुनाले र सर्वत्र उहीमात्र विस्तृतरूपमा व्याप्त हुनाले आत्मा नै ब्रह्म हो भनेर गाइएको छ। 'ब्रह्म जान्ने ब्रह्मै हुन्छ'[1] 'यो आत्मा नै ब्रह्म हो'[2] 'सत्य, ज्ञान, अनन्त नै ब्रह्म हो' इत्यादि श्रुतिहरूद्वारा ब्रह्मात्मैक्यबोध नभई कुनै हालतमा पनि जरामरणादिरूपसंसारबाट उम्कन पाइँदैन भन्ने रहस्य प्रकट भएको छ। श्रुतिको आधारमा श्रीशङ्करले ब्रह्म-ज्ञान नै अन्तिम लक्ष्य हुनुपर्ने तथ्य संझाउनुभएको छ। ब्रह्मका दुई प्रकारका ध्यानहरू प्रचलित छन्, एक त नामरूप-विकार-भेदोपाधि लगाएर सगुण ब्रह्मको उपासना, अर्को समस्त उपाधिरहित निर्गुण ब्रह्मको निदिध्यासन। सगुण अथवा निर्गुण जुनसुकै रूपमा पनि ध्यान गर्दा ब्रह्मवस्तु रहेकै हुन्छ। 'ब्रह्म' भन्ने कुरा मानिएको वा नमानिएको अवस्थामा पनि ब्रह्म त अधिष्ठान रूपमा स्वयंप्रकाश नै छ। ब्रह्मभिन्न जे जे मानिएलान् ती त ब्रह्मविषयक अज्ञानले आरोपित भएका मायामय हुन्। यसमा फरक यति मात्र छ कि ब्रह्ममात्र हो भन्ने बोध हुँदा ब्रह्मरूप जीव कुनै मायाजालमा पर्दैन, तर आरोपित रूपमा रमाउने जीव लीलामय जालमा परी भेदवादबाट उम्कन सक्तैन। आत्मवित् नभई शोकरूप संसारबाट तर्न सकिँदैन। आत्म (ब्रह्म) वित् मात्रले शोकलाई तर्दछ[3] भन्ने श्रुतिको घोषणा छ। ब्रह्म नै अविद्यारूप उपाधिले गर्दा जीव भएको हो र ब्रह्म नै मायारूप उपाधिले गर्दा ईश्वर बनेको हो। ईश्वर ब्रह्मबाटै ईक्षणापूर्वक तमोगुणप्रधानप्रकृतिद्वारा जगत्को रचनादि भएको हो। जीवभाव, ईश्वरभाव र जगद्भाव यी तीनै क्रमशः मलिन सत्त्वप्रधान माया, शुद्ध सत्त्वप्रधान माया र तमःप्रधान मायाले गर्दा खडा भएका हुनाले यी तीनै प्रकारका मायानगरी ब्रह्मज्ञानले खरानी हुँदा अखण्ड, भेदवर्जित, सच्चिदानन्द, सर्वाधिष्ठान, चैतन्यरूप, स्वयं-

---

१. ब्रह्मवेद ब्रह्मैव भवति (मुण्डकोपनिषद् ३–२–९)
२. अयमात्मा ब्रह्म (माण्डूक्योपनिषद् २)
३. तरति शोकमात्मवित् (छान्दोग्योपनिषद्)

प्रकाश ब्रह्ममात्र सत्य तत्त्व रहेको हुन्छ । ब्रह्मदेखि छुट्टा जे जति नामरूपधारी दृश्यहरू भानमा आएका छन्, ती सबै ब्रह्ममै कल्पित हुनाले भ्रान्ति हट्दा सत्य वस्तु ब्रह्ममात्र हुन्छ । श्रुतिले ब्रह्म चिनाउन स्वरूप र तटस्थ लक्षणको आश्रय लिएको छ । 'सत्यं ज्ञानमनन्तं ब्रह्म'[४] भनेर स्वरूपलक्षण[५] द्वारा ब्रह्मको प्रतिपादन गरेकोले ब्रह्म नै परम सत्य, चिद्रूप (ज्ञानरूप) र देश, काल, वस्तुले अपरिच्छिन्न व्यापक तत्त्व हो । 'यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति, यत्प्रयन्त्यभिसंविशन्ति, तद्विजिज्ञासस्व, तद्ब्रह्मेति'[६] छ अर्थात् 'जसबाट यी (ब्रह्मादेखि स्तम्बपर्यन्तका) प्राणीहरू उत्पन्न हुन्छन्, उत्पन्न भएका प्राणीहरू जसका सहाराले जीवित रहन्छन् र आखिरमा नाश भएर जाँदा जसमा पस्तछन्, त्यस वस्तुलाई जान्ने इच्छा गर, त्यो ब्रह्म हो ।' यस्तो प्रकारले जब ब्रह्मलाई बताइन्छ, तब यो ब्रह्मको तटस्थ-लक्षण[७] मानिन्छ । तटस्थलक्षणले उसको स्वरूप बताउँदैन, किन्तु केही कालमा हुने केही आगन्तुक गुणहरूद्वारा उसको निर्देश हुन्छ । ब्रह्मबाट सृष्टि-स्थिति-संहार कालविशेषमा हुने भएकोले यस्तो लक्षणले स्वयं ब्रह्मको नित्य स्वरूप झल्काउँदैन, तर यस लक्षणले अन्य वस्तु लिन नसकिने हुनाले यो ब्रह्मकै तटस्थलक्षण हुन्छ । ब्रह्म नै सर्वाधार[८] भएकोले, त्यही नै एक सत्य वस्तु हो, अन्य सब मायाले कल्पित हुन् । ब्रह्मरूप नभएसम्म मायाकै पर्दाले ढाकिइने हुनाले श्रुतिले 'ब्रह्मविदाप्नोति परम्'[९] भनेर ब्रह्म-ज्ञानी पुरुषले नै परब्रह्मतत्त्व प्राप्त गर्ने (मायादेखि पार पुग्ने) तथ्य प्रकट

---

४. तैत्तिरीयोपनिषद् २–१–१

५. स्वरूपं सद् व्यावर्तकं स्वरूपलक्षणम्

६. तैत्तिरीयोपनिषद् ३–१–१

७. कादाचित्कत्वे सति इतरव्यावर्तकं तटस्थलक्षणम्

८. ब्रह्म पुच्छं प्रतिष्ठा (तैत्तिरीयोपनिषद् २–५–५)

९. तैत्तिरीयोपनिषद् २–१–१

गरेको छ । 'ब्रह्मसंस्थोऽमृतत्वमेति'[१०] भन्ने श्रुतिले ब्रह्मस्वरूपमा अडेमात्र अमृत हुने घोषणा गरेको छ । दृश्य जति सबैको निराकरण भएमा जुन तत्त्व अवशिष्ट रहन्छ, यही नित्यतत्त्व ब्रह्म हो । ब्रह्म कहिल्यै पनि छुटेको हुँदैन, केवल अज्ञानले गर्दा होश नभएको मात्र हो । मुण्डकोपनिषद्मा स्पष्ट छ कि 'यो अविनाशी ब्रह्म नै अघिल्तिर, पछिल्तिर, दाहिनेतिर, बायाँतिर, तलतिर, माथितिर अर्थात् जताततै व्याप्त नै छ, सम्पूर्ण ब्रह्माण्ड नै सर्वश्रेष्ठ यही ब्रह्ममात्र वास्तवमा हो' ब्रह्मदेखि[११] भिन्न जे जति प्रतीति हुन्छ, ती सबै डोरीमा भ्रान्तिले सर्पको प्रतीत भए झैं अविद्यामात्र हुन् । ब्रह्ममात्र एक परमार्थ सत्य वस्तु हो । श्रीशङ्कराचार्यले दृक् र दृश्य दुई पदार्थहरू परस्पर विलक्षण भएका मानेर दृक् (चेतन) पदार्थलाई ब्रह्म र दृश्य (जड) पदार्थ जतिलाई माया घोषित गर्नुभएको छ । माया कुनै पार लगाउने नौका नमानिएकोले त्यसलाई स्वीकार नगरी ब्रह्मविद्यामा लाग्न श्रीशङ्करले जोड दिनुभएको छ । 'सर्वं खल्विदं ब्रह्म' भन्ने श्रुतिले प्रतिपादन गरेको नामरूप-भेदवर्जित ब्रह्ममात्र सत्य वस्तु स्वीकार्य छ । त्यो ब्रह्मलाई स्वीकार्नु आफैंलाई स्वीकार्नु हो । श्रीशङ्करले श्रुत्यनुसार 'ब्रह्मैवाहं समः शान्तः सच्चिदानन्द लक्षणः' इत्यादि वाक्यहरूद्वारा आफू नै शान्त, सम, सच्चिदानन्द ब्रह्म हो भनेर यही नै निर्विशेषज्ञान प्रस्तुत गर्नुभएको छ । ब्रह्म निर्विकल्पनिर्विकार भएकोले यहाँ मायाकल्पित ज्ञाता, ज्ञान र ज्ञेयरूप त्रिपुटी रहँदैन । अविद्याको अस्त भएकोले यही मोक्षरूप, ज्ञानस्वरूप ब्रह्ममात्र भइरहेको छ । 'नेह नानास्ति किञ्चन' इत्यादि श्रुत्यनसार श्रीशङ्करले मुख्यरूपमा भेदज्ञानकै खण्डन गरी अद्वैत ब्रह्मज्ञानको प्रकाश पार्नुभएको छ । नित्य, शुद्ध, बुद्ध, मुक्त, निराकार, निराभास, आनन्दस्वरूप ब्रह्मको ज्ञान नहुँदा अविद्याकै विलासमा

---

१०. छान्दोग्योपनिषद् २–२३–१

११. मुण्डकोपनिषद् २–२–११

१२. अब्रह्मप्रत्ययः सर्वोऽविद्यामात्रो रज्ज्वामिव सर्पप्रत्ययः ।
ब्रह्मैवैकं परमार्थसत्यम् (मुण्डकोपनिषत् २–२–११ शा. भा.)

प्राणीहरू भुलिरहेको तथ्य दर्शाई श्रीशङ्करले एकमात्र सर्वाधिष्ठान ब्रह्म सर्ववेदसम्मत चरम लक्ष्य सिद्ध गर्नुभएको छ। ब्रह्मसूत्रको भाष्यमा विस्तृत रूपमा ब्रह्मको जिज्ञासा, ब्रह्मको स्वरूप, ब्रह्मज्ञानबाटै सम्पूर्ण अनर्थहरूको निवृत्ति आदि श्रीशङ्करले संझाउनुभएको छ। उहाँले समग्र ज्ञानकाण्ड, वेदान्तवाक्यराशिको निष्कर्ष एक मात्र सत्य वस्तु ब्रह्म भएकोले ब्रह्म-साक्षात्कार नै परमपुरुषार्थ हुँदा अन्यत्र नअल्मलिन अमृत उपदेश प्रदान गर्नुभएको छ।

माया

एक अद्वितीय ब्रह्ममात्र भएकोमा यो द्वैत संसार केवल मायाले गर्दा खडा भएको हो। ब्रह्मदेखि बाहेक अरू केही भएको छैन भने किन ब्रह्माण्ड भएको त ? भन्ने प्रश्नमा अद्वैत वेदान्तले यही सिद्ध गरेको छ कि यो सबै मायाको खेल हो। मायायोगले नै परब्रह्म परमात्मा प्रपञ्चाकारले भान भएको हो। माया परब्रह्म परमात्माको शक्ति हो। यसैलाई अज्ञान[१३], प्रकृति, शक्ति, अविद्या आदि पदहरूले व्यवहार गरिएको छ। यसलाई सत् भन्न मिल्दैन किनभने यो सत् ब्रह्म झैं सदा टिक्दैन। यसलाई असत् भनौं भने यत्रो संसार अगाडि खडा छ। यसकारण न यो माया सत्स्वरूपा हो, न असत्स्वरूपा, उभयात्मिका भनौं भने परस्पर विरोध खाइहाल्छ[१४], यसकारण यो माया महाद्भूता अनिर्वचनीया हो। यो माया देखिदैन, यो परमात्माको शक्तिरूपिणी छे। यसको आदि देखिदैन, यो सत्त्व, रज र तम त्रिगुणात्मिका छे। संसाररूपी कार्यबाटमात्र यो माया छे भन्ने अनुमान हुन्छ। यही मायाले ब्रह्मको अध्यक्षता (चेतनता) प्राप्त गरेर जगत्को सृष्टि गर्छे।[१५] मायारूपिणी

---

१३. अज्ञानं प्रकृतिः शक्तिरविद्येति निगद्यते।
तदेतत्सन्न भवति नासद्वा शुक्तिरूप्यवत् ॥
१४. सन्नाप्यसन्नाप्युभयात्मिका नो....... (विवेकचूडामणि १११)
१५. मयाऽध्यक्षेण प्रकृतिः सूयते सचराचरम् (गीता ९–१०)

शक्ति जादूगरकी शक्ति झैं भएकीले ब्रह्म अर्कै शक्ति अर्कै भएर द्वैत मानिदैन, जस्तो जादूगर बेग्लै शक्ति बेग्लै मानिंदैन । ब्रह्म नै मायाले गर्दा अनेक रूपमा भान भएको हो"[१६]। मायामा सत्त्व, रज र तम तीन गुणहरू भएकोले सत्त्वप्रधान भएकी मायामा चेतनको प्रकाश पर्दा ईश्वरभाव, मल्लिनसत्त्व भएकी माया (अविद्या) मा चेतनको प्रकाश पर्दा जीवभाव र तमःप्रधान भएकी माया (प्रकृति) मा चेतनको प्रकाश पर्दा जगद्भाव खडा भएका हुन् । वास्तवमा ती तीनै प्रकारका मायाको निराकरण चिन्मात्रस्वरूप ब्रह्मज्ञानबाट हुँदा अखण्ड सच्चिदानन्द ब्रह्ममात्र अद्वय तत्त्व रहन्छ । श्रीशङ्करले दृक्तत्त्व अर्थात् चेतनतत्त्व ब्रह्म हो र कल्पित दृश्य नै माया हो भनेर चेतनतत्त्वमात्रको अवस्थितिलाई मुक्ति मान्नुभएको छ । माया तीन प्रकारले हट्ने कुरा बताउँदै भनिएको छ कि सर्वप्रथम सत्सङ्ग, श्रवण आदिद्वारा मायिक जगत्को सत्यता बुद्धि हराउँदा मायामा आस्था हट्दछ । यसपछि 'म चित्स्वरूप ब्रह्म हुँ' भन्ने साक्षात्काररूपी अपरोक्षज्ञान हुँदा मायाको कार्यक्षमता नष्ट हुन्छ । अनि प्रारब्ध भोग सकिएपछि मायालेश वा प्रतिभास पनि नष्ट हुन्छ । यसरी तीन प्रकारले मायाको अस्त हुन पुग्छ । मायाशबलित ब्रह्मबाट जगत्को जन्मादि हुन्छ अथवा ब्रह्मचैतन्याश्रित मायाद्वारा जगत्को जन्मादि हुन्छ भन्नुमा तत्त्व एकै पर्दछ । माया र मायाकार्य त्यस अवस्थामा हराउँछन् जब महावाक्यको अभ्यासबाट सम्यग्दर्शन प्राप्त हुन्छ । परमार्थमा सत्य नभएको अवस्तु केवल मायाको तमाशा हो । ब्रह्मरूप वस्तुमा अवस्तुको आरोप हुनु नै अध्यास हो । अवस्तुको भान हटी वस्तुमात्र भइरहेको साक्षात्कार हुनु प्रपञ्चको अपवाद हो । मायालाई चिनेर उसको तमाशामा नभुल्नु तत्त्वज्ञान हो । मायाले नभएको कुरा देखाउँछे र भइरहेको सत्य तत्त्वलाई ढाकिदिन्छे । माया त निस्तत्त्वरूपिणी शक्ति हो । यसलाई देख्न नसकिए तापनि यसको जालबाट बच्न सकिन्छ । यो मायालाई श्रुतिको मर्म जान्नेले तुच्छ संज्ञिन्छन्, युक्तिमा भर पर्नेले अनिर्वचनीय मान्दछन् र साधा-

१६. इन्द्रो मायाभिः पुरुरूप ईयते . . . .

रण लौकिकदृष्टियुक्त व्यक्तिले सत्य मान्दछन् । यो माया इन्द्रजालसमान आवरण र विक्षेपशक्तिले युक्त छे,अर्थात् यसले ज्ञानचक्षु ढाकिदिन्छे र कल्पित दृश्यमा भुलाई कर्तृत्वादि चञ्चलता खडा गर्छे । वन्ध र मोक्ष भन्ने कुरा पनि मायाले नै भान गराएको हो, किनभने आत्मामा कहिले पनि बन्धन र मुक्ति हुँदैनन् । यो माया कुनै नियमले चलेकी छैन, मुक्त आत्मालाई पनि यसले अमुक्त भान गराइरहेकी छे । जीव आफू शुद्धचेतन भएर पनि मायाका गुणहरूको वशमा परी त्रिगुणात्मक संज्ञी मायाकै दास बन्न पुगेको छ । यी जे जति दृश्यहरू छन् यी सबै माया हुन् । चेतन दृक्स्वरूपबाट गिर्दा चिज्जडग्रन्थिले भरमाइरहेको मात्र हो । चिन्मात्रको शरणागति विना यी भ्रम हट्न सक्तैन । मायाले नै प्राणीहरू ब्रह्मानन्दबाट वञ्चित भएका छन् ।

आत्मा

'अयमात्मा ब्रह्म' (माण्डूक्योपनिषद्–२) भन्ने श्रुति वचनले आत्मा र ब्रह्मका अभेदको ज्ञान गराएको छ । 'आत्मा वा इदमेक एवाग्र आसीत्' (ऐतरेयोपनिषद्–१–१–१) यस मन्त्रले आत्मादेखि बाहेक अरू केही वास्तविक तत्त्व नभएको तथ्य झल्काएको छ । 'आत्मत एवेदं सर्वम्' (छान्दोग्योपनिषद् ७।२६।१) आत्मैबाट यी सबै बनेका हुन् भन्दै श्रुतिले मूलतत्त्व आत्मा मानेको छ । आत्माको साक्षात्कार भएपछि सबै त्यसमा मायाद्वारा कल्पित भएका दृश्य तहका पदार्थहरू भानमात्ररूपमा निश्चित हुन्छन्, बृहदारण्यकोपनिषद् २।४।५ बाट यही तथ्य प्रकट भएको छ– "आत्मनो वा अरे दर्शनेन श्रवणेन मत्या विज्ञानेनेदं सर्वं विदितम्" अर्थात् आत्माको श्रवण, मनन र निदिध्यासनद्वारा साक्षात्कार हुँदा आत्मादेखि बाहेक कसैको पनि पृथक् सत्ता नहुँदा यो सबै यही आत्मा रहेछ भन्ने बोध हुन्छ । आफू आत्मा हुँ भन्ने साक्षात्कार भएर दृश्य पदार्थको मिथ्यात्व निश्चय हुँदा आत्मज्ञानी कुनै शरीरहरू (स्थूल, सूक्ष्म र कारण शरीरहरू) को सन्तापले छोइएको हुँदैन र उसको केही कामना हुँदैन, ऊ त आत्मानन्दमै एकरस भएको हुन्छ । यसैले श्रुतिले 'आत्मेत्येवोपासीत' (बृहदारण्यकोपनिषद्

१८–४–७), 'आत्मामात्रैको उपासना गरोस्' भनेर आत्माको ध्यानमा प्रेरणा दिएको छ। श्रीशङ्कराचार्यले आत्मादेखि बाहेक अरूको चिन्तनबाट दुःखको आत्यन्तिक विघात नहुने कुरा स्पष्ट पार्नुभएको छ। 'अनात्मको चिन्तन छोड र आत्मचिन्तनमा लाग' भन्ने शिक्षा दिनुभएको छ। आत्मा भनेको के हो? भन्ने प्रश्नमा उहाँले भन्नुभएको छ कि 'स्थूल, सूक्ष्म र कारण शरीरदेखि पृथक्, पञ्चकोश (अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय) देखि पर, अवस्थात्रय (जाग्रत्, स्वप्न र सुषुप्ति) को साक्षी तथा सच्चिदानन्दस्वरूप जो छ त्यो आत्मा हो'। कुनै उपाधिले नढाकिएको आत्मा पूर्णात्मा भनिन्छ। त्यही आत्मा उपाधिहरूको कल्पित ढकनीले गर्दा जीवात्मा, ईश्वरात्मा र जगदात्मा रूपले भान भएको हो। अविद्याको योगले जीवात्मा मायाको योगले ईश्वरात्मा र तामसी माया (प्रकृति) को योगले गर्दा जगदात्मा भनिएको हो। पूर्णात्मा, साक्ष्यात्मा र जीवात्मारूप त्रिविध आत्माको ज्ञान गराउँदै श्रीशङ्कराचार्यले पूर्णात्मा र साक्ष्यात्माको भिन्नता नहुँदा जीवात्मा नै शुद्धरूपमा साक्ष्यात्मा हो र ऊ पूर्णात्मा नै छ भन्दै आत्मरूपबाट नगिरेपछि अविद्या र अविद्याका कार्यहरूले उसलाई केही लछार्न सक्तैनन् अर्थात् ती हराउँछन्।[१७] माण्डूक्योपनिषद्–७ को भाष्यमा श्रीशङ्कराचार्यले आत्माको व्याख्या गर्दै लेख्नुभएको छ कि– अद्वैत तत्त्व नै आत्मा हो। आत्मामा आरोपित अन्तःप्रज्ञत्वादि (भित्रतर्फ बुद्धि वृत्ति हुने आदि) अनर्थको निवृत्ति नै छ। अन्तःप्रज्ञ होइन भनेर तैजसको प्रतिषेध भएको छ, यस्तै बहिप्रज्ञ (बाहिरतर्फ बुद्धि वृत्ति हुने) होइन भनेर विश्वको निषेध भएको छ, उभयतः प्रज्ञ (दुवैतर्फ बुद्धि वृत्ति हुने) होइन भनेर जाग्रत् र स्वप्नबीचका अवस्थाको निषेध भनिएको छ, प्रज्ञानघन (बुद्धिका वृत्तिहरू घना भएको) होइन भनेर सुषुप्तिको निषेध गरिएको छ, प्रज्ञ होइन भनेर एकसाथ सब विषयहरूका ज्ञातृत्वको निषेध गरिएको छ र अप्रज्ञ (केही नजान्ने होइन) भनेर अचेतनताको निषेध गरिएको छ। अतः आत्मा अदृश्य, अव्यवहार्य, अग्राह्य,

१७. शतश्लोकी ५४

अलक्षण, अचिन्त्य, अव्यपदेश्य (शब्दहरूद्वारा अकथनीय), एकै आत्मरूप ज्ञान सार भएको, सर्वप्रपञ्चधर्मरहित, निर्विकार, कल्याणस्वरूप भेदविकल्प रहित र सर्वअवस्थारहित हुनाले तुरीय मानिने परम सत्य तत्त्व हो। 'आत्मा' यो शब्दको अर्थ यसरी खुलाइएको छ–

'यच्चाप्नोति यदादत्ते यच्चात्ति विषयानिह।
यच्चास्य सन्ततो भावस्तस्मादात्मेतिकीर्त्यते॥'

'आत्मा त्यो तत्त्व हो जो सर्वत्र प्राप्त (व्याप्त) छ, जसले सबलाई ग्रहण गरेको छ (आफ्नै सत्तामा लिएको छ), जसले सारा कल्पित विषय-हरूलाई खान्छ (आफैंमा विलीन गर्दछ) र जो कहिले पनि नटुट्ने अखण्ड आफ्नो सद्भावस्वरूप छ।' अतः आत्मा जगत्को कल्पना, स्थिति र विलयको अवस्थामा अर्को झैं हुँदैन जस्तो कि डोरी कल्पित सर्पको उत्पत्ति, स्थिति र विलयको अवस्थामा अर्को भएको छैन, तीनै कालमा डोरी नै छ। झुट्टै सर्पको उत्पत्ति, स्थिति र प्रलयको प्रतीति भएको छ। दृश्यहरू त्यस्तै कहिले देखिने र हराउने भइरहँदा पनि आत्मा कहिले देखिने र कहिले हराउने हुँदैन। सृष्टि, स्थिति र प्रलय तथा जाग्रत्, स्वप्न र सुषुप्तिमा आत्माको अभाव हुँदै हुँदैन। सत्स्वरूप आत्मा भएकोले यसको अभाव कहिले पनि हुँदैन। अतः आत्मा जन्मने, मर्ने र परिवर्तनमा प्राप्त हुने तत्त्व होइन। उपनिषद्-हरूले आत्माको वर्णन गर्दै यस प्रकार स्पष्ट बोध गराएका छन्–

'य आत्माऽपहतपाप्मा विजरो विमृत्युर्विशोको विजिघत्सोऽपिपासः सत्यकामः सत्यसङ्कल्पः सोऽन्वेष्टव्यः सविजिज्ञासितव्यः' (छान्दोग्य ८–७–१) आत्मा आठ लक्षणहरूले बुझाउन भनिएको हो कि यो जो आत्मा हो ऊ पापशून्य, बुढ्याइँरहित (अजर), मृत्युहीन (अमर), शोकशून्य, क्षुधारहित प्यासरहित, सफल सत्य कामना भएको र सत्य सङ्कल्प भएको छ, त्यस्तो आत्मा शास्त्र र आचार्यहरूको उपदेशहरूद्वारा जान्न योग्य छ तथा विशेष-रूपले स्वसंवेद्य हुन योग्य छ। यसमा श्रीशङ्कराचार्य आफ्नो भाष्यमा बताउनु-हुन्छ कि– अन्वेषण र जिज्ञासा यी दुवै यहाँ दृष्टार्थ प्रत्यक्षानुभव मात्रपर्छ किनकि यो आत्मा परलाकादि जस्तो अदृष्ट होइन, आत्मज्ञानले त तुरुन्त

देहादिको अध्यास हटाई विपरीत प्रतीतिको निवृत्ति गरी दृष्टफल नै झल्काए-को हुन्छ- अर्थात् आत्मा आफैं हुँदा साक्षात्कार (आफैं आत्मा हुँ) देखि बाहेक केही रहँदैन । अज्ञानले ढाकिएको जीवको द्वैतवृत्ति आत्मज्ञानाभ्यासले चरम आत्माकारवृत्तिद्वारा क्षीण पारी उत्तर क्षणमा उक्त वृत्तिज्ञान स्वयं पनि निवृत्त हुन्छ । केवल आत्मस्वरूपको अवस्थिति नै मोक्ष मानिएको छ । यसकारण सर्ववन्धनमुक्त, सर्व अनर्थरहित, शान्त पद नै आत्मा हो । आत्मा स्वयंप्रकाश स्वच्छ छ तर देहादि परप्रकाश्य अन्धकारमय छन् । यो आत्मा स्थूल, सूक्ष्म र कारण शरीरहरूले छोपिएको जस्तो भान भएको मात्र हो । वास्तवमा अज्ञान र अज्ञानका कार्यहरूले आत्मालाई कुनै दागी वनाएका छैनन् । जस्तो मेघ, वर्षा, ताप, हावा, हुरी आदिले आकाशलाई दागी बना-एको जस्तो प्रतीति मात्र हुन्छ । वास्तवमा आकाश जस्ताको तस्तै स्वच्छ छ त्यस्तै आत्मा देहादिले दागी जस्तो प्रतीतिमात्र भएको हो, आत्मा त धर्मा-धर्मरहित, अजर, अमर, नित्य, शुद्धबोधस्वरूप र स्वयंप्रकाश छ । उत्पत्ति र विनाशमा प्राप्त हुने सारा पदार्थहरू अनात्म हुन् । उत्पत्तिविनाशरहित त एक आत्मामात्र हो । यही चेतनस्वरूप आत्मा जाग्रत्, स्वप्न र सुषुप्तिका अवस्थाहरूको अभिमानमा भान भएर विश्व, तैजस र प्राज्ञ भन्ने व्यवहारमा आएको हो । वास्तवमा अविद्यादेखि शून्य स्वयं ज्ञानस्वरूप आत्मा कुनै नानात्वमा (अनेकरूपमा) परिवर्तित भएको छैन । ऊ सदा एक सत्स्वरूप छ ।

आत्मा नै सगुणरूप हुँदा जीवात्मा र निर्गुणरूपमा साक्ष्यात्मा मानि-एकोले मुण्डकोपनिषद् (३,१, १–३) को भाष्यमा श्रीशङ्कराचार्य स्पष्ट गर्नुहुन्छ कि– 'सुखदुःखादिरूप फल भोग गर्ने जीवात्मा हो र साक्षित्वरूप सत्तामात्रले फलभोग नगरेर केवल द्रष्टामात्र भएको साक्ष्यात्मा हो साक्ष्यात्माको प्रेरकत्व त केवल हेर्नुमात्र (प्रकाश गर्नुमात्र) हो । साक्षी आत्मा त अवभासकमात्र हो, उसमा जीवभाव छैन र कर्म-फलरूप सुख-दुःखादिको भोक्तृत्वराहित्य छ । आत्ममात्ररूप साक्षी निर्विकारी स्वयं

प्रकाश हो । अज्ञानले[18] गर्दा यस्तो स्वयंप्रकाश आत्ममात्रमा द्वैत खडा गरी जीवभावमा फसी अत्यन्त दुःखी हुनु ठूलो भूल हो । चेतनतत्त्व नै आत्मा हो, यो अविनाशी छ । अचेतन अथवा जड नै अनात्मपदार्थ हो, यो कल्पित विनाशी हो । आफू म जड होइन, म त चेतन आत्मा हुँ भन्ने साक्षात्कार हुँदा शरीरत्रयको अध्यास छुटी केहीको पनि तापले सन्तप्त भएको हुँदैन । आत्माको स्वरूप नै आनन्द ब्रह्म[19] भएको हुँदा अद्वैततत्त्वमा कतैबाट भय हुने परिस्थिति नै रहँदैन । अद्वैत एक आत्मामात्र सत्य हुँदा अन्तःकरणादि उपाधिको भेदले जीव पृथक् प्रतीत भएको मात्र हो, शुद्धस्वरूपमा त जीव अर्को होइन, जीव नै तात्त्विक रूपमा परमात्मा हो । नाम र रूप विकार हो, पानीको फोकाको नाम र रूप त्यागिदिँदा फोका पानी नै हो, यस्तै माया (अविद्या) मात्रले भेद खडा भएको हो । भेदमा पर्दा कहिले पनि आत्मा चिनिँदैन । सर्वदृश्यको अस्त हुँदा जो बाँकी रहन्छ त्यही अखण्ड सच्चिदानन्द तत्त्व आत्मा हो ।

जीव र ईश्वर

अविद्या र मायारूप उपाधिले गर्दा एक चिन्मात्र क्रमशः जीव र ईश्वर भनिएका छन् । श्रीशङ्कराचार्य 'स्वात्मप्रकाशिका'मा स्पष्ट गर्दै भन्नुहुन्छः— "ब्रह्मचैतन्य[20] (अधिष्ठान) अविद्योद्भव बुद्धि (अथवा अविद्या) र बुद्धि-प्रतिबिम्बित चैतन्य छाया यी तीन अज्ञानले गर्दा एक झैं भान हुँदा जीव भन्ने यस्तो व्यवहार भएको हो । ब्रह्म चैतन्यरूप अधिष्ठानमात्र हुँदा जीव

---

१८. रज्ज्वज्ञानाद्भुजङ्गस्तदुपरि सहसा भाति मन्दान्धकारे
(शङ्कराचार्य कृत'शतश्लोकी' ६४)

१९. य एवं वेद यथोक्तमद्वैतमानन्दं ब्रह्म (तैत्तिरीय२–९ शाङ्करभाष्य)

२०. अधिष्ठानं चिदाभासो बुद्धिरेतत्त्रयं यदा।
अज्ञानादेकवद् भाति जीव इत्युच्यते तदा ॥ (स्वात्मप्रकाशिका–३६)

भन्ने व्यवहारै हुँदैन । यस्तै चिदाभास (चैतन्यको छाया) अवस्तु[२१] भएकोले जीव भन्न सुहाउँदैन । बुद्धि त जड भएकोले झन् जीव भन्न मिल्दैन । यसैले तीनको कल्पित एकताबाट जीव भन्ने व्यवहार भयो । यसैले आभास[२२], कूटस्थ (ब्रह्मचेतन) र बुद्धि यी तीन मिल्दा जीव भनिएको छ ।" जीवभाव रहुन्जेल आविद्यिक कार्यमै घुमिरहन्छ । जीवका तीन किसिमका गतिहरू छन् । सकाम कर्ममा जीवन बिताउने जीवको दक्षिणायन गति अर्थात् धूमयान मार्गद्वारा चान्द्र-ज्योति-प्राप्ति-पूर्वक स्वर्गमा आफ्नो शुभकर्मको फल भोग गर्न पाउने गति हुन्छ, तर पुण्य कर्मको फल भोग सकिएपछि मर्त्यलोकमै फर्कनुपर्ने हुन्छ । सगुण परमात्माको उपासक जीवको गति ब्रह्मलोकसम्म हुन्छ, यसलाई उत्तरायण गति अथवा देवयान गति भन्दछन् । यस्तो ब्रह्मोपासक जीव क्रमशः[२३] ब्रह्ममा प्राप्त हुन्छ र फेरि फर्कनु पर्दैन, मुक्त हुन्छ । यी दुवै किसिमको गति नभएको यथेच्छाचारी जीव अशास्त्रीय प्रवृत्तिले गर्दा अधोगतिमा प्राप्त हुन्छ अर्थात् क्षुद्र[२४] प्राणी डाँस, लामखुट्टे, कीरा आदि बारम्बार आउने-जाने हुँदै उभय-मार्ग-परिभ्रष्ट हुन्छ । यी तीन गतिहरूभन्दा श्रेष्ठ कुनै गति र आगति नै नहुने आत्यन्तिक मोक्ष अर्थात् सद्योमुक्ति छ । निर्गुणब्रह्मसाक्षात्कार हुनेको लोकान्तरगमन नै हुँदैन । 'मै ब्रह्म हुँ' भन्ने साक्षात्कार भएपछि ब्रह्मैमात्र हुन्छ । 'न तस्य प्राणा उत्क्रामन्ति' भन्ने श्रुतिले ऊ ब्रह्मसंलीनप्राण अर्थात् ब्रह्ममय ब्रह्म नै हुन्छ । पूर्ण

---

२१. अवस्तुत्वाच्चिदाभासो नास्ति तस्य च जीवता । (स्वात्मप्रकाशिका—३७)

२२. जीव आभास कूटस्थ बुद्धित्रयमतो भवेत् । (स्वात्मप्रकाशिका ३८)

२३. तत्रतस्मिन् मार्गे, प्रयातामृता, गच्छन्ति ब्रह्म, ब्रह्मविदो ब्रह्मोपासनपरा जनाः । क्रमेण इति वाक्यशेषः (भगवद्गीता ८।२४ शाङ्करभाष्य)

२४. "दंशमशककीटादीन्यसकृदावर्तीनि भवन्ति । अत उभयमार्गपरिभ्रष्टाः" (छान्दोग्योपनिषद् ५-१०-८ शाङ्करभाष्य)

ब्रह्मज्ञाननिष्ठ जो हुन्छ त्यो कुनै लोक, धाम आदिमा जाने-आउने[२५] हुँदैन, ऊ त ब्रह्म नै भइहाल्छ । जीवभावमा प्राप्त होउञ्जेल जाने-आउने भइनै रहने हुनाले यसबाट छुट्कारा पाउन भेदभावको सर्वथा विनाश हुन आवश्यक छ ।

जगद्गुरु श्रीशङ्कराचार्य भन्नुहुन्छ–

चैतन्यस्यैकरूपत्वाद् भेदो युक्तो न कर्हिचित् ।
जीवत्वं च मृषा ज्ञेयं रज्जौ सर्पग्रहो यथा ।।

(अपरोक्षानुभूति–४३)

'सबै जीवहरूमा चैतन्य एकै रूप भएकोले कहिले पनि भेदयुक्त छैन । डोरीमा सर्पको भ्रान्ति भएझैं चैतन्यमा जीव भन्ने व्यवहार झूटो हो ।' मिथ्या भनेको देखिँदै नदेखिने होइन, किन्तु देखिए तापनि वास्तविक सत्ता नहुनु हो । डोरीमा सर्प भ्रान्तिले देखिन्छ, तर सर्पको वास्तविक सत्ता छैन । डोरीको ज्ञान हुनेवित्तिकै सर्पको बाध हुन्छ । त्यस्तै चैतन्यैकरसको बोध हुनेवित्तिकै जीवत्वको बाध हुन्छ । मिथ्यात्व निश्चय हुनु नै बाध हो । अज्ञानले गर्दा बुद्धि तथा चिदाभासतिर दृष्टि जाँदा जीवहरू धेरै छन् भन्ने ठानिएको हो; जस्तै नाम र आकारतिर दृष्टि जाँदा तलाउको पानीमा फोकाहरू धेरै देखिन्छन् । नाम र आकारको दृष्टि हटी केवल पानीमा मात्र दृष्टि जाँदा सबै पानीमात्र एक तत्त्व रहन्छन् । सारा जीवहरूमा चैतन्य एक रसमात्र भएको बोध हुँदा जीवको उपाधिकृत नानात्व नष्ट हुन्छ र जुन जीवको उपाधि भावना हट्यो ऊ मायोपाधिरहित ईश्वर नै चेतन हुन्छ अर्थात् जीव र ईश्वर भन्ने भेदबुद्धि गराउने उपाधिहरूको लय हुन्छ । यसैले जीवको वास्तविकता चाहिं उपाधिराहित्य, नित्यता, ईश्वराभिन्नता, विभुता, अद्वितीयता, एकता, असङ्गता, जन्ममरणराहित्य (जन्ममरण त शरीरको

---

२५. न हि सद्यो मुक्तिभाजां . . गतिः आगतिः वा क्वचिदस्ति (भगवद्-गीता ८।२४ शाङ्करभाष्य)

हुन्छ), चेतनता, ब्रह्मरूपता, सर्वव्यापकता, अकर्तृता आदिमै छन् भन्ने बुझ्न अध्यासको परिचय पाउन आवश्यक छ । चेतन वस्तु जीवात्मामा अचेतन भएका शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि आदि उपाधिहरूका रङ्ग चढाउनु नै अध्यास हो । शरीरै म हुँ भन्ने तादात्म्याध्यास र शरीरको धर्म मोटोपन, दुब्लोपन आदि नै मेरो हो भन्ने धर्माध्यास जस्ता परम्पराध्यासहरू ज्ञानद्वारा नहटेसम्म एक अद्वितीय तत्त्वको साक्षात्कार (जीवात्मा म नै ब्रह्म हुँ भन्ने अनुभव) उदाउन सक्तैन । जीवको सत्यस्वरूप सत्, चित्, आनन्द, आत्मामात्र हो, अरू रूपले जीवको प्रतीति हुनु अज्ञानताको चश्माले हेर्नु वा उपाधिजाल नछुट्नु हो ।

ईश्वरको पनि सत्यस्वरूप चिन्मात्र हो । ब्रह्म आत्मा उसैलाई बताउने शब्द हो । शुद्धसत्त्वप्रधानमाया, चिदाभास (मायास्थित प्रतिविम्ब चैतन्य) र अधिष्ठान ब्रह्मको योगले मायापति ईश्वर भन्ने व्यवहार भएको हो । मायारूप उपाधिले गर्दा ईश्वर अर्कै र अविद्यारूप उपाधिले गर्दा जीव अर्कै भन्ने व्यवहार भएको हो । जबसम्म जीवात्मा र परमात्माको ऐक्यबोध हुँदैन तबसम्म सयौं जन्महरूमा पनि मुक्ति मिल्दैन भन्ने रहस्य शङ्कराचार्यले प्रकट गर्नुभएको छ–

वदन्तु शास्त्राणि, यजन्तु देवान्, कुर्वन्तु कर्माणि, भजन्तु देवताः ।
आत्मैक्यबोधेन विना विमुक्तिर्न सिध्यति ब्रह्मशतान्तरेऽपि ॥
(विवेकचूडामणि ६)

शास्त्रचर्चा, देवपूजा, कर्मानुष्ठान र ईश्वरभजन यी साधनहरू भएकाले यिनीहरूबाट चित्त शुद्ध र चित्तैकाग्रताको प्राप्ति हुन्छ, तर जीवात्मा र परमात्माका एकताको बोध हुन सकेन भने ब्रह्माका सयौं सृष्टिहरूमा पनि मुक्ति प्राप्त हुन सक्तैन । जीवात्मा र परमात्माको केवल चैतन्य रूपले अभेद-बोध हुनामा कोही वा केही बाधक नभएको हुनाले चिन्मात्र नै कैवल्य-मुक्ति हो । ईश्वरमा जति पनि अलौकिक दिव्य गुणहरूको चर्चा वा ईश्वरका जति पनि नित्य धाम, गोलोक आदि परिच्छिन्न लोकहरूको चर्चा हुन्छ, त्यसमा उपाधि छुटेको हुँदैन । स्वयं सगुण ईश्वरको वाणी छ कि "योगमायाले

छोपिएको अवस्थामा म सबैको प्रत्यक्ष हुन्नँ ।" जन्मरहित अविनाशी परमात्माको साक्षात्कार हुन नसक्नु योगमाया (गुणमिश्रण)[२६] रूप उपाधिले गर्दा नै हो । ईश्वर यसरी नामरूपविकारभेदविशिष्ट भएर सगुणोपासकहरूको मान्यतामा आउनुभएको छ । तर निर्गुणोपासक ज्ञानीजन त अज, अव्यय र चिन्मात्रस्वरूप ईश्वर सर्वोपाधिभेदवर्जित हुँदा आत्मैस्वरूप हो भन्ने साक्षात्कार गर्दछन् । यसैले मायागुणसम्पन्न ईश्वर र मायातीत ईश्वरको रहस्य बुझेर ईश्वरको विषयमा नअन्मलिन श्रीशङ्कराचार्यले प्रेरणा दिनुभएको छ । जीवेश्वरैक्य भनेको अविद्या मायोपाधिवर्जित शुद्ध जीव र शुद्ध ईश्वरको चिन्मात्ररूपले ऐक्य हो ।

अनन्तशक्तिसम्पन्न मायोपाधिक ईश्वरले ईक्षामात्रले यो चराचर जगत्को सृष्टि गर्दछ । यसमा चैतन्यांश[२७] प्राधान्यले जगत्को निमित्त कारण ईश्वर मानिन्छ । मायारूप उपाधिको प्राधान्यले उपादान कारण पनि ईश्वरै मानिन्छ । जीव र ईश्वरको विषयमा ब्रह्मसूत्रशाङ्करभाष्य (२–३–१७) मा जीव र ईश्वरको चैतन्य समान एकै भएकोले अभेद हो, (कल्पित) नामरूपकृत कार्यकरणसंघातमा प्रविष्ट सब जीवहरू ब्रह्मै हुन् भन्ने दर्शाइएको छ । अविद्याकल्पित भेदलाई लिएर जीव र ईश्वरको अंशांशिभाव भएको हुँदा सो वास्तव होइन । घटरूप उपाधिले गर्दा घटाकाश, महाकाशको अंश झैं प्रतीत भएजस्तै बुद्धिरूप उपाधिले गर्दा जीवात्मा, परमात्माको अंश झैं प्रतीत भएको हो । यस्तै घटकाश झैं अवच्छिन्न वा प्रतिबिम्ब झैं आभास प्रतीत भए तापनि जीवलाई ईश्वरदेखि भिन्न मान्न सकिँदैन ।

---

२६. योगो गुणानां युक्तिर्घटनं सा एव माया योगमाया तया योगमायया समावृतः संच्छन्न इत्यर्थः (गीता ७।२५ शाङ्करभाष्य)

२७. स्वप्राधान्येन जगतो निमित्तमपि कारणम् ।
उपादानं ततोपाधिप्राधान्येन भवत्ययम् ॥
(शङ्कराचार्यविरचित सर्ववेदान्तसिद्धान्तसारसंग्रह–३३३)

साक्षी

जगद्गुरु शङ्कराचार्यले "जीवको[२८] सत्यस्वरूप साक्षी हो, देह, बुद्धि र चित्प्रतिबिम्ब (चिदाभास) यी तीनैको प्रकाशक द्रष्टा आत्मा नै साक्षी हो; देह, बुद्धि र चित्प्रतिविम्बलाई छोडेर जो चिन्मात्र अखण्डबोध-स्वरूप, नित्य, व्यापक, सर्वप्रकाशक तत्त्व छ त्यही साक्षी हो" भन्दै प्रत्य-गात्मा[२९]लाई सम्पूर्ण अन्तःकरणवृत्तिहरूको साक्षीरूपमा प्रस्तुत गर्नुभएको छ । जीवको तात्त्विकस्वरूप प्रत्यगात्मा साक्षी मानिएकोले ऊ बन्धनमा परेको छैन । साक्षी चैतन्य तटस्थ उदासीन छ । साक्षीमा कर्तृत्व, भोक्तृत्व आदि कुनै पनि विक्षेप रहँदैन । साक्षी त केवल प्रकाशक हो, जस्तो नाट्यशालामा नर्तक, दर्शक, (आदि सबैलाई दृश्य, दर्शक) त्यहाँको बत्तीले प्रकाश पार्छ र नाच सकिएपछि नर्तक (दृश्य) दर्शक नभएपछि पनि बत्तीले प्रकाश पारिरहेकै हुन्छ । निर्विकार (कूटस्थ), निर्गुण, निरुपाधिक, निर्लिप्त, शुद्ध (द्रष्ट्राभासभिन्न) द्रष्टा नै साक्षी हो । आफू साक्षीभावमा सर्वदा असङ्ग भएको स्थितिको विस्मृति नहुँदा उसको चित्तले सांसारिक वासना (संस्कार) बोकेको हुँदैन र ऊ साक्षीभूत[३०] जीवन्मुक्त भएको हुन्छ ।

बन्ध र मोक्ष

ज्ञानदेखि बाहेक अरू केहीबाट मोक्ष (कैवल्यमुक्ति) नहुने भएकोले ज्ञानशास्त्र (ब्रह्मविद्या=आत्मविद्या=वेदान्त) मोक्षशास्त्र मानिएको छ । धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थहरूमध्ये मोक्ष परमपुरुषार्थ

---

२८. विवेकचूडामणि २२१–३

२९. अशेषस्वप्रचारसाक्षिणी प्रत्यगात्मनि (ब्रह्मसूत्र शाङ्करभाष्य उपोद-घात १–१–१)

३०. अहं साक्षीति यो विद्याद् विविच्यैवं पुनः पुनः ।
स एव मुक्तः स विद्वानिति वेदान्तडिण्डिमः ।। (ब्रह्मज्ञानावलीमाला १८)

हो । 'ब्रह्मवेद ब्रह्मैव भवति'[३१] 'नजायते म्रियते वा विपश्चित्'[३२] ब्रह्मजान्ने ब्रह्मै हुन्छ, आत्मज्ञानीको जन्म, मरण आदि हुँदैन (ऊ सदा चैतन्यस्वरूप आत्ममात्र हो) इत्यादि श्रुतिहरूले निरतिशय (घटवढरहित) सदा एक रस, सुख स्वरूप स्वरूपावस्थितिरूप मोक्षको परम पुरुषार्थत्व सिद्ध गरेका छन् । 'न च पुनरावर्तते' (छान्दोग्योपनिषद् ८–१५–१) 'त्यो आत्मज्ञानी (ब्रह्मज्ञानले ब्रह्मस्वरूपै भएको पुरुष) फेरि यो जन्ममरणरूपी संसारमा फर्कंदैन' भनिएकोले मोक्ष नै जन्ममरणरूप संसारको आत्यन्तिक विनाश हो । शोक, मोह, जरा, मरण आदि अनर्थहरूको नाश एवं तारतम्यरहित ब्रह्मानन्दको प्राप्ति (आफू सच्चिदानन्द ब्रह्म स्वरूपै सदा भइरहेको अनुभूति) नै मोक्ष हो । मनले विषय समातिरहंदा वन्धन हुन्छ[३३], मन निर्विषय भएमा मुक्ति हुन्छ । वन्धन भनेको गुणरूपी डोरीमा वाँधिनु हो । मायाका गुणहरूदेखि अतीत हुनु नै मोक्ष हो । शङ्कराचार्य भन्नुहुन्छ– 'अज्ञानले गर्दा वन्धनको भान हुन्छ, वन्धनको भान हटाउन ज्ञान न चाहिन्छ, नत्रभने शरीरादिमा आत्मवुद्धि भई जन्म, मरण, जरा, व्याधि आदि दुःखहरूको प्रवाहमै वहिरहने हुन्छ ।' तीन शरीरहरूमै लुटपुटिइरहनु, तीन अवस्थामै घुमिरहनु, पाँच कोशहरूले नै ढाकिइरहनु र आफू सच्चिदानन्दस्वरूप भइरहेको विस्मृति हुनु यही नै वन्धन मानिन्छ । स्थूल, सूक्ष्म र कारण शरीरदेखि पृथक्, अन्नमयादि कोशहरूदेखि अतीत, जाग्रदादि अवस्थाको साक्षी, सत्-चित्-आनन्दस्वरूप नै मोक्ष हो । अनात्मपदार्थहरूको अपवाद गरेर शुद्ध, नित्यानन्दैकरस, स्वयंप्रकाश, आफ्नै स्वरूपमात्र भइरहनु मोक्ष हुनु हो । शुद्ध ब्रह्मै हुँ भन्ने दृढ अपरोक्ष ज्ञान हुँदा मात्र संसार-वन्धन छुट्दछ । भववन्धनबाट छुट्नको निमित्त आत्मतत्त्वको ज्ञानदेखि वाहेक अरू कुनै मार्ग छैन ।[३४]

---

३१. मुण्डकोपनिषद् ३–२–९

३२. कठोपनिषद् १–२–१८

३३. ब्रह्मविन्दूपनिषद् २

३४. नान्योऽस्ति पन्था भववन्धमुक्ते–
विना स्वतत्त्वावगमं मुमुक्षोः ॥ (विवेकचूडामणि २२४)

संसारको सत्यता बुद्धिपूर्वक त्यसमा फसिरहनुलाई बन्धन र संसारको मिथ्यात्वबुद्धिपूर्वक त्यसमा नगड्नु, वासनाहीन हुनु मोक्ष हो ।

जगत्

ब्रह्मदेखि भिन्न निखिल प्रपञ्च मिथ्या भएको हुँदा जगत्को व्याख्या जगत्लाई सत्य मानेर जगद्गुरु श्रीशङ्कराचार्यले गर्नुभएको होइन । उहाँको पारमार्थिक दृष्टिमा सत् ब्रह्मको कार्य यो सकल प्रपञ्च केवल नाम रूप विकारले गर्दा मात्र अर्कोजस्तो प्रतीत भएको हो, किनभने कारण पनि पूर्ण छ कार्य पनि पूर्ण छ । ब्रह्ममा जगत् आरोपित भएकोले आरोपित वस्तुको सत्ता वास्तवमा अधिष्ठानको सत्तादेखि बाहेक अर्को हुँदैन । व्यावहारिक सत्ता तथा प्रातिभासिक सत्ता दुवै अधिष्ठान नै भ्रमले त्यसप्रकारमा भासिएका हुन् । डोरीमा भ्रमले भासिएको सर्प तथा ब्रह्ममा आरोपित जगत् नाममात्र हुन् । जगत् कसरी देखा पऱ्यो ? कसरी हामी जगत्मा उभियौं ? भन्ने जिज्ञासा हुँदा जगत्को मायामय दृश्यताको व्याख्या अज्ञान हटाउन मात्र गरिन्छ । ब्रह्मले (आत्माले) मायाशवलित भएर 'म एकमात्र छु, धेरै होऊँ' भन्ने सङ्कल्प गर्दा 'इन्द्रो[३५] मायाभिः पुरुरूप ईयते' एक परमात्मा ब्रह्म नै मायाशक्तिहरूले गर्दा अनेक रूपले प्रतीत हुन्छ । मायामा रहेका सत्त्व, रज, र तमोगुणको किसिमले ब्रह्म नै ईश्वर, जीव र जगत् रूपमा देखा पर्ने हुनाले देखा परेको जति सोपाधिक हो । एउटै परमात्मा परब्रह्मले जब मायारूपिणी शक्तिलाई सञ्चालित गर्दछ, तब मायाशवलित ब्रह्ममा सङ्कल्प खडा हुन्छ र कामना हुन जान्छ । श्रुतिले बताएको छ– 'सोऽकामयत बहुस्यां प्रजायेय' (तैत्तिरीयोपनिषद् २–६) त्यो परमात्माले कामना गऱ्यो कि म धेरै होऊँ र प्रकट होऊँ' । छान्दोग्योपनिषद् ६–२–३ मा पनि यही कुरा प्रतिपादित छ– 'तदैक्षत बहुस्यां प्रजायेय' । ऐतरेयोपनिषद् (१–१–१) मा पनि एक आत्मा मात्र जगत्को उत्पत्तिभन्दा पहिले थियो, उसले ईक्षणपूर्वक जगत्को सृष्टि गऱ्यो भन्ने प्रतिपादन गरि-

---

३५. ऋग्वेद ६–४७–१८ तथा बृहदारण्यकोपनिषद् २–५–१९

एको छ। आत्मस्वरूप[३६] ब्रह्मबाट आकाशको उत्पत्ति भयो, आकाशोपाधिक ब्रह्मबाट वायुको उत्पत्ति भयो, वायुरूपापन्न ब्रह्मबाट तेजको उत्पत्ति भयो, तेजोरूपापन्न ब्रह्मबाट जलको उत्पत्ति भयो र जलरूपापन्न ब्रह्मबाट पृथिवीको उत्पत्ति भयो अर्थात् आकाशाद्युपाधिकब्रह्म नै वायु आदिको उत्पत्तिमा हेतु मानिएको छ। यही पञ्चमहाभूत आकाश, वायु, तेज, जल र पृथिवीको प्रत्येक सात्त्विक अंशबाट कान, छाला, आँखा, जिब्रो र नाक यी पांच ज्ञानेन्द्रियको उत्पत्ति भयो। यिनी पाँच महाभूतहरूको समष्टि सात्त्विक सृष्टिरूप अन्तःकरण बन्यो, त्यही अन्तःकरणका चार विभागहरू मन, बुद्धि, अहंकार र चित्त हुन्। यस्तै ती पञ्च महाभूतहरूको प्रत्येक राजस अंशबाट वाणी, हात, पाउ, गुदेन्द्रिय र मुत्रेन्द्रियको उत्पत्ति भयो। यिनै पञ्च महाभूतहरूको समष्टि राजस सृष्टिरूप पञ्च प्राणहरू बने। यी पञ्चमहाभूतहरूको तामस अंशबाट पञ्चीकरण भएका पञ्च महाभूतहरू भए, जसबाट स्थूल शरीर अर्थात् पिण्ड र फेरि ब्रह्माण्ड बनेको हो। यसरी जगत् कुनै[३७] अचेतन परमाणुहरूको संघातको परिणाम होइन, केवल जड[३८] प्रकृतिको विकारमात्र पनि होइन, स्वतन्त्र चेतन र स्वतन्त्र अचेतन दुई तत्त्वहरूको संयोगको परिणाम पनि होइन किन्तु सर्वं खल्विदं ब्रह्म तज्जलानिति (छान्दोग्योपनिषद् ३-१४-१) यो सारा जगत् निश्चय ब्रह्म नै हो, यो उसैबाट उत्पन्न हुने, उसैमा लीन हुने र उसैमा चेष्टा गर्ने हो। एउटै ब्रह्म परमात्माकै विवर्त यो जगत् हो। अतात्त्विकरूपले अर्को जस्तो देखिनु विवर्त हो। डोरीमा सर्प अतात्त्विकरूपले देखिएको हो, त्यस्तै ब्रह्ममा जगत् अतात्त्विकरूपले देखिएको हो। यसै कारणले अधिष्ठान ब्रह्मको साक्षात्कार हुँदा अतात्त्विक जगत्को बाध हुन्छ। अखण्डानन्द ब्रह्मरूपी समुद्रमा मायारूपी वायुको वेगले जगत्रूपी छालहरू उठ्छन् र विलाउँछन्। जगत् जस्तो देखि-

---

३६. ब्रह्मसूत्रशाङ्करभाष्य २।३।१,२,४,५,६,७

३७. ब्रह्मसूत्रशाङ्करभाष्यम् २-२-३

३८. ,, ,, २-२-१

न्छ, त्यस्तै त्यो सधैं रहँदैन। यसकारण जगत्लाई परम सत्य भन्न मिल्दैन। जगत् त व्यावहारिक सत्यमात्र हो। जगद्गुरु श्रीशङ्कराचार्य भन्नुहुन्छः– "यदि[३९] यो जगत् पारमार्थिक सत्य हो भने तीन कुराहरू मिल्न आउँदैनन्, एक त आत्माको अनन्तताको हानि, दोस्रो श्रुतिको अप्रमाणिकता र तेस्रो ईश्वरको (भगवान श्रीकृष्णचन्द्र जस्ताको) पनि मिथ्यावादिता हुन आउलान्। श्रुतिले 'वाचारम्भणं विकारोनामधेयं मृत्तिकेत्येव सत्यम्' (छान्दोग्योपनिषद् ६–१–४) विकार केवल वाणीको आश्रयभूत (वाणीमा मात्र अवलम्बित) नाममात्र हो (वास्तवमा विकार नामको कुनै वस्तु सत्य होइन) सत्य वस्तु त एक मात्र माटो (मूल ब्रह्मतत्त्व) हो।" भनेर यो विनाशी मयाको खेल नै जगत् (ज्ञानवाध्य) हो भन्ने सिद्ध गरेको छ।

अध्यास

मोक्ष नै परम प्रयोजन भएको वेदान्त शास्त्रमा मोक्षको प्राप्ति तब हुन्छ जब जरामरणादिरूप संसारको निवृत्ति हुन्छ अथवा त्रिगुणात्मिका मायाद्वारा खडा गरिएका द्वैत प्रपञ्चहरू सारा दृश्यहरू र तिनीहरूको मूलकारण अज्ञानको निवृत्ति हुँदा आफू सच्चिदानन्दस्वरूपै भइरहेको रहेछ भन्ने अपरोक्ष ज्ञानमात्र रहन्छ। अब भनिएकी माया तथा त्यसले तमाशा रूपमा देखाएको जरामरणादिरूप संसार छँदाछँदै यसको विनाशरूप मोक्ष हुन त असंभव देखिन्छ भन्ने कुतर्कलाई हटाउन अद्वैत वेदान्तमा अध्यास वा अध्यारोप वताइएको छ। एक वस्तुमा अर्को नभएको वस्तुको आरोप गर्नु अध्यास हो। 'सदेव सोम्येदमग्र आसीदेकमेवाऽद्वितीयम्' (छान्दोग्योपनिषद् ६–२–१) 'हे सोम्य (प्रियदर्शन) यो नाम रूप क्रियावान् जगत् सृष्टि हुनुभन्दा पहिले एकमात्र अर्को कुनै नभएको अद्वितीय सत् परमार्थ वस्तु ब्रह्म नै थियो'। सद्वस्तु ब्रह्ममा यी सारा दृश्यहरू पछि आरोपित भएका भन्ने रहस्य श्रुतिले वताएको हुनाले ब्रह्मभावदेखि वाहेक सारा अल्पज्ञ

---

३९. विवेकचूडामणि २३४

जीव,-भाव, जगद्भाव र मायाविशिष्ट जगत्स्रष्टृत्व ईश्वरभाव आदि द्वैत समुदाय कल्पित (अध्यस्त) हुनाले द्वैतको अस्त नै मोक्ष हुँदा अध्यासले गर्दा वन्धन र अध्यासको अपवादले गर्दा बन्धनमुक्त मानिएको छ। अपवाद भनेको वस्तु विवर्तरूप अवस्तु अज्ञानादि प्रपञ्चको वस्तुमात्रत्व रहनु हो अर्थात् भूल भएको कुरा देख्नुमा (भान हुनुमा) मात्र रहेछ, वास्तवमा त अधिष्ठानमात्र रहेछ भन्ने धारणा हुनु अपवाद हो। डोरीमा सर्पवुद्धि हुनु अध्यास हो, सर्प त विवर्त (अतात्त्विक भान) मात्र रहेछ वास्तवमा डोरीमात्र हो भन्ने धारणा हुनु अपवाद हो। अर्थात् वस्तुमात्रको वोध वा अध्यस्तको वाध नै अपवाद हो। अवस्तु हुनुमा थिएन सो देख्नुमा वा भानमा आउनु नै अध्यास हो।

अध्यासले द्वैत प्रपञ्च अज्ञानद्वारा अधिष्ठान ब्रह्ममा आरोपित भएको दर्शाउँछ। चिदात्मामा अचित देह, इन्द्रिय, मन आदि जड प्रपञ्च अनात्मको (धर्मीहरूको) अध्यास (तादात्म्याध्यास) हुनु तथा चिदात्मामै देहको स्थौल्य, इन्द्रियको मूकतादि, मनको सङ्कल्प-विकल्प, सुख-दुःखादि धर्म-हरूको अध्यास (धर्माध्यास) हुनु अज्ञानकै कार्य हो। यस्तै यसको विपरीत अनात्म, जड, प्रपञ्च, देहादिमा चेतनको र चेतनको धर्मको अध्यास हुनु अज्ञानको विलासमात्र हो। चित्मा जड र जडधर्मको तथा जडमा चित् र चिद्धर्मको परस्पराध्यासले गर्दा 'म देह हुँ' 'म सुखी दुःखी छु' तथा 'मन म हुँ', 'सुख दुःख मेरा हुन्' यस प्रकारका भूलहरू भएका छन। चित् र जडको विवेक नहुँदा परस्परमा धर्मी र धर्मका अध्यासहरू हुन्छन्। यही अध्यासले गर्दा आफू चिन्मात्र, स्वयंप्रकाश नित्ययुक्त, भए तापनि अविद्याको दास भएर वद्धताको भावनाले जन्ममरणादिरूप संसारको पञ्जामा जकडिनुपरेको हो। अध्यासलाई फाल्न आफू चिदात्मा हुँ, ब्रह्म हुँ, निर्गुण हुँ भन्ने निर्वासन वोध नै अँगाल्नुपर्दछ।

अज्ञान

अध्यास (भ्रम) को कारण अज्ञान हो। सत्य वस्तु एक चेतनमात्र हो;

किनभने यो तीनै कालहरूमा खण्डित नहुने (त्रिकालाऽबाध्य) अखण्ड वस्तु हो। यस्तो सत्य वस्तुमा अवस्तु जगत्को आरोप हुनु अज्ञानले गर्दा नै हो। डोरीको अज्ञानले त्यसमा सर्पको भ्रम भए झैं सच्चिदानन्द ब्रह्मको ज्ञान नहुँदा त्यसमा जगत्को भ्रम भएको छ। प्रपञ्च अध्यस्त पदार्थ हुँदा यसको बाध ज्ञानले हुन सकेको हो। प्रपञ्च सत्य भएको भए यसको ज्ञानद्वारा बाध हुने थिएन। यसकारण संसारको मूल कारण अज्ञान हो भनेर शास्त्रले यस अज्ञान हटाउन ज्ञानमात्र समर्थ छ भन्ने निर्णय दर्शाएको छ। अज्ञानको लक्षण बताउँदै शास्त्रले यो अज्ञान 'अनादि भावरूप र ज्ञाननिवर्त्य छ' भनेको छ। ज्ञाननिवर्त्य भनेकोले ज्ञानरूप आत्मा लिन पाइएन। भावरूप भनेकोले प्रागभाव लिन पाइएन। अनादि भनेकोले जन्यपूर्वज्ञान लिन पाइएन। भावाऽभावविलक्षण अज्ञानलाई केवल अभावविलक्षणको दृष्टिले भावरूप भन्ने औपचारिक व्यवहार भएकोले लक्षण नमिल्दो पनि भएन। यसरी अज्ञानको लक्षण दर्शाएर शास्त्रले अज्ञानमा श्रुति प्रमाण[४०] पनि प्रस्तुत गरेको छ। अज्ञानले[४१] नै विवेक–विज्ञान ढाकिएकोले (आवृत गरेकोले) जीवहरू विवेकहीन भई मोहमा प्राप्त हुँदा अनेक विक्षेपका भावहरूमा फसेका संसारी बन्दछन्। आत्मज्ञान[४२]द्वारा सो अज्ञान नष्ट हुँदा सूर्य झैं परमार्थतत्त्व प्रकाशित भइरहेकै हुन्छ। चित्स्वरूपमा जड अन्तःकरणादिको र तिनीहरूका धर्म-हरूको अध्यास गर्नु तथा जड अन्तःकरणादिमा चित्को र त्यसको धर्मको अध्यास गर्नु केवल अज्ञानले गर्दा हुन्छ। यसकारण अज्ञान (अविद्या) नै स्वस्वरूपबाट च्युत गराउने मूल कारण हो। जगद्गुरु श्रीशङ्कराचार्यले

४०. 'अनृतेन प्रत्यूढाः' (छान्दोग्योपनिषद् ८।३।२)) इति श्रुतिर्ब्रह्मज्ञान-प्रतिबन्धकत्वेनाऽनृतं ब्रुवाणा तादृगज्ञाने प्रमाणम्।. (अद्वैतसिद्धिः 'अज्ञानेश्रुतिप्रमाणविचारे' आद्यवाक्यम्)

४१. श्रीमद्भगवद्गीता ५।१५ शा. भा.

४२. श्रीमद्भगवद्गीता ५।१६ शाः भा.

अज्ञानको परिचय दिंदै भन्नुभएको छ कि– यो अज्ञान[४१]नै सकल जगत्को अध्यासको कारण तथा ब्रह्मभिन्न अवस्तु हो। यो हट्ने हुनाले अवस्तु मानिन्एको छ। अज्ञानको आश्रय ब्रह्म नै अधिष्ठान हो। यो अज्ञान मिथ्या सम्बन्धले ब्रह्ममा आश्रित मानिन्छ तापनि यसले स्वाश्रय ब्रह्ममा विकारोत्पत्ति गर्न सक्तैन। ब्रह्म त सूर्य झैं प्रकाशमान छ, सूर्यमा देखिएको ग्रहणको कालो टाटो सूर्यकै आधारमा देखिएको र सूर्यलाई नै ढाक्नेजस्तो भएको हो। वास्तवमा सूर्यमा कालो विकार पैदा भएकै छैन। त्यस्तै अज्ञानले ब्रह्ममा केही विकार पैदा गर्न सक्तैन। अज्ञान छ भन्नमा प्रमाण चाहिं यो कार्यरूप चराचर जगत् दृश्यरूप हुनु नै हो। तर यो दृश्य जगत् अवश्य नै सत्य वस्तु होइन, किनभने तीनै कालहरूमा जुन वस्तु बाधित हुँदैन त्यो सत्य वस्तु हुन्छ। यो जगत् त अज्ञानछउञ्जेलमात्र देखिनुमा हो, तर ब्रह्मज्ञानद्वारा मूल अज्ञान नष्ट हुँदा जगत्को वास्तविक सत्ता नभएको हुन्छ। यो अज्ञानले आवरण र विक्षेप गराउने हुँदा यसको रहस्य स्पष्ट बुझ्न आवश्यक छ। यही अज्ञाननै व्यष्टि व्यष्टि रूपमा अविद्या भनिन्छ र समष्टिरूपमा माया भनिन्छ। जगद्गुरु शङ्कराचार्यले अज्ञानलाई नै प्रकृति, शक्ति, माया, अविद्या आदि शब्दहरूले व्यवहार गरेका छन् भन्ने उल्लेख गर्नु भएको छ। यो अज्ञानलाई सत् भन्न पनि मिल्दैन र असत् भन्न पनि सकिंदैन, अतः यसलाई अनिर्वचनीय त्रिगुणात्मक माने तापनि अधिष्ठान ब्रह्मज्ञानले बाध्य हुने हुँदा पूर्वोक्त लक्षण भएको परिचय दिइएको हो। यसलाई कारण शरीर तथा आनन्दमय कोश क्षेत्र; द्वैतको बीज, सुषुप्तिस्थान इत्यादि व्यवहार गरिन्छ। यही अज्ञान (अविद्या, माया) र यसको कार्यहरूको अस्त न भएसम्म दुःखहरूको आत्यन्तिक विनाश हुन सक्तैन। श्री शङ्कराचार्यले घोषणा गर्नुभएको छ कि—'वेदको सारभूत महावाक्य मन्त्रले लक्षित सर्वोपाधिरहित चिन्मात्र जो हो त्यही प्रकाश (ज्योति) हो, त्यसैले नै (आत्मबोधले नै) अज्ञान र अज्ञानका कार्यहरूबाट छुट्कारा पाइन्छ। अज्ञान भनेकै विनाशी जगत्को सत्यता,

---

४१. सर्ववेदान्तसार संग्रह : श्लोक, २९९–३०८

जीवको अनेकता, इन्द्रजाली मायाको नित्यता, परिच्छिन्न लोकादिप्राप्तिको सकामता, द्वैतको नित्यता, गुणजालको वस्तुता आदिमा भुलाउने दृश्य दृश्यै खडा गरी दृश्य-दृश्यमै मायिकतत्व ब्रह्मदेखि वञ्चित गराउने ज्ञानविरोधी अन्धकार (तमः) हो ।

सत्तात्रय

वेदान्तमा तीन प्रकारका सत्ताहरू दर्शाएर वास्तविक र अवास्तविक तत्त्वहरूको स्थिति बुझाइएको छ। ती तीन सत्ताहरूका नाम यस प्रकार छन्:–

१. पारमार्थिक सत्ता
२. व्यावहारिक सत्ता
३. प्रातिभासिक सत्ता

(१) **पारमार्थिकसत्ता**– जुन सत्ता तीनै कालहरूमा बाधित हुँदैन र जुन सत्ता पछिमात्र मानिनमा आएको होइन, त्यस्तो वास्तविक महासत्ता पारमार्थिक सत्ता हो । ब्रह्मसत्ता कुनै कालमा पनि खण्डित छैन र यो सत्ता अमुक वेलादेखि खडा भएको हो भन्ने कुनै उत्पत्ति भावविकार देखाउन नसकिने हुनाले ब्रह्मसत्ता नै पारमार्थिक सत्ता हो। सर्वदोषशून्य अर्थात् मूलाविद्या तूलाविद्यारूप सर्व दोष शून्य हुनालें अध्यासशून्य स्वयं सत्य ब्रह्म वस्तु पारमार्थिक सत् हो। पारमार्थिक वस्तु निर्दोषरूप हुँदा यो कहिल्यै नष्ट हुँदैन र यो कसैको विवर्त वा परिणाम रूप होइन। ब्रह्मसत्ता नै पारमार्थिक सत्ता नित्य वस्तु हुँदा यसलाई अखण्ड मानिएको छ। यसको बाध कहिल्यै नहुने हुँदा यो पारमार्थिक हो ।

(२) **व्यावहारिकसत्ता**–जुन सत्ता व्यवहार कालमा मात्र खडा भएको हो र जुन सत्ता मूलविद्याको उच्छेद हुँदा हराउँछ, त्यो सत्ता व्यावहारिक सत्ता हो। यो चराचर जगद् मूलाविद्या (मूल अज्ञान) रूप दोषले अध्यस्त भई खडा भएकोले ब्रह्मज्ञानद्वारा मूलाविद्या नष्ट हुँदा जागतिक व्यावहारिक सत्ताको मिथ्यात्व निश्चय भई बाध हुने हुँदा यस्तो अविद्या (माया) जन्य व्यवहारकालस्थित सत्ता व्यावहारिक सत्ता हो । ब्रह्म मायाशबलित हुँदा

पाँचमहाभूतादि चौविस तत्त्वहरूको उत्पत्ति जो वेदान्तमा वताइएको छ, यस्ता अविद्या (माया) दोषले उत्पन्न तत्त्वहरूको व्यवहार कालमा मात्र रहने सत्ता नै व्यावहारिक सत्ता हो । यो ब्रह्मज्ञानद्वारा वाधित हुन्छ र यस-कारण यो अखण्ड सत्ता होइन । मूल अविद्या (मूल अज्ञान) ले विलास गरुन्जेलसम्म मात्र यसको नृत्य चलिरहने हुँदा यो वास्तविक सत्ता होइन । व्यावहारिक सत्तालाई आत्मबोधद्वारा नाघ्न सकेमात्र जरामरणरूप संसारवाट तरेर ब्रह्मानन्द प्राप्त हुने भएकोले मुख्यतया जीवलाई अन्धो पार्ने अतात्त्विक पदार्थ हो व्यावहारिक सत्ता ।

(३) **प्रातिभासिक सत्ता**–प्रतिभासकाल (प्रतीति काल) सम्म मात्र सत्य जस्तो भान हुने, तर पछि वाधित हुने सत्तालाई प्रातिभासिक सत्ता भन्दछन् । सिपीमा चाँदी प्रतिभास कालसम्म भान हुन्छ । जव (काँचादि) नेत्रदोष आदि आगन्तुक दोषले काम गर्छ, तवसम्म चाँदी ठानिन्छ । उक्त दोष हटेपछि चाँदी वाधित भैहाल्छ । अतः प्रातिभासिक भ्रमलाई आगन्तुक-दोषजन्य मानिएको छ । व्यावहारिक घट आदिको अध्यास (भ्रम) मा मूलाविद्या (मूलाज्ञान) नै कारण हो । शुक्तिरूप्यादि, स्वाप्नरथादिहरूमा चाहिं आगन्तुक काँचादिदोष तथा आगन्तुक निद्रादिदोष सहकारी हुँदा तूलाविद्या कारण हुन्छ । सिपीमा भान हुने चाँदीको र सपनामा देखिने रथादिको प्रातिभासिक सत्ता हो । व्यावहारिक चाँदी र प्राति-भासिक चाँदीको भेद वुझियो भने मूलाविद्या र तूलाविद्याको काम वुझिन्छ । व्यावहारिक चाँदी आदि पदार्थहरू चैतन्यमा अध्यस्त छन्, ती पदार्थहरू मूलाविद्याकै (चैतन्यको अज्ञानकै) कारणले चैतन्यमा आरोपित छन्, यसैले यिनीहरूको सत्ता व्यावहारिक सत्ता हो । व्यावहारिक सत्ताको वाध ब्रह्म चैतन्य अधिष्ठानको बोधद्वारा मूलाविद्या (मूल अज्ञान) नहटेसम्म हुन सक्तैन । प्रातिभासिक सत्ताको वाध भने तूलाविद्या आगन्तुक-दोषहरूको विनाशवाट भइहाल्छ । तूलाविद्या यसरी हटदैमा ब्रह्मवोध हुँदैन । तूलाविद्या र मूलाविद्याको भेद जाने पछि प्रातिभासिक सत्ता र व्यावहारिक सत्ताको भेद जानिन्छ । जव यी दुवै थरिका अविद्यादोषहरू

अस्त हुन्छन्, तब नित्य, अजन्य, सर्वदोषरहित, शुद्ध चैतन्य, त्रिकालाबाध्य ब्रह्म वस्तुमात्र पारमार्थिक सत् हो भन्ने साक्षात्कार हुन्छ । व्यावहारिक आकाशादिको कारण मूल अविद्या हो, केवल चैतन्य मात्रको आश्रयमा रहेर यसले चैतन्यमात्रलाई विषय वनाएको छ। यसको निवृत्ति निर्विकल्पक ज्ञानले (त्रिपुटीरहित चिन्मात्ररूप बोधले) हुन्छ । तूलाविद्या चाहिं शुक्त्यवच्छिन्न चैतन्यको आश्रयले रहन्छ र शुक्तित्वलाई विषय वनाउँछ । यो तूला अविद्याको निवृत्ति सविकल्पक ज्ञानले (व्यावहारिक त्रिपुटी युक्त ज्ञानले) हुन्छ । तूलाविद्या र मूलाविद्यामा भेद यही पाइन्छ । तूला-विद्याको मात्र नाश भएमा मूलाविद्याको नाश हुँदैन, तर मूलाविद्याको नाश भएमा तूलाविद्याको नाश स्वतः हुन्छ । तूलाविद्या नै प्रातिभासिक चाँदी आदिको उत्पादिका भएकोले यसैबाट भएको हो प्रातिभासिक सत्ता ।

आत्मसाक्षात्कारसाधनक्रम

"आत्मसाक्षात्कार" आफू ब्रह्म भन्ने स्थिति, नभएसम्म (अर्थात् अज्ञानजन्य द्वैतवुद्धि न हटेसम्म) मायारूपी उपाधिले ग्रस्त गरेको हुन्छ । उपाधिरूप माया अविद्याको फन्दामा परुञ्जेल आफू स्वतन्त्र सच्चिदानन्द ब्रह्म भन्ने तत्त्वबोध टाढै रहन्छ। तत्त्वबोध नहुँदा टाढा कहीं रहेको धाम आदिको खोज हुन्छ । धाम त स्वस्वरूप सत्यरूप ज्ञानरूप अनन्तरूप व्यापक ब्रह्म हो भन्ने श्रुतिको याद रहँदैन। प्रत्यक्ष नै 'साक्षात्[४४] अपरोक्ष ब्रह्म' भन्ने बोध बाट नै विस्मृतिको विनाश हुन्छ। ब्रह्मात्मा[४५] देखि बाहेक अरू सबै विनाशी छ अर्थात् स्वप्न, माया, र मरुमरीचिकाको जलको समान असार छ, केवल सत्य तत्त्व एक आत्मा मात्र नित्यमुक्त छ। यस कारण अविनाशी तत्त्वस्वरूप अद्वैत ब्रह्म नै उपाधियुक्त अवस्थामा जीव, ईश्वर र जगत् रूपमा देखा परी नाना सृष्टि प्रपञ्चमा भुल्ने भुलाउने आदि खेला गर्दछ । जीवले यस्तो

---

४४. 'यत्साक्षादपरोक्षाद् ब्रह्म' (बृहदारण्यकोपनिषद् ३–४–१)

४५. 'आत्मैवैकः केवलो नित्यमुक्तः' (,, ३–५–१ शाङ्करभाष्य)

भुलभुलैयाबाट अलग्गिन सके आफू ब्रह्म भइरहेको वोधद्वारा माया अविद्याको[४६] अस्तरूप मोक्ष पाउँछ । अरू माया अविद्या अज्ञानका छुत भएका स्थितिहरूमा अद्वैत हुन नसक्दा कैवल्य मुक्ति पाईंदैन ।

कैवल्य मुक्तिको (आत्मसाक्षात्कारको) लक्ष्य राख्ने जीवले अँगाल्दै लैजानुपर्ने साधनहरू यस प्रकार छन्: –

(क) **कर्म**– निष्काम कर्म गरेर चित्तको मलदोष सबभन्दा पहिले फाल्नुपर्दछ । पापरूप मल नफालीकन उपासना शुद्ध रूपमा हुन सक्दैन ।

(ख) **उपासना**– प्राथमिक उपासनावाट चित्तको चञ्चलता (कर्तृत्व, भोक्तृत्व आदि विक्षेप) हटाउनुपर्दछ । चित्तमा विक्षेप खडा होउञ्जेल अगाडि वढ्न सकिंदैन ।

उपर्युक्त दुई साधनहरूमै अलमलिई रह्यो भने अथवा सकाम कर्मद्वारा स्वर्ग-मर्त्य आदिमै घुम्नु र सगुण भक्तिद्वारा लोकधाम आदिमै रमाउनु भयो भने ज्ञानकाण्डतिर सर्किन मन लाग्दैन ।

(ग) **साधन चतुष्टय**– ज्ञानको[४७] इच्छा उदाउन चार साधनहरू पूरा गरेको हुनुपर्दछ । १. नित्यानित्यवस्तुविवेक, २. इहामुत्रार्थ फलभोग विराग, ३. शमदम उपरति तितिक्षा श्रद्धा समाधान––रूप सम्पत्ति, ४. मुमुक्षुता यी साधन चतुष्टय हुन् । यिनीहरूको यथावत् धारणा नभएसम्म ब्रह्मज्ञानको इच्छाको योग्यता मानिंदैन । यसकारण सदसद्विवेक, वैराग्य, शमदमादिषट्सम्पत्ति र

---

४६. 'अविद्यास्तमयो मोक्षः साच वन्ध उदाहृतः (वार्तिक)

४७. विवेकिनो विरक्तस्य शमादिगुणशालिनः ।
मुमुक्षोरेव हि ब्रह्मजिज्ञासा योग्यता मता ॥
श्रीशङ्कराचार्यकृत विवेकचूडामणि १७

मुमुक्षुता चाहिन्छन् ।

(घ) **श्रवण**– गुरुको पाउमा शरण परेर अवान्तर वाक्य र महावाक्यको श्रवणद्वारा पर ब्रह्ममा निश्चयाकार बुद्धि प्राप्त गर्नु श्रवण हो । यसबाट ब्रह्मको अद्वितीयताको अस्तित्वको बोध हुँदा परोक्षज्ञान हुन्छ । श्रवणबाट प्रमाणविषयक संशय अब मनमा रहँदैन ।

(ङ) **मनन**– मनमा प्रमेय विषयक असंभावना छ भने मनन खूब गर्नुपर्दछ । यसबाट आत्मयाथार्थ्यको दृढता बढ्दै जाँदा असंभावना दोष हट्दछ ।

(च) **निदिध्यासन**– अनात्माकार वृत्ति हटाउँदै अखण्ड आत्माकार वृत्तिको प्रवाह तैलधारा झैं चलाइरहनु निदिध्यासन हो । जबसम्म विपरीत भावनाले दुःख दिइरहन्छ तबसम्म निरन्तर निदिध्यासन छोड्न हुँदैन ।

(छ) **सविकल्पक समाधि**– म आत्मध्यान गर्ने ध्याता आत्मा ध्यान गरिने ध्येय र आत्माको चिन्तन भइरहनुरूपी ध्यान यस्तो त्रिपुटी भए तापनि अखण्डाकार वृत्ति चलेर भिन्नतामा पनि एकबुद्धि भइरहनु सविकल्प समाधि हो । यो निदिध्यासनको परिपाक हुँदै गएको अवस्था हो । यसमा वृत्तिको सद्भाव देखिन्छ ।

(ज) **निर्विकल्प समाधि**– त्रिपुटीभेदरहित भई तथा चित्तवृत्तिभेदरहित भई अखण्ड ब्रह्म चिन्मात्रले रहनु निर्विकल्प समाधि हो ।

सविकल्प र निर्विकल्पको फरक चाहिं जगद्गुरु श्री शङ्कराचार्यले[४८] वृत्तिको सद्भाव र वृत्तिको बाधले हुने

---

४८. 'वृत्ते सद्भावबाधाभ्यामुभयोर्भेद इष्यते'
—सर्व वेदान्तसिद्धान्तसारसंग्रहः ८२६

दर्शाउनुभएको छ।

आफू चिदात्मा, परात्मा, निर्गुण, निरुपाधि, आत्ममात्रले रहनु जीवन्मुक्त[४९] हुनु हो। ब्रह्म हुँ, चित् हुँ आदि भन्ने चिन्तन पनि नहुनु र चिन्मात्र रहनु विदेहमुक्त[५०] हुनु हो।

विदेहमुक्त हुन देहभावना छुट्नु अथवा जीवन्मुक्तिको अनन्तर प्रारब्धभोग सकिएपछि शरीरपातान्तर पनि सो मानिएको छ। विदेहमुक्ति नै तुर्यातीत[५१] मानिएको र क्रमैले सप्तभूमिका प्राप्त हुने रहस्य छ।

सहज समाधि चाहिं तव मानिन्छ जब विना प्रयत्न शान्तपन र प्रारब्धभोगमा पनि निर्भोगपन भइरहन्छ।

वाहिरी र भित्रीभेदले दृश्य र शब्दानुविद्ध समाधि तथा निर्विकल्प वाहिरी र भत्री समाधिहरूको अवलम्वनले चाँडै चित्त चिदाकार हुन्छ। ज्ञानका सात भूमिकाहरू क्रमशः हुँदै जाँदा आखिर अभ्यासैबाट भेदको पूर्णतया अस्त हुन्छ। यस कारण साधनहरू बहिरङ्ग, अन्तरङ्ग आदि भएकाले यिनीहरूको अवलम्वन नगरी मौखिक ज्ञानले मुक्ति पाइँदैन। सर्वदृश्यरहित हुँदा मौन सिवाय अरू केही बाँकी रहने देखिंदैन अतः तूष्णींभावको धेरै महत्त्व वेदान्तले दर्शाएको छ।

आत्मसाक्षात्कार एकै जन्ममा हुन नसके पनि यसमा लागिरहँदा अवश्य नै हुन सक्दछ। आत्मसाक्षात्कार भनेको आत्ममात्र हुनु हो। आत्मालाई टाढा राखेर त्यसको साक्षात्कर्ता हुनु भनेको होइन। अर्थात् आनन्दघन परब्रह्मलाई टाढा राखेर त्यसको स्वाद लिने आनन्दभोक्ता हुनु भनेको

---

४९. सर्ववेदान्तसिद्धान्तसारसंग्रहः ९७६

५०. „ „ ९८३

५१. तुर्यावस्थां सप्तभूमिं क्रमात् प्राप्नोति योगिराट्।
विदेहमुक्तिरेवात्र, तुर्यातीतदशोच्यते॥
—सर्ववेदान्तसिद्धान्तसारसंग्रहः ९६४

होइन । सत्, चित्, आनन्द र अद्वयमात्र हो। यस्तो निर्वाणको न त अवस्था, भन्न मिल्दछ, न त स्थानविशेषवास भन्न मिल्दछ, यो त आत्मानात्य, साक्षिसाक्ष्य, कार्यकारण, वोध्यवोध, दर्शनादर्शन आदि केही रूपरेखा जनाउन नसकिने सर्व चिन्मात्र स्वरूप हो।

श्री शङ्कराचार्यको केही सिद्धान्तको झलक संक्षेपतः यहां दर्शाइएको हुँदा सम्पूर्ण शाङ्करदर्शनको ज्ञानको लागि शाङ्करवेदान्तग्रन्थहरू राम्ररी नै पढ्नु र वुझ्नुपर्ने हुन आउँछ। वेदको ज्ञान काण्डको मर्म नवुझी जन्म-मरणरूप चक्कर नछुट्ने हुँदा र ब्रह्मै मात्र नै उत्पत्ति-विनाशरहित भएको हुँदा त्यही आफू स्वरूपबाट नभुल्नु नै आत्मसाक्षात्कार हो।

१२ परिशिष्ट

श्री शङ्कराचार्यका प्रधान शिष्यहरूको केही विशेष चरित्रको परिशिष्टमा चर्चा गरिन्छ । एक पटक श्री सुरेश्वराचार्यले ब्रह्मोपदेष्टा गुरु श्री शङ्कराचार्यलाई भक्तिपूर्वक प्रणाम गरेर अत्यन्त गम्भीर अर्थले युक्त भएको शारीरिक भाष्य (ब्रह्मसूत्रशाङ्करभाष्य) को टीका (वृत्ति) लेख्ने आफ्नो इच्छा प्रकट गर्नुभयो । श्री शङ्कराचार्य अत्यन्त प्रसन्न हुनुभयो र उनीलाई ब्रह्मसूत्रभाष्यको वार्तिक नामक ग्रन्थ लेख्न आज्ञा भयो । सुरेश्वराचार्यले नम्रतापूर्वक गुरु शङ्कराचार्यलाई निवेदन गर्नुभयो–'हे गुरो ! हजुरको भाष्य गम्भीर-वाक्य-पूर्ण तथा तर्कपूर्ण भएकोले पूर्णरूपमा वुझ्न मेरो शक्तिले नभ्याउने भए तापनि हजुरको कृपा भएमा यथाशक्ति वार्तिक ग्रन्थ लेख्न प्रयत्न गर्नेछु ।' श्री शङ्करले उनलाई वार्तिक लेख्न आशीर्वाद दिनुभयो र उनी गुरुका पाउमा शिर नुहाएर वाहिर गए । यसपछि पद्मपादाचार्यका प्रिय सहपाठीहरूले एकान्तमा योगी श्री शङ्कराचार्यलाई विनति चढाए–"हे गुरो! यो वार्तिक लेख्ने काम सुरेश्वराचार्यवाट भएमा कल्याणको उल्टो अनर्थ नै हुनेछ । कर्म मै लामो जीवन बिताएका तथा ईश्वरको खण्डन गरी स्वर्ग-नरकको फल कर्मले नै दिने भएकोले जगत्को प्रभु ईश्वर नमान्ने सिद्धान्तमा हुर्केका सुरेश्वराचार्यवाट शुद्ध निष्पक्ष टीकाको रचना असम्भव छ । सुरेश्वराचार्यले वुद्धिपूर्वक संन्यास लिएका होइनन् । यिनले त शास्त्रार्थमा हजुरवाट हारेर विवश भई संन्यास लिएका हुन् । यिनी विश्वासपात्र हुन सक्तैनन् । स्वर्गादिको आशामा भुलाएर सकाम कर्ममै प्रेरणा दिने यिनीवाट ब्रह्मज्ञान स्पष्ट पार्ने वार्तिक वन्ला भन्ने आशा लिन सकिदैन । यथार्थ कुरा हजुरमा निवेदन गरेका छौं ।

हजुरवाट जे उचित हुन्छ, त्यही गरिवक्सियोस् । हाम्रो त पद्मपादाचार्यप्रति पूर्णविश्वास छ । यो भाष्यको टीका लेख्ने काम निष्पक्ष रूपमा पद्मपादाचार्यबाट नै हुन सक्तछ । पहिले 'सनन्दन' नामले पुकारिने यिनले हजुरको आज्ञा तुरुन्त पूरा गर्न गङ्गाको प्रवाहमा घुसेर असाधारण भक्ति दर्शाउँदा गङ्गाजीले कमल उत्पन्न गर्दै उनका-पाइला पाइला पानीमा नडुब्ने गराउनुभयो र उनको नाम 'पद्मपाद' हजुरले राखिदिनुभएको हो । भेद-वुद्धि अलिकति पनि नभएका तथा ठूलो तपस्यावाट सरस्वतीको वरप्रसाद पाएका आनन्दगिरि[1] कहलिएका यिनै पद्मपादाचार्यले हजुरको गम्भीर भाष्यको अद्वैतपरक टीका (वृत्ति) यथावत् लेख्न सक्नेछन् । जीवनभर द्वैतमा भुलेका विश्वरूप[2] (सुरेश्वराचार्य) कुनै हालतमा पनि शुद्ध अद्वैतपरक टीका लेख्न समर्थ हुनेछन् भन्ने कुरामा विश्वास लिन सकिंदैन । यसकारण हे गुरो ! पद्मपादले नै भाष्यको टीका वनाउने आज्ञा पाऊन् ।" यस्ता प्रकारले एकान्तमा शिष्यहरूले योगश्वर शङ्करलाई विनति चढाएपछि सनन्दन (पद्मपादाचार्य) ले गुरु शङ्कराचार्यसँग अनुरोध गर्दै भाष्यको वार्तिक वनाउन हस्तामलकाचार्यको नाम प्रस्तुत गर्नुभयो ।

पद्मपादाचार्यले गुरु शङ्कराचार्यलाई हातमा राखेको अमलाको गेडा झैं अद्वैत सिद्धान्त पूर्ण रूपले जान्ने हस्तामलकद्वारा नै भाष्यको वार्तिक लेखाउनुभएमा पूर्णता आउनेछ भन्दै विनति चढाएपछि श्री शङ्कराचार्यले आज्ञा भयो– "हे शिष्य ! हस्तामलकको ब्रह्मज्ञाननिष्ठता तथा निपुणता अनुपम छ, तर उनी सदा समाधिमग्न भइ रहने हुनाले उनीवाट वाहिरी काम हुन कठिन छ । सधैं ब्रह्ममा लीन भइरहने हस्तामलकले न त अक्षर सिके न त उपनयन भएपछि गुरुबाट वेद पढे । यिनलाई बालकपनदेखि नै खेल्नमा, खानमा, वोल्नमा मन नलाग्ने भएकोले नै मकहाँ ल्याएका हुन् । जव मैले

---

१. शं. दि. १३।२०

२. श. दि. १३।२१

यिनलाई प्रश्न[३] गरें तव यिनले सबैलाई छक्क पार्दै श्लोकवद्ध वचनहरूमा प्रस्फुटित हुँदै आनन्दघनस्वरूप आत्माको[४] परिचय दिए। जड छोराले त्यस्तो तत्त्वप्रकाशक वचनद्वारा उत्तर दिएको सुनेर अत्यन्त प्रसन्न भएका उनका पिताले स्वयं छोरो मेरो शिष्यत्वमा राख्न सुम्पे। वावु फर्केर गएपछि यी हस्तामलक आत्मामै चित्त लीन भएकाले मकहां समाधिस्थ झैं भइरहेका छन्। यिनले ठूलो ग्रन्थ लेख्न चित्त वाहिरी प्रवृत्तिमा ल्याउन सक्तैनन्। अतः हस्तामलकलाई भाष्यको वार्तिक लेख्ने काम कसरी दिनु र ?".

गुरु शङ्कराचार्यको यस्तो वचन सुनेर शिष्यहरूले श्रवण, मनन आदि उपायहरू विना नै हस्तामलकलाई ब्रह्मज्ञान प्राप्त हुनाको कारण सोद्धा गुरुले उनीहरूलाई हस्तामलको पूर्वजन्मचरित यस प्रकार वताउनुभयो— "हे शिष्यहरू हो ! उहिले यमुनाको तीरमा संसारका विषयहरूबाट अत्यन्त विरक्त भएका साधुचरितयुक्त एक सिद्ध रहन्थे। तिनको नजीकमा एउटी ब्राह्मणीले दुई वर्षको बालक एक छिन हेरिदिनुहोला भनेर राखिन् र आफू सखीहरूका साथ नुहाउन गइन्। यसै वीचमा बालक घिस्रँदै घिस्रँदै दुर्भाग्यले नदीमै खस्यो। त्यो वच्चा डुवेर मऱ्यो। तव त्यसका नातेदार आदिले त्यो मरेको वच्चा लिएर महर्षिको अगाडि आई धुमधामसँग रून कराउन शुरू गरे। त्यो हल्ला सुनेर मुनि अत्यन्त खिन्न भए र आफ्नो योगशक्तिले त्यस वालकको शरीरमा प्रवेश गरे। त्यो बालक विउँझ्यो। त्यही बालक नै हस्तामलक हुन्। तपस्वीको प्रवेश भएकोले उपदेश नपाएर नै हस्तामलकले

---

३. कस्त्वं शिशो कस्य कुतोऽसि....(हे बालक ! तिमी को हौ ? कसका छोरा हौ ?)

(हस्तामलकस्तोत्र १)

४. आत्मानमानन्दघनस्वरूपं विस्मायपन् वृत्तमयैर्वचोभिः (शं. दि. १३।२८)

५. पिता प्रपद्यास्य परं प्रहर्षं ......शिष्योऽस्त्वयं विश्वगुरोस्तवैव

(शं. दि. १३।२९–३१)

श्रुति, स्मृति, शास्त्रहरूको परम तत्त्व जानेका हुन् । उनको वाह्य प्रवृत्ति नहुनाले उनीबाट भाष्यको वार्तिक बन्न सक्तैन ।"

यसपछि श्री शङ्कराचार्यले "मण्डन मिश्र कम त होइनन् किनभने उनी विद्वान् र साक्षात् सरस्वतीको समक्ष सर्वज्ञता प्राप्त गर्ने पुरुष हुन्, तर धेरैको इच्छाको विरुद्ध कार्य गर्नु राम्रो नहुने भएकोले यो काम सनन्दन (पद्मपाद) लाई नै दिन्छु' भन्नुभयो। पद्मपादले ब्रह्मचर्यको लगत्तै गृहस्थाश्रममा नपसी सन्यास आश्रमको ग्रहण गरेको हुनाले उनको शुद्ध ब्रह्मनिष्ठताको प्रसिद्धि चारैतिर थियो। शङ्कराचार्यले पद्मपादलाई भाष्यको वृत्ति-ग्रन्थ लेख्न अह्राउनुभयो, तर वार्तिक बनाउन आज्ञा दिनुभएन किनभने त्यो लेख्न त नयाँ दीक्षित सुरेश्वराचार्यले प्रतिज्ञा गरेका थिए। सुरेश्वराचार्यलाई पनि श्रीशङ्कराचार्यले भाष्यको वार्तिक नलेख्न तर परमात्मविषयक एक स्वतन्त्र ग्रन्थ लेख्न अह्राउनुभयो । सुरेश्वराचार्यले यही आज्ञानुसार 'नैष्कर्म्यसिद्धि' नामक ग्रन्थ बनाएका हुन् । सुरेश्वराचार्यलाई भाष्यको वार्तिक लेख्न रोक्नुको कारण शिष्यहरूको बहुमत नै थियो । गृहस्थ धर्ममा डुबेका सुरेश्वराचार्यको संस्कार राम्रो नमानेर उनीबाट अद्वैत सिद्धान्तको प्रतिपादन ठीकसँग नहुने निश्चय अरू शिष्यहरूले लिएका थिए । यसैले शारीरिक भाष्यको वार्तिक बनाउन नपाउँदा हृदयमा शोकको आगो दन्केको थियो । सुरेश्वराचार्यले गुरुको आज्ञाले बनाएका ग्रन्थहरूमध्ये बृहदारण्यक-भाष्य वार्तिक र तैत्तिरीय-भाष्य वार्तिक अत्यन्त प्रसिद्ध हुँदा यिनको परिचय 'वार्तिककार' नामले इतिहासमा प्रसिद्ध भएको हो।

पद्मपादाचार्यले गुरुको आज्ञापाएर भाष्यको टीका बनाए । यसको पूर्वभाग 'पञ्चपादिका' नामले तथा उत्तरभाग 'वृत्ति' नामले प्रसिद्ध छ । पद्मपादाचार्य तीर्थयात्रा गर्न जानुभयो । पद्मपादाचार्यले पहिले उत्तरका धेरै तीर्थहरूको दर्शन गर्नुभयो । यसपछि दक्षिणतिर लागेर पवित्र नदीहरूमा स्नान र देवदेवीहरूको पूजा र स्तुति गर्दै तीर्थ-भ्रमणको आनन्दमा मग्न हुनु भयो। सुन्दर उपदेशहरू पनि गर्दै सद्भावना फैलाउँदै जाने पद्मपादाचार्य

आफ्नो मामाको घरको अतिथि हुन पुग्नुभयो । त्यहाँ भोजन गरेर जब बस्नुभएको थियो, तब विद्यार्थीको हातमा सुटुक्क राखेको पुस्तक मामाले देख्नुभयो र त्यस पुस्तकको परिचय जान्न चाहनुभयो । पद्मपादाचार्यले मामालाई त्यस पुस्तकको परिचय दिँदै त्यसको नाम 'शाङ्करभाष्य-टीका' भएको बताउनुभयो। मामाले त्यो पुस्तक सबै पढ्नुभयो। भानिज पद्मपादको विलक्षण प्रतिभा देखेर एकैसाथ आनन्द र खेदले युक्त हुनुभयो । प्रबन्ध-रचनाको निपुणता र प्रबल युक्तिहरूद्वारा मतान्तरहरूको खण्डन पाएर आनन्दित हुनुभएको हो । तर आफूले मानेको गुरुमत (मीमांसक प्रभाकरको मत)को खण्डन देखेर हृदयमा डाहको आगो दन्कन थाल्यो । बाहिर शिष्टाचार देखाएर प्रबन्धको प्रशंसा गर्नुभयो, भित्र भित्र जले तापनि बाहिर अभिनन्दन नै गर्नु भयो । यसपछि पद्मपादले मामाको घरमा त्यो पुस्तक नासो राखेर सेतुबन्धको (रामेश्वर)को यात्रामा जाने इच्छा प्रकट गर्नुभयो । उहाँले मामालाई ज्यानभन्दा पनि प्यारो भएको त्यो पुस्तकको वर्णन गर्दै अतीव हिफाजतसाथ राखिदिनुहुन प्रार्थना गर्दै त्यो पुस्तक त्यहीं राख्नुभयो र सेतुबन्धको यात्राका निमित्त आफ्ना शिष्यहरूका साथ प्रस्थान गर्नुभयो ।

भानिज पद्मपद तीर्थयात्राको सिलसिलामा हिंडेपछि मामाको मनमा पापको लहर उठ्यो । त्यो पुस्तकले प्रतिपादित सिद्धान्तलाई आफूले खण्डन गर्न नसक्ने देखी आफ्नो घरको साथ नै त्यो ग्रन्थ जलाउने निश्चय मामाले गर्नुभयो । यसको कारण यही थियो कि त्यो ग्रन्थ रहुञ्जेल गुरुपक्ष (मीमांसक प्रभाकरको मत) को ठूलो हानि हुने थियो र यदि त्यो जल्यो भने गुरुमतको ठूलो प्रचार हुने थियो । मामाले स्वयं आफ्नो घरमा आगो लगाए र कराउँदै बाहिर निस्के । आफ्नो घर जल्यो भन्दै दुःख देखाउन थाले ।

रामेश्वर पुगेर पद्मपाद अत्यन्त आनन्दमग्न हुनुभयो । पवित्र तीर्थको स्नान तथा रामेश्वरको दर्शन, पूजा, ध्यान आदिले आफूलाई कृतार्थ संझनु-भयो । मनुष्यहरूको श्रद्धा जगाउन उहाँले आफ्ना शिष्यहरूलाई त्यस तीर्थको माहात्म्य सुनाउन थाल्नु भयो । कुनै पण्डितले उहाँसँग 'रामेश्वर'

शब्दको समास सोधे। तब उहाँले तीन प्रकारले 'रामेश्वर' शब्दको समास बताउनुभयो। पहिलो त रामचन्द्रले बताएको तत्पुरुष समास अनुसार 'रामस्य ईश्वर' रामको ईश्वर अर्थात् शिव भन्ने तत्त्व खोल्नुभयो। दोस्रो, शिवले बताएको बहुव्रीहि समासअनुसार 'रामः ईश्वरः यस्य सः' जसको ईश्वर राम हुनुहुन्छ ऊ अर्थात् शिव भन्ने अर्थ खुलाउनुभयो। तेस्रो, देवताहरूले बताएको कर्मधारय समासअनुसार 'रामश्च सौ ईश्वरः' सबको हृदयमा रमण गर्ने ईश्वर अर्थात् शिव भन्ने रहस्य खुलाउनुभयो।

केही दिन रामेश्वर तीर्थमा आनन्दसाथ रहेर पद्मपाद फर्कनुभयो। अनेक तीर्थस्थलहरूको भ्रमण गर्दै मामाको घरतिर आइपुग्नुभयो। आफ्नो पुस्तक (शाङ्करभाष्यटीकाग्रन्थ) का साथ मामाको घर जलेको खबर सुनेर अत्यन्त खिन्न हुनुभयो। धैर्य पाउन बारम्बार तत्त्वको चिन्तन गर्नुभयो र मन शान्त भयो। मामाको घरमा अगो लागेको घटनामा मामाप्रति दया दर्शाउनुभयो। मामाले पनि विश्वासपूर्वक राखेको ग्रन्थ जलेकोमा आफू दुःखित भएको अभिनय गरे। कसैले घरमा आगो लगाउँदा घर जलेको भन्दा पनि अमूल्य ग्रन्थजलेकोमा बढी सन्ताप भएको बाहना मामाले प्रकट गरे। मामाको वचन र अभिनयमा पद्मपादले शान्त भावले नै भन्नुभयो—"मामा, पुस्तक जल्यो त केही भएन, मेरो बुद्धि त कहीं गएको छैन, म फेरि लेखुँला। यसपछि पद्मपादले धैर्यसाथ फेरि लेख्न शुरू गर्नुभयो। तर मामाले त्यो सिद्धान्तको द्वेषले गर्दा पद्मपादको बुद्धिलाई कुण्ठित पार्न कुनै विशेष विष भोजनमा मिलाई झुक्याएर खुवाए। यसले गर्दा पहिलेको जस्तो टीका लेख्न पद्मपाद समर्थ हुनु भएन। यस पछि पद्मपाद गुरु भएको देशमा जानुभयो। धेरै दिनपछि गुरुको दर्शन पाउँदा चित्त ज्यादै प्रसन्न पार्दै गुरुको पाउमा प्रणाम गर्नुभयो। गुरु शङ्करले पद्मपादसँग तीर्थयात्राको वृत्तान्त र क्षेमकुशलबारे सोध्नुभयो। पद्मपादले गुरुलाई नम्रतापूर्वक निवेदन गर्न थाल्नुभयो—'हे प्रभो! म तीर्थयात्राको प्रसङ्गमा कमललोचन

---

६. शं. दि. १४।१३६

भगवान् श्रीरङ्गनाथको दर्शन गरेर फर्किरहेको थिएँ बाटामा मेरो पूर्वाश्रमको मामासँग भेट भयो । मामाले अत्यन्त अनुनय-विनय गरी मलाई आफ्नो घरमा लैजानुभयो । मैले मामालाई त्यो भाष्यको टीका सुनाएँ । भेदवादी-हरूको मुख मुद्रण गर्ने खास गरेर न्याय, मीमांसा, साङ्ख्य आदि द्वैत दर्शन-हरूलाई ध्वस्त गर्ने अद्वैत वेदान्तप्रतिपादक श्रुति, युक्ति आदि पूर्णभाष्य-टीका सुनेर आफ्नो पराजय संझी मामाको हृदयमा चोट लाग्न पुगेछ । मैले मामाकै घरमा त्यो ग्रन्थ नासो राखी तीर्थाटनमा अगाडि वढ्नु भूल भएछ । मामाको घरमा आगो लाग्दा मेरो त्यो ग्रन्थ खरानी भएछ । चारैतिर यही कुरा सुनियो कि मामाले आफू पराजित संझी विरोधी मतको ग्रन्थलाई जलाउन स्वयं आफ्नो घरमा आगो लगाउनुभयो र लेखकको वुद्धि मन्द वनाउन भोजनमा विषको प्रयोग गर्नुभयो । हे गुरो ! मेरो अवस्था दयनीय छ । मैले त्यो ग्रन्थ फेरि लेख्न प्रयत्न गरें, तर पहिलेका जस्ता युक्तिहरू राख्नमा सामर्थ्य आएन । अव जे गरेर राम्रो हुन्छ त्यही आशीर्वाद पाऊँ ।"

पद्मपादको यस्तो दुःखपूर्ण वचन सुनेर गुरू शङ्करले आश्वासन दिँदै भन्नुभयो— "हे प्रिय शिष्य ! पहिले तिमीले शृङ्गेरी पहाडमाथि 'पञ्च-पादिका' मलाई सुनाएका थियौ । मैले त्यो विर्सेको छैन । अतः म भन्दछु तिमी फेरि लेख ।" यस प्रकार पद्मपादलाई उत्साहित पारेर शङ्कराचार्यले 'पञ्चपादिका' ठीक पहिलेकै जस्तो सुनाउनुभयो र उहाँले 'पञ्चपादिका' पुनः लेख्नुभयो । आफ्नो नष्ट भएको टीका गुरुको कृपाले पुनः लेख्न पाउंदा पद्मपादको आनन्दको सिमाना रहेन ।

श्री शङ्कराचार्यका प्रमुख चार शिष्यहरू-पद्मपादाचार्य, सुरेश्वराचार्य, हस्तामलकाचार्य र तोटकाचार्य क्रमशः पूर्वको गोवर्धनमठ, दक्षिणको शृङ्गेरीमठ, पश्चिमको शारदामठ र उत्तरको ज्योतिर्मठमा आचार्य भएर अद्वैत ब्रह्मविद्याको प्रकाश पार्दै वैदिक सनातन धर्मको प्रसारमा जगद्गुरु श्री शङ्कराचार्यको महानुशासनअनुसार अगाडि वढ्नुभयो र सवैलाई सदाचारी, आस्तिक र ब्रह्मपरायण वन्नमा प्रभावकारी प्रेरणा दिँदै विश्वविख्यात हुनुभयो ।

৭

৭৫০২৮

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

९२०२४

९८०२४

AUTHOR गोपालनिधि तिवारी

TITLE जगद्गुरु श्री आद्य शङ्कराचार्य

DATE DUE	BORROWER'S NAME

९८०२४

R66, 5श्री,1
GOP
2042

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर ।